# शिक्षक निर्देशिका नेपाली

# कक्षा ७

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

# नेपाली

## कक्षा ७

## शिक्षक निर्देशिका

## २०७४

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

## नेपाली भाषा शिक्षण

## शिक्षक निर्देशिका- कक्षा ७

## पाठगत पाठ्यभार वितरण तालिका

| पाठ नं. | पाठ शीर्षक | विधा | पाठ्य भार | |
|---|---|---|---|---|
| १ | परिचय | कविता | ८ | 8 |
| २ | मामालाई सुधार्ने भान्जो | कथा | ९ | 9 |
| ३. | साँस्कृतिक एकताको पर्व : छठ | प्रबन्ध | ९ | 9 |
| ४. | आन्तरिक पर्यटन | संवाद | ७ | 7 |
| ५. | साहित्यकार झमक | जीवनी | ९ | 8 |
| ६. | एउटै मुटु एउटै मर्म | गीत | ९ | 9 |
| ७. | सात दिने सभा | कथा | ९ | 9 |
| ८. | प्रकृतिको सुन्दर स्थल: खप्तड | प्रबन्ध | ९ | 9 |
| ९. | साथीलाई चिठी | चिठी | ७ | 7 |
| १०. | सुन उगेल्ने भाले | कथा | ७ | 7 |
| ११. | उद्योगलाई भन्दा कृषिलाई जोड | वाद विवाद | ९ | 9 |
| १२. | सुनौलो भोलि | गीत | ८ | 8 |
| १३. | अलेक्जेन्डर फ्लेमिङ | जीवनी | ८ | 8 |
| १४. | बोधिसत्वको कथा | कथा | ९ | 9 |
| १५. | म सौर्य ऊर्जा हुँ | प्रबन्ध | ८ | 8 |
| १६. | रिस र राक्षस | कथा | ८ | 8 |
| १७. | प्रधानाध्यापकलाई निवेदन | निवेदन | ५ | 5 |
| १८. | आबाल ब्रह्मचारी षडानन्द | जीवनी | ९ | 9 |
| १९. | सभ्यता | कविता | ७ | 7 |
| २०. | नेपालको धार्मिक वास्तुकला | प्रबन्ध | ८ | 8 |
| २१. | बाक्लो दाल | कथा | ८ | 8 |
| | **जम्मा** | | १७० | |

<u>सिकाइ सहजीकरण प्रक्रिया गराउँदा शिक्षकले विशेष ध्यान दिनुपर्ने कुराहरू :</u>

**१. समूह निर्माण गर्दा :**

- समूह निर्माण गर्दा सामान्यत: एक जना छात्र र एक जना छात्रा राखी  समूह निर्माण गर्नुपर्छ ।
- दुईभन्दा बढी विद्यार्थीको समूह निर्माण गर्दा लिङ्गीय, जातीय, भाषिक, अपाङ्गत, कम जान्ने, अधिक जान्ने आदि सबै खाले विद्यार्थीलाई समूहभित्र समेट्ने गरी समावेशी समूह निर्माण गर्नुपर्छ ।
- एउटा क्रियाकलाप गराउँदा बनाएको समूहलाई नै अर्को क्रियाकलाप गराउँदा पनि निरन्तरता नदिई सामान्यत: अर्को क्रियाकलाप गराउँदा समूह सदस्यमा हेरफेर गर्नुपर्छ ।
- भाषिक त्रुटि पहिचान गर्ने काममा भने एउटै मातृभाषा बोल्ने विद्यार्थीहरूलाई एउटै समूहमा राख्नुपर्छ ।

**२. समूहको टोली नेता छनोट गर्दा :**

- समूह क्रियाकलापका लागि समूहको टोली नेता छनोट गर्दा फरक फरक क्रियाकलापमा फरक फरक विद्यार्थी टोली नेता बन्नुपर्ने प्रावधान बनाई त्यसलाई अनिवार्य रूपमा लागु गर्ने संस्कारको विकास गर्नुपर्छ ।
- टोली नेता आफ्नो समूहका सदस्यलाई समन्वय गरी निर्धारित समयभित्र काम सम्पन्न गराउन सहयोग पुऱ्याउने नेतृत्वकर्ता हो भन्ने बोध विद्यार्थीका बिचमा गराउनु पर्दछ । ऊ नै प्रस्ततुतकर्ता हो भन्ने बोध भएमा समूहका बाँकी सदस्य निस्क्रिय रहने सम्भावना बढी हुन्छ ।

३. विद्यार्थी क्रियाकलापको प्रस्तुतीकरण गर्ने क्रममा :

- समूहले गरेको कार्यको प्रस्तुतीकरण गराउँदा समूह कार्य सम्पन्न भइसकेपछि मात्र समूहका सदस्यमध्येबाट गोला प्रथा गराई  प्रस्तुतकर्ता छनोट गनुपर्ने परम्पराको विकास गर्नुपर्छ । यसले गर्दा प्रस्तुतीकरणको काम मेरो भागमा पनि पर्न सक्छ भन्ने  ठानी सबै सदस्यहरू उत्तिकै मात्रामा सचेत भई समूह कार्यमा सक्रिय हुन्छन् ।
- अघिल्लो क्रियाकलापमा प्रस्तुतकर्ता भइसकेको समूह सदस्यलाई  छोडेर अरू सदस्यका बिचमा मात्र गोलाप्रथा गराउनुपर्दछ । यसले गर्दा सबै विद्यार्थीलाई प्रस्तुतीकरण गर्ने समान सहभागिताको अवसर प्राप्त हुन्छ ।
- गोला प्रथा विधिबाट छनोट भएको प्रस्तुतकर्ताले आफ्नै समूहबाट एक जना सहयोगी लिन सक्ने प्रावधान राख्नुपर्छ । यसो गर्दा प्रस्तुतकर्ता प्रस्तुतिको क्रममा अलमलिएमा सो सहयोगीले विषयवस्तुलाई स्पष्ट पार्ने काममा सहयोग गर्न सक्छ भन्ने विश्वास हुँदा प्रस्तुतकर्ता स्वयम्को आत्मबलमा वृद्धि आउने गर्दछ । साथै समूहको प्रस्तुति पनि प्रभावकारी  हुन्छ ।
- समूह कार्यको प्रस्तुतीकरण गर्दा सामान्यत: कक्षा अगाडि आएर प्रस्तुत गर्ने मौका दिनुपर्छ र विषय वस्तुको प्रस्तुति गर्नुअघि सबैलाई नमस्कार गर्दै प्रस्तुतकर्ताको नाम, प्रस्तुत गरिने कार्यको विषय, समूह सदस्यहरूको नाम भन्नुपर्ने जस्ता व्यवहार कुशल  सिपको उपयोग गर्नुपर्ने नियम राख्नुपर्दछ ।

DRAFT

- हरेक समूह कार्यको प्रस्तुति लगत्तै अन्य समूहलाई पालैपालो सो प्रस्तुतिका सम्बन्धमा टिप्पणी गर्ने मौका दिनुपर्छ । यसरी टिप्पणी गर्दा पहिला सबल पक्षहरू र पछि मात्र सुधार गर्नुपर्ने पक्षहरूलाई भन्नुपर्ने व्यवहार कुशल सिपको  को संस्कारलाई विकास गराउनुपर्छ ।

- टिप्पणी कार्य सकिएपछि सो समूहको कार्य प्रस्तुतिका लागि ताली बजाई सम्मान गर्ने बानीको समेत विकास गराउनुपर्छ ।

**४. शिक्षकले सहजीकरण गर्दा**

- वर्तमान पाठ्यक्रममा ''शिक्षण सिकाइ क्रियाकलाप''  भन्ने पुरानो पाठ्यक्रमको पदावलीलाई हटाई त्यसको सट्टा ''सिकाइ सहजीकरण प्रक्रिया'' राख्नुको अर्थ कक्षामा शिक्षकको काम केवल पढाइ दिने मात्र होइन । उसले त जो कक्षामा धेरै जान्ने छन् तिनीहरूलाई हैन कि जो विद्यार्थीहरू सिकाइमा पछि परेका छन् तिनीहरूलाई बढी र विशेष ध्यान दिई थप सिकाइका लागि सबै प्रकारका सहयोग उपलब्ध गराउने हो भन्ने कुरा राम्ररी बुझ्नुपर्छ ।

- सहजीकरण गर्दा शिक्षकले अवलोकनकर्ता, निर्देशनकर्ता, परामर्शदाता र सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।

- विद्यार्थीहरूले समूह वा एकल कार्य गर्दा सबैतिर उत्तिकै ध्यान पुऱ्याई जहाा विद्यार्थीहरू अलमलमा परेका छन् , त्यस स्थानमा तत्काल पुगी समस्या समाधानमा सहयोग पुऱ्याउनुपर्दछ ।

- यसरी सहजीकरण गर्दा विशेष गरी अपाङ्गता भएका, ढिलो सिकाइ क्षमता रहेका र दोस्रो  मातृभाषा नेपाली भएका विद्यार्थीहरूलाई विशेष ध्यान दिई आवश्यक सहयोग पुऱ्याउनुपर्छ ।

- यस्तो सहजीकरण कार्यमा सहपाठी सिकाइ (धेरै जान्ने विद्यार्थीले कम जान्ने विद्यार्थी साथीलाई सहयोगात्मक सिकाइ गर्ने) पदधतिको उपयोगमा पनि जोड दिनु ज्यादै प्रभावकारी हुन्छ ।

**५. पृष्ठपोषण दिँदा**

- विद्यार्थीहरूबाट हरेक क्रियाकलाप प्रस्तुत गरेपछि शिक्षकले सबभन्दा पहिले उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्नुपर्छ । त्यसपछि सुधार गर्नुपर्ने पक्षहरूलाई स्पष्ट पार्दै सुधारात्मक शिक्षण गर्नुपर्छ र अन्त्यमा फेरि पछिका दिनमा थप सुधार हुने आत्मबल प्रदान गर्दै सबलीकरण गर्नुपर्छ ।

- सुधार गर्नुपर्ने पक्षहरूका बारेमा जानकारी दिँदा कुनै पनि विद्यार्थीलाई व्यक्तिगत रूपमा नाम नलिई वा सङ्केत नगरी समग्र विद्यार्थीलाई भने जस्तो गरी पृष्ठपोषण दिनुपर्छ ।

**६. दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा**

- विद्यार्थीहरूको कक्षा मूल्याङ्कन कार्य हरेक दिनको पुरै पाठको अध्यापनपछि अर्को कुनै प्रश्नहरू सोधेर लिखित अभिव्यक्तिलाई मात्र आधार मानी मूल्याङ्कन गर्ने परम्परा रही आएकामा त्यसलाई चिर्दै विद्यार्थीहरूले सम्पन्न गरेका हरेक क्रियाकलापको अन्त्यमा एउटा व्यक्ति वा समूहले प्रस्तुत गरेको कार्य ठिक बेठिक कस्तो भयो र प्रस्तुतकर्ताले कुन कुन कुरामा सुधार गर्नुपर्छ भनी अरू विद्यार्थीहरूबाट नै मूल्याङ्कन गर्ने कार्यका लागि प्रोत्साहित गर्नुपर्छ ।

- शिक्षकले भने विशेष गरी सुधारात्मक शिक्षण कार्यका लागि कक्षा मूल्याङ्कन कार्यलाई उपयोग गर्नुपर्छ ।

DRAFT

- अभिलेखका लागि मूल्याङ्कन गर्दा भने विद्यार्थीहरूले हरेक कक्षा क्रियाकलापहरू गर्दै गर्दा उनीहरूको बोध पक्ष (सुनाइ र पढाइ), अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइ), कक्षा कार्यमा सक्रियता एवम् सहभागिता, सिर्जनात्मक कार्य, समालोचनात्मक चिन्तन, प्रस्तुतीकरण शैली, व्यावहारिक परिवर्तन आदि समग्र पक्षको अवलोकन गरी व्यक्तिगत मूल्याङ्कन अभिलेख राख्नुपर्छ ।

- धेरै विद्यार्थीहरू भएका कक्षामा भने कतिपय लिखित सामग्रीलाई विद्यार्थीहरूमा एक आपसमा साटासाट गराई मूल्याङ्कन कार्य सम्पादन गर्न सकिन्छ ।

**७. गृहकार्य, परियोजना कार्य वा सिर्जनात्मक कार्य दिँदा :**

- सामान्य अर्थमा गृहकार्य भन्नाले विद्यार्थीलाई घरमा गएर गर्न दिने कार्य हो । यस्तो कार्य दिँदा विशेष गरी विषय वस्तु जति कक्षामा सिकाउने र पाठमा भएका अभ्यासहरूलाई जतिसक्दो बढी दिने चलन छ । यस्तो कार्यको अन्त्य गरी पाठमा भएका अभ्यास कार्यलाई कक्षा क्रियाकलापमा नै समायोजन गरी क्रियाकलापमुखी कार्य गाउनु पर्दछ ।

- निर्धारित समयभित्र पाठमा दिइएका केही अभ्यासलाई कक्षा क्रियाकलापमा समेट्न नसकिएको अवस्था वा कुनै विषयवस्तुमा बढी अभ्यास गराउनुपर्ने भएको स्थिति वा धेरै दिन विद्यालयमा विभिन्न कारणले उपस्थित हुन नसकेका विद्यार्थीका हकमा मात्र गृहकार्य दिनु उपयुक्त हुन्छ ।

  अर्को ध्यान दिनुपर्ने कुरा के छ भने एउटा विषयको गृहकार्य विशेषत: आधा घन्टाभन्दा बढी समयको लागि दिनु हुँदैन किनभने नेपाली भाषा विषय बाहेकका अन्य विषयको पनि गृहकार्यको बोझ विद्यार्थीमा हुन्छ भन्ने कुरालाई मनन् गर्नुपर्छ ।

- परियोजना कार्य भनेको विद्यार्थीले आफैँले सोधखोज, अध्ययन, अनुसन्धान गरी दिइएको विषय वस्तु सम्बन्धित कार्य सम्पादन गरी त्यसको लिखित वा मौखिक प्रतिवेदन पेस गर्ने कार्य हो । यस किसिमको कार्यबाट विद्यार्थीले आफैँले गरेर सिक्ने बानीको विकास हुन्छ र यस्तो सिकाइ पनि दिगो हुन्छ । यसका अतिरिक्त परियोजना कार्यले विद्यार्थीमा प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्धी सिप, निर्णय तथा समालोचनात्मक सोचाइ सम्बन्धी सिप र आत्म व्यवस्थापन सम्बन्धी सिप जीवनोपयोगी सिपहरूको विकासमा पनि सहयोग पुऱ्याउँछ । त्यसैले विद्यार्थीलाई गृहकार्यलाई भन्दा भाषिक सिप विकास सम्बन्धी परियोजना कार्यमा जोड दिनु उत्तम हुन्छ ।

- सिर्जनात्मक कार्य भनेको विद्यार्थीले आफ्नै मौलिक शिल्प र शैलीको प्रयोग गरी सिकाइमा प्रभावकारिता ल्याउने तरिका हो । यस किसिमको कार्य दिँदा विद्यार्थीको अन्तर्निहित प्रतिभाको विकास हुनुका साथै विद्यार्थीहरूमा तार्किक एवम् कल्पनात्मक क्षमताको विकासमा पनि ठुलो मदत पुऱ्याउँछ । त्यसैले यसलाई पनि गृहकार्यको रूपमा दिनु प्रभावकारी हुन्छ ।

- सबै किसिमका गृहकार्यलाई काम गर्न दिने मात्र होइन कि अर्को दिनको कक्षामा प्रस्तुतीकरण गर्ने अवसर दिनु अनिवार्य हुन्छ ।

**७. पठन सिप विकासका सम्बन्धमा**

• शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदनबाट हाम्रा आधारभूत तहका विद्यालयमा नेपाली भाषा विषय तर्फ विशेष गरी विद्यार्थीको पठन सिपको गुणस्तर ज्यादै निम्न रहेको देखाएको छ । यसै सन्दर्भमा विद्यालयमा शिक्षकले स्वयम् पढ्ने र विद्यार्थीलाई सस्वर शुद्ध पढ्ने अभ्यास गराउने पक्षमा बेवास्ता गर्ने परम्परलाई चटक्कै त्याग्नुपर्ने देखिन्छ । शिक्षकले पाठका कुनै अंशको नमुना वा आदर्श वाचन

DRAFT

बाहेक सबै पठन क्रियाकलापमा विद्यार्थीलाई नै अनिवार्य रूपमा सहभागी गराउने क्रियाकलापमा जोड दिनुपर्ने छ ।

**९. वर्ण विन्यास र हिज्जे सम्बन्धमा**

- यस निर्देशिकामा उपयोग गरिएको वर्ण विन्यास र हिज्जेलाई नै आधिकारिक मानी शिक्षकले शिक्षण गर्नुपर्ने छ । पछि कुनै नयाा व्यवस्था भएमा पाठ्यक्रम विकास केन्द्रले समयमा नै जानकारी दिने छ ।

**१०. सुनाइ र बोलाइ सिपको परीक्षणका सम्बन्धमा**

- पाठ्यक्रमले तो अनुसारको ढाचामा विद्यार्थीको सुनाइ र बोलाइ पक्षको प्रयोगात्मक पक्षको मूल्याङ्कन गरी विद्यार्थीको निरन्तर व्यवहार परिवर्तनसाग जोडेर अभिलेखका रूपमा राखी त्यसलाई अन्तिम निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नु अनिवार्य ।

**११. निरन्तर मूल्याङ्कनका सम्बन्धमा**

- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई निर्देशिका अनुरूप सञ्चालन गरी त्यसको अभिलेख चुस्त र दुरुस्त राख्नु शिक्षकको आधारभूत कर्तव्य हुने छ ।

**१२. शिक्षक निर्देशिकाको सम्बन्धमा**

- यो निर्देशिका शिक्षकका लागि आधारभूत साधन हो । शिक्षक आफैं साध्य हो । यसलाई मूल मार्ग निर्देशनका रूपमा लिई यसभन्दा थप प्रभावकारी सिकाइ सहजीकरण प्रक्रिया अपनाउन सकिन्छ । तर पाठ्यक्रमको मर्म र बालमैत्री सिकाइको अवधारणलाई मिचेर आफूखुसी गरेको सिकाइ प्रक्रिया गैर जिम्मेवार मानिने छ ।

DRAFT

## पाठ - १

**पाठ शीर्षक : परिचय** **विधा : कविता**

### एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयबद्ध वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | अनु लेखन र गद्य लेखन | १ |
| ४. | भाव बोध | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | शब्दभण्डार (विपरीतार्थक र अनुकरणात्मक शब्द) | १ |
| ७. | कार्यमूलक व्याकरण (नाम र विशेषण शब्द) | १ |
| ८. | सिर्जनात्मक कार्य (कविता लेखन) | १ |
| जम्मा | | ८ |

**दिन : पहिलो**

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : लयबद्ध वाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकासः बोलाइ (उच्चारण शिक्षण)** समय : ४५ मिनेट

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) परिचय कवितालाई गति, यति र लय मिलाई लयबद्ध वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका शब्दहरूको शुद्ध उच्चारण गर्न ।

लक्षित शब्दहरू : वैरी, प्यून, ज्वाला, दनदन, मृत्यु, अत्याचारी, ड्याङ्ड्याङ् डुङ्डुङ्, प्रलय, दैत्य सङ्कोच, अङ्गअङ्ग, हर्ष, मरण, प्रकृति, ऐन ।

**२. शैक्षिक सामग्री :**

(क) 'परिचय' कविता लयब्द्ध वाचनका लागि गति, यति र लय मिलाएको चार्ट, मोबाइल /ल्यापटप

(ख) शब्दपत्ती, कठिन शब्दहरूको सूची र गोजी तालिका ।

(ग) कविता वाचनको क्यासेट वा विद्युतीय सामग्री

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

DRAFT

(क) **उत्प्रेरणात्मक क्रियाकलाप :**

- विद्यार्थीहरूलाई आआफ्नो परिचय दिन लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- विद्यार्थीलाई प्रोत्साहित गर्न अन्य गीत कविता गाउन लगाई प्रतियोगिता गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

- विद्यार्थीहरूमध्येबाट 'परिचय' कविता लयबद्ध ढङ्गले वाचन गर्न सक्ने भए उसलाई लयबद्ध वाचन गरेर सुनाउन निर्देश गर्नुहोस् नभएमा शिक्षक आफैँले आदर्श वाचनका रूपमा लयबद्ध वाचन गरेर सुनाउनुहोस् ।
- आफूले तयार पारेर ल्याएको गति, यति र लयको चार्ट देखाई मोबाइल /ल्यापटप उपयोग गरि लयबद्ध वाचन गरेको ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।
- शिक्षकले कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र सोहीअनुसार विद्यार्थीलाई पनि लय हालेर पढ्न अभ्यास गराउनुहोस् ।
- लयबद्ध वाचन गराउादा विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा रेखाङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन भएका शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र ती शब्दहरू विद्यार्थीहरूबाट पालैपालो उच्चारण गर्न लगाउनुहोस् । यदि उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिँदै उनीहरूलाई शुद्ध उच्चारणको थप अभ्यास गराउँनुहोस् ।
- शुद्ध उच्चारणको अभ्यास गराउँदा कठिन वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविता पाठबाट उच्चारण अभ्यास गराउनुहोस् ।
- मातृभाषा नेपाली नहुने र उच्चारण कमजोर हुने विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा त्रुटि क्षेत्र पहिचान गरी विशेष ध्यान दिनुहोस् ।
- लयबद्ध वाचनको अभ्यास गराउादा पहिले सामूहिक र पछि व्यक्ति व्यक्तिमा लयवाचनको अभ्यास गराउनुहोस् ।
- शुद्ध उच्चारणका लागि लक्षित शब्दहरू तयार पारेको शैक्षिक सामग्रीको प्रयोग गर्दै लयबद्ध वाचन र शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

- बिचमा कलम विधिको प्रयोग गर्दै विद्यार्थीलाई लयबद्ध वाचन र शुद्धोच्चारणको मूल्याङ्कन गर्नुहोस् ।
- पाठका निर्धारित श्लोक गति, यति र लय हालेर लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

  * निम्न शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस्

दनदन, प्यूँन, ज्वाला, मरण, ऐन, मृत्यु

DRAFT

## ५. गृहकार्य

* पाठका नयाँ शब्दको शुद्ध उच्चारणसहित कविता पाठलाई गति, यति र लयबद्ध ढङ्गमा मुखाग्र (कण्ठस्थ) गरी आउन निर्देश गर्नुहोस् ।

## दिन : दोस्रो

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास: शब्द भण्डार र वाक्यमा प्रयोग** समय : ४५ मिनेट

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्द : गिरि, वैरी, दीन, रिपु, हर्दम, दीक्षा, ज्वाला, दयालु, प्रलय, गगन, सङ्कोच, देह, वदन, पुञ्ज, देशद्रोही, गर्त, ऐन ।

(ख) माथिका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

**२. शैक्षिक सामग्री :**

(क) शब्दार्थ पत्ती, वाक्य सूची, गोजी तालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणात्मक क्रियाकलाप :**

- शिक्षकले अघिल्लो दिन उच्चारण समस्या आइपरेका शब्दहरू विद्यार्थीहरूलाई एकछिन सोच्नका लागि समय दिनुहोस् । त्यसपछि तिन मिनेटको समय दिएर सबैलाई व्यक्तिगत रूपमा लेख्न लगाउनुहोस् । सयम सकिएपछि कसले धेरै शब्द लेख्न सक्यो सोध्दै जानुहोस् । अन्त्यमा तिन मिनेटको समयमा जसले धेरै शब्द लेख्न सक्यो उसलाई सबैले ताली बजाएर सम्मान गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई त्यस दिन गराउने मुख्य क्रियाकलापहरूका बारेमा बताउनुहोस् पाठप्रति अभिप्रेरित गरी शब्दार्थ शिक्षणका लागि सर्वप्रथम परिचय कविता पढ्न निर्देश गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

- विद्यार्थीहरूलाई कवितामा प्रयुक्त नयाा शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू उनीहरूलाई पालैपालो भन्न लगाई शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

DRAFT

- शब्दहरू टिपोट गरिसकेपछि ती शब्दका अर्थ विद्यार्थीहरूलाई नै सोधी सकभर उनीहरूबाट नै तिनको अर्थ भन्न प्रेरित गर्नुहोस् ।

- विद्यार्थीहरूबाट शब्दको सही अर्थ नआएका अवस्थामा मात्र शब्दार्थ पत्तीद्वारा गोजी तालिका वा फलाटिन पाटीमा प्रदर्शन गरी अर्थ बताइदिनुहोस् । शब्दार्थ बताउादा शब्दार्थ शिक्षणका उपयुक्त विधिको प्रयोग गर्नुहोस् ।

- शब्दको अर्थ सिकाइसकेपछि विद्यार्थीहरूलाई ती शब्दहरूको तात्पर्य खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीहरूले शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गरेको मिलेमा स्याबासी दिई प्रोत्साहित गर्नुहोस्  कसैले पनि सही वाक्य नबनाएमा वाक्यपत्तीका सहायताले फलाटिन पाटीमा प्रदर्शन गरी उदाहरण दिनुहोस् र यस्तै अर्को वाक्य निर्माण गर्न निर्देश दिनुहोस् । यस क्रममा कक्षाका  कमजोर विद्यार्थीहरूलाई विशेष ध्यान दिनुहोस् ।
- शिक्षकले शैक्षणिक पाटीमा विद्यार्थीहरूले बनाएका वाक्यहरू लेखेर,सिकाइको गति ढिला भएका विद्यार्थीलाई  त्यस्तै वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- कमजोर विद्यार्थीलाई ध्यान दिँदैपटक पटक वाक्य निर्माण गर्न लगाउनुहोस् । यो कार्य सुरुमा समूहमा र पछि एकलाएक्लैलाई गर्न लगाउनुहोस् ।
- यो कार्य गराउँदा विद्यार्थीको कुनै न कुनै सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने मुख्य पक्षलाई औँल्याई त्यसको अवसर दिई धन्यवाद दिनुहोस् ।
- अन्तिममा शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. मूल्याङ्कन :**

- तातो कुर्सी खेल विधिको प्रयोग गर्दै शब्दार्थ शिक्षणको मूल्याङ्कन गर्नुहोस् :(शिक्षकका लागि थप सामग्रीमा हेर्नुहोस् )

**५. गृहकार्य :**

- पाठको अभ्यास खण्ड अन्गर्तको पृष्ठ ४ को प्रश्न नं. १२ र १५ का शब्दहरूलाई वाक्यमा प्रयोग गरी लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : अनुलेखन र गद्य लेखन**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'परिचय' कविता पाठमा प्रयुक्त कविताका हरफहरूको अनुलेखन गर्न ।

(ख) 'परिचय' कविता पाठका हरफहरूलाई गद्यमा लेख्न ।

**२. शैक्षिक सामग्री :**

(क) बान्की मिलाई लेखिएका वर्णहरूको चार्ट ।

(ख) कविताको श्लोकलाई गद्यमा ढालेर लेखिएको नमुना अनुच्छेद र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणात्मक क्रियाकलाप :**

- शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति अभिप्रेरित गर्न अभिमुखीकरणको रूपमा अगाडि, बिचमा र पछाडि बस्ने केही विद्यार्थीहरूलाई पालैपालो शैक्षणिक पाटीमा आआफ्नो नाम, थर र वतन लेख्न दिर्नेश गर्नुहोस् । शुद्ध र राम्रा अक्षर भएकालाई ताली बजाएर सम्मान गर्न निर्देश गर्नुहोस् । त्यसपछि अशुद्ध र नराम्रा अक्षरले पार्ने प्रभावका बारे सचेत गराउदै सबैलाई शुद्ध र राम्रा अक्षर लेख्न उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

- शिक्षकले विद्यार्थीहरूलाई आजको पाठ्यवस्तुका बारे जानकारी गराउँदै बान्की मिलाई लेखिएका स्वर र व्यञ्जन वर्णहरूको चार्ट प्रदर्शन गर्नुहोस् ।
- चार्ट प्रदर्शन गरिसकेपछि शुद्ध र राम्रा अक्षरमा परिचय कविताका श्लोक कापीमा अनुलेखन गर्न लगाउनुहोस् । यसो गर्दा वर्णविन्यास र राम्रा अक्षरमा ध्यानदिन निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले अनु लेखन गरिरहेका बेला शिक्षकले राम्रा अक्षर बनाई लेख्न प्रोत्साहित गर्दै कक्षा कोठामा अगाडि पछाडि डुल्दै आवश्यक सहजीकरण गर्नुहोस् । यसो गर्दा राम्रा अक्षर लेख्न नजान्नेलाई आवश्यक सुझाव र सहयोग दिनुहोस् ।
- अनु लेखन कार्य पुरा गरिसकेपछि विद्यार्थीहरूलाई निर्दिष्ट कविताका श्लोकलाई गद्यमा लेख्न निर्देश दिनुहोस् । यसका लागि शिक्षक आफूले तयार पारेर ल्याएको गद्य लेखनको नमुना चार्ट फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गरी विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् ।

DRAFT

- गद्य लेखनको नमुना चार्ट पढ्न लगाइसकेपछि उनीहरूलाई 'परिचय' कविताको निर्दिष्ट श्लोक त्यसै गरी गद्यमा लेख्न निर्देश दिनुहोस् । शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै विद्यार्थी अलमलिएका अवस्थामा आवश्यक सहयोग पुर्‍याउनुहोस् ।

- विद्यार्थीहरूले लेखेका निर्दिष्ट गद्य लेखनलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । उत्कृष्ट सस्वर पठन र उत्कृष्ट गद्य लेखन मूल्याङ्कन गरी सम्बन्धित विद्यार्थीलाई ताली बजाई सम्मान गर्नुहोस् ।

४. **मूल्याङ्कन :**

(क) शिक्षकले कविता पाठको निम्न हरफ शैक्षणिक पाटीमा लेख्नुहोस् र उक्त हरफका चौथो, दसौं र सत्रौं वर्णबाट नाम वा थर बनेका विद्यार्थीहरूलाई उठाउँदै पालैपालो गद्यमा भन्न लगाउनुहोस् ।

- नेपाली ह्‍याँ कठिन गिरिमा चढ्नलाई सिपालु
  वैरी नै होस् तर छु बहुतै दीनमाथि दयालु ।

- रोकून् बाटो रिपुहरू मिली केही सङ्कोच मान्न
  आत्मा मेरा अमर छ बुझ्यौ अस्तै कैल्यै म हुन्न ।

(ख) पाठको अन्तिम दुई पङ्क्ति दिई गद्यमा लेखेर भन्न निर्देश गर्नुहोस् ।

५. **गृहकार्य :**

- 'परिचय' कवितालाई गद्यमा अनुच्छेदबद्ध गरी लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : भाव बोध**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) परिचय कविताको भावबोध गर्न ।

**२. शैक्षिक सामग्री :**

- (क) भाव बोधका लागि प्रश्न सूची चार्ट ।

(ख) कुनै दुई श्लोकको भावार्थ लेखिएको नमुना चार्ट, फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणात्मक क्रियाकलाप :**

- 'गङ्गा जलले सूर्यलाई अर्घ' भन्ने उखान वा अन्य उखानलाई शिक्षकले शैक्षणिक पाटीमा लेखिदिनुहोस् र सबैलाई त्यसको अर्थ/आशय लेखेर बताउन निर्देश गर्नुहोस् । उनीहरूले लेखेका आशयलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । स्पष्ट आशय भनेमा सम्मान गर्दै सबैलाई ताली बनाउन लगाउनुहोस् । अन्त्यमा आफूले पनि त्यसको आशय बताइदिनुहोस् ।

  आशय - ठुला मानिसलाई सानो कुरा वा कामले नै सम्मान पुऱ्याउन सक्नु ।

(ख) मुख्य क्रियाकलाप :

- विषयवस्तुका बारे बताउँदै पाठप्रति अभिप्रेरित गर्दै कविताका श्लोकलाई एकपटक लयबद्ध वाचन गर्न लगाउनुहोस् ।
- लयबद्ध वाचन सकिएपछि विद्यार्थीलाई समूह विभाजन गर्नुहोस् । प्रत्येक श्लोकबाट बोध प्रश्न तयार गरी ल्याएको प्रश्न सूची सबेले देख्ने गरी फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् र समूहगत छलफल गर्दै उक्त प्रश्नका उत्तर पाठ पढी कापीमा लेख्न निर्देश दिनुहोस् ।
- त्यसपछि उनीहरूले लेखेका उत्तर प्रत्येक समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । अरुलाई उनीहरूले बताएको उत्तर मिले नमिलेको ध्यानपूर्वक सुन्न र त्यसमा आफ्नो प्रति दिन प्रेरित गर्नुहोस् ।

  प्रश्नहरू

  (क) नेपाली के गर्न सिपालु छन् ?

  (ख) नेपाली कसमाथि दया राख्दछन् ?

DRAFT

(ग) नेपालीले पाएको शिक्षा-दिक्षा के हो ?

(घ) नेपालीको आत्मा कस्तो छ ?

(ङ) देशद्रोही विरुद्ध लड्न नेपाली के के सहन तयार छन् ?

(च) नेपालीहरू कसरी मर्न तयार छन् ?

(छ) नेपालीका निम्ति मृत्यु के हो ?

- निर्दिष्ट बोध प्रश्नोत्तरबाट सिङ्गो कविताको भावार्थ बोध गराउनुहोस् । यसो गराउँदा उनीहरूबाट नै त्यसको भाव भन्न लगाउनुपर्छ ।
- बोध प्रश्नोत्तरबाट भावबोध गराइसकेपछि अन्त्यमा शिक्षक आफूले तयार पारेर ल्याएको भावार्थ नमुनाको चार्ट फलाटिन पाटीमा टाँस गरी विद्यार्थीबाट प्राप्त बोधात्मक प्रश्नोत्तरलाई समेट्दै कविताको भाव बताइदिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न बोधात्मक प्रश्नहरू सोधी उत्तर भन्न लगाई कविताको भावबोध गराउनुहोस् :

(क) नेपाली के गर्न सिपालु छन् ?

(ख) नेपालीले पाएको शिक्षा के हो ?

(ग) नेपालीको आत्मा कस्तो छ ?

(घ) नेपाली कसरी मर्न तयार छन् ?

- कुनै श्लोक दिई भावार्थ बोध गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- 'परिचय' कविता पाठको अभ्यासको प्रश्न नं. २ र प्रश्न नं. ३ को उत्तर लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : भाव विस्तार**

**अपेक्षित सिप विकासलेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'परिचय' कविताको निर्दिष्ट पङ्क्तिको भाव विस्तार गर्न ।

२. शैक्षिक सामग्री :

(क) भाव विस्तार गरिएको कविताको हरफको नमुना चार्ट र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- मस्तिष्क मन्थन सम्बन्धी कुनै प्रश्न सोधी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस्

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति अभिप्रेरित गर्न कुनै एक विद्यार्थीलाई आफूलाई आउने कविता वा गीत भन्न लगाउनुहोस् । उसले त्यो सुनाइसकेपछि अरुलाई पालैपालो अर्थ/भाव बताउन लगाउनुहोस् । शिक्षकले उनीहरूले भनेको कुरामा ध्यान दिईअन्त्यमा आफ्ना तर्फबाट आवश्यक भाव प्रष्ट्याउदै आज पढ्ने पाठतर्फ ध्यानाकर्षण गराउनुहोस् ।
- विद्यार्थीहरू सङ्ख्याको अनुपातम समूह विभाजन गर्नुहोस् । समूह विभाजन कार्य सम्पन्न भइसकेपछि शिक्षकले भावार्थ विस्तार गरेर ल्याएको नमुना चार्ट फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् ।
- उक्त नमुना चार्टमा लेखिएको भाव विस्तारलाई प्रत्येक समूहमा एक एक जनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।
- शिक्षकले भाव विस्तारका बारेमा आवश्यक तरिका सिकाउनुहोस् । भाव विस्तार तरिकाबारे समूहगत छलफल गराउनुहोस् ।
- शिक्षकले समूहका विद्यार्थीहरूलाई एक एक ओटा कविताको श्लोक दिई भाव विस्तार गर्न लगाउनुहोस् । यो कार्य गराउँदा विद्यार्थीहरूले समूहमा रहेर काम गरे नगरेको अनुगमन गर्नुहोस् । उनीहरूलाई कठिन भएका अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

DRAFT

- यो कार्य समूहमा रहेर व्यक्तिगत रूपमा लेख्न लगाउनुहोस् । दस मिनेटको समय दिई निर्दिष्ट श्लोको भाव विस्तार गर्न निर्देश गर्नुहोस् ।

- यसरी लेख्ने कार्य पुरा गरिसकेपछि समूह समूहबाट आफूले लेखेका भाव विस्तार पढेर सुनाउन निर्देश गर्नुहोस् । निर्धारित समय सकिएपछि टोली नेतालाई आफ्नो समूहको कुनै एकजना साथीको भाव विस्तार पढ्न लगाउनुहोस र अन्य समूहलाई उक्त भाव विस्तार माथि टिप्पणी गर्न तयार रहन लगाउनुहोस् ।

- सुनाउने र टिप्पणी गर्ने कार्य पुरा भइसकेपछि त्यसमा आवश्यक पृष्ठपोषण दिई उनीहरूको लेखाइप्रति हौसला प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन :

(क) निम्न लिखित पङ्क्तिको भाव विस्तार गरी सुनाउनुहोस् :

नेपाली हा कठिन गिरिमा चढ्नलाई सिपालु

वैरी नै होस् तर छु बहुतै दीनमाथि दयालु ।

५. गृहकार्य :

- आफूले जानेका कुनै कविता वा गीतका दुई हरफको एक श्लोक वा चार पङ्क्तिको भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौं

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : शब्द भण्डार (विपरीतार्थक र अनुकरणात्मक शब्द)**

**अपेक्षित सिप विकास: बोलाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) परिचय कविताको पाठमा प्रयुक्त निम्न शब्दहरूको विपरीतार्थक शब्द लेखन :

वैरी, दयालु, प्रिय, आखिरी, मृत्यु, माथ, प्रलय, कालो, दैत्य, सङ्कोच, आत्मा, असर, अस्त ।

(ख) पाठमा प्रयुक्त अनुकरणात्मक शब्दहरू पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) विपरीतार्थक तथा अनुकरणात्मक शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउनका निम्ति निम्न ढााचाका अपूर्ण वाक्यहरू शैक्षणिक पाटीमा लेख्नुहोस् :

  (क) डोल्मा लाक्पालाई देखेर ............ हाँसिन् । ( मुसुक्क, भुसुक्क )

  (ख) हातगोडा ............. फुट्छ । ( चट्ट, पटपटी)

  (ग) अगेनामा आगो .......... बलेको छ । - दनदन, झिलिमिली )

  (घ) ऊ डरले ............ काँप्यो । ( थर थरी, धरधरी )

- निर्दिष्ट वाक्यलाई आवश्यक शब्दहरू थपी पुरा गर्न लगाउनुहोस् र यसरी थपिएका शब्दहरूका बारे शिक्षकले विद्यार्थीहरूलाई बताइदिनुहोस् ।

(ख) कलाप :

- सर्वप्रथम शिक्षकले आफूले तयार पारेर ल्याएको विपरीतार्थी र अनुकरणात्मक शब्दहरूको सूची चार्ट देखाउनुहोस् र तिनीहरूका बिचको भिन्नता पहिचान गर्न छलफल चलाउनुहोस् :

  जस्तै : दनदन, आगो-पानी, ढकमक्क, सफल-असफल, ठिङ्ङ, पुतपुत, थरथर, दिन-रात

DRAFT

- उनीहरूलाई पालैपालो उठाएर माथि उल्लिखित अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गराउनुहोस् ।

- यो कार्य पुरा भएपछि विद्यार्थीहरूलाई 'परिचय' कविता पाठबाट अनुकरणात्मक र विपरीतार्थक शब्द टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपोट गरेका शब्दहरू भन्न लगाई ती शब्दहरूलाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

- यो कार्य पुरा भएपछि विद्यार्थीहरूलाई पालैपालो उठाएर अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग र अन्य शब्दको विपरीतार्थक शब्द बनाउन लगाउनुहोस् ।

- पाठका शब्दका अतिरिक्त अन्य बाहिरबाट अनुकरणात्मक र विपरीतार्थक शब्दहरू भन्न लगाई वाक्यमा प्रयोग समेत गराउनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि आफूले तयार पारेर ल्याएको शब्दपत्ती र तिनका विपरीत अर्थ जनाउने शब्दपत्ती दुई अलग ठाउँमा राख्नुहोस् एउटा समूहका विद्यार्थीलाई गोजी तालिकामा शब्दपत्ती टिपेर राख्न लगाउनुहोस् । अर्को समूहलाई विपरीत अर्थ भएको शब्दपत्ती छानेर राख्न लगाउनुहोस् ।

- यो कार्य पालैपालो गराई अपेक्षित लक्ष्य पुरा भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

- दनदन, डुङ्डुङ, पटपट, भतभत जस्ता अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गराउनुहोस् ।

५. परियोजना कार्य :

- पाठमा दिइएको बाहेकका कुनै दश ओटा अनुकरणात्मक र विपरीत अर्थ आउने शब्द खोजी वाक्यमा प्रयोग समेत गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : व्याकरण (नाम र विशेषण शब्द)**

**अपेक्षित सिप विकास  पदवर्ग पहिचान** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'परिचय' कविता पाठमा प्रयुक्त नाम र विशेषण शब्द पहिचान गर्न ।

(ख) नाम र विशेषणको उदाहरण दिन ।

२. शैक्षिक सामग्री :

(क) नाम र विशेषण भएका शब्दपत्ती,  सूची, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई निम्न प्रश्न सोध्नुहोस् :

  कक्षा कोठाको भित्ता कस्तो रङको छ ?

  तिम्रो टोलको नाम के हो ?

  तिमी कति वर्षका भयौ ?

  तिम्रो नाम के हो ?

- विद्यार्थीले दिएको उत्तरलाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । त्यसपछि उनीहरूलाई ती शब्दहरूमध्ये नाम र विशेषण छुट्याउन लगाउनुहोस् । सही उत्तर दिएमा धन्यवाद दिनुहोस् र नदिएमा सही उत्तर आफैँले भनिदिनुहोस् । आज पढिने पाठ्यवस्तु नाम र विशेषण हुन् भनी प्रष्ट पारिदिनुहोस् ।

(ख) कलाप :

- शिक्षकले विद्यार्थीहरूलाई आफूले तयार पारेर ल्याएको नाम र विशेषण शब्द जनाउने शब्दपत्ती देखाएर गोजी तालिकामा जोडा मिलाएर राख्न निर्देशन दिईपालैपालो दिनुहोस् । यसो गराउादा कसैलाई विशेषण र कसैलाई नाम शब्द जनाउने शब्दपत्ती छान्न लगाई गोजी तालिकामा राख्न लगाई जोडा मिलाउन निर्देश दिनुहोस् ।

- साथीले  सही ढङ्गले  जोडा मिलाए नमिलाएको अरुलाई हेर्न लगाउनुहोस् ।  यो कार्य पुरा गरिसकेपछि विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गराउनुहोस् ।

DRAFT

- एउटा समूहलाई नाम र अर्को समूहलाई विशेषण भनी दुई समूहमा नामकरण गरी 'परिचय' कविता पाठ हेर्न निर्देश गर्नुहोस् ।
- पाठमा प्रयुक्त नाम पढ नाम समूहलाई र विशेषण शब्द विशेषण समूहलाई खोज्न लगाई कापीमा टिपोट गर्न निर्देश दिनुहोस् ।
- त्यस समयमा शिक्षकले कक्षा कोठामा घुम्दै सहजकर्ताको भूमिका निर्वाह गरी उनीहरूलाई अप्ठ्यारो र दुविधा भएमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।
- उनीहरूले टिपोट गरेका नाम र विशेषण शब्द पालैपालो भन्न लगाउनुहोस् त्यसलाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- शैक्षणिक पारीका नाम र विशेषण शब्दलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- वाक्यमा प्रयोग गर्ने कार्य पूरा भइसकेपछि गिरि, रगत, खुकुरी, गगन, बाटो, छाला, गोली, मासु आदि शब्दले वस्तु वा चिजबिजलाई जनाउने हुँदा यिनीहरू नाम हुन् र रातो, तातो, कालो, निलो, नेपाली, सिपालु, दयालु आदि शब्दले नाम शब्दको वर्णन गरेका छन् त्यसैले यिनीहरू विशेषण शब्द हुन् भनी नाम र विशेषण शब्द चिन्ने तरिका बताइदिनुहोस् ।
- आफूले तयार पारी ल्याएको नाम र विशेषण छुट्याउने शब्दसूची फलाटिन पाटीमा प्रदर्शन गरी दुवै समूहका विद्यार्थीलाई छुट्याउन लगाउनुहोस् ।

नमुना शब्दसूची

नाम र विशेषण छुट्याउनुहोस् ।

| | |
|---|---|
| दया - दयालु, सिप - सिपालु, नेपाल - नेपाली, शिक्षा - शिक्षित, दु:ख - दु:खी, शरीर - शारीरिक | अग्लो रुख, रातो रङ, तातो दुध, सिपालु कालिगढ, प्रिय मित्र, सहरिया सभ्यता, खर्चिलो काम |

- नमुना शब्द सूचीका शब्दबाट नाम र विशेषण शब्द छुट्याउन लगाइसकेपछि शिक्षकले नाम र विशेषण पद बारे आवश्यक कुरा बताई उदाहरणहरू दिएर स्पष्ट पारी पृष्ठ ५ को प्रश्न नं. १७ र १८ मा दिएका कुरा पढी अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले नाम र विशेषण शब्दसूची शैक्षणिक पाटीमा लेख्नुहोस् र त्यसबाट पालैपालो उनीहरूलाई नाम र विशेषण शब्द छुट्याउन लगाउनुहोस् :

  जस्तै : नेपाली, नेपाल, सिपालु, ताक्छु, कालो, रक्षा, रोकून्, आत्मा, गोली, फुटोस्, होस्, हामी, प्रकृति, माथ, ताक्छु, छ, सबैले ।

DRAFT

- शिक्षकले तयार पारेको नाम र विशेषण शब्दपत्ती देखाई ती जोडा शब्दबाट विशेषण र नाम छुट्याउन लगाउनुहोस् :

  दु:ख, दु:खी, शरीर, शारीरिक, प्रकृति, प्राकृतिक, नेपाली, नेपाल, दयालु, दया, सिपालु, सिप, सभ्य, सभ्यता, हिमाल, हिमाली, फुर्ति, फुर्तिलो, माया, मायालु ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई आफ्नो घर/परिवेशमा रहेका नाम र विशेषण जनाउने दस दस ओटा शब्दहरूको सूची तयार गरी ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : आठौँ

**पाठ शीर्षक : परिचय (कविता)**

**पाठ्यवस्तु : कविता लेखन**

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठित कविता पाठका आधारमा आफूले सुनेका गीत, कवितालाई लय मिलाई गाउन ।

(ख) पठित कविताका आधारमा कविता लेख्न ।

२. शैक्षिक सामग्री :

(क) ख्यातिप्राप्त गायक तथा कविहरूका तस्बिरहरू, गीत तथा कविताका नमुना, अभ्यासका लागि कविताका अपूर्ण हरफको सूची, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले ल्याउनुभएको ख्यातिप्राप्त गायक तथा कविहरूको तस्बिर देखाउँदै उनीहरूको नाम सोध्नुहोस् । त्यसपछि उनीहरूले सही जवाफ दिए नदिएको सुन्नुहोस् र सबैसँग सोध्नुहोस् । सही जवाफ नआए आफूले बताइदिँदै ती गायक भए गीत र कवि भए कविता सुनाउन विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् र गायनपछि ताली बजाउन लगाई हौसला प्रदान गर्नुहोस् । आजको कक्षामा कविता लेख्न अभ्यास गर्नुपर्ने कुराबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले पाठको कविताको कुनै श्लोक अपूर्ण रूपमा शैक्षणिक पाटीमा लेखी त्यसलाई पुरा गर्न लगाउनुहोस् ।
- शिक्षकले आफूले तयार पारेर ल्याएको कविताको अपूर्ण हरफहरूको सूची प्रदर्शन गर्दै तिनलाई आफ्नो कापीमा सारी थप्नुपर्ने ठाउँमा आवश्यक शब्दहरू राखी पुरा गराई सो कविता सुनाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई प्रत्येक बेन्चलाई एउटा समूह मान्दै समूह विभाजन गरी उनीहरूलाई कविता लेखनको अभ्यास गर्नेबारे जानकारी दिई उनीहरूलाई वाक्यपत्ती दिनुहोस् ।
- शिक्षकले पहिले वाक्यपत्तीमा कविताको एक हरफ लेखिदिनुहोस् । त्यो एउटा समूहलाई दिई त्यस्तै भावसँग मिल्ने अर्को हरफ लेख्न लगाउनुहोस् । त्यसपछि अर्को समूहलाई दोस्रो हरफ कविताको भावसँग मिल्ने अर्को हरफ लेख्न लगाउनुहोस् ।

- एउटा एउटा हरफ मात्र देखाउँदै त्यस हरफसँग मिल्ने पङ्क्ति मात्र लेख्न लगाई सबै समूहलाई पङ्क्ति पुरा गर्न लगाउनुहोस् ।
- शिक्षकले ती छुट्टाछुट्टै हरफलाई शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् र उनीहरूलाई पढ्न लगाउनुहोस् । त्यसो गरेर लेख्दा एउटा मुक्त कविता तयार भएको जानकारी दिई उनीहरूलाई कविता लेख्ने सम्बन्धमा उत्प्रेरणा बढाइदिनुहोस् ।
- स्वतन्त्र रूपमा कविता लेखेर सुनाउन पाँच मिनेटको समय उपलब्ध गराउनुहोस् । शिक्षक आफू सहजकर्ताको रूपमा कक्षामा डुल्दै उनीहरूलाई हौसला दिनुहोस् ।
- उनीहरूले लेखेको कविता पालैपालो सुनाउन लगाउनुहोस् । सबैको प्रस्तुतिमा ताली बजाई सम्मान गर्दै अन्त्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई आफूलाई आउने कुनै कविता भन्न लगाउनुहोस् ।
- विद्यार्थीलाई तिन मिनेटको समय दिई दुई हरफ कविता लेख्न लगाई सुनाउन लगाउनुहोस् ।

५. परियोजना कार्य :

- विद्यार्थीहरूलाई टोल छिमेकमा प्रचलित कुनै कविता वा गीत लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. शब्दार्थ शिक्षणका विधिहरू :

- शब्दार्थ सूची प्रदर्शन गरेर
- चित्र प्रदर्शन गरेर
- विपरीतार्थी शब्द बताएर
- समान गुण भएका शब्दबाट अर्थ बताएर
- हाउभाउ वा अभिनय गरेर
- व्युत्पत्ति प्र देखाएर
- कुनै ठोस वस्तु प्रदर्शन गरेर
- पर्यायवाची शब्दबाट अर्थ बताएर
- पारिभाषिक शब्दबाट अर्थ बताएर
- वाक्यमा प्रयोग गरेर

जस्तै

| | |
|---|---|
| गिरि : | पहाडको तस्बिर देखाउने |
| ज्वाला : | बल्दै गरेको आगोको लप्कोको चित्र देखाउने । |
| दयालु : | (दया + आलु) व्युत्पत्ति प्र देखाउने |
| सङ्कोच : | सङ्कोच मानेको अभिनय गरेर देखाउने |
| रिपु : | (शत्रु, दुस्मन, वैरी) पर्यायवाची शब्द देखाउने |
| प्रिय : | (प्रिय - अप्रिय) विपरीत अर्थ देखाउने |
| गगन : | (निलो गगनमा सेता बादल कपास जस्तै देखिन्थे ।) वाक्यमा प्रयोग गरेर देखाउने |

२. बिचमा कलम विधिको प्रयोग गरी मूल्याङ्कन गर्ने तरिका :

शिक्षकले शब्दपत्ती र कठिन शब्दहरूको सूचीमा रहेका लक्षित शब्दहरू उच्चारण गर्नुपर्ने जानकारी दिई प्रत्येक बेन्चका विद्यार्थीको कलम एक ठाउँ जम्मा गरी अन्त्यमा पालैपालो कलम टिपेर देखाउँदै जसको कलम हो उसैलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् । कसैलाई कुनै पङ्क्ति वा श्लोक दिई लयबद्ध वाचन गर्न लगाई अपेक्षित लक्ष्य पुरा भए नभएको मूल्याङ्कन गर्नुहोस् ।)

शब्दहरू : प्युँन, हर्दम, प्रिय, श्वास, दन्कोस्, दनदन, मृत्यु, अङ्गभङ्ग, ड्याङड्याङ डुङडुङ, प्रलय, मरण, प्रकृति, ऐन ।

३. तातो कुर्सी खेल खेलाउने तरिका :

DRAFT

कक्षाको अगाडि एउटा कुर्सी राख्नुहोस् । विद्यार्थीहरूलाई पढेका शब्दार्थ र तिनको वाक्यमा प्रयोग स्मरण गर्न लगाउनुहोस् । विद्यार्थीलाई तयार रहन निर्देश गुर्नहोस् र हात उठाउने विद्यार्थीलाई अगाडिको कुर्सीमा बसाल्नुहोस् र बाँकीलाई पालैपालो शब्दार्थ सोध्न लगाउनुहोस् । शब्दको अर्थ भन्न सकुन्जेल ऊ कुर्सीमा बस्न पाउँछ तर गल्ती गर्नासाथ उसले कुर्सी छोड्नुपर्छ । पुन: अर्कोलाई अवसर दिनुपर्छ । यो खेलमा जो धेरै समयसम्म उत्तर दिँदै कुर्सीमा बस्न सक्छ उसलाई विजयी घोषणा गरिन्छ ।

४. मस्तिष्क मन्थन प्रश्नको नमुना :

आकाशमा उड्छ तर चरा होइन, पुच्छर छ तर जनावर होइन, के हो ?

उत्तर : चङ्गा

५. कवितांशको भाव विस्तारको नमुना :

नेपाली हा कठिन गिरिमा चढ्नलाई सिपालु
वैरी ने होस् तर छुल बहुतै दीनमाथि दयालु
तातो रातो रगत रिपुको प्यूँन हर्दम तयार
मेरो मेरो प्रिय खुकुरी यो हेर भै होसियार ।

नेपालीहरू वीर तथा लडाकु छन् । यो जातिको संसारमा एउटा अलग पहिचान छ । विश्वको इतिहासमा नेपालीलाई कठिन पौरख गर्ने जातिको रूपमा चिनिन्छ । विश्वकीर्तिमानी कार्यहरू सम्पन्न गर्न नेपालीहरू प्रसिद्ध छन् । कसैमाथि जाइ नलाग्ने तर आइलाग्ने माथि जाइलाग्ने यो जाति दीनहीनमथि दयालु छन् । साधु, सज्जन जातिका रूपमा चिनिने नेपाली आफ्ना दुस्मनै भए पनि शरण पर्न आएकालाई शरणको मरण गर्न जान्दैनन् । संसारमा खुकुरी वीरका रूपमा चिनिने नेपालीहरू आफ्नो अन्तिम सास रहँदासम्म वैरीसित लडिरहन्छन् । यो जातिको खुकुरीसँग संसारका ठुला साम्राज्यहरू पनि हार खान पुगेको कुरा हाम्रो इतिहास साछी छ । त्यसैले नेपालीसँग सदैव होसियार भई रहन प्रस्तुत श्लोकमा सचेत गराइएको छ ।

DRAFT

**पाठ - २**

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो** **विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध र प्रश्नोत्तर | १ |
| ४. | भाव विस्तार/व्याख्या | १ |
| ५. | कथा कथन /घटना वर्णन | १ |
| ६. | कार्यमूलक व्याकरण (नाता बोधक नाम र लिङ्ग परिवर्तन) | १ |
| ७. | कार्यमूलक व्याकरण (सर्वनाम पहिचान र प्रयोग) | १ |
| ८. | सिर्जनात्मक कार्य (कथा लेखन) | १ |
| ९. | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| | जम्मा | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- कथालाई शुद्धसँग सस्वर वाचन गर्न ।
- कथामा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

  लक्षित शब्द: चर्तिकला, प्रस्ताव ,मिष्ठान्न, साँप्रो, नानाभाँती, मुर्मुरिँदै, मालिक्नी, गर्दिना, प्रवृत्ति ।

२. शैक्षिक सामग्री :

- गोजीतालिका र शब्दपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- मष्तिष्क मन्थन सम्बन्धी कुनै प्रश्न सोध्नुहोस् र उनीहरूले दिएका उत्तरहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- त्यसको उत्तर दिई आजको घन्टीमा कथालाई शुद्दसँग पढ्ने अभ्यास गर्ने भन्ने प्रसङ्ग जोड्नुहोस् र मुख्य विषयवस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलापहरू:

- सुरुमा कथाका कुनै दुई अनुच्छेद शुद्धसँग आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीको प्रति लिनुहोस् । शुद्धसँग सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि आवश्यक थप निर्देशनहरू दिनुहोस् ।
- विद्याथीलाई पालैपालो एक एक अनुच्छेद शुद्धसाग सस्वर वाचन निर्देशन दिनुहोस् र बाँकी विद्यार्थीलाई साथीले वाचन गर्दा शब्दहरूलाई शुद्धसँग उच्चारण गरेनगरेको ध्यानपूर्वक सुन्न र गल्ती हुनासाथ रोकेर सच्याउन निर्देश गर्नुहोस् ।
- विद्याथीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै विद्यार्थीको उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले पनि टिपोट गर्दै जानुहोस् ।
- कथाका सबै अनुच्छेदको सस्वर वाचन अभ्यास गराइसकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका थप शब्दहरू विद्यार्थीहरूबाट माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् र त्यसपछि आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती र गोजीतालिका मार्फत प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।
- नेपाली दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुर्‍याउनुहोस् ।

DRAFT

४. मूल्याङ्कन

- अनुसूचीमा दिए झैँ बिचमा कलम विधिको प्रयोग गरी विद्यार्थीको शुद्ध उच्चारण सम्बन्धी मूल्याङ्कन गर्नुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. परियोजना कार्य

- पाठको थप अध्ययन गरी आफूलाई नयाा लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : दोस्रो

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन्:

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्द : सौभाग्य, नियत, क्षतिपूर्ति, जाल, प्रस्ताव, बाटो बिराउनु, हायलकायल गर्नु, नानाभाँती, अलप, लिदी, तबेला ।

(ख) माथिका नयाा शब्दहरू प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका ,शब्दार्थ सूची, वाक्य सूची र एउटा कुर्सी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिनुहोस् र तिन मिनेटको समय दिई व्यक्तिगत रूपमा द्रुत लेखन गर्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई सबैले थपडी बजाएर सम्मान गर्न लगाउनुहोस् ।
- त्यस दिनको घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् र पाठ्यवस्तुको प्रस्तुतीकरण गर्नुहोस् ।

DRAFT

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई पाठको ससर्ती सस्वर वाचन गर्न लगाउनुहो र अर्थबोध नभएका नयाा शब्दहरूको माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्नका लागि सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिद्वारा अर्थबोध गराई सबै शब्दको अर्थ आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।

- शिक्षकले नयाा शब्दलाई प्रयोग गरी शैक्षिक सामग्रीको रूपमा लगेका वाक्य पत्तीहरू एकएक गरी प्रदर्शन गर्दै जानुहोस् । त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न हिाड्दै कुरा गर्दै विधिको प्रयोग गरी नयाा वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई सहपाठी मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधार गरी स्पष्ट पार्नुहोस् ।

४. मूल्याङ्कन :

- यसै निर्देशिकाको अनुसूचीमा दिएको एक पटक शब्दको अर्थ भन्नुपर्ने र अर्कोपल्ट वाक्य निर्माण गर्नुपर्ने गरी दुई पटक तातो कुर्सी खेल विधिको प्रयोग गरी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

खेल खेलाउने शब्दहरू : नियत, क्षतिपू

र्ति, बाटो बिराउनु, हायलकायल गर्नु, लिदी, तबेला ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. २,३ र ५ घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : तेस्रो

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : पठन बोध  र प्रश्नोत्तर** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास  : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन्

(क) पाठको सस्वर वाचन गरी सोधिएका निम्नलिखित प्रश्नहरूको उत्तर लेखेर भन्न :

प्रश्नहरू:

(१) भान्जाले ठग मामालाई के भनेर सम्झाउँथ्यो ?

(२) ठग र उसकी श्रीमतीका बिचमा किन भनाभन भएको थियो ?

(३) बोरामा हालिएको भान्जो कसरी उम्किएको थियो ?

(४) भान्जाले मामालाई बोरामा किन खुकुलोसँग बाँधेको हो ?

(५) यस कथाले हामीलाई के कस्तो शिक्षा दिएको छ ?

२. शैक्षिक सामग्री :

(क) न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको प्रश्न सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावली अनुमान विधिद्वारा विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई सोसम्बन्धी जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले निर्माण गरेको उद्देश्यमा उल्लिखित प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् र एकछिन छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई भित्तामा टाँसिएको प्रश्नहरूको उत्तर खोजी गर्ने उद्देश्य लिएर दस मिनेटको समय दिई सस्वर वाचन गर्न निर्देशन दिनुहोस् । साथै विद्यार्थीहरूले पुरा पाठ सस्वर वाचन गरिसकेपछि ती प्रश्नहरूको छोटो तर स्पष्ट उत्तर आफ्नो कापीमा लेखी अन्त्यमा कक्षामा भन्नुपर्ने जानकारी दिनुहोस् ।

DRAFT

- विद्यार्थीले पढेनपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् । सिकाइमा पछिपरेका विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- पढ्ने समय समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले बढीमा चार चार जनाको समूहमा विभाजन गर्नुहोस् । उक्त समूहले मौलिक भाषामा छोटो, मिठो र स्पष्ट रूपमा उल्लिखित प्रश्नहरूका उत्तर लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीले माग गरेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर भनेर वा लेखेर समेत प्रस्तुत गर्नुहोस् ।

- विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भएनभएको ख्याल गर्नुहोस् र अलमलमा परेको व्यक्ति वा समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूहकार्यको समय समाप्त भएपछि पालैपालो विद्यार्थी समूहबाट निर्मित संयुक्त उत्तर टोली नेताबाट कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहको प्रस्तुतीकरण सकिएपछि बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- उद्देश्यमा उल्लिखित प्रश्नहरू विद्यार्थीहरूलाई एकल रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ४ का प्रश्नहरूको उत्तर आफ्नै भाषामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : भाव विस्तार/व्याख्या** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) कथाका निम्नलिखित भनाइ कसले, कसलाई, कुन बेला र कस्तो प्रसङ्गमा भनेको भन्ने कुरा खुलाई भाव विस्तार गर्न ।

- कति घरमा मात्रै बस्छस् ?
- म बिहे गर्दिना ।
- कुन खरायो ? कस्तो खरायो ? के नानाभाँतीको कुरा गर्नुभएको ?
- अबदेखि ठग काम गर्दिना ।

२. शैक्षिक सामग्री :

(क) भाव विस्तार गरिएको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

कुनै मुक्तक वा कविता / गीत सुनाई वा विद्यार्थीहरूलाई भन्न प्रोत्साहित गरी त्यसको आशय भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले कथाको प्रमुख पात्रको भनाइलाई भाव विस्तार गरेर लगेको शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् । त्यसका विषयमा छलफल गराउनुहोस् । भाव विस्तार गर्ने तरिकाबारे लघु प्रवचन दिई स्पष्ट धारणा दिनुहोस् ।
- विद्यार्थीहरूलाई १५ मिनेटको समय तोकी उपयुक्त समूहमा विभाजन गरेर प्रत्येक समूहलाई उद्देश्यमा उल्लिखित एक एक ओटा भनाइको आफ्नै मौलिक शैलीमा भाव विस्तार गरी लेख्ने काम दिनुहोस् ।

DRAFT

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा समग्रमा (व्यक्ति नतोकी) उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- भाव विस्तार गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ भन्ने प्रश्न विद्यार्थीहरूलाई एकल रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।
- निम्न पङ्क्तिको आशय के हो लेखर भन्न लगाउनुहोस् ?

  * (पाठको प्रश्न राख्ने )

५. गृहकार्य :

- पाठको अभ्यास नं. २ र ३ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : कथा कथन र घटना वर्णन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) आफूले जानेसुनेका कथा वा घटना सिलसिला मिलाई भन्न ।

(ख) कथाको कुनै अंशमा आधारित भएर थप कुराहरू राखी काल्पनिक कथा भन्न ।

२. शैक्षिक सामग्री :

(क) कथाका बुँदाहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई आफूले जानेको कुनै छोटो तर घतलाग्दो कथा सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले पनि आफूले जानेसुनेका कथाहरू वा घटनाहरू सिलसिला मिलाई भन्नुपर्ने विषयवस्तुको जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई आफूले जानेसुनेका कथाहरू सिलसिला मिलाई भन्नका लागि केही समय सोच्न दिनुहोस् । जुनसुकै जातजाति, धर्म, भाषा, सम्प्रदायमा आधारित कथा भन्न पाइने तर कुनै पनि वर्गलाई होच्याउने कथा भन्न नपाइने सर्त राख्नुहोस् ।
- कतिपय विद्यार्थीलाई कथा भन्न रुचि नलाग्ने हुन सक्छ । त्यस्ता विद्यार्थीलाई आफूले बाल्यकालमा देखेका, सुनेका तथा भोगेका सुख वा दुःखका अविस्मरणीय घटनाहरू सिलसिला मिलाई भन्न लगाउनहोस् । यसो गराउँदा आफूले घटना वर्णनको एउटा नमुना सुनाएर विद्यार्थीलाई प्रोत्साहित आवश्यक हुन्छ ।
- पालैपालो कथा कथन वा घटना भन्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई साथीले भनेको कथा वा घटनालाई राम्ररी सुनेर साथीको कथा वा घटना वर्णन समाप्त भएपछि त्यसको बारेमा टिप्पणी गर्नुपर्ने प्रावधान राख्नुहोस् ।
- कथा कथन क्रियाकलापको अन्त्यमा साथीहरूले भनेको कथाको भाषा, शैली, सिलसिला, आदिको बारेमा टिप्पणी गर्न लगाउनुहोस् ।
- विद्यार्थीको कथा कथन वा घटना वर्णनको क्रियाकलापहरू सकिएपछि शिक्षकले आफूले शैक्षिक सामग्रीको रूपमा लगेको कुनै कथाका बुँदाहरू प्रदर्शन गर्नुहोस् र

DRAFT

त्यसमा आधारित भएर नयाा कुराहरू थप्दै एउटा काल्पनिक कुराहरू जोडेर कक्षामा नमुना कथा प्रस्तुत गर्नुहोस् ।

- त्यसपछि  कुनै एक कथाको प्रसङ्गको उठान गरी त्यसपछि के भयो होला ? भन्ने प्रश्न राखी कथालाई लम्याउँदै लगेर अन्तिम विद्यार्थीको पालोमा कथालाई समाप्त गर्ने कार्यकलाप गराउनुहोस् ।

- विद्यार्थीले क्रियाकलापमा सक्रियतापूर्वक भाग लिए  नलिएको  अवलोकन गरी कुनै विद्यार्थीमा अलमलको स्थिति देखापरेमा त्यस्ता विद्यार्थीलाई उत्प्रेरित गर्दै आवस्यक सहजीकरण गर्नुहोस् ।

- समय भएमा अर्को कथा कथन क्रियाकलाप पनि गराउन सक्नुहुन्छ । यस्तो क्रियाकलाप गराउादा विशेष गरी बोलाइ सिपको विकासमा पछिपरेका विद्यार्थीलाई बढी सक्रिय गराउने पक्षमा विशेष ध्यान दिनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले प्रदर्शन गरेका सकारात्मक व्यवहारहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूले प्रस्तुत गरेका कथा वा घटना वर्णन उत्कृष्ट प्रस्तुति छान्न  कुनै एकलाई भन्न लगाउने र त्यो कुरा मन पर्नुको कारण समेत भन्न लगाई बोलाइ पक्षको मूल्याङ्कन कार्य सम्पादन गनुहोस् ।

५. गृहकार्य :

- पाठ्को अभ्यास नं. ८,९ र १० का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : नाता बोधक नाम र लिङ्ग परिवर्तन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) नाता बोधक नाम शब्दहरूको पहिचान गर्न ।

(ख) नाम शब्दको लिङ्ग परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र शब्दपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई केही समय दिई उनीहरूमा भएको कुनै प्रतिभा प्रदर्शन गर्ने मौका प्रदान गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा शीर्षक लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शिक्षकले आफूले लगेका केही नाता बोधक नामका शब्दपत्तीहरू गोजी तालिकाबाट प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई ती के कस्तो बुझाउने शब्दहरू हुन् भन्ने प्रश्न राखी छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीहरूको भनाइलाई समर्थन गर्दै नाता बोधक नाम शब्दको धारणा स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई दुई दुई समूहमा विभाजन गरी १० मिनेटको समय दिई पाठको अभ्यास नं. १७ का (क) र (ख) का क्रियाकलापहरू गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले क्रियाकलाप गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो लेखिएको सामग्री प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- त्यसै गरी आफूले लगेका केही लिङ्ग परिवर्तन गरिएका नामका शब्दपत्तीहरू गोजीतालिकाबाट प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई ती के कस्तो बुझाउने शब्दहरू हुन् भन्ने प्रश्न राखी छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीहरूको भनाइलाई समर्थन गर्दै नाम शब्दको लिङ्ग परिवर्तनसम्बन्धी धारणालाई स्पष्ट पार्नुहोस् ।

DRAFT

- पाठको अभ्यास नं. १८ को क्रियाकलापलाई एकल रूपमा गर्न निर्देशन दिनुहोस् र प्रस्तुतीकरण गराउनुहोस् ।
- अन्त्यमा शिक्षकले सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीले जानेका कुनै पाँच ओटा नाता बोधक शब्दहरू भन्न लगाउनुहोस् ।
- निम्न लिखित नाम शब्दहरूको लिङ्ग परिवर्तन गरी कक्षामा भन्न लगाउनुहोस् :

  काका, आमा, फुपू, भिनाजु, ससुरा, भान्जा, शिक्षक, मालिक, साहु ।

५. गृहकार्य :

- तिमीले चिनेका कुनै पाँच जना मान्छेको नाता बोधक नाम शब्द लेख र तिनीहरू के के काम गर्छन् सोसमेत लेखेर ल्याऊ र कक्षामा सुनाउन भन्ने परियोजना कार्य दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : सर्वनाम शब्द पहिचान र प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सर्वनाम शब्दको पहिचान गरी त्यसको उपयुक्त स्थानमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका तथा नाम र त्यसैको सर्वनाम पदहरू लेखिएका वाक्यपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको परियोजना कार्य कक्षामा सुनाउन समयदिनुहोस । एक आपसमा साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् र समीक्षा गर्न लगाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- आफूले लगेको नाम शब्द र त्यसको सट्टामा सर्वनाम शब्द प्रयोग गरीलगेको वाक्यपत्तीहरू प्रदर्शन गर्नुहोस् । ती दुई वाक्यहरूमा के कस्तो परिवर्तन गरिएको छ ? त्यस विषयमा छलफल गराउनुहोस् ।
- छलफलपछि सबै खालका सर्वनाम प्रयोग हुने गरी शैक्षणिक पाटीमा वाक्य निर्माण गरी सर्वनाम शब्दको धारणा स्पष्ट पार्नुहोस् ।
- आफूले लगेको नाम शब्द भएको वाक्य र त्यसको सट्टामा सर्वनाम प्रयोग गरीलगेको वाक्यपत्तीहरू प्रदर्शन गर्नुहोस् । ती दुई वाक्यहरूमा के कस्तो परिवर्तन गरिएको छ ? त्यस विषयमा छलफल गराउनुहोस् ।

नमुना वाक्यपत्तीहरू :

| | |
|---|---|
| उमा मिठो गीत गाउँछे । | **ऊ** मिठो गीत गाउँछे । |
| डोल्मा र याङ्किला घरमा राम्ररी पढ्छन् । | **उनीहरू/तिनीहरू** घरमा राम्ररी पढ्छन् । |
| आमा मलाई धेरै माया गर्नुहुन्छ । | **उहा** मलाई धेरै माया गर्नुहुन्छ । |

| | |
|---|---|
| म र भाइ मिलेर काम गर्छौं । | **हामी** मिलेर काम गर्छौं । |
| रोशन चौधरी ज्यादै इमानदार छन् । | **उनी** ज्यादै इमानदार छन् । |
| भाइ बाठो छ । | **ऊ** बाठो छ । |
| बहिनी चाँडो काम सक । | **तिमी** चााडो काम सक । |
| बुबा किन ढिला आउनुभएको हो ? | **तपाई** किन ढिला आउनुभएको हो ? |

- छलफल क्रियाकलापपछि सबै खालका सर्वनाम प्रयोग हुने गरी शैक्षणिक पाटीमा वाक्य निर्माण गरी सर्वनाम शब्दको धारणा स्पष्ट पार्नुहोस्। जस्तैः म, हामी, ता, तिमी, तपाइ, ऊ, उनी, यो, त्यो, यी, ती, उनीहरू, यिनीहरू, तिनीहरू, वहाा, यहाा,आदि ।

- पाठको अभ्यास नं. १९ को क्रियाकलाप गराउनुहोस् । त्यसपछि विद्यार्थी सङ्ख्याको आधारमा उपयुक्त समूह विभाजन गरी अभ्यास नं. २० र २१ लाई कक्षा कार्यको रूपमा गर्न निर्देशन दिनुहोस् विद्यार्थीहरूले समूह कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवस्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- पाठको अभ्यास नं. २२ मा दिइएको अभ्यासको प्रश्नहरू एकल रूपमा गर्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. २३ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : आठौं

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (कथा लेखन)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्देशित (दिइएका) बुादाहरूको आधारमा कथा लेखेर प्रस्तुतीकरण गर्न ।

२. शैक्षिक सामग्री :

(क) कथाका बुँदाहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- आफूले लगेको शैक्षिक सामग्रीमा भएको कथाको बुँदालाई सस्वर वाचन गरी सुनाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा शैक्षणिक पाटीमा शीर्षकको रूपमा लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शैक्षिक सामग्रीको रूपमा लगिएको कथाको बुँदाका आधारमा आफूले मौखिक रूपमा कथा बनाई पुन: एक पटक कथा भनिदिनुहोस् । त्यसपछि सोही बुँदामा आधारित भएर उपयुक्त समूह बनाई कथा लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेखन कार्य गरिरहँदा हरेक स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीहरूले बुँदाहरूको आधारमा लेखेका कथाहरू टोली नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र प्रस्तुतीकरण सकिएपछि बाँकी विद्यार्थीहरूलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।

- यसै गरी अर्को एउटा कथाका बुँदाहरू दिई एकल रूपमा कथा लेखन प्रतियोगिता गराउनुहोस् र उत्कृष्ट तिन विद्यार्थीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनुहोस् ।
- पाठको अभ्यास नं. २४ का प्रश्नको उत्तर लेखन क्रियाकलाप गराउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- बुँदाहरूको आधारमा कथा लेख्दा कुन कुन कुराम ध्यान दिनुपर्ने रहेछ ? भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई एकल रूपमा मौखिक उत्तर दिन लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठका मुख्य मुख्य बुँदाहरू लेखेर  ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : नवौं

**पाठ शीर्षक : मामालाई सुधार्ने भान्जो (कथा)**

**पाठ्यवस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : स्वतन्त्र र मौलिक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) दिइएको विषयवस्तु वा प्रश्नमा आधारित भएर आफ्नो स्वतन्त्र र मौलिक विचारहरू अभिव्यक्त गर्न ।

२. शैक्षिक सामग्री :

(क विचारहरूले लेखिएको चार्ट, बुँदागत नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य एक आपसमा साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । उक्त गृहकार्य बारे समीक्षा गर्न लगाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य कामका बारेमा शैक्षणिक पाटीमा लेखी जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले लगेको पाठको कुनै पात्रमा आधारित काल्पनिक तथा मौलिक रचना प्रस्तुत गर्नुहोस् । विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् । त्यस विषयमा कसरी लेखिएको होला भन्ने विषयमा छलफल गराउनुहोस् ।
- छलफलपछि विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई निम्न लिखित प्रकृतिका प्रश्नहरूमध्ये मौलिक चिन्तनमा आधारित भएर एउटा प्रश्नको मात्र उत्तर लेख्न निर्देशन दिनुहोस् ।

<u>नमुना प्रश्नहरू:</u>

- कथाका मामाजस्तै तपाईंको मामा पनि ठगी गर्ने काममा लागेको भए उनलाई सुधार गर्न तपाईंचाहि के कस्ता उपायहरू लगाउनुहुन्थ्यो ? आफ्ना विचारहरू लेख्नुहोस् ।
- असल व्यक्ति हुनका लागि के कस्ता गुणहरू चाहिन्छन् होला ? आफ्ना विचारहरू लेख्नुहोस् ।

DRAFT

- कथाको मुख्य पात्र  मामाले वास्तवमा कथाका भान्जालाई उनको पढाइ र अरु कामका के कसरी  सहयोग पुर्‍याउन सक्थे ? आफ्ना विचारहरू लेख्नुहोस् ।

- विद्यार्थीहरूले लेखन कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई उक्त प्रस्तुतीकरणका बारेमा टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउँदा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू देखिएमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- साथीहरूले प्रस्तुत गरेका रचनाहरूमध्ये  उत्कृष्ट  कुनै एउटा कुरा प्रस्तुतिकरण विद्यार्थीलाई  भन्न लगाई  निर्देशन दिई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- तिमीहरूले के कस्ता  ठगीको बारेमा सुनेका छौ ? सुनेको आधारमा कुनै एउटा ठगले गरेको ठगीको बारेमा  लेखेर ल्याऊ र कक्षामा शिक्षकसँग समय मागी सबैलाई सुनाउन  भन्ने परियोजना कार्य दिनुहोस् ।

DRAFT

**शिक्षकका लागि थप सामग्री:**

१. मष्तिष्क मन्थन  सम्बन्धी प्रश्नको नमुना :

| |
|---|
| दहीले नजोडिने तर मोहीले जोडिने वस्तु के हो ? <br> उत्तर : ओठ |

२. कथाका बुँदाहरूको नमुना शैक्षिक सामग्री :

| |
|---|
| कुनै एक ठाउँमा केही कमिलाहरू बस्ने गर्नु - कमिलाहरूकै नजिकैमा एउटा झ्याउँकिरी पनि बस्नु -कमिलाहरूले जाडोका लागि दिनहु खानेकुरा जम्मा गर्नु - झ्याउँकिरी भने काम नगरी सधैं गीत मात्र गाएर बस्नु - कमिलाहरूले काम गरेको देखेर उल्टो तिनीहरूलाई गिज्याउनु र गीत गाउन बोलाउनु - कमिलाहरूले झ्याउँकिरीको कुरा नसुनी आफ्नो काम गरिरहनु - कमिलाहरूले धेरै खानेकुरा जम्मा पार्नु  - एक महिनापछि जाडो सुरु हुनु - झ्याउँकिरीलाई भोक लाग्नु - कमिलाहरूसँग खानेकुरा माग्नु - कमिलाहरूले समयमा अल्छी गरेर मिहिनेत नगर्दाको फल यस्तै हुन्छ भन्ने जवाफ दिई खानेकुरा नदिनु । |

DRAFT

**पाठ : तिन**

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ** **विधा : प्रबन्ध**

## एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र. सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध र प्रश्नोत्तर | १ |
| ४. | बुदाँटिपोट | १ |
| ५. | सारांश लेखन | १ |
| ६. | व्याख्या / भावविस्तार | १ |
| ७. | सामान्य भूत र भविष्यत | १ |
| ८. | व्याकरण (कर्मवाच्य, कर्ता तथा कर्मकारक) | १ |
| ९. | निबन्ध लेखन | १ |
| जम्मा | | ९ |

DRAFT

## दिन : पहिलो

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ (उच्चारण)**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्धारित अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त नयाा शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री :

उच्चारण गर्न कठिन शब्दहरूको सूची, शब्दपत्ती र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीले सिकेका कुनै नयाँ भन्न लगाउनुहोस् र आजको विषयवस्तुका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई पाठका विभिन्न अनुच्छेदहरू सस्वर वाचन गर्न लगाउनुहोस् ।
    - विद्यार्थीहरूले सस्वर वाचन गर्दा उच्चारण गर्न नजानेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।
    - विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न नसकेका शब्दहरू तपाईंको शब्दसूचीमा परेका हुन सक्छन् । तिनलाई गोजी तालिकामा प्रस्तुत गरेर विद्यार्थीहरूलाई उच्चारण गर्न अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई दुई समूहमा बाँडी अभ्यासको प्र.नं. १४ र १५ समूहमा मिलेर लेख्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् र अन्त्यमा पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
    - अन्त्यमा विद्यार्थीहरूलाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई पाठका कठिन शब्दहरूको सूचीमा परेका शब्दहरूलाई उच्चारण गर्न लगाउनुहोस् ।
- पाठको अभ्यास उच्चारण र हिज्जेअन्तर्गतको प्रश्न नं. १४ का शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठमा भएका नयाा शब्दहरू खोजेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**दिन: दोस्रो**

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : शब्दार्थ शिक्षण  र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास  : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त  कठिन भएका शब्दको अर्थ बताउन ।

(ख) उक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीले जानेका कुनै लोक कथा भन्न लगाउनुहोस् र आजको विषयवस्तुको बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

(अ) शब्दार्थ शिक्षण

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी विभिन्न समूहलाई विभिन्न अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् ।
- मौन वाचन गर्दा आफूले अर्थ नजानेका शब्दहरूको अर्थ पाठमा दिइएका शब्दार्थबाट हेर्न लगाउनुहोस् र अरु शब्दको अर्थ नजानेमा मात्र रेखाङ्कन गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले रेखाङ्कन गरेका शब्दहरू भन्न लगाउनुहोस् र शैक्षणिक  पाटीमा टिप्दै जानुहोस् ।
- शैक्षणिक  पाटीमा टिपेका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् र सकभर कक्षाका विद्यार्थीहरू भित्रैबाट ती शब्दको अर्थ भन्न लगाउनुहोस् । उनीहरूले अर्थ नजानेमा चित्र, वस्तु, पर्याय, अभिनय, उदाहरण, विपर्याय, परिभाषा, व्युत्पत्ति, पाठगत प्रयोग जस्ता उपयुक्त विधिसमेत अपनाउनुका साथै आफूले तयार पारेका शब्दपत्ती र शब्दार्थपत्तीको प्रदर्शन गरी शब्दको अर्थ बताइ दिनुहोस् ।

DRAFT

- शिक्षकले तयार पारेको शब्दार्थ सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई टिपोट गर्न लगाई र पढ्न निर्देश गर्नुहोस् ।

(आ) वाक्यमा प्रयोग

- शब्दार्थ शिक्षणपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीहरूले ठिक तरिकाले वाक्य बनाउन नजानेमा आफूले तयार पारेका वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुरूप वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको पनि प्रयोग गराउनु होस् र वाक्य निर्माण गर्ने आवश्यक अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई दुई समूहमा बाँडी अभ्यासको प्रश्न नं. ११ र १२ को उत्तर लेख्न लगाई प्रस्तुतीकरणसमेत गर्न लगाउनुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् । ।

४. मूल्याङ्कन :

- आजको कक्षामा सिकेका कुनै नयाा कुरा विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं ८ र ९ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : पठन बोध र प्रश्नोत्तर**

**लक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्दिष्ट अनुच्छेदहरू पढी प्रश्नको उत्तर मौखिक रूपमा दिन ।

(ख) पाठका निर्धारित अनुच्छेदहरू पढी प्रश्नको उत्तर लिखित रूपमा दिन ।

२. शैक्षिक सामग्री :

(क) प्रश्नहरूको सूची, उत्तर सूची, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई उनीहरूले मनाउने चाडबाडका नामहरू र आफूलाई मन पर्ने चाडबाडहरूका बारेमा विभिन्न प्रश्नहरू सोधेर पाठप्रति अभिप्रेरणा जगाई विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

जस्तै :

- तिमीलाई सबैभन्दा मन पर्ने चाड कुन हो ?
- तिमीले भर्खरै मनाएको चाड कुन हो ?
- तिमीले जानेका कुनै पाँच ओटा चाडवाडका नाम भन ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् र पाठका निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट प्रश्नहरू टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका प्रश्नहरू साटासाट गर्न लगाई उत्तर खोज्न लगाउनुहोस् र प्रत्येक समूहले तयार पारेका उत्तर मौखिक रूपमा समूहगत रूपमा प्रस्तुत गर्न लगाई छलफल गराउँदै आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।
- शिक्षकले तयार पारेका प्रश्नहरू फलाटिन पाटीमा टाँस्नुहोस् उत्तर लेख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका प्रश्नहरूको उत्तर परीक्षण गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई अभ्यास १ का प्रश्नको उत्तर मौखिक रूपमा भन्न लगाउनुहोस् र ती प्रश्नको उत्तर लेख्नसमेत लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास २, ३, ४ र ५ का प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : बुँदा टिपोट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेद पढी मुख्य मुख्य बुँदाहरू टिपोट गर्न ।

२. शैक्षिक सामग्री :

(क) बुँदासूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई छोटो रोचक घटना सुनाएर मुख्य कुराहरू भन्न लगाई पाठप्रति अभिप्रेरणा जगाउँदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठका निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट मुख्य कुराहरू टिप्न लगाई प्रत्येक समूहका विद्यार्थीहरूले तयार पारेका बुँदा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराउनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी बुँदा टिपोट गर्दा उदाहरण, व्याख्या, भनाइ, कारण, उखान टुक्का जस्ता कुराहरू हटाई अनुच्छेदको मुख्य भाव समेटिने गरी बुादा टिपोट गर्नु पर्ने कुरा जानकारी गराउनुहोस् ।
- विद्यार्थीलाई समूहगत रूपमा छलफल गरी बुँदा टिप्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठका मुख्य मुख्य कुराहरू टिपोट गरी ल्याउन लगाउनुहोस् ।

DRAFT

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : सारांश लेखन**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन्

(क) पाठको निर्दिष्ट अनुच्छेदको सारांश लेख्न

२. शैक्षिक सामग्री :

(क) सारांशको नमुना सूची र फलाटिन पाटी ।

३.सिकाइ सहजीकरण क्रिकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई छोटो रोचक कथा सुनाएर त्यसको सारांश भन्न लगाई पाठप्रति अभिप्रेरणा जगाउँदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठका निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट मुख्य कुराहरू टिप्न लगाई प्रत्येक समूहका विद्यार्थीहरूले तयार पारेका बुँदा समूहगत रूपमा प्रस्तुत गर्न लगाई बुँदाका आधारमा सारांश लेख्न लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको सारांशको नमुना फलाटिन पाटीमा टाँसी सारांश लेख्दा उदाहरण, व्याख्या, भनाइ, कारण, उखान टुक्का जस्ता कुराहरू हटाई अनुच्छेदको मुख्य भाव समेटिने गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।
- विद्यार्थीलाई समूहगत रूपमा छलफल गरी सारांश लेख्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई सारांश लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठको कुनै एउटा अनुच्छेद दिई सारांश लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : व्याख्या/भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट छानिएका महत्त्वपूर्ण हरफको भाव विस्तार/व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

**(क)** विशिष्ट हरफको सूची, व्याख्याको नमुना र फलाटिन पाटी , भाव विस्तारको नमुना ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले पूर्व पाठमा दिइएको गृहकार्य ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाई पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई प्रत्येक १० मिनेटको निर्धारित समय दिएर व्याख्याका लागि विशिष्ट हरफ छनोट गर्न लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी सोही बुँदाका आधारमा तयार पारिएको व्याख्या सूची पनि देखाउनुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा स्पष्ट जानकारी दिनुहोस् ।
- विद्यार्थीहरूले समूहगत रूपमा टिपोट गरेका विशिष्ट हरफहरू एक अर्को समूहबिच साटासाट गर्न लगाई व्याख्याका लागि आवश्यक बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । सोही बुँदाका आधारमा समूहमा छलफल गरी व्याख्या गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका नमुना व्याख्या सुनाउन लगाई आवश्यक छलफल गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीले छनोट गरेका मध्ये कुनै एक विशिष्ट हरफ दिई प्रत्येक विद्यार्थीलाई व्याख्या लेख्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार सुझाव दिनुहोस् ।

४. मूल्याङ्कन :

विद्यार्थीहरूलाई कुनै एउटा हरफ दिई मौखिक व्याख्या गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

विद्यार्थीहरूलाई पाठको अभ्यासको प्र. नं. ६ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : व्याकरण ( सामान्य भूत र भविष्यत्)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सामान्य भूत र सामान्य भविष्यत् कालका पक्षको पहिचान गर्न ।

(ख) विभिन्न पक्षलाई सामान्य भूत र सामान्य भविष्यत्मा परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :

(क) सामान्य भूत र सामान्य भविष्यत्सँग सम्बन्धित वाक्यहरूको सूची

(ख) अभ्यासका लागि उपयुक्त वाक्यहरूको सूची

(ग) फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले हिजो गरेको काम सामान्य भूत पक्षमा र भोलि गर्ने काम सामान्य भविष्यत् कालमा यथार्थपरक ढङ्ले सुनाई ती प्रस्तुतिको कालगत भिन्नताबारे छलफल गराई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप

- प्रत्येक विद्यार्थीहरूलाई हिजो तिमीले के के काम गर्‍यौ पाँच ओटा काम लेख भनी निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले लेखेका वाक्यहरू सुनाउन लगाउनुहोस् र तिनै वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरी सामान्य भूतको बारेमा जानकारी दिनुहोस् ।
- प्रत्येक विद्यार्थीहरूलाई भोलि तिमी के के खाने छौ पाँच ओटा वाक्य लेख भनी निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले लेखेका वाक्यहरू सुनाउन लगाउनुहोस् र तिनै वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरी सामान्य भविष्यत्को बारेमा जानकारी दिनुहोस् ।
- सामान्य वर्तमान कालका वाक्यहरू दिई उदाहरणमा जस्तै गरी सामान्य भूत र सामान्य भविष्यत्मा परिवर्तन गर्न निर्देश गर्नुहोस् ।

DRAFT

- विद्यार्थीहरूले परिवर्तन गरेका वाक्य भन्न लगाई ठिक वा बेठिक के छ अरु विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाउनुहोस् र आवश्यकतानुसार पृष्ठपोषण दिई सामान्य भूतकाल र सामान्य भविष्यत् कालका वाक्य निर्माण र परिवर्तनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- सामान्य वर्तमानका केही वाक्यहरू दिई सामान्य भूत र सामान्य भविष्यत् कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई कार्यमूलक व्याकरण खण्डको अभ्यासको प्र.नं. १८ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : व्याकरण (कर्म वाच्य, कर्ता तथा कर्म कारक)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कर्मवाच्यको पहिचान गर्न ।

(ख) कर्मवाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्न ।

ग) कर्ता र कर्म कारकको पहिचान गर्न ।

२. शैक्षिक सामग्री :

(क) कर्तृवाच्य र कर्मवाच्यसँग सम्बन्धित वाक्यहरूको सूची

(ख) अभ्यासका लागि कर्तृवाच्यका वाक्यहरूको सूची, वाच्य परिवर्तनको नमुना तालिका

(ग) कर्ता र कर्म कारकसँग सम्बन्धित वाक्यहरूको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पूर्व पाठको स्मरण गराउँदै विद्यार्थीहरूलाई तिमीले कुन कुन कथा पढेका छौ भनी सोधेर पाठप्रति अभिप्रेरित गर्नुहोस्

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले तयार पारेको कर्तृवाच्यको सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई पनि त्यस्तै किसिमका वाक्यहरू निर्माण गर्न लगाउनुहोस् । त्यसरी नै कर्मवाच्यका सूची टाँसी त्यस्तै किसिमका वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- विद्यार्थीले तयार पारेका कर्तृवाच्यका वाक्य र कर्मवाच्यका वाक्यमा देखिने भिन्नता टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र सोही आधारमा कर्ता प्रमुख भएको/कर्ताअनुसारको वचन, लिङ्ग, पुरुष, आदरका आधारमा पद रहने वाच्यलाई कर्तृवाच्य भनिन्छ भने कर्म प्रमुख भएको/कर्मअनुसारको वचन, लिङ्ग, पुरुष, आदरका आधारमा पद भएको वाक्यलाई कर्मवाच्य भनिने कुरा उदाहरणका आधारमा स्पष्ट पार्नुहोस् । जस्तै :

| कर्तृवाच्य | कर्मवाच्य |
| --- | --- |

DRAFT

| | | | |
|---|---|---|---|
| १ | विद्यार्थीहरू पुस्तक पढ्छन् । | १ | विद्यार्थीहरूद्वारा पुस्तक पढिन्छ । |
| २ | भाइले कापी र कलम किन्यो । | २ | भाइद्वारा कापी र कलम किनिए । |

- वाच्य परिवर्तनको उदाहरण सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई पनि उदाहरणमा दिइए जस्तै गरी परिवर्तन गर्न अभ्यास गराउनुहोस् र विद्यार्थीले लेखेको परीक्षण गरी त्रुटि भए त्रुटिको पहिचान गरी सच्याउनका लागि सुझाव दिनुहोस् र सही भए सोहीअनुसार परिवर्तन गर्नको निम्ति प्रोत्साहन गर्नुहोस् ।
- व्याकरणको पाठ खण्डमा दिइएका वाक्यहरू देखाई विद्यार्थीलाई त्यस्तै किसिमका वाक्य निर्माण गर्न लगाउनुहोस् र परीक्षण गरी त्रुटि भए त्रुटिको पहिचान गरी उदाहरणमा जस्तै गरी सच्याउन लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको कर्ता र कर्म कारकसाग सम्बन्धित वाक्यहरूको सूची फलाटिन पाटीमा टाँस्नुहोस् र उदाहरणका आधारमा कर्ता र कर्म कारकको बारेमा जानकारी गराउनुहोस् र विद्यार्थीलाई पनि यस्तै किसिमका वाक्य निर्माण गरी कर्ता र कर्म कारक छुट्याउन लगाउनुहोस् ।

४. मूल्याङ्कन :

(क) पाठ्य पुस्तकबाट केही वाक्यहरू दिएर तिनलाई एक वाच्यबाट अर्को वाच्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) केही वाक्यहरू दिई कर्ता र कर्म कारक छुट्याउन लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई कार्यमूलक व्याकरण खण्डको अभ्यासको प्र.नं. २० र २१ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : नवौं

**पाठ शीर्षक : साँस्कृतिक एकताको पर्व : छठ**

**पाठ्यवस्तु : निबन्ध लेखन**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) विभिन्न विषयमा निबन्ध लेखनका लागि उपयुक्त बुँदा टिपोट गर्न ।

(ख) विभिन्न विषयमा निबन्ध लेख्न ।

२. शैक्षिक सामग्री :

(क) बुँदासूची, निबन्धको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- छुट्टाछुट्टै जातिका विद्यार्थीबाट आफ्नो सांस्कृतिक पर्वको वर्णन गर्न लगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विभिन्न समूहलाई समूहगत रूपमा छलफल गरी वस्तु तथा चित्रको लिखित वर्णन, घटना तथा अनुभवको लिखित वर्णन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूको स्तरअनुसारका शीर्षक दिई निबन्ध लेखनका लागि उपयुक्त बुँदाहरू समूहमा छलफल गरी टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका बुँदाहरू एक आपसमा साटासाट गरी तिनै बुँदाका आधारमा समूहगत रूपमा छलफल गरी समूहगत रूपमा निबन्ध लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले तयार पारेको निबन्ध प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिँदै निबन्धको ढााचाबारे जानकारी गराउनुहोस् ।
- शिक्षकले तयार पारेका बुँदासूची र तिनै बुँदाका आधारमा शिक्षकले तयार पारेको नमूना निबन्ध देखाई सोहीअनुसारको ढाँचामा विभिन्न शीर्षकमा स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन् भन्ने प्रश्न सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

DRAFT

● विद्यार्थीहरूलाई सिर्जनात्मक अभ्यासमा दिइएको प्रश्नको उत्तर लेखेर आउन निर्देश गर्नुहोस् ।

DRAFT

पाठ ४

**पाठ शीर्षक : आन्तरिक पर्यटन** **विधा : संवाद**

## एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोचारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | उच्चारण र हिज्जे | १ |
| ४. | हाउभाउ मिलाई संवाद पठन | १ |
| ५. | पठन बोध | १ |
| ६. | अभिनय र रचना | १ |
| ७. | व्याकरण (निपात र विस्मयादि बोधक शब्द पहिचान) | १ |
| | जम्मा | ७ |

DRAFT

### दिन : पहिलो

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोचारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत संवादलाई गति, यति, हाउभाउ मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा रहेका नयाँ शब्दको शुद्ध उच्चारण गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) संवादका नमुना, शब्दपत्ती, चित्र र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई कुनै प्रसङ्ग दिई संवाद प्रस्तुति गर्न लगाई अभिप्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- निर्दिष्ट संवाहरू सस्वर वाचन गरी गति, यति र हाउभाउका साथ सुनाउनुहोस् र विद्यार्थीलाई पनि गति, यति र हाउभाउ मिलाएर सस्वर वाचन गराउनुहोस् ।
- पाठका विभिन्न पक्षका संवादहरू भिन्नाभिन्नै विद्यार्थीहरू (छात्र, छात्रा, फरक क्षमता, जातजाति, समेटिने गरी) लाई पढ्न लगाई अन्य विद्यार्थीलाई सुन्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीलाई उच्चारण गर्न कठिन लागेका शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् । उक्त समस्याको समाधान गर्न विद्यार्थीको खोजी गर्नुहोस् । उनीहरूले नजाने आफैँले उच्चारण गरेर अभ्यास गराउनुहोस् ।
- गोजी तालिका र शब्दपत्तीको प्रयोगबाट शब्दहरूको शुद्धोच्चारण गर्दै विद्यार्थीहरूलाई पनि शुद्ध उच्चारण गर्न निदेश गर्नुहोस् । जस्तैः दोमुखा, पर्यटक, महत्त्वपूर्ण, दर्शनीय, उत्पादित, सद्भाव, आदि ।
- सबै विद्यार्थीलाई पालैपालो समान अवसर दिनुहोस् । सबैलाई प्रोत्साहन पनि गर्नुहोस् । पटक पटक भन्न लगाई अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) निर्दिष्ट संवादको गति, यति र हाउभाउ मिलाई सस्वर वाचन गराउनुहोस् ।

(ख) पाठमा भएका पर्यटन, सद्भाव, प्रतिफल जस्ता नयाँ शब्दहरू दिई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :
(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न ।

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

- नयाँ शब्दहरूको सूची, शब्दपत्ति, वाक्यपत्ति, शब्दकोश र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

कक्षाको समुचित व्यवस्थापन र पूर्व कक्षाको स्मृति सम्बद्ध केही प्रश्नहरू गरेर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सुरुमा विद्यार्थीलाई आन्तरिक पर्यटन संवादका निर्दिष्ट अनुच्छेदहरूको मौन वाचन गर्न निर्देशन दिनुहोस् ।
- मौन वाचन गर्दा ती अनुच्छेदमा विद्यार्थीलाई नयाँ र कठिन लागेका शब्दको रेखाङ्कन गर्दा पुस्तकमा दिइएका अर्थ त्यहीँ हेर्न पनि लगाउनुहोस् ।
- विद्यार्थीले रेखाङ्कन गरेको शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- ती शब्दहरूको अर्थ सर्वप्रथम विद्यार्थीलाई नै सोध्नुहोस् । उनीहरूले नजानेमा शब्दकोष हेर्न प्रेरित गर्नुहोस् र शब्द हेर्ने तरिका बताइदिनुहोस् । शब्दार्थ शिक्षणका लागि चित्र, वस्तु, अभिनय आदि उपयुक्त विधि र शब्दपत्तिको प्रयोग गर्नुहोस् । अन्त्यमा आफूले निचोड निकाली आवश्यक थप कुराहरू बताइदिनुहोस् ।
- शब्दार्थका विषयमा सहजीकरणपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले ठिकसँग वाक्यमा प्रयोग गर्न सकेमा त्यही प्रयोग कक्षामा सुनाउनुहोस् । ठिक प्रयोग गर्न नसके वाक्य पत्तिद्वारा सही प्रयोग गर्न लगाउनुहोस् । शब्दहरूलाई वाक्यमा प्रयोग गराउँदा एउटै शब्दका एकभन्दा बढी प्रयोग गर्न सिकाउँदै निर्देश धारणा स्पष्ट पार्नुहोस् ।
- अभ्यासका प्रश्न नं. ८, ९, १० र ११ को कक्षाकार्य दिई मौखिक प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा सबै पक्षलाई समेटी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

(क) नयाँ शब्द दिई तिनको अर्थ भन्न लगाउनुहोस् ।

(ख) नयाँ शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ८, ९, १० र ११ को उत्तर लेखेर आउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : उच्चारण र हिज्जे**

**लक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

(ख) दिइएका हिज्जे नमिलेका शब्दलाई हिज्जे मिलाई लेख्न ।

२. शिक्षण सिकाइ सामग्री :

क. पाठ्य पुस्तक, शब्दपत्ति र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

विद्यार्थीहरूलाई उनीहरूले जानेका गाउा खाने कथाहरू भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप गराउनुहोस् र आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सुरुमा विद्यार्थीलाई एउटै समूहमा पाठको अभ्यास नं. १२ मा दिइएका शुद्ध उच्चारण सम्बन्धी क्रियाकलाप गराउनुहोस् । त्यसपछि एकल अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई अभ्यास नं. १३ मा दिइएको सामग्री अध्ययन गर्न केही समय दिई थप उदाहरणसहित तिनीहरूका बिचका भिन्नता पहिचान गराउनुहोस् ।
- विद्यार्थीलाई अभ्यास नं. १४ र १५ मा दिइएका अभ्यासात्मक कार्यहरू एकल रूपमा गर्न निर्देश गर्नुहोस् । अन्त्यमा विद्यार्थीले गरेका कार्यको ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । ।
- अन्त्यमा सबै पक्षलाई समेटी उपयुक्त पृष्ठपोषण दिनुहोस् र उपयुक्त अनुच्छेद छानी पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) आजको कक्षामा सिकेका नयाा कुराहरू के के छन् भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- तल दिइएको अंशलाई शुद्ध पारेर लेखी ल्याउन निर्देश गर्नुहोस् :

DRAFT

नेपालका प्रकृतीक, येतिहाँसिक यवम् धार्मीक इस्थलको प्रचार प्रशार हुन्दछ । एसो भएपछी नेपालको आन्तरीक परयनको रमरी बिकास हन्दछ ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : हाउभाउ मिलाई संवाद पठन**

**लक्षित सिप विकास : हाउभाउपूर्ण बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत संवाद पात्रका भूमिकानुसार गति, यति, हाउभाउ मिलाएर पठन गर्न ।

२. शैक्षिक सामग्री :

- संवादको नमुना र मोबाइल सेट ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- मोबाइलमा आफूले पहिले नै तयार गरेको कुनै एक रमाइलो संवादको प्रस्तुति गरि उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप

- सर्वप्रथम शिक्षकले 'आन्तरिक पयटन' संवादका केही अंश हाउभाउसहित आदर्श पठन गर्नुहोस् ।
- 'आन्तरिक पर्यटन' संवादका पात्रहरू ११ जना चाहिने (बुद्ध, गोपाल, विमला, सुधिर, सुलोचना, रादेन, निखित, अरविन्दु, श्याम, शिला, उषा) भएकाले ११/११ जनाको २ समूह बनाउनुहोस् र समूहका पात्रको भूमिका अनुसार हाउभाउ मिलाएर सस्वर पठन गराउनुहोस् ।
- विद्यार्थीहरूले आफ्नो भूमिकानुसार सस्वर पठन गरे/नगरेको ख्याल गर्नुहोस् । कमीकमजोरी देखिएमा सुधार गरी पुन: सस्वर हाउभाउ सहित पठन गर्न लगाउनुहोस् ।
- सबै विद्यार्थीहरूलाई पालैपालो समूहगत रूपमा सस्वर पठनको अभ्यास गराउनुहोस् । सामूहिक वा व्यक्तिगत रूपमा कसले राम्रो अभिनय/हाउभाउ सहित संवाद पठन गर्न सक्यो वा कसले सकेन विचार गरी टिप्पणी गर्नुहोस् ।
- विद्यार्थीको समूहबाटै उनीहरूले छलफल गरेर तयार पारेका उत्तर भन्न लगाउनुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषणसहित कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) यस पाठको अभ्यासको प्रश्न नं. ५ को उत्तर लेख्न निर्देश गर्नुहोस् ।

५. गृहकार्य :

DRAFT

- 'वाह्य पर्यटनको महत्त्व' भन्ने विषयमा दुई जना साथीबीचको कुराकानीलाई संवादको रूपमा लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : पठन बोध**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आन्तरिक पर्यटन' संवादका विषयवस्तुबढी सोधिएका बोध प्रश्नहरूको उत्तर दिन ।

२. शैक्षिक सामग्री :

(क) प्रश्न सूची, फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सुरुमा कक्षा व्यवस्थापन गर्दै पूर्व पाठको प्रसङ्ग दिएर विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप

- प्रस्तुत संवादका विषयवस्तुलाई राम्ररी बुझ्ने गरी सबै विद्यार्थीहरूलाई पाठको सस्वर पठन गर्न १५ मिनेटको समय दिनुहोस् ।
- निर्धारित समय सकिएपछि विद्यार्थीलाई चार समूहमा विभाजन गरी अभ्यासको प्रश्न नं. ६ मा दिइएका प्रश्नको उत्तर लेख्न प्रत्येक समूहलाई निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी लेख्ने तरिकाका बारेमा सहजीकरण गर्नुहोस् ।
- सबै समूहले प्रश्नको उत्तर लेखिसकेपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र एक समूह प्रस्तुतिपछि बाँकी समूलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विदार्थीले गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन

- पाठको अभ्यास नं. ७ मा दिइएको प्रश्नको उत्तर लेख्न लगाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- आफ्नो गाउँमा आन्तरिक पर्यटनको विकास गर्न के के गर्नु पर्ला ? आफूभन्दा अग्रजहरूसाग पनि सोधखोज गरी उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : छैटौं



DRAFT

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : संवाद, अभिनय र रचना**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) संवादको परिचय दिन ।

(ख) दिइएको शीर्षकमा संवाद रचना गर्न ।

(ग) संवाद अनुरूप अभिनय प्रस्तुत गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) पाठ्य पुस्तक र संवादका नमुनाहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई उनीहरूले सुनेका कुनै संवादको प्रस्तुति गर्न लगाई अभिप्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम संवाद के हो ? यो कस्तो हुन्छ , जस्ता प्रश्नहरू सोध्नुहोस् । प्रश्नहरूमा आधारित भई विद्यार्थीहरूको समूह बनाई छलफल गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूका छलफलबाट आएका कुरालाई समेट समेटी आफूले निष्कर्ष बताइदिनुहोस् ।
- विभिन्न किसिमका संवादका ढाँचाहरू तयार पारी फलाटिन पाटीमा देखाएर विद्यार्थीलाई सोही ढाँचा अनुरूप संवाद लेखनका लागि आवश्यक उपयुक्त पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी पाठको सिर्जनात्मक अभ्यासको प्रश्न नं. २० को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीका बिचमा दया अनुभव आदानप्रदान गराउनुहोस् ।
- उत्कृष्ट संवाद लेख्न र भूमिका प्रदर्शन गर्ने विद्यार्थीलाई हौसला प्रदान गर्न पुरस्कृत वा ताली बजाएर उत्प्रेरित गनुहोस् र उपयुक्त पृष्ठपोषणसहित कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. मूल्याङ्कन :

- पाठको सिर्जनात्मक अभ्यासको प्रश्न नं. १९ को क्रियाकलाप गराउनुहोस् ।

५. गृहकार्य :

- 'देश विकासमा पर्यटनको महत्त्व' शीर्षकमा संवाद तयार पार्न निर्देशन दिनुहोस् ।

DRAFT

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : आन्तरिक पर्यटन**

**पाठ्यवस्तु : व्याकरण (निपात र विस्मयादिबोधक शब्द पहिचान)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वाक्यमा प्रयोग हुने निपात र विस्मयादिबोधक शब्द चिन्न

(ख) निपातको उपयुक्त प्रयोग गर्न

(ग) विस्मयादि बोधक शब्दको प्रयोग गर्न

२. शैक्षिक सामग्री

(क) निपात र विस्मयादिबोधक शब्दको सूची, निपात र विस्मयादिबोधक शब्द प्रयोग भएका वाक्यको सूची निपात,विस्मयादिबोधकको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई आफ्नो परिवेशका दस ओटा वस्तुहरूको नाम लेख्न लगाई भन्न निर्देशन दिनुहोस आज पढ्न लागिएको पाठको बारेमा जानकारी गराई उत्प्रेरणा प्रदान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विभिन्न उदाहरण दिई निपात र विस्मयादिबोधक शब्दका बारेमा प्रष्ट पारिदिनुहोस् ।
- विभिन्न उदाहरण दिई नामको निपात बारेमा बुझाइदिनुहोस् । यसका लागि निपातको सूची र विस्मयादिबोधक शब्द प्रयोग भएका वाक्यको सूचीको पनि प्रयोग गर्नुहोस् ।
- कुनै अनुच्छेद लेखिदिएर निपात र विस्मयादिबोधक शब्द छुट्याउन लगाउनुहोस् ।
- निपातको विभिन्न उदाहरण दिई प्रयोग प्रयोग पक्षका बारेमा बताइदिनुहोस् । पाठमा भएका निपात पहिचान गर्न लगाउनुहोस् ।
- विस्मयादिबोधक प्रयोग भएका विभिन्न उदाहरण दिई विस्मयादि बोधकका बारेमा प्रस्ट पारिदिनुहोस् ।

- अभ्यासको प्रश्न नं. १६, १७, १८ को उत्तर समूहमा गरी प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन

DRAFT

(क) शैक्षणिक पाटीमा एक अनुच्छेद लेखी निपात र विस्मयादिबोधक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ख) चार / चार ओटा निपात र विस्मयादि बोधक शब्द कक्षामा भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- निपात र विस्मयादिबोधक शब्द प्रयुक्त कुनै ५ ओटा वाक्य निर्माण गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू :

- सुहाउँदो शीर्षक
- दुई वा तिन पात्रको उपस्थिति
- शीर्षकसँग सम्बन्धित बुँदा टिपोट
- टिपिएका पात्र अनुसार विवरण
- संवादको प्रारम्भमा स्थान र समयलाई स्पष्ट पार्न कोष्ठकभित्र त्यसको सामान्य परिचय दिने
- पात्रको नाम संवाद भन्दा ठिक अगाडि लेख्ने
- पात्रलाई विषयको पक्ष र विपक्षमा उभ्याएर रोचक ढङ्गले कुराकानी गरेको प्रस्तुति दिने
- पात्रगत छोटा छोटा सरल, स्पष्ट शैलीको प्रयोग गरि अन्त्यमा चित्तबुझ्दो टुङ्गोमा पुगेको संवाद समापन गर्ने

DRAFT

DRAFT

**पाठ : ५**

**पाठ शीर्षक : साहित्यकार झमक** **विधा : जीवनी**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| **क्र सं.** | **पाठ्य वस्तुहरू** | **अनुमानित घन्टी** |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | छलफल र प्रश्नोत्तर | १ |
| ४. | बुँदा टिपोट | १ |
| ५. | सारांश लेखन | १ |
| ६. | व्याख्या / भाव विस्तार | १ |
| ७. | व्याकरण(सामान्य वर्तमान र अभ्यस्त भूत पक्ष) | १ |
| ८. | व्याकरण (लेख्य चिह्न पहिचान र प्रयोग) | १ |
| ९. | सिर्जनात्मक कार्य (जीवनी लेखन) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोचारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) जीवनीका निर्दिष्ट अनुच्छेदहरू गति, यति मिलाई सस्वर वाचन गर्न ।

(ख) जीवनीमा रहेका नयाँ शब्दहरूको शुद्ध र स्पस्टसँग उच्चारण गर्न ।

२. शैक्षिक सामग्री :

- साहित्यकार झमकको तस्बिर, शब्दपत्ती, नयाा शब्दहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले अपाङ्गता भएका व्यक्तिले गरेका कार्यहरूको बारेमा चर्चा गरेर उत्प्रेरणा प्रदान गरिदिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई साहित्यकार झमकको बारेमा केही जानकारी भए सोची पाठप्रति ध्यान आकर्षित गर्नुहोस् ।
- छलफलपछि जीवनीलाई गति, यति मिलाएर सस्वर वाचन गरेर सुनाउनुहोस् । त्यसपछि विद्याथीलाई पालैपालो समूहगत र व्यक्तिगत रूपमा सबै प्रकारका विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी सस्वर वाचनको अभ्यास गराउनुहोस् ।
- सस्वर वाचनको अभ्यास गराउँदा वाचन गर्ने विद्यार्थीको गल्ती टिपोट गर्न अरू विद्यार्थीलाई लगाउनुहोस् ।
- विद्यार्थीले गरेका उच्चारणगत त्रुटिलाई पटक पटक आँफैले उच्चारण गरेर विद्यार्थीलाई पनि सँगसगै उच्चारण गर्न अभ्यास गराउनुहोस् ।
- शुद्धोच्चारणको अभ्यासको लागि शब्द पत्ती र शब्द सूचीको प्रयोग गर्नुहोस् ।
- माथिका सबै क्रियाकलाप गराइसकेपछि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।
- पाठका भएका नयाा शब्दहरूको उच्चारण गर्न लगाउनुहोस् ।

४. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. ११ देखि १५ सम्म दिइएका अभ्यास गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाा शब्दहरूको अर्थ भन्न
(ख) पाठमा प्रयोग भएका नयाा शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

(क) शब्दार्थ पत्ती, वाक्य पत्ती, नयाा शब्द र अर्थहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीलाई कुनै कथा भन्न प्रोत्साहित गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहाृस् र आज अध्ययन गरिने विषवस्तुका बारेमा जानकारी दिनुहोस्

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम पाठको सस्वर वाचन गर्न लगाई नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाा शब्दहरू क्रमशः शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- विद्यार्थीबाट टिपोट गरिएका शब्दको अर्थ उनीहरूबाट खोजी गर्न लगाउनुहोस् ।
- प्रत्येक शब्दको अर्थ स्पष्ट पार्न शब्दार्थ पत्तीको प्रयोग गर्दै विद्यार्थीलाई एकपछि अर्को शब्दको अर्थ गोजी तालिकामा प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थी शब्दको अर्थ भन्न समर्थ भएपछि त्यस्ता शब्दहरूको वाक्य बनाउन निर्देश गर्नुहोस् ।
- नमुना वाक्य बनाइ दिई विद्यार्थीलाई पालैपालो अरू वाक्य बनाउन लगाउनुहोस् ।
- वाक्य बनाउँदा मिले नमिलेको हेरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई पाठमा विभिन्न शब्दहरूको अर्थ भन्न लगाउनुहोस् । ( पाठबाट छनोट गर्ने )
- पाठमा प्रयुक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गर्न लगाउनुहोस् ।

DRAFT

५.गृहकार्य :

- विभिन्न नयाा शब्दहरू दिई शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- अभ्यासको प्रश्न नं. ६ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : छलफल र प्रश्नोत्तर**

**लक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) साहित्यकार झमकको जीवनीमा आधारित रही छलफल गर्न ।
(ख) पाठसँग सम्बन्धित प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री :

(क) साहित्यकार झमकको जीवनीमा आधारित तालिका, झमकले गरेका कार्यहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम कुनै प्रसिद्ध साहित्यकारले गरेका उल्लेखनीय कार्यहरू बताई विद्यार्थीलाई पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी छलफलका लागि निम्न लिखित शीर्षकहरू दिनुहोस् र समूगत छलफल गरी निष्कर्ष लेख्न निर्देश गर्दै सहजीकरण गर्नुहोस् ।
  - झमकको बाल्यकाल
  - झमकको शिक्षा
  - झमकको सङ्घर्ष
  - झमकका कृतिहरू
  - झमकको योगदान
  - झमकबाट सिक्नुपर्ने कुराहरू
- विद्यार्थीले समूह कार्य सम्पन्न गरेपछि टोली नेतामार्फत् कक्षामा प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण कार्य गर्न प्रोत्साहित गर्नुहोस् ।
- त्यसपछि समूहका बिचमा एक आपसमा प्रश्नोत्तर क्रियाकलाप गर्न लगाउनुहोस् ।
- अन्त्यमा आफ्नो निष्कर्ष दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- पाठको अभ्यासको प्रश्न नं. १ को क्रियाकलाप गराई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५.गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं.३ को अभ्यास घरमा गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : बुँदा टिपोट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :

(क) निर्दिक्ष्ट अनुच्छेदका मुख्य मुख्य कुराहरूको बुँदा टिपोट गर्न ।

२.शैक्षिक सामग्री

(क) पाठ्य पुस्तक र बुँदा टिपोटको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई सिकाइ प्रति आकर्षित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम विद्यार्थीलाई पाठ्य पुस्तकको कुनै अनुच्छेद तोकिदिएर मौन वाचन गर्न लगाउनुहोस् ।
- अनुच्छेदमा दिइएका मुख्य मुख्य कुराहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका मुख्य मुख्य कुराहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- विद्यार्थीले टिपेका बुदाहरू मिले नमिलेको मूल्याङ्कन गर्दै आफूले ल्याएको बुादा टिपोटको नमुना पनि प्रस्तुत गर्नुहोस् ।
- विद्यार्थीलाई पुन: पाठका एक एक अनुच्छेद दिई बुँदा टिपोटको अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि टोली नेतामार्फत् कक्षामा प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण कार्य गर्न प्रोत्साहित गर्नुहोस् ।

४. मूल्याङ्कन :

- बुँदा टिपोटका लागि अचुच्छेद तोकी बुँदा टिपोट टिपोट गराउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- नेपाली विषय बाहेकका अन्य कुनै विषयको कुनै पाठको  कुनै एक अनुच्छेद खोजी बुँदा टिपोट गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौँ

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : सारांश लेखन**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदका मुख्य मुख्य कुराहरूको बुँदा टिपोट गरी सारांश लेख्न ।

२.शैक्षिक सामग्री

(क) पाठ्य पुस्तक र सारांशको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको परियोजना कार्य केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम विद्यार्थीलाई कुनै अनुच्छेद तोकिदिएर मौन वाचन गर्न लगाउनुहोस् ।
- अनुच्छेदमा दिइएका मुख्य मुख्य कुराहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- आफूले लगेको नमुना सामग्री प्रस्तुत गर्नुहोस् र सारांश लेख्ने तरिकाका बारेमा छलफल गराई स्पष्ट धारणा दिनुहोस् ।

- विद्यार्थीले टिपेका मुख्य मुख्य कुराहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- विद्यार्थीले टिपेका बुँदाहरूका आधारमा सारांश लगाउनुहोस् ।
- त्यसपछि विद्यार्थीलाई पाठका कुनै एक अनुच्छेद छनोट गरी समूहमा सारांश लेख्न निर्देश गर्नुहोस् र सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि कक्षामा पालैपालो प्रस्तुतीकरण गर्न लगाई आपसमा मूल्याङ्कन कार्य गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- साराशं लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन् भन्ने प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- साहित्यकार झमक बाहेकको अर्को कुनै पाठको एउटा अनुच्छेद छनोट गरी त्यसको सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : छैटौँ

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : व्याख्या/भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) साहित्यकार झमकको जीवनीमा प्रयोग भएका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

(क) पाठ्य पुस्तक, व्याख्याको नमुना तालिका, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई सिकाई प्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम पाठको मौन पठन गरेर विशिष्ट हरफहरू छान्न लगाउनुहोस् ।
- व्याख्या गर्न आदि, मध्य र अन्त्य भागमा के के हुन्छ , के कसरी व्याख्या गर्न सकिन्छ ,त्यसको नमुना प्रस्तुत गरेर सबै विद्यार्थीलाई समान सहभागी हुने गरी मौन पठन गर्न निर्देशन दिनुहोस् ।
- तलकामध्ये कुनै एक गद्यांशको व्याख्या गर्नका लागि निर्देश गर्नुहोस् :

DRAFT

- o अपाङ्गहरूले पनि आफ्नो प्रवल इच्छाशक्ति र साधनाले असाधारण काम पनि गर्न सक्छन् ।
- o एकैचोटिमा कुनै पनि प्रयास कहाा सफल हुन्छ ।
- o झमक शारीरिक अपाङ्गता हुँदाहुँदै पनि अथाह क्षमता भएकी व्यक्ति हुनु ।
- o मलाई मानवभन्दा माथि राखेर नबुझ्नुस् ।
- o झमक सङ्घर्ष र साधनाकी पर्याय हुन् ।
- o कक्षाकार्य गरेका बेला आफूले आवश्यक सहजीकरण गर्नुहोस् ।

- कक्षाकार्य गरेका बेला आफूल आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि विद्यार्थीहरूलाई ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाई आपसमा मूल्याङ्कन कार्य गर्न विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा सबल पक्षहरूको प्रशंसा गर्दै उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- व्याख्या गर्न कुन कुन खण्ड आवश्यक छ । उत्तर दिन निर्देशन दिनुहोस् ।
- पाठबाट व्याख्याका पङ्क्ति सोध्ने

४. गृहकार्य :

- निम्न लिखितमध्ये कुनै एक पङ्क्तिको व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् :
  - o मानिस ठुलो दिलले हुन्छ, जातले हुादैन ।
  - o सङ्घर्ष नै जीवनको अर्को नाम हो ।
  - o सेवा नै धर्म हो ।
  - o परिश्रम नै ठुलो धन हो ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : व्याकरण (सामान्य वर्तमान र अभ्यस्त भूत पक्ष)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सामान्य वर्तमान कालको क्रियापद प्रयोग गरी वाक्य बनाउन ।
(ख) कालका क्रियापलाई सामान्य वर्तमान कालमा परिवर्तन गर्न ।
(ग) विभिन्न पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :

- वर्तमान काल र अभ्यस्त भूत काल जनाउने नमुना क्रियापद र वाक्यहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको सिर्जनात्मक कार्यका लागि विद्यार्थी छनोट गरी प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थी सङ्ख्याको आधारमा समावेशी समूह निर्माण गर्नुहोस् ।
- कार्यमूलक व्याकरणका अवधारणमा आधारित भएर सामान्य वर्तमान र अभ्यस्त कालको प्रयोग गरेका वाक्यहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् । तिनीहरूका बिचका भिन्नता पहिचान गर्न केही समय छलफल चलाई निष्कर्ष दिनुहोस् ।
- त्यसपछि सामान्य वर्तमान र अभ्यस्त भूतका क्रियापदको संरचना पक्ष केलाउन निर्देश गरी अन्तिममा विभिन्न वाक्यहरूको उदाहरण दिई वाक्य परिवर्तनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् र केही वाक्य दिई परिवर्तन गर्न लगाउनुहोस् ।
- पाठको अभ्यासको प्रश्न नं. १६ र १७ को अभ्यास समूह कार्य गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले काम सकेपछि भन्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन :

- सामान्य वर्तमान र अभ्यस्त कालको प्रयोग गरिएका कुनै घटना भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- सामान्य वर्तमान काल र अभ्यस्त भूत कालको प्रयोग भएका १० फरक कर्ता भएका वाक्यहरू लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : आठौँ

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : व्याकरण (लेख्य चिह्न पहिचान र प्रयोग)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. उददेश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) लेख्य चिह्नको पहिचान गर्न ।
(ख) लेख्य चिह्नको प्रयोग स्थान पहिल्याउन ।
(ग) विभिन्न लेख्य चिह्नहको सही प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

(क) लेख्य चिह्नको सूची, चिह्न पत्ती, चिह्न प्रयोग भएका वाक्यहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विभिन्न चिह्न प्रयोग भएका चिह्न पत्तीहरूको प्रयोग गर्दै लेख्य चिह्नहरूको नाम सोध्नुहोस् । विद्यार्थीले भन्न नसकेमा चिह्न पत्तीको प्रयोगका आधारमा त्यसको नाम भनिदिनुहोस् ।
- शैक्षणिक पाटीमा एकातर्फ लेख्य चिन्ह र अर्कोतर्फ क्रम नमिलाई ती चिन्हको नाम लेखी जोडा मिलाउन लगाउनुहोस् । यो कार्य सिकाइ क्षमता कमजोर भएका विद्यार्थीलाई लगाउनुहास् ।
- लेख्य चिह्न चिन्न सकेपछि विद्यार्थीलाई पाठका अनुच्छेदहरू तोकिदिएर ती अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नका आधारमा फरक फरक सूची बनाई टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका वाक्यहरूलाई भन्न लगाई शैक्षणिक पाटीमा टिप्न लगाउनुहोस् । मिले नमिलेको मूल्याङ्कन पनि विद्यार्थीहरूबाटै गराउनुहोस् ।
- विद्यार्थीले प्रस्तुत गरेका विभिन्न उदाहरणका आधारमा विभिन्न लेख्य चिह्नहरूको प्रयोग र एकअर्कामा भएको फरक पक्षका बारेमा पनि प्रस्ट पारिदिनुहोस् । चिह्न प्रयोगको भिन्नताले वाक्यमा भिन्नता आउने कुरालाई विभिन्न उदाहरण दिएर पारिदिनुहोस् ।
- विभिन्न लेख्य चिह्नहरू दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । मिले नमिलेको मूल्याङ्कन समेत गरिदिनुहोस् ।



DRAFT

- गलत चिह्न प्रयोग भएका वाक्यहरू दिई सही प्रयोग गर्न लगाउनुहोस् र प्रयोग गर्न नसक्ने विद्यर्थीका लागि उपयुक्त क्रियाकलाप समेत गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विभिन्न लेख्य चिह्नहरू दिई नाम भन्न लगाउनुहोस् ।
- विभिन्न लेख्य चिन्हहरू दिई वाक्य निर्माण गराउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. १८ को उत्तर घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् । गर्न लगाउनुहोस् ।

DRAFT

## दिन : नवौं

**पाठ शीर्षक : साहित्यकार झमक**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (जीवनी लेखन)**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) ख्यातिप्राप्त व्यक्तिको जीवनका मुख्यमुख्य घटनालाई आधार बनाई जीवनी रचना गर्न ।

२. शैक्षिक सामग्री

(क) ख्यातिप्राप्त व्यक्तिका जीवनका मुख्यमुख्य घटनाहरूको टिपोट सूची र फलाटिनपाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले शैक्षिक सामाग्रीको रूपमा लागेको जीवनसँग सम्बन्धित बुँदालाई प्रदर्शन गरि विद्यार्थीलाई पढ्न लगाउनुहोस् । प्रर्दशित बुँदाका आधारमा विद्यार्थीलाई विद्यार्थीलाई जीवनी भन्न लगाउनुहोस् ।
- शिक्षकले कुनै एउटा ख्यातिप्राप्त व्यक्तिको जीवनमा घटेका कुराहरूलाई आधार बनाई जीवनी सुनाउनुहोस् ।
- जीवनी सुनाइसकेपछि जीवनी लेखनका लागि आवश्यक पर्ने पक्षहरूको बारेमा विद्यार्थीहरूसाग छलफल गर्नुहोस् ।
- विद्यार्थीले भनेका आवश्यक कुराहरूलाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् र अन्य थप जीवनी लेखनका लागि चाहिने आवश्यक पक्ष माथि निष्कर्ष दिनुहोस् ।
- मुख्य मुख्य घटना दिएर जीवनी लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गरी छलफल गराउनुहोस् ।

४. मूल्याङ्कन :

- जीवनी लेख्दा ध्यान दिनुपर्ने कुराहरूका बारेमा विभिन्न प्रश्नहरू सोध्नुहोस् ।
- बुँदा दिएर मौखिक रूपमा जीवनी भन्न लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- अभ्यास खण्डको प्रश्न नं. १९ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ : ६**

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म** **विधा : कविता**

## एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयबद्ध वाचन, शुद्धोच्चारण | १ |
| २. | वाक्यमा प्रयोग र अनुलेखन | १ |
| ३. | भाववोध | १ |
| ४. | व्याख्या / भाव विस्तार | १ |
| ५. | सिर्जनात्मक कार्य (कविता लेखन) | १ |
| ६. | स्वतन्त्र लेखन (परियोजना कार्य ) | १ |
| ७. | शब्दभण्डार (पर्यायवाची शब्द र समस्त शब्द) | १ |
| ८. | सम्भावनार्थक, आज्ञार्थ र अकरण क्रियापद | १ |
| ९. | सिर्जनात्मक कार्य (कविता लेखन) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : लयबद्ध पठन, शुद्धोच्चारण र शब्दार्थ**

**लक्षित सिप विकास : सुनाइ, बोलाइ र पढाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'एउटै मुट' एउटै मर्म कवितालाई गति, यति र लय मिलाई वाचन गर्न तथा पाठमा प्रयुक्त नयाा शब्दहरूको शुद्ध उच्चारण गर्न ।

(ख) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन ।

२. शैक्षिक सामग्री :

- लयबद्ध कविता /गीतको नमुना सूची, क्यासेट, शब्दपत्ती, शब्दार्थ पत्ती, शब्दकोश, गोजी तालिका र फलाटिन पाटी ।

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई आफूले जानेको लयबद्ध गीत/कविता लयात्मक रूपमा वाचन गर्न लगाउनु होस् र शिक्षकले एउटा गीत/कविता लयात्मक रूपमा वाचन गरेर पाठप्रति अभिप्रेरणा जगाई विद्यार्थीहरूको ध्यान केन्द्रित गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

(अ) लयात्मक वाचन

- विद्यार्थीलाई लय सम्बन्धी जानकारी गराउन शैक्षिक सामग्रीको क्यासेटको प्रयोग गरी लयात्मक गीत सुनाउनुहोस् ।
- सबै विद्यार्थीहरूलाई समूहमा विभाजन गरी समूहगत रूपमा र एक एक जनालाई समेत पाठमा दिइएको गीत लयात्मक रूपमा वाचन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(आ) शुद्धोच्चारण

- विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाउनु होस् र तपाईले तयार पारेको उच्चारण गर्न कठिन शब्दसूचीमा नपरेका शब्द भए पाटीमा टिप्नुहोस् ।
- तपाईको शब्दसूचीमा रहेका र विद्यार्थीहरूले भनेका उच्चारण गर्न नसकेका शब्दहरूलाई तपाईसँगै विद्यार्थीलाई पनि प्रत्येक शब्दलाई तिन तिन पटक उच्चारण गर्न अभ्यास गराउनुहोस् ।

(इ) शब्दार्थ

- विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् ।
- मौन वाचन गर्दा आफूले अर्थ नजानेका शब्दहरूको अर्थ पाठमा दिइएका शब्दार्थबाट हेर्न लगाउनुहोस् र अरु शब्दको अर्थ नजानेमा मात्र कापीमा टिपोट गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले टिपेका शब्दहरू भन्न लगाउनुहोस् र तपाईंले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- कालो/सेतो पाटीमा टिपेका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई भन्न लगाउनु होस् र विद्यार्थीले ती शब्दको अर्थ नजानेमा आफूले तयार पारेका शब्दपत्ती र शब्दार्थ पत्तीको प्रदर्शन गरी शब्दको अर्थ बताइ दिनुहोस् ।
- शिक्षकले तयार पारेको शब्दार्थ सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई टिपोट गर्न लगाउनु होस् र पढ्न निर्देश गर्नुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- विद्यार्थीहरूलाई गीतको कुनै पङ्क्ति लयात्मक रूपमा वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई पाठका कठिन शब्दहरूको सूचीमा परेका शब्दहरूलाई उच्चारण गर्न लगाउनुहोस् ।
- निम्न लिखित शब्दको अर्थ लेख्न लगाउनुहोस् :

    निर्घिनी, मर्म, दिल, सबाई ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास १० पढेर र अभ्यासको प्रश्न नं. ६, ७ र ११ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

(ख) लेख्य चिन्ह र वर्ण विन्यासको ख्याल गरी अनुलेखन गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दपत्ती, वाक्यपत्ती, अनुच्छेद, गोजी तालिका र फलाटिन पाटी ।

३. सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले शैक्षणिक पाटीमा 'कम्मर कस्नु' पदावली लेखी विद्यार्थीलाई उक्त पदावलीको अर्थ भन्न लगाई रोचक ढङ्गले कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

अ) वाक्यमा प्रयोग

- शिक्षकले तयार पारेको पाठभित्रका नयाा शब्दहरूको सूची फलाटिन पाटीमा टाासी ती शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीहरूले ठिक तरिकाले वाक्य बनाउन नजानेमा आफूले तयार पारेका वाक्यसूची/वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुरूप वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको पनि प्रयोग गर्न लगाउनुहोस् र वाक्य निर्माण गर्न पर्याप्त अभ्यास गराउनुहोस् ।

आ) अनुलेखन

- शिक्षकले शैक्षणिक पाटीमा निम्न लिखित वाक्य लेखी पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् :

बहिनी घरमा थिइन् ।

बहिनी घरमा थिइन ।

DRAFT

कालो/सेतो पाटीमा लेखिएका दुई वाक्य विद्यार्थीलाई अनुलेखन गराई परीक्षण गर्नुहोस् र दुई वाक्यमा देखिने भिन्नता विद्यार्थी बिच छलफल गराउनुहोस् र लेखाइमा हुने अन्तरले अर्थमा ल्याउने भिन्नता बताउदै शुद्ध लेखनप्रति विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

४. मूल्याङ्कन

- मर्म, दिल, पाप, ढोका जस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनहोस् ।
- एउटै मुटु एउटै मर्म कविताको दुई पङ्क्ति अनुलेखन गराउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ९ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : व्याख्या/ भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट पङ्क्तिहरू छान्न ।

(ख) पाठबाट छानिएका महत्त्वपूर्ण पङ्क्तिको भाव विस्तार/व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

(क) विशिष्ट पङ्क्तिको सूची, व्याख्याको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले पूर्व पाठको स्मरण गराउँदै पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई व्याख्याका लागि विशिष्ट पङ्क्ति छनोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले समूहगत रूपमा टिपोट गरेका विशिष्ट पङ्क्तिहरू एक अर्को समूहबिच साटासाट गर्न लगाई व्याख्याका लागि आवश्यक बुँदाहरू टिपोट गर्न लगाउनुहोस् र सोही बुँदाका आधारमा समूहमा छलफल गरी व्याख्या गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका नमुना व्याख्या सुनाउन लगाई आवश्यक छलफल गरी व्याख्या लेखनका बारेमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी सोही बुँदाका आधारमा तयार पारिएको व्याख्या सूची पनि देखाउनुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा थप जानकारी दिनुहोस् ।
- विद्यार्थीले छनोट गरेका मध्ये कुनै एक विशिष्ट पङ्क्ति दिई प्रत्येक विद्यार्थीलाई व्याख्या गरी लेख्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार सुझाव दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कुनै एउटा पङ्क्ति दिई व्याख्या गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठको अभ्यास ४ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : भाव बोध**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य :–यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् ।

(क) 'एउटै मुटु एउटै मर्म' कविता पाठमा मुख्य पङ्क्तिको भावार्थ लेख्न ।

२. शैक्षिक सामग्री :

**(क)** प्रश्नसूची, उत्तर सूची, भावार्थ लेखनको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले पूर्व पाठको स्मरण गराउँदै पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई पाठ मौन पठन गर्न लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको प्रश्नसूची फलाटिन पाटीमा टाँसी ती प्रश्नको उत्तर विद्यार्थीहरूलाई लेख्न लगाउनु होस् र प्रश्नको उत्तर भन्न लगाउनुहोस् अनि तिनै उत्तरलाई आधार लिई कविताको भावलाई बुँदागत रूपमा लेख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका बुँदाका आधारमा कविताको मूल भाव लेख्न लगाई परीक्षण गर्नुहोस् र आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी सोही बुँदाका आधारमा तयार पारिएको भावार्थ लेखनको नमुना पनि देखाउनुहोस् र भावार्थ लेखनका बारेमा थप जानकारी दिनुहोस् ।
- विद्यार्थीलाई उक्त भावार्थ लेखनको नमुना कापीमा लेख्न लगाउनुहोस् र सोहीअनुसार भावार्थ लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई 'एउटै मुटु एउटै मर्म' गीतको कुनै एउटा पङ्क्ति दिई भावार्थ लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

▪विद्यार्थीहरूलाई 'एउटै मुटु एउटै मर्म' पाठको अभ्यास २ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**दिन : पाँचौँ**

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (कविता लेखन)**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य :

▪यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) विभिन्न विषयसँग सम्बद्ध कविता/गीत आदि लेख्न

२. शैक्षिक सामग्री :

(क) गीत तथा कविताको नमुना र फलाटिन पाटी

३. सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

▪ सर्वप्रथम शिक्षकले रोचक गीत तथा कविता सुनाउँदै पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

▪विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र समूहमा छलफल गरी प्रत्येक समूहलाई एक एक ओटा गीत/कविता लेख्न लगाउनुहोस् ।
▪प्रत्येक समूहलाई पालैपालो उनीहरूले तयार पारेको सिर्जना सुनाउन लगाउनुहोस् ।
▪विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न लगाई मूल्याङ्कन गर्न लगाउनुहोस् र शिक्षकले पनि प्रत्येक समूहलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।
▪शिक्षकले तयार पारेको गीत/कविताको नमुना फलाटिन पाटीमा टाँसी देखाउनुहोस् र गीत/कविता लेखनका बारेमा थप जानकारी दिनुहोस् ।
▪प्रत्येक विद्यार्थीलाई विभिन्न विषयमा गीत/कविता लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

▪विद्यार्थीहरूलाई उनीहरूलाई मन पर्ने विषयमा गीत/कविता लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

■ विद्यार्थीहरूलाई पाठको अभ्यासको प्र.नं. १७ र १८ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : छैटौँ

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : स्वतन्त्र लेखन (परियोजना कार्य)**

**लक्षित सिप विकास : स्वतन्त्र लेखन**

१. विशिष्ट उद्देश्य :

(क) यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

२. शैक्षिक सामग्री :

■ बुँदासूची, टि चार्ट र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

■ सर्वप्रथम शिक्षकले विद्यार्थीले मोबाइल प्रयोग गर्नु ठिक हो कि होइन भनी छलफल गराउँदै रोचक ढङ्गले कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई परियोजना कार्य भनेको के हो र यो कसरी लेखिन्छ भन्ने सन्दर्भमा बताइदिनुहोस् ।
- विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र 'विद्यार्थीले मोबाइल प्रयोग गर्नु ठिक हो कि होइन' भन्ने शीर्षक दिई एउटा समूहलाई विद्यार्थीले मोबाइल प्रयोग गर्नु ठिक हो र अर्को समूहलाई विद्यार्थीले मोबाइल प्रयोग गर्नु ठिक होइन भन्ने विषयमा समूहगत रूपमा गराई आफ्ना छलफल र विचार बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् र शिक्षकले निष्कर्षका सही विचार प्रस्तुत गर्नुहोस् ।
- शिक्षकले 'खेलकुदको महत्त्व' शीर्षकमा तयार पारेको बुँदासूची र टिचार्ट फलाटिन पाटीमा टाँसी देखाउनुहोस् र त्यसका बारेमा थप जानकारी दिनुहोस् ।

DRAFT

- शिक्षकले 'खेलकुदको महत्त्व' शीर्षकमा तयार पारेको बुँदासूची र टिचार्टमा लेखिएका विचार विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् र सोहीअनुसार विभिन्न विषयमा आफ्नो विचार लेख्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई 'समूहमा कार्य गर्नु ठिक हो' भन्ने विषयमा लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई 'बजारको तयारी खानाभन्दा आफ्नो घरको खाना खानुपर्छ' भन्ने विषयमा आफ्नो विचार लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : पर्यायवाची शब्द विपरीतार्थी र समस्त शब्द पहिचान**

**लक्षित सिप विकास : शब्द भण्डार**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पर्यायवाची र समस्त शब्दसँग परिचित हुन ।

(ख) शब्द भण्डार क्षमता बढाउन ।

२. शैक्षिक सामग्री :

(क) पर्यायवाची शब्द सूची, विपरीतार्थी शब्द सूची समस्त शब्दको सूची, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले शैक्षणिक पाटीमा माया, घर, पुस्तक, आमा जस्ता शब्द लेखी विद्यार्थीहरूलाई यी शब्दका उस्तै अर्थ जनाउने शब्दहरू भन्न लगाउँदै पाठप्रति ध्यान केन्द्रित गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी शैक्षणिक पाटीमा लेखे पाँच पाँच ओटा पर्यायवाची र विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् र समूह समूहमा साटासाट गराई समूहगत रूपमा छलफल गरी ती शब्दका उस्तै अर्थ जनाउने शब्द लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले तयार पारेका शब्दहरू पालैपालो सुनाउन लगाई आवश्यकता अनुसार सुझाव दिई तिनैलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै उस्तै वा समान अर्थ बुझाउने शब्दलाई पर्यायवाची शब्द भनिने र उल्टो अर्थ बुझाउने शब्दलाई विपरीतार्थी शब्द भनिने कुरा जानकारी गराउनुहोस् ।
- शिक्षकले तयार पारेको पर्यायवाची शब्दसूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई लेख्न लगाउनुहोस् र शब्द लेखनको अभ्यास गराउनुहोस् ।
- शिक्षकले तयार पारी ल्याएका समस्त शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् र विद्यार्थीहरूलाई सोही अनुसारका शब्द निर्माण गर्न लगाउनुहोस् ।
- विद्यार्थीले लेखेका शब्दहरू परीक्षण गरी सही भएमा त्यसरी नै लेख्न प्रोत्साहन गर्नुहोस् र त्रुटि भएको उदाहरण हेरेर त्रुटि पहिचान गरी सच्याउन सुझाव दिनुहोस् ।

DRAFT

- शिक्षकले उदाहरण प्रस्तुत गर्दै दुई वा दुईभन्दा बढी शब्दहरू मिलाएर एउटा सिङ्गो शब्द बनाउने प्रक्रियालाई समस्त शब्द भनिने कुरा जानकारी गराउँदै समस्त शब्द निर्माणको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

- विद्यार्थीलाई पिता, सूर्य, हावा, पोखरी, पृथ्वी, फुल जस्ता शब्दको पर्यायवाची शब्द लेख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई सुख र दुःख, न घाम न पानी, गाईको गोठ, बाबा र आमा, वनमा भोज जस्ता शब्दका समस्त शब्द लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई शब्द भण्डार खण्डको अभ्यासको प्रश्न नं. ६ र ८ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

# दिन : आठौँ

**पाठ शीर्षक : एउटै मुटु एउटै मर्म**

**पाठ्यवस्तु : सम्भावनार्थ, आज्ञार्थ र अकरण क्रियापद पहिचान**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सम्भावनार्थ क्रियापदको पहिचान गर्न ।

(ख) आज्ञार्थ क्रियापदको पहिचान गर्न ।

ग) अकरण क्रियापदको पहिचान गर्न ।

२. शैक्षिक सामग्री :

क) सम्भावनार्थ, आज्ञार्थ, अकरण वाक्यहरूको सूची र फलाटिन पाटी

३.सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई तिमी बिदाको समयमा के के गरौला भनी सोधेर पाठप्रति अभिप्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- प्रत्येक विद्यार्थीहरूलाई तिमी बजारमा जाँदा के के सामान किनौला पाँच ओटा वाक्यमा लेख भनी निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले लेखेका वाक्यहरू सुनाउन लगाई तिनै वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरी सम्भावनार्थको बारेमा जानकारी दिनुहोस् । शिक्षकले तयार पारेको सम्भावनार्थ क्रियापद प्रयोग भएका वाक्यको सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई पनि त्यस्तै किसिमका वाक्यहरू निर्माण गर्न अभ्यास गराउनुहोस् ।
- शिक्षकले तयार पारेको आज्ञार्थ क्रियापद प्रयोग भएका वाक्यको सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई पनि त्यस्तै किसिमका वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले लेखेका वाक्यहरू सुनाउन लगाउनुहोस् र तिनै वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरी आज्ञार्थ क्रियापदको बारेमा जानकारी दिनुहोस् ।
- विद्यार्थीलाई तिम्रो मिल्ने साथीले के के काम गर्दैन भनी पाँच ओटा वाक्यमा लेख्न लगाउनुहोस् । तिनै वाक्यलाई प्रस्तुत गर्न लगाई अकरण क्रियापदको बारेमा जानकारी गराउनुहोस् ।
- शिक्षकले तयार पारेको अकरण वाक्यको सूची फलाटिन पाटीमा टाँस्नुहोस् विद्यार्थीहरूलाई त्यस्तै किसिमका वाक्य लेख्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- विद्यार्थीलाई सम्भावनार्थ, आज्ञार्थ र अकरण क्रियापद प्रयोग भएका दुई दुई ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई कार्यमूलक व्याकरण खण्डको अभ्यास प्रश्न नं. १४, १५ र १६ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

दिन :नवौं

**पाठ शीर्षक : एउटै मुटु एउटै धर्म**
**पाठ्यवस्तु : सिर्जनात्मक कार्य ( कविता लेखन)**
**लक्षित सिप विकास : कविता लेखन / स्वतन्त्र रचना**

१. विशिष्ट उदेश्य : यस पाठको अन्त्यमा विद्‌याथीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :
(क) कविता रचना गर्न

२. शैक्षिक सामग्री
(क) रचना गरिएको नमुना कविता, फलाटिन पाटी र कविता लेखनको अभ्यास गराउने समस्यापूर्तिको पङ्क्ति

३. सिकाइ सहजीकरण क्रियाकलाप :
(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले विद्‌यार्थीलाई आफूलाई आउने कविता वा गीत भन्न लगाई सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।
- त्यसपछि आजको कक्षामा गरिने क्रियाकलापको जानकारी पनि गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

* सर्वप्रथम शिक्षकले कविता लेखनका बारे निर्देशन दिनुहोस् । र प्रत्येक बेन्चलाई एउटा समूह मानी त्यस समूहमा छलफल गरी कविता लेख्नु पर्ने जानकारी दिनुहोस् ।
* त्यसपछि कविता लेखनको समस्यापूर्तिको एउटा पङ्क्ति लेखिएको हरफ कागज दिई त्यससँग मिल्ने अर्को पङ्क्ति लेख्न लगाउनुहोस् । यसका लागि नमुना कविता प्रदर्शन गर्नुहोस् ।
* त्यसपछि अघिल्लो पङ्क्ति छोपी वा दोबारेर अर्को समूहलाई माथिल्लो हरफ मिल्ने गरि अर्को पङ्क्ति थप्न लगाउनुहोस् । शिक्षकले सहजीकरण गर्नुहोस् ।
* यो क्रम बनाइएको समूह सबैलाई हरफ थप्दै लेख्न लगाउनुहोस् ।
* अन्त्यमा सबैले थप्दै लेखेका हरफलाई शिक्षकले कुनै समूहका टोली नेतालाई वाचन गराउनुहोस् ।
* कविता वाचन सकिएपछि आवश्यक पृष्ठ पोषण दिनुहोस् ।

४.मूल्याङ्कन :

* शिक्षकले 'फूलकारी' शीर्षक दिई प्रत्येक समूहलाई चार हरफको कविता रचना गरी सुनाउन लगाउनुहोस् ।

५.गृहकार्य :

* 'विद्‌यालय शान्तिक्षेत्र' शीर्षक दिई कविता लेखेर ल्याउन निर्देश दिनुहोस् । उतकृष्ट कवितालाई पुरस्कृत गर्ने जानकारी पनि गराउनुहोस् र वाचन प्रतियोगिता गराई पुरस्कृत गर्नुहोस् ।

DRAFT

पाठ ७ :

पाठ शीर्षक : सात दिने सभा विधा : कथा

**एकाइगत पाठ्य वस्तु विभाजन योजना**

| क्र सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | घटनाक्रम मिलान | १ |
| ५. | व्याख्या / भाव विस्तार | १ |
| ६. | कथा कथन र लेखन | १ |
| ७. | तार्किक रचना | १ |
| ८. | हिज्जे मिलान (चन्द्रविन्दु, श, ष, ब, व) | १ |
| ९. | व्याकरण (विभक्ति चिन्ह र नामयोगी शब्द) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोचारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका निर्धारित गीतलाई गति र यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री :**

उच्चारण गर्न शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणात्मक क्रियाकलाप :**

- निम्न लिखित शब्दहरू उच्चारण गर्न लगाई पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गराउनुहोस्:

  जस्तैः पाटी, पाठी, झरी, भरी, ढकमक्क, मुसुमुसु ।

**(ख) मुख्य क्रियाकलाप :**

अ) सस्वर वाचन

- विद्यार्थीहरूलाई पालैपालो 'सात दिने सभा' पाठका निर्धारित अनुच्छेदहरू सस्वर वाचन गर्न लगाउनुहोस् ।
- शिक्षकले शुद्धसँग आदर्श वाचन गर्नुहोस् र विद्यार्थीहरूलाई सोहीअनुसार सस्वर वाचन गर्न लगाउनुहोस् ।

**आ) शुद्धोच्चारण**

- विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाउनुहोस् र शैक्षणिक टिप्नुहोस् ।
- तपाईंको शब्दसूचीमा रहेका र विद्यार्थीहरूले भनेका उच्चारण गर्न नसकेका शब्दहरूलाई तपाईंसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न अभ्यास गराउनुहोस् ।

**४. मूल्याङ्कन :**

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई पाठमा प्रयुक्त निम्न लिखित नयाँ शब्दहरू उच्चारण गर्न लगाउनुहोस् :

  निर्धक्क, गङ्गा, ज्वरो, सभाध्यक्ष, सम्बोधन ।

**५. गृहकार्य :**

- विद्यार्थीहरूलाई अभ्यास १३ पढेर आउन र १४, १५ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ।

(ख) उक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी

३. सिकाइ सहजीकरण **प्रक्रिया** :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई आजको पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

अ) शब्दार्थ

- विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् ।
- मौन वाचन गर्दा आफूले अर्थ नजानेका शब्दहरूको अर्थ पाठमा दिइएका शब्दार्थबाट हेर्न लगाउनुहोस् र अरु शब्दको अर्थ नजानेमा मात्र कापीमा टिपोट गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले टिपेका शब्दहरू भन्न लगाउनुहोस् र तपाईंले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- शैक्षणिक पाटीमा टिपेका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई भन्न लगाउनु होस् र सकभर कक्षाका विद्यार्थीहरूभित्रैबाट ती शब्दको अर्थ भन्न लगाउनुहोस् । उनीहरूले अर्थ नजानेमा चित्र, वस्तु, पर्याय, अभिनय, उदाहरण, विपर्याय, परिभाषा, व्युत्पत्ति, पाठगत प्रयोग जस्ता उपयुक्त विधिसमेत अपनाउनुका साथै आफूले तयार पारेका शब्दपत्तीरशब्दार्थ पत्तीको प्रदर्शन गरी शब्दको अर्थ बताइ दिनुहोस् ।
- शिक्षकले तयार पारेको शब्दार्थ सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् र पढ्न निर्देश गर्नुहोस् ।

आ) वाक्यमा प्रयोग

- शब्दार्थ शिक्षणपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाई परीक्षण गरी आवश्यक पृष्ठपोषण

दिनुहोस् ।

- विद्यार्थीहरूले ठिक तरिकाले वाक्य बनाउन नजानेमा आफूले तयार पारेका वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुरूप वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको पनि प्रयोग गराउनुहोस् र वाक्य निर्माण गर्न पर्याप्त अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

- विद्यार्थीलाई पाठमा प्रयुक्त निम्न किसिमका शब्द दिई तिनको अर्थ भन्न लगाउनुहोस् : जस्तै : पाटी, अनुमति, अतिथि, निधो ।
- ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं ८, ९, १० र ११ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : तेस्रो

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : पठन बोध**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नको उत्तर मौखिक रूपमा दिन ।

(ख) पाठका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नको उत्तर लिखित रूपमा दिन ।

२. शैक्षिक सामग्री :

- बोध प्रश्नहरूको सूची, उत्तर सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई उनीहरूले जानेको लघु कथा भन्न लगाई वा शिक्षकले कथा भनी पाठप्रति अभिप्रेरणा जगाउँदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र 'सात दिने सभा' का निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट बोधात्मक प्रश्नहरू टिप्न लगाउनुहोस् ।

DRAFT

- विद्यार्थीहरूले तयार पारेका बोधात्मक प्रश्नहरू साटासाट गर्न लगाई उत्तर खोज्न लगाउनुहोस् र प्रत्येक समूहले तयार पारेका उत्तर मौखिक रूपमा समूहगत रूपमा प्रस्तुत गर्न लगाई छलफल गराउँदै आवश्यकता अनुसार पृष्ठपोषण दिनुहोस् ।
- निर्धारित अनुच्छेदबाट शिक्षकले तयार पारेका बोधात्मक प्रश्नहरू फलाटिन पाटीमा टाँस्नुहोस् र उत्तर लेख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका बोधात्मक प्रश्नहरूको उत्तर परीक्षण गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई अभ्यास ३ को प्रश्नको उत्तर मौखिक रूपमा भन्न लगाउनु होस् र ती प्रश्नको उत्तर लेख्न समेत लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यासको प्रश्न नं. १, २ र ४ का प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : घटनाक्रम मिलान**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य :

- यस पाठको अन्त्यमा विद्यार्थीहरू घटनाक्रम मिलाउन सक्षम हुने छन् ।

२. शैक्षिक सामग्री :

- घटनाक्रम नमिलेको र मिलेको घटना सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण **प्रक्रिया** :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई एक दिनभरिमा उसले गरेका कामको सिलसिला मिलाएर भन्न लगाई कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र शिक्षकले तयार पारेको घटना नमिलेको घटनाको सूची फलाटिन पाटीमा टाँसी प्रत्येक समूहलाई समूहगत रूपमा छलफल गरी घटनाको क्रम मिलाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूले समूहगत रूपमा छलफल गरी मिलाएको घटनाको क्रम पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकतानुसार राम्रो गरेमा त्यसरी नै मिलाउने सल्लाह र गल्ती गरेमा गल्ती पत्ता लगाई सच्याउन निर्देश गर्नुहोस् ।
- घटनाक्रम नमिलेका अन्य अभ्यास गर्न लगाई परीक्षण गरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई घटनाक्रम नमिलेका बुँदा दिई घटनाक्रम मिलाउन लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास १९ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : व्याख्या/भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट हरफहरू छान्न ।

(ख) पाठबाट छानिएका महत्त्वपूर्ण हरफको भाव विस्तार/व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

विशिष्ट हरफको सूची, व्याख्याको बुँदा सूची, व्याख्याको नमुना र फलाटिन पाटी

३. सिकाइ सहजीकरण **प्रक्रिया** :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले पूर्व पाठका मुख्य विषयवस्तुको पुन: स्मरण गराउँदै पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई व्याख्याका लागि विशिष्ट हरफ छनोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले समूहगत रूपमा टिपोट गरेका विशिष्ट हरफहरू एक अर्को समूहबिच साटासाट गर्न लगाई व्याख्याका लागि आवश्यक बुँदाहरू टिपोट गर्न लगाउनुहोस् र सोही बुँदाका आधारमा समूहमा छलफल गरी व्याख्या गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका नमुना व्याख्या सुनाउन लगाई आवश्यक छलफल गराई व्याख्या लेखनका बारेमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी सोही बुँदाका आधारमा तयार पारिएको व्याख्या सूची पनि देखाउनुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा थप जानकारी दिनुहोस् ।
- विद्यार्थीले छनोट गरेका मध्ये कुनै एक विशिष्ट हरफ दिई प्रत्येक विद्यार्थीलाई व्याख्या गरी लेख्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार सुझाव दिनुहोस् ।

४. **मूल्याङ्कन :**

- विद्यार्थीहरूलाई कुनै एउटा हरफ दिई व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

- विद्यार्थीहरूलाई निम्न लिखित हरफको व्याख्या लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

- त्यसो हो भने भोलि गाउँलेलाई बोलाऔँ । सबै भत्केको पाटी बनाउन जाऔँ ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : कथा कथन र लेखन**

**लक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य :

यस पाठको अन्त्यमा विद्‍यार्थीहरू निर्दिष्ट बुादाहरूका आधारमा कथा लेख्न सक्षम हुने छन् ।

२. शैक्षिक सामग्री :

(क) कथा लेखनको लागि बुँदासूची, कथा लेखनको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- इच्छुक विद्‍यार्थीलाई छोटो रोचक कथा सुनाउन लगाई रमाइलो वातावरणमा कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- निर्दिष्ट बुँदाका आधारमा छलफल गरि कथा भन्न लगाउनुहोस् ।
- विद्‍यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र शिक्षकले तयार पारेको कथाको बुँदासूची फलाटिन पाटीमा टासी प्रत्येक समूहलाई समूहगत रूपमा छलफल गरी बुँदाका आधारमा कथा तयार पारी शीर्षक समेत दिन लगाउनुहोस् ।
- प्रत्येक समूहले तयार पारेको कथा पालैपालो सुनाउन लगाई आवश्यक सुझाव र सल्लाह दिनुहोस् ।
- शिक्षकले एउटा शीर्षक दिई प्रत्येक विद्‍यार्थीलाई स्वतन्त्र रूपमा कथा लेख्न लगाई परीक्षण गर्नुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्‍यार्थीहरूलाई शीर्षक दिई कुनै कथा लेख्न लगाउनुहोस् ।

५. सिर्जनात्मक कार्य :

- अभ्यास १९ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : तार्किक रचना**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

१. विशिष्ट उद्देश्य :

(क) यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

२. शैक्षिक सामग्री :

(क)बुँदासूची, तार्किक उत्तरको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई बिहान उठेर सबेरै स्वच्छ हावामा डुल्नु के के कारणले राम्रो हो भन भनी प्रश्नको बारेमा छलफल गराउँदै कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । 'विद्यार्थीले पत्रपत्रिका पढ्नुपर्छ' भन्ने विषयमा विद्यार्थीलाई समूहगत रूपमा छलफल गरी आआफ्ना तर्कहरू बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले समूहगत रूपमा छलफल गरी तयार पारेका बुँदाहरू पालैपालो प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले निष्कर्षका रूपमा विभिन्न उदाहरणहरू दिई विद्यार्थीले पत्रिका पढ्नुपर्छ भन्ने कुरा विभिन्न तर्क दिई पुष्टि गरिदिनुहोस् ।
- शिक्षकले तयार बनाएको बुँदासूची र उत्तर सूची फलाटिन पाटीमा टाँसी तार्किक उत्तरको लेखनका बारेमा थप जानकारी गराई उक्त उत्तर कापीमा लेख्न लगाउनुहोस् र यसरी अन्य तार्किक प्रसङ्ग दिई लेखन अभ्यास गराएर परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई तार्किक उत्तर आउने किसिमको प्रश्न दिई उत्तर लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास ७ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : आठौँ

DRAFT

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : हिज्जे (चन्द्रविन्दु, श, ष, ब, व)**

**लक्षित सिप विकास : वर्ण विन्यास**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) चन्द्रविन्दुको सही प्रयोग गर्न ।

(ख) श, ष, ब र व को सही प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दपत्ती, चन्द्रविन्दु लागेका शब्दको सूची, श, ष, ब र व को प्रयोग भएको शब्दसूची, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले 'गाऊ, गाउ' जस्ता शब्द शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई दुई शब्दको अर्थका बारेमा समानता र भिन्नता भन्न लगाई पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी वर्ण विन्यास मिलेका र नमिलेका शब्दहरू शैक्षणिक पाटीमा छ्यासमिस रूपमा लेखी समूहगत रूपमा वर्ण विन्यास मिलेका र नमिलेका शब्द छुट्याउन लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका शुद्ध रूपका शब्दसूची र अशुद्ध रूपका शब्दसूची पालैपालो प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराई पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीहरूलाई चन्द्रविन्दु, श, ष, ब र व को प्रयोग भएको एउटा अनुच्छेदको श्रुतिलेखन गराउनुहोस् ।
- विद्यार्थीहरूले लेखेको कापी साटासाट गरी गल्ती भएको ठाउँमा चिनो लगाई विद्यार्थीलाई पुन: सच्याउन लगाउनुहोस् ।
- विद्यार्थीले सच्याएपछि शिक्षकले तयार पारेको अनुच्छेद फलाटिन पाटीमा टाँसी ती शब्दको शुद्ध रूपबारे थप जानकारी दिनुहोस् । चन्द्रविन्दु लागेका, श, ष, व, ब को प्रयोग भएको अनुच्छेद दिई अनुलेखन, श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- चन्द्रविन्दु, श, ष, व, ब लागेका वर्ण विन्यास नमिलेका निम्न लिखित शब्द दिई वर्ण विन्यास मिलाएर लेख्न लगाउनुहोस् :

  आंखा, बासुरी, आसु, सिसु, विषाल, विशालु, बकिल, बिदेश, बिबाद, वटुवा, वाटो ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यासको प्रश नं. १४ र १५ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## दिन : नवौँ

**पाठ शीर्षक : सात दिने सभा**

**पाठ्यवस्तु : व्याकरण (विभक्ति चिन्ह र नामयोगी शब्द)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) विभक्ति चिन्हको सही प्रयोग गर्न ।

(ख) नामयोगी शब्दको पहिचान गर्न ।

२. शैक्षिक सामग्री :

(क) विभक्ति लागेका वाक्यको सूची, नामयोगी लागेका शब्दसूची, अनुच्छेदको नमूना, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई विभक्ति चिन्ह लागेका र नलागेका वाक्यहरू लेखी भिन्नता छुट्याउनलाई शिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विभक्ति चिन्हको प्रलिका प्रर्दशन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् विभक्ति लागेका वाक्यहरूको सूची फलाटिन पाटीमा टाँसी प्रत्येक समूहलाई छलफल गरी विभक्ति छुट्याई लेख्न लगाउनुहोस् ।

DRAFT

- प्रत्येक समूहलाई पालैपालो उनीहरूले टिपेका विभक्ति प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराउनु होस् र उदाहरणका आधारमा विभक्तिका बारेमा थप जानकारी दिनुहोस् ।
- विद्यार्थीहरूलाई विभक्ति दिई वाक्यमा प्रयोग गर्न लगाई सहपाठी गर्न निर्देश गर्नुहोस् । परीक्षण गर्नुहोस् ।
- नामयोगी शब्दको प्रयोग भएका वाक्यसूची फलाटिन पाटीमा टाँसी विद्यार्थीहरूलाई आआफ्नो समूहमा छलफल गरी नामयोगी शब्द लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका शब्द नामयोगी नभएमा नामिक पदसँग जोडिएर आउने अव्यय शब्दलाई नामयोगी भनिने कुराको जानकारी दिँदै उदाहरणसमेत दिनुहोस् र अन्य अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कार्यमूलक व्याकरण खण्डमा रहेको अभ्यास गर्न लगाउनुहोस् ।
- पाठबाट नामयोगी लागेका पाँच ओटा शब्द टिप्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई कार्यमूलक व्याकरण खण्डको अभ्यास गर्न लगाउनुहोस् ।

DRAFT

पाठ : ८

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल खप्तड** **विधा : प्रबन्ध**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | बुँदा टिपोट | १ |
| ५. | श्रुति लेखन | १ |
| ६. | सारांश लेखन | १ |
| ७. | व्याख्या/ भाव विस्तार | १ |
| ८. | व्याकरण (विशेषण, पदयोग र पद वियोग) | १ |
| ९. | सिर्जनात्मक कार्य (निबन्ध) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : पढाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्धारित गीतलाई गति र यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री :

- उच्चारण गर्न कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- निम्नलिखित शब्दहरू उच्चारण गर्न लगाई पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गराउनुहोस् जस्तै: तहतह, टहटह, कोत, कोट, भाडा, भाँडा ।

(ख) मुख्य क्रियाकलाप :

अ) सस्वर वाचन :

- विद्यार्थीहरूलाई पालैपालो 'प्रकृतिको सुन्दर स्थल खप्तड' पाठका निर्धारित अनुच्छेदहरू सस्वर वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले सस्वर वाचन गर्दा धेरै त्रुटि गरेमा शिक्षकले शुद्धसँग आर्दश वाचन गर्नुहोस् र विद्यार्थीहरूलाई सोहीअनुसार सस्वर वाचन गर्न लगाउनुहोस् ।
- थपशब्द पाठबाटै दिएर उच्चारण गर्न लगाउनुहोस् ।

आ) शुद्धोच्चारण :

- विद्यार्थीलाई पठन गराई उच्चारण गर्न कठिन भएका शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- तपाईंको शब्दसूचीमा रहेका र विद्यार्थीहरूले भनेका उच्चारण गर्न नसकेका शब्दहरूलाई तपाईंसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न अभ्यास गराउनुहोस् ।
- यो क्रम बारम्बार दोहोर्‍याउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई पाठमा प्रयुक्त निम्न लिखित कठिन शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

सङ्गम, शृङ्खला, निकुञ्ज, झ्याम्म, विद्याश्रम

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास १३ र १४ पढेर र लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त अर्थ कठिन भएका शब्दको अर्थ बताउन ।

(ख) उक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य फरक फरक विद्यार्थीबाट प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई आजको पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

अ) शब्दार्थ :

- विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् ।
- मौन वाचन गर्दा आफूले अर्थ नजानेका शब्दहरूको अर्थ पाठमा दिइएका शब्दार्थबाट हेर्न लगाउनुहोस् र अरु शब्दको अर्थ नजानेमा मात्र कापीमा टिपोट गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले टिपेका शब्दहरू भन्न लगाउनुहोस् र तपाईंले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- शैक्षणिक पाटीमा टिपेका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् र सकभर कक्षाका विद्यार्थीहरूबाट नै ती शब्दको अर्थ भन्न लगाउनुहोस् । उनीहरूले अर्थ नजानेमा चित्र, वस्तु, पर्याय, अभिनय, उदाहरण, विपर्याय, परिभाषा, व्युत्पत्ति, पाठगत प्रयोग जस्ता उपयुक्त विधिसमेत अपनाउनुका साथै आफूले तयार पारेका शब्दपत्ती र शब्दार्थ पत्तीको प्रदर्शन गरी शब्दको अर्थ बताई दिनुहोस् ।
- शिक्षकले तयार पारेको शब्दार्थ सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् र पढ्न निर्देश गर्नुहोस् ।

आ) वाक्यमा प्रयोग :

DRAFT

- शब्दार्थ शिक्षणपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीहरूले ठिक तरिकाले वाक्य बनाउन नजानेमा आफूले तयार पारेका वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुरूप वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।
- शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको पनि प्रयोग गराउनुहोस् र वाक्य निर्माण गर्न पर्याप्त अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

- विद्यार्थीलाई पाठमा प्रयुक्त निम्न लिखित शब्द दिई तिनको अर्थ भन्न लगाउनुहोस् :

  जस्तै: सहस्र, दह, दशक, सङ्गम ।

- ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं.४ सम्म लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थलः खप्तड**

**पाठ्यवस्तु : पठन बोध**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नको उत्तर मौखिक रूपमा दिन ।

(ख) पाठका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नको उत्तर लिखित रूपमा दिन ।

२. शैक्षिक सामग्री :

(क) बोधात्मक प्रश्नहरूको सूची, उत्तर सूची, फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई उनीहरू घुमेको रमणीय ठाउँका बारेमा निम्न किसिमका प्रश्नहरू सोधेर पाठप्रति अभिप्रेरणा जगाई विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस्:

  जस्तै :

  - तिमी कुन कुन ठाउँ घुमेका छौ ?
  - तिमीले भर्खरै मनाएको चाड कुन हो ?
  - तिमीले जानेका कुनै पाँच ओटा चाडबाडका नाम भन ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र 'प्रकृतिको सुन्दर स्थल खप्तड' का निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस्
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट बोधात्मक प्रश्नहरू टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका बोधात्मक प्रश्नहरू साटासाट गर्न लगाई उत्तर खोज्न लगाउनुहोस् र प्रत्येक समूहले तयार पारेका उत्तर मौखिक रूपमा समूहगत रूपमा प्रस्तुत गर्न लगाई छलफल गराउँदै आवश्यकता अनुसार पृष्ठपोषण दिनुहोस् ।
- 'प्रकृतिको सुन्दर स्थल खप्तड' का निर्धारित अनुच्छेदहरू विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।

DRAFT

- निर्धारित अनुच्छेदबाट शिक्षकले तयार पारेका बोधात्मक प्रश्नहरू फलाटिन पाटीमा टाँस्नुहोस् र उत्तर लेख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार पारेका बोधात्मक प्रश्नहरूको उत्तर परीक्षण गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई अभ्यास १ को प्रश्नको उत्तर मौखिक रूपमा भन्न लगाउनुहोस् र ती प्रश्नको उत्तर लेख्नसमेत लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास २, र ३ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : चोथो

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : बुँदा टिपोट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य :

(क) यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :
पाठका निर्धारित अनुच्छेदहरू पढी मुख्य मुख्य कुराहरू टिपोट गर्न सक्ने छन् ।

२. शैक्षिक सामग्री :

- बुादासूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई छोटो रोचक घटना सुनाएर मुख्य कुराहरू भन्न लगाई पाठप्रति अभिप्रेरणा जगाउँदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र 'प्रकृतिको सुन्दर स्थल खप्तड' का निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट मुख्य कुराहरू टिप्न लगाई प्रत्येक समूहका विद्यार्थीहरूले तयार पारेका बुँदा समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी बुँदा टिपोट गर्दा उदाहरण, व्याख्या, भनाइ, कारण, उखान टुक्का जस्ता कुराहरू हटाई अनुच्छेदको मुख्य भाव समेटिने गरी बुँदा टिपोट गर्नु पर्ने कुरा जानकारी गराउनुहोस् ।
- विद्यार्थीलाई समूहगत रूपमा छलफल गरी बुँदा टिप्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- विद्यार्थीहरूलाई 'प्रकृतिको सुन्दर स्थल खप्तड' पाठका मुख्य कुराहरू टिपोट गरी ल्याउन लगाउनुहोस् ।

DRAFT

## दिन : पाँचौँ

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थलः खप्तड**

**पाठ्यवस्तु : श्रुति लेखन**

**लक्षित सिप विकास : सुनाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य :

(क) यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् : श्रुतिलेखन कार्य गर्न सक्षम हुने छन् ।

२. शैक्षिक सामग्री :

(क) शब्दसूची, अनुच्छेद, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीलाई कुनै रोचक घटना सुनाउन लगाई कक्षाको सुरुवात गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई आआफ्नो नजिकको साथीलाई जोडा बनाउन लगाउनुहोस् र दस ओटा शब्द भनी विद्यार्थीलाई श्रुति लेखन गराई एक आपसमा कापी साटी परीक्षण गर्न लगाउनुहोस् र ती शब्दको शुद्ध रूप रहेको शब्दसूची फलाटिन पाटीमा टासी विद्यार्थीले गल्ती गरेको भएमा सच्याउन निर्देश गर्नुहोस् ।
- शिक्षकले तयार पारेको कुनै एउटा अनुच्छेदको श्रुतिलेखन गराई परीक्षण गर्नुहोस् र गल्ती भएको ठाउँमा चिनो लगाई स्वयम् विद्यार्थीलाई गल्ती सच्याउन लगाउनुहोस् ।
- धेरै विद्यार्थीले गल्ती गरेमा शब्द टिपी तिनै शब्दहरूको पुनः श्रुतिलेखन गराउनुहोस् र पुनः परीक्षण गरी ठिक भए स्याबासी दिँदै र गल्ती भए सच्याउन सङ्केत गरी सच्याउन लगाउनुहोस् र यस्तै गरी थप अभ्यास गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई निम्न लिखित शब्दको श्रुति लेखन गराउनुहोस् :

  विवेकशील, प्राकृतिक, रङ्गीचङ्गी, सहस्र, आश्रम ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठको दोस्रो अनुच्छेद लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : सारांश लेखन**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य :

(क) यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् : पाठका निर्धारित अनुच्छेदहरू पढी तिनको सारांश लेख्ने छन् ।

२. शैक्षिक सामग्री :

(क)सारांशको नमुना सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई छोटो रोचक घटना सुनाएर मुख्य कुराहरू भन्न लगाई पाठप्रति अभिप्रेरणा जगाउँदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठका निर्धारित अनुच्छेदहरू भिन्ना भिन्नै समूहका विद्यार्थीहरूलाई मौन पठन गर्न लगाउनुहोस् ।
- विभाजित समूहलाई निर्धारित अनुच्छेदबाट मुख्य कुराहरू टिप्न लगाई प्रत्येक समूहका विद्यार्थीहरूले तयार पारेका बुँदा समूहगत रूपमा प्रस्तुत गर्न लगाई बुँदाका आधारमा सारांश लेख्न लगाउनुहोस् ।
- शिक्षकले तयार पारेको सारांशको नमुना फलाटिन पाटीमा टाँसी सारांश लेख्दा उदाहरण, व्याख्या, भनाइ, कारण, उखान टुक्का जस्ता कुराहरू हटाई अनुच्छेदको मुख्य भाव समेटिने गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।
- विद्यार्थीलाई समूहगत रूपमा छलफल गरी सारांश लेख्न र भन्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई कुनै एउटा अनुच्छेद दिई सारांश लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

●विद्यार्थीहरूलाई पाठको कुनै एउटा अनुच्छेद दिई सारांश लेखेर ल्याउन लगाउनुहोस् ।

**दिन : सातौँ**

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : व्याख्या/ भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य :यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट हरफहरू छान्न ।

(ख) पाठबाट छानिएका महत्त्वपूर्ण हरफको भाव विस्तार/व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

(क) विशिष्ट हरफको सूची, व्याख्याको बुँदासूची, व्याख्याको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

●सर्वप्रथम शिक्षकले पूर्व पाठको स्मरण गराउदै पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

●विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई व्याख्याका लागि विशिष्ट हरफ छनोट गर्न लगाउनुहोस् ।

●विद्यार्थीहरूले समूहगत रूपमा टिपोट गरेका विशिष्ट हरफहरू एक अर्को समूहबिच साटासाट गर्न लगाई व्याख्याका लागि आवश्यक बुँदाहरू टिपोट गर्न लगाउनुहोस् र सोही बुँदाका आधारमा समूहमा छलफल गरी व्याख्या गर्न लगाउनुहोस् ।

●विद्यार्थीहरूले तयार पारेका नमुना व्याख्या सुनाउन लगाई आवश्यक छलफल गरी व्याख्या लेखनका बारेमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

●शिक्षकले तयार पारेको बुँदासूची फलाटिन पाटीमा टाँसी सोही बुँदाका आधारमा तयार पारिएको व्याख्या सूची पनि देखाउनुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा थप जानकारी दिनुहोस् ।

●विद्यार्थीले छनोट गरेका मध्ये कुनै एक विशिष्ट हरफ दिई प्रत्येक विद्यार्थीलाई व्याख्या गरी लेख्न लगाउनुहोस् र परीक्षण गरी आवश्यकतानुसार सुझाव दिनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- विद्यार्थीहरूलाई कुनै एउटा हरफ दिई व्याख्या गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई पाठको अभ्यास ४ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : आठौँ

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : व्याकरण (विशेषण, पदयोग र पद वियोग)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**पाठ्यवस्तु :**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) विशेषण शब्दको पहिचान गर्न ।

(ख) पदयोग र पदवियोग गरी शुद्धसँग लेख्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दपत्ती, शब्दसूची, अनुच्छेद, पदयोग र पद वियोग भएका शब्दहरूको शब्दपत्ती, गोजी तालिका र फलाटिन पाटी–।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- तिमीहरूको झोला कस्तो कस्तो रङको छ भनी प्रश्न गर्दै पाठप्रति विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र समूहमा छलफल गरी आआफ्नो समूहमा रहेका साथीका कलमका रङ लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र ती शब्द विशेषण भएको जानकारी गराउनुहोस् ।
- शिक्षकले निम्न लिखित प्रश्न शैक्षणिक पाटीमा लेखिदिई प्रत्येक विद्यार्थीलाई छुट्टाछुट्टै रूपमा लेख्न लगाउनुहोस् :

तिमी कति कक्षामा पढ्छौ ?

तिम्रो घर कुन हो ?

तिम्री बहिनी कस्ती छे ?

- विद्यार्थीले तयार पारेका प्रश्नका उत्तर शैक्षणिक पाटीमा टिपी तिनै उत्तरलाई उदाहरण दिदै कति, कस्तो, कस्ता, कस्ती, कत्रो, कसको जस्ता प्रश्नको उत्तरमा आउने शब्द विशेषण भएको जानकारी गराई शिक्षकले तयार पारेको विशेषण शब्दहरू प्रयोग भएको अनुच्छेद फलाटिन

पाटीमा टाँसी विशेषण शब्द छुट्याउन लगाई परीक्षण गरेर आवश्यक पृष्ठपोषण दिनुहोस् र यसरी नै विशेषण शब्दको थप अभ्यास गराउनुहोस् ।

- शिक्षकले पदयोग र पद वियोग भएका शब्दहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई समूहगत रूपमा छलफल गरी पदयोग र पदवियोग भएका शब्दहरू छुट्याउन लगाउनुहोस् र आवश्यक छलफल गराई पदहरूलाई एउटै डिकोमा राखिनेलाई पदयोग र पदहरूलाई फरक डिकोमा राखिने प्रलाई पद वियोग भनिने कुरा जानकारी गराउनुहोस् ।
- विद्यार्थीलाई पदयोग र पदवियोग भएका शब्दहरू पाठबाट टिप्न लगाई तिनैलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै विभक्ति चिह्न (ले, लाई, बाट, देखि, मा, माथि), नामयोगी (साग, सित, तिर, तर्फ, अनुसार, बमोजिम ) आदिको पदयोग हुने र विभक्ति पछि आउने शब्द, निपात, संयोजक आदि पद वियोग गरी लेखिने कुरा जानकारी गराउनुहोस् र यस्तै प्रकृतिका पदयोग र पद वियोग हुने शब्दहरू दिई थप अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

(क) विद्यार्थीहरूलाई पाठको दोस्रो अनुच्छेदबाट विशेषण शब्द खोजी लेख्न लगाउनु होस् ।

(ख) निम्न लिखित शब्दहरू दिई पदयोग र पद वियोग गरी शुद्ध रूप लेख्न लगाउनु होस् :

घर तिर, न बस, आमाकालागि, रामरश्याम, आऊहै, गएकोछ ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई अभ्यास ९ र १६ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : नवौँ

**पाठ शीर्षक : प्रकृतिको सुन्दर स्थल: खप्तड**

**पाठ्यवस्तु : निबन्ध लेखन**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) विभिन्न विषयमा निबन्ध लेख्नका लागि उपयुक्त बुदा टिपोट गर्न ।

(ख) विभिन्न विषयमा निबन्ध लेख्न ।

२. शैक्षिक सामग्री :

(क) बुँदासूची, निबन्धको नमूना, र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पूर्व पाठको स्मरण गराउँदै विद्यार्थीहरूलाई रोचक चित्र देखाएर वर्णन गर्न लगाई पाठप्रति अभिप्रेरणा जगाउदै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विभिन्न समूहलाई समूहगत रूपमा छलफल गराई वस्तु तथा चित्रको लिखित वर्णन, घटना तथा अनुभवको लिखित वर्णन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूको स्तर अनुसारका शीर्षक दिई निबन्ध लेखनका लागि उपयुक्त बुँदाहरू समूहमा छलफल गरी टिप्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका बुँदाहरू एक आपसमा साटासाट गरी तिनै बुँदाका आधारमा समूहगत रूपमा छलफल गरी समूहगत रूपमा निबन्ध लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले तयार पारेको निबन्ध प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिँदै निबन्धको ढाँचाबारे जानकारी गराउनुहोस् ।
- शिक्षकले तयार पारेका बुँदासूची र तिनै बुँदाका आधारमा शिक्षकले तयार पारेको नमुना निबन्ध देखाई सोही अनुसारको ढाँचामा विभिन्न शीर्षकमा स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- सिर्जनात्मक अभ्यासमा दिइएको प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- विद्यार्थीहरूलाई शीर्षक दिई निबन्ध लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

पाठ - ९

**पाठ शीर्षक : साथीलाई चिठी** **विधा : चिठी**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | चिठी लेखन अभ्यास | १ |
| ५. | शब्द भण्डार | १ |
| ६. | कार्यमूलक व्याकरण (अज्ञात भूत पक्ष) | १ |
| ७. | सिर्जनात्मक कार्य (जन्म दिनको शुभकामना पत्र) | १ |
| जम्मा | | ७ |

**दिन : पहिलो**

**पाठ शीर्षक : साथीलाई चिठी**
**पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण** **समय : ४५ मिनेट**
**लक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) चिठीका अनुच्छेदहरूलाई भावानुकूल सस्वर वाचन गर्न ।
(ख) चिठीमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न । लक्षित शब्द: सङ्ग्रालय, स्वयम्भू, अस्थिपञ्चर, स्तनधारी, स्थलचर, चर्मशिल्प, अस्ट्रिज, मेरुदण्डीय, तेर्स्याएको , आदि ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र शब्दपत्ती ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

DRAFT

- शिक्षकले चिठीको महत्त्वबारे लघु प्रवचन दिई उत्प्रेरणा जगाउनुहोस् ।
- आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुलाई मुख्य शीर्षकको रूपमा शैक्षणिक पाटीमा लेखी विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सबभन्दा पहिले भावानुकूल पठन गर्ने तरिकाबारे छलफल गराई चिठीको कुनै एउटा अनुच्छेद आदर्श वाचन गरी सुनाउनुहोस् । विद्यार्थीलाई पालैपालो एकएक अनुच्छेद भावानुकूल शुद्धसँग सस्वर वाचन निर्देशन दिनुहोस् र बाँकी विद्यार्थीलाई साथीले वाचन गर्दा भावानुकूल वाचन भए नभएको र शब्दहरूलाई शुद्धसँग उच्चारण गरे नगरेको ध्यानपूर्वक सुनी र गल्ती हुनासाथ रोकेर सच्याउन निर्देशन दिनुहोस् ।
- विद्याथीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै विद्यार्थीको उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले पनि टिपोट गर्दै जानुहोस् ।
- चिठीका सबै अनुच्छेदको भावानुकूल सस्वरवाचन अभ्यास गराई सकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका थप शब्दहरू विद्यार्थीहरूबाट माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्याथीलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा त्यसपछि आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती गोजीतालिकाबाट प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।
- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुर्‍याउनुहोस् ।

४. मूल्याङ्कन :

- मूल्याङ्कनका लागि विद्यार्थीहरूलाई चिठीमा प्रयुक्त पाँच पाँच वाक्यहरूलाई भावानुकूल पढ्न लगाउनुहोस् ।
- तातो कुर्सी खेल विधिको प्रयोग गरी विदार्थीको शुद्ध उच्चारण सम्बन्धी मूल्याङ्कन गर्नुहोस् । खेलका लागि शब्दहरू : सङ्ग्रहालय, स्वयम्भू, अस्थिपञ्चर, स्तनधारी, स्थलचर, चर्मशिल्प, अस्ट्रिज, मेरुदण्डीय, तेर्स्याएको ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण प्रदान गरी कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ११, १२ र १३ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक: साथीलाई चिठी**
**पाठ्यवस्तु: शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**
**लक्षित सिप विकास : शब्दभण्डार र प्रयोग**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन ।
लक्षित शब्द : सङ्ग्रहालय, स्वयम्भू, अस्थिपञ्चर, स्तनधारी, स्थलचर, चर्मशिल्प, अस्ट्रिज, मेरुदण्डीय, दुर्लभ, मांसाहारी, उभयचर, डाइनोसर ।
(ख) माथिका नयाा शब्दहरू प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :
(क) गोजीतालिका , शब्द र अर्थ पत्ती , वाक्य पत्ती र एउटा कुर्सी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावलीबाट अनुमान विधिका माध्यमबाट विद्यार्थीमा उत्प्रेरणा जागृत गराउनुहोस् ।
- आजको घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई पाठ्यवस्तुको जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- गत गृहकार्यमा सङ्कलित शब्दह तथा अन्य अर्थ बोध गर्न कठिन लागेका नयाा शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीबाट टिपिएका नयाा शब्दहरूको माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिको प्रयोग गरी अर्थबोध गराउनुहोस् र विद्यार्थीहरूलाई आआफ्नो कापीमा समेत टिपोट गर्न लगाउनुहोस् ।
- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै गर्नुहोस् र त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण गर्न विद्यर्थीहरूलाई ३-३ समूहमा विभाजन गरी यताउति हिँड्दै अन्तरक्रिया गर्दै नयाा वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतीकरण गरेको वाक्य मिल्योमिलेन सोधी मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक परेमा सुधारात्मक सुझाव दिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न लिखित शब्दहरूको अर्थ एकल रूपमा विद्यार्थीहरूलाई सोध्नुहोस्
  शब्दहरू: सङ्ग्रालय, स्वयम्भू, अस्थिपञ्चर, स्तनधारी, स्थलचर, चर्मशिल्प ।

- कँही विद्यार्थीहरूलाई पालैपालो उठाई निम्न लिखित शब्दहरूलाई प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गरेर कक्षामा भन्न लगाउनुहोस् :
  शब्दहरू: अस्ट्रिज, मेरुदण्डीय, दुर्लभ, मांसाहारी, उभयचर, डाइनोसर ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ६, ७ र ८ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : साथीलाई चिठी**
**पाठ्यवस्तु : पठन बोध** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट सोधिएका निम्न लिखित प्रश्नहरूको उत्तर लेखेर भन्न :
प्रश्नहरू:
(क) सङ्ग्रहालयमा के के राखिएका रहेछन् ?
(ख) मांसाहारी जन्तुहरू कुन कुन हुन् ?
(ग) कस्ता जन्तुलाई स्तनधारी भनिन्छ ?
(घ) मेरुदण्ड भनेको के हो ?
(ङ) मेरुदण्डीय प्राणीमा के के पर्दछन् ?

२. शैक्षिक सामग्री :
(क) न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको प्रश्न सूची

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- जानेको, जान्न चाहेको र सिकेको विधिको प्रयोग गरी विद्यार्थीलाई आफ्नो कापीमा तिन कोलम बनाई लेख्न लगाई उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा गरिने विषयवस्तुको प्रस्तुतीकरण गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले लगेको प्रश्नसूची भित्तमा टाँस्नुहोस् र विद्यार्थीहरूलाई भित्तामा टाासिएको प्रश्नहरूको उत्तर खोजी गर्ने उद्देश्य लिएर १० मिनेटको समय दिई सस्वर वाचन गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले पढे नपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् र सिकाइमा पछिपरेका विद्यार्थी समूहमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- पढ्ने समय समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले बढीमा तिन तिन जनाको समूहमा विभाजन गरी उक्त समूहले मौलिक भाषामा छोटो,मिठो र स्पष्ट रूपमा उल्लिखित प्रश्नहरूका उत्तर लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् । आवश्यकता परेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर भनेर र लेखेर समेत नमुना उत्तर समेत प्रस्तुत गर्नुहोस् । विद्यार्थीले

DRAFT

समूहकार्य गर्दा समान सहभागिता भएन भएको ख्याल गर्नुहोस्  र अलमलमा परेको व्यक्ति वा समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूहकार्यको समय समाप्त भएपछि  विद्यार्थी  समूहबाट निर्मित  उत्तरलाई पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहले प्रस्तुतीकरण गर्दा बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थी समूहले सम्पन्न गरेका क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- उद्देश्यमा लिखित माथिकै प्रश्नहरू विद्यार्थीहरूलाई एकल रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. सिर्जनात्मक कार्य  :

- पाठ्य पुस्तकको अभ्यास नं. ३ का प्रश्नहरूको उत्तर  लेखेर  ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : साथीलाई चिठी**
**पाठ्यवस्तु : चिठी लेखन अभ्यास** **समय : ४५ मिनेट**
**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) घरायसी चिठीका मुख्य भागहरूबारे परिचित हुन ।
(ख) घरायसी चिठी लेख्न ।

२. शैक्षिक सामग्री :

(क) घरायसी चिठीको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- मष्तिष्क मन्थनसम्बन्धी कुनै प्रश्न सोधी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आज गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा लेखी विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले लगेको घरायसी चिठीको नमुना फलाटिन पाटीमा टाँसी प्रदर्शन गर्नुहोस् र त्यस चिठीका मुख्य औपचारिक भागहरूका विषयमा आधारित भएर प्रश्नोत्तर क्रियाकलाप गराउनुहोस् । त्यसपछि छलफल विधिबाट एउटा राम्रो घरायसी चिठीमा हुनुपर्ने मुख्य भागहरू र त्यसलाई कुन कुन ठाउँमा लेख्नुपर्ने बारेमा लघु प्रवचन दिई थप स्पष्ट पार्नुहोस् ।
- पाठ्य पुस्तकको अभ्यास खण्डको प्रश्न नं. ४ र ५ मध्ये कुनै एक मन परेको विषयमा १५ मिनेटको समय दिई चिठी लैखनका लागि निर्देशन दिनुहोस् । विद्यार्थीहरूले चिठी लेख्दै गरेको समयमा अलमलमा परेका विद्यार्थीहरू समक्ष पुगी आवश्यक सहजीकरण गर्नुहोस्।
- चिठी लेखनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई दुई जनाको बिचमा एक आपसमा चिठी साटासाट (एबष्च बलम क्जबचभ) गरी चिठीका औपचारिक भागहरू मिलेनमिलेको हेरी सच्याउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भए नभएको ख्याल गर्नुहोस् र अलमलमा परेको व्यक्ति वा समूहमा पुगी आवस्यक सहजीकरण गर्नुहोस् ।

DRAFT

- सच्याउने कार्य सम्पन्न भएपछि ती सच्याइएका चिठीहरू भित्ता वा प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् ।

  विधिबाट हरेक विद्यार्थीले अध्ययन गर्ने र नमिलेको भए आवश्यक ठाउँमा सच्याउनका लागि सम्बन्धित साथीलाई सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

(क) विद्यार्थीहरूलाई एकल रूपमा निम्नलिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

- घरायसी चिठी भनेको के हो ?
- घरायसी चिठीका मुख्य भागहरू कुन कुन हुन् ?
- घरायसी चिठी लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्दछ ?

(ख) विषय दिई चिठी लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- आफ्नो विद्यालयको पठनपाठन तथा गतिविधिको वर्णन गर्दै अर्को विद्यालयमा पढ्ने साथीलाई चिठी लेख्नुहोस् ।

DRAFT

## दिन : पाँचौँ

**पाठ शीर्षक : साथीलाई चिठी** :
**पाठ्यवस्तु : शब्दभण्डार** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) समावेश्य शब्दको पहिचान गर्न,
(ख) "आलय" प्रत्यय लगाई व्युत्पन्न शब्दको निर्माण गर्न ।

२. शैक्षिक सामग्री :
क. शब्दसूची, शब्दपत्ती, गोजीतालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरू मध्येबाट कुनै प्रतिभा प्रदर्शन गर्ने मौका दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शीर्षकको रूपमा शैक्षणिक पाटीमा लेखी विषयवस्तुको बारेमा सङ्क्षिप्त जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले लगेको कुनै एउटा शब्दको अन्य समावेश्य शब्दहरूको सूची प्रदर्शन गर्नुहोस र तिनीहरूका बिचमा हुने आपसी सम्बन्धका बारेमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूको छलफलबाट आएको अभिमतलाई कदर गर्दै समावेश्य शब्दको परिचयलाई थप उदाहरणसहित स्पष्ट पार्नुहोस् ।
- १५ मिनेटको समय दिई पाठ्यपुस्तकको अभ्यासको प्रश्न नं. ६ लाई कक्षा कार्यको रूपमा सबै विद्यार्थीलाई गर्नको लागि निर्देशन दिनुहोस् ।
- विद्यार्थीले कक्षा कार्य गरेको अवलोकन गर्दै जानुहोस् र सिकाइमा पछिपरेका विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले कक्षा कार्य सम्पन्न भएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- दोस्रो चरणमा विद्यार्थीहरूलाई १० मिनेटको समय दिई पाठ्य पुस्तकको अभ्यासको प्रश्न नं. ७ को कार्य गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र विद्यार्थीले कक्षा कार्य गर्दा सबै विद्यार्थीहरूलाई ध्यान दिनुहोस् र अलमलमा परेको स्थानमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

DRAFT

- कक्षा कार्यको समय समाप्त भएपछि विद्यार्थीबाट प्रश्नको उत्तर पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । एउटाले प्रस्तुतीकरण गर्दा बाँकी विद्यार्थीहरूलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूको क्रियाकलाप सम्पन्न भएपछि शिक्षकले **आलय** लागेका थप व्युत्पन्न शब्दहरू प्रदर्शन गरी त्यसलाई प्रकृति र प्रत्यय छुट्याउन लगाउने अभ्यास गराउनुहोस् र त्यस्तै खालका अन्य शब्दहरू सोच्न लगाई प्रस्तुत गर्ने मौका प्रदान गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :
  (क) नदी, बिरुवा, कन्दमूल आदि शब्दहरूका कुनै तिन तिन ओटा समावेश्य शब्दहरू भन्नुहोस् ।
  (ख) आलय प्रत्यय लागेका कुनै तिन ओटा शब्दहरू भन्नुहोस् ।

५. गृहकार्य :

- पाठ्य पुस्तकको अभ्यासको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : साथीलाई चिठी**
**पाठ्यवस्तु : अज्ञात भूत पक्ष** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) अज्ञात भूत पक्षको पहिचान गर्न ।
(ख) अज्ञात भूत पक्षका क्रियापदको प्रयोग गरी कुराकानी गर्न ।

२. शैक्षिक सामग्री :

(क) अज्ञात भूतकालीन क्रियापदहरू भएको अनुच्छेद, वाक्यपत्ती, गोजीतालिका र पाठ्य पुस्तक ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :
(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरू मध्येबाट कुनै प्रतिभा प्रदर्शन गर्ने मौका दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शीर्षकको रूपमा शैक्षणिक पाटीमा लेखी विषयवस्तुको बारेमा सङ्क्षिप्त जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले लगेको एकातिर सामान्य भूतकालीन क्रियापद भएको र अर्कातिर अज्ञात भूत पक्षका क्रियापदहरू भएको टि चार्ट प्रदर्शन गरी पालैपालो विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् र तिनीहरूका बिचमा हुने आपसी भिन्नताका बारेमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूको छलफलबाट आएको अभिमतलाई कदर गर्दै अज्ञात भूत पक्षका क्रियापदको परिचय दिनुहोस् ।
- त्यसपछि अज्ञात भूतकालीन त्रियापदको प्रयोग गरी आफ्नै परिकल्पना वा सपनामा देखेका कुराहरूलाई वर्णन गरेको वाक्यपत्तीहरू प्रदर्शन गर्दै सुनाउने काम पनि गर्नुहोस् । त्यसपछि पालैपालो विद्यार्थीलाई पनि उनीहरूले राती सुतेको समयमा देखेको सपनाका कुराहरूलाई अज्ञात भूत पक्षमा वर्णन गर्न प्रोत्साहित गर्नुहोस् ।
- साथीले भनेको कुरालाई राम्ररी सुनेर मिले नमिलेको मूल्याङ्कन बाँकी विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- विद्यार्थीहरूलाई १० मिनेटको समय दिई पाठ्य पुस्तकको अभ्यासको प्रश्न नं.१६ को काम गर्न निर्देशन दिनुहोस् र कक्षा कार्य गर्दा सबै विद्यार्थीहरूलाई ध्यान दिनुहोस् र अलमलमा परेको स्थानमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।
- कक्षा कार्यको समय समाप्त भएपछि विद्यार्थीबाट प्रश्नको उत्तर पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । एउटाले प्रस्तुतीकरण गर्दा बााकी विद्यार्थीहरूलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले त्यस घन्टीमा सम्पन्न गरेका क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक भएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्नलिखित प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :
  (क) अज्ञात भूत पक्षका क्रियापद लागेका कुनै तिन शब्दहरू भन्नुहोस् ।
  (ख) अज्ञात भूत पक्षमा कुनै तिन क्रियापदको भन्नुहोस् ।

५. गृहकार्य :

- आफूले देखेको सपनालाई आधार मानी अज्ञात भूत पक्षका कुनै पााच कुराहरू लेखेर ल्याउनुहोस् र भोलिको कक्षामा सुनाउनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : साथीलाई चिठी**
**पाठ्यवस्तु : जन्म दिनको शुभकामना लेखन** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : सिर्जजनत्मक कार्य**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :
(क) आफ्नो साथीलाई जन्म दिनको शुभकामना पत्र लेख्न ।

२. शैक्षिक सामग्री :
(क) जन्म दिनको शुभकामना पत्रको नमुना, सादा कागज र रंगीन पेन्सिलहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिन विद्यार्थीहरूले गरेको गृहकार्य विदयार्थीहरूलाई प्रस्तुतीकरण गर्ने मौका प्रदान गरेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शीर्षकको रूपमा शैक्षणिक पाटीमा लेखी सो विषयवस्तुको महत्त्वका बारेमा लघु प्रवचन दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शिक्षकले आफूले लगेको आफ्नो साथीलाई लेखेको जन्म दिनको शुभकामना कार्ड नमुनाको रूपमा प्रदर्शन गर्नुहोस् र लेख्ने तरिकाबारे छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूको छलफलबाट आएको अभिमतलाई कदर गर्दै जन्म दिनको शुभकामना लेख्ने तरिकाबारे थप स्पष्ट पार्नुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र आफ्नो साथीको जन्म दिन सोध्न लगाई एक अर्काले शुभकामना पत्र (कार्ड) लेख्नका लागि आवश्यक फोटोकपी पेपर वा सादा कागज र रङ्गीन सिसाकलम वितरण गर्नुहोस् । थप नमुना आवश्यक भएका पाठ्य पुस्तकको सिर्जनात्मक अभ्यास खण्डमा हेर्न सकिने विकल्प पनि दिनुहोस् । विद्यार्थीले कार्य गर्दै रहेको अवस्थामा आवश्यक स्थानमा पुगी सहजीकरण गर्नुहोस् ।
- कक्षा कार्यको समय समाप्त भएपछि विद्यार्थीबाट तयार गरिएको जन्म दिनको शुभकामना पत्र एक आपसमा आदानप्रदान कार्यक्रम सञ्चालन गर्नुहोस् । पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । एउटाले प्रस्तुतीकरण गर्दा बाँकी विद्यार्थीहरूलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- अन्त्यमा विद्यार्थीहरूले त्यस घन्टीमा सम्पन्न गरेका क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक भएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :
    - आफ्नो साथीलाई जन्म दिनको शुभकामना दिँदा के फाइदा हुन्छ ?
    - जन्म दिनको शुभकामना पत्र लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्दछ ?

५. परियोजना कार्य :

- जन्मोत्सवको शुभकामना पत्र लेखी प्रर्दशन गर्नुहास् :
  शिक्षकका लागि तथ सामग्री

  घरायसी चिठीको नमुना

१. ठेगाना :
२. मिति :

३.सम्बोधन
४.अभिवादन
५. सन्चो बिसन्चो खबर र पत्र लेख्नुको कारण/विषय उठान...
६. चिठीको पेटबोली ..................................................
.......................................................................................................................
.......................................................
७.समापन ....
८. नाता..........
९.नाम

१० खामको नमुना

घरायसी चिठी लेख्दा कसलाई के सम्बोधन गर्ने :

१) आमा/बुबा - पूजनीय....
सादर ढोग
२) हजुरबाबा/आमा - पूजनीय
सादर ढोग
३) काका/काकी - आदरणीय
सादर ढोग
४) मामा/माइजु - आदरणीय
सादर नमस्कार

DRAFT

| | |
|---|---|
| ५) दाजु/दिदी | - आदरणीय<br>सादर प्रणाम |
| ६) साथी | - प्रिय/ प्यारो<br>नमस्कार |
| ७) भाइ/ बहिनी | - प्यारो/प्यारी<br>शुभाशिर्वाद |

* समावेशक शब्द — समावेश्य शब्द

| समावेशक शब्द | समावेश्य शब्द |
|---|---|
| फुल | गुलाब, चमेली, जाई, बेली, सयपत्री |
| नदी | त्रिशूली, सेती, सुनकोसी, गण्डकी, वागमती |
| पहाड | चन्द्रागिरि, शिवपुरि, फुलचोकी, अन्तु |
| रूख | पिपल, वर, सिमल |

**पाठ - १०**

**पाठ शीर्षक : सुन उगेल्ने भाले** **विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | श्रुति लेखन | १ |
| ४. | पठन बोध (सङ्क्षिप्त उत्तर) | १ |
| ५. | व्याख्या/भाव विस्तार | २ |
| ६. | व्याकरण (अपूर्ण भूत, वर्तमान, भविष्यत् पक्ष | १ |
| ७. | परियोजना कार्य ( कथा कथन र लेखन) | १ |
| | जम्मा | ७ |

**दिन : पहिलो**

DRAFT

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोचारण** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका अनुच्छेदहरूको सस्वर वाचन गर्न ।

(ख) कथामा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलापप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम पाठ्यवस्तुमा आधारित भई कथाको सार बताइदिनुहोस् । कथाका विषयमा केही प्रश्नहरू
  सोधी विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

(क) 'सुन उगेल्ने भाले' पाठमा निर्धातिर अनुच्छेद पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि पढ्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले सस्वर वाचन गर्दा राम्ररी सुनेर र मूल्याङ्कन समेत गर्नुहोस् । गल्ती भएका ठाउँमा आफैँले शुद्ध उच्चारण गरी सबैले सुन्ने गरी वाचन गर्नुहोस् ।

(ग) कक्षाका सबै विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनुहोस् । विशेष सिकाइ क्षमता भएका विद्यार्थीलाई उनीहरूको प्रकृति अनुसार आवश्यक अभ्यास गराउनुहोस् । गति, यति उच्चारण मिलाई पढे नपढेको विचार गरी उनीहरूका गल्तीलाई सच्याउन लगाउनुहोस् ।

(घ) शब्दपत्ती र अर्थपत्ती फलाटिन पाटीएमा प्रदर्शन गरी पटकपटक अभ्यास गराउनुहोस् अनि विद्यार्थीहरूलाई थप अभ्यास गराउनुहोस् ।

(ङ) अभ्यास १० लाई कक्षाकार्य गर्न निर्देशन दिनुहोस् ।

४. मूल्याङ्कन :

- निर्दिष्ट कथाको गति, यति र हाउभाउ मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं.१२ को कार्यकलाप गर्न निर्देश गर्नुहोस् ।

DRAFT

DRAFT

दिन : दोस्रो

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ बताउन ।

(ख) पाठमा प्रयोग भएका नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) नयाँ शब्दहरूको सूची, शब्दपत्ति, वाक्यपत्ति, शब्दकोष, गोजी तालिका, फलाटिन बोर्ड आदि ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलई पाठको कुनै अनुच्छेद द्रुत पठन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सुरुमा विद्यार्थीलाई सुन उगेल्ने भालेमा पाठमा निर्दिष्ट अनुच्छेदको मौन वाचन गराउनुहोस् ।
- मौन वाचनका क्रममा विद्यार्थीहरूलाई नयाँ लागेका शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् ।
- नयाँ र कठिन शब्दको रेखाङ्कन गर्दा पुस्तकमै दिइएका अर्थ हेर्न पनि लगाउनुहोस् ।
- विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दको अर्थ सर्वप्रथम विद्यार्थीलाई नै सोध्नुहोस् । उनीहरूले नजानेमा शब्दकोष पनि हेर्न प्रेरित गर्नुहोस् ।शब्दकोशमा अर्थ तरिका बताई दिनुहोस् । शब्दार्थ शिक्षणका लागि चित्र, वस्तु, अभिनय आदि उपयुक्त विधि र शब्दपत्तिको प्रयोग गर्नुहोस् । अन्त्यमा आफूले निचोड निकाली बताइदिनुहोस् ।
- टिपोट गर्न छुटेका अन्य शब्द भए तिनलाई आफैँ पनि टिपिदिनुहोस् ।
- टिपोट गरिएका शब्दसूचीका शब्दलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्य निर्माणमा समस्या आए समाधान समेत गरिदिनुहोस् र थप अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूको समूह बनाई सम्बद्ध सामग्रीको प्रयोग गरी प्रतियोगितात्मक क्रियाकलाप सञ्चालन गरी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

(क) केही नयाँ शब्द दिई तिनको अर्थ बनाउन लगाउनुहोस् ।

DRAFT

(ख) केही नयाँ शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) अभ्यासको प्रश्न नं १० को उत्तर मौखिक रूपमा भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- प्रश्न नं. ७, ८ र ९ को अभ्यास गर्न निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : श्रुति लेखन** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : सुनाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सुनेका शब्दहरू आफ्ना अभ्यास पुस्तिकामा उतार्न ।

(ख) श्रुतिलेखन गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) शुद्ध र अशुद्ध शब्दहरूको सूची र गोजी तालिका ।

(ख) श्रुतिलेखनको अनुच्छेद

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद द्रुत लेखन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई एकआपसमा १/१ शब्द भन्न लगाई अरुलाई आआफ्नो कापीमा लेख्न लगाउनुहोस् । यसरी लेखेका शब्द के कसरी लेखेका छन् भनी अवलोकन गर्न लगाई आफूले शैक्षणिक पाटीमा शुद्ध रूपमा लेखिदिनुहोस् ।
- विद्यार्थीले गरेका त्रुटिका बारेमा जानकारी प्राप्त गरी विद्यार्थीले लेखेका ती शब्दहरूको अशुद्ध रूप सच्याएर पुनः लेखन गराउनुहोस् ।
- पाठका विभिन्न शब्दहरू भनी विद्यार्थीलाई श्रुति लेखन गराउनुहोस् । त्यसपछि तिनको शुद्ध रूप शैक्षणिक पाटीमा लेखी एक अर्काको कापी साटासाट गरी शुद्ध अशुद्ध प्रयोगका बारेमा हेर्न लगाउनुहोस् । विद्यार्थीले लेखेका अशुद्ध प्रयोगका बारेमा हेर्न लगाउनुहोस् । विद्यार्थीले लेखेका अशुद्ध रूपलाई सच्याउन लगाउनुहोस् ।
- आफूले तयार पारी लगेको अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- पाठको कुनै एक अनुच्छेद श्रुति लेखन गराउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- पाठका कुनै तिन अनुच्छेदहरू अनु लेखन गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

दिन : चौथो

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : पठन बोध** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूको बोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन ।

(ख) पाठका अभयस खण्डमा सोधिएका प्रश्नहरू र सङ्क्षिप्त उत्तरात्मक उत्तर दिन ।

२. शिक्षण सिकाइ सामग्री :

(क) प्रश्नको सूची , फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद द्रुत पठन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठका निर्धारित अनुच्छेदहरू मौन पठन गर्न लगाउनुहोस् ।
- पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू शैक्षणिक पाटीमा प्रस्तुत गरी विद्यार्थीहरूलाई उत्तर दिन लगाउनुहोस् ।
- कुनै प्रश्नमा आधारित भई उत्तर लेखनबारे विद्यार्थीमा छलफल गराउनुहोस् । आवश्यकता अनुसार व्याख्यान विधिको समेत प्रयोग गर्नहोस् ।
- प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएको प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र उपयुक्त उत्तर नआएमा आफैँले बताई दोहोऱ्याउन लगाउनुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- अनुच्छेद दुईबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासका प्रश्न नं. १ र ३ का प्रश्नहरू अभ्यास गराउनुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : भाव विस्तार** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) पाठमा प्रयुक्त विशिष्ट पङ्क्तिहरू, भाव विस्तारको नमुना फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई कथा कथन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- प्रस्तुत पाठबाट विशिष्ट अंश वा पङ्क्तिहरू छानी तिनको व्याख्याका लागि उपयुक्त समूह गठन गरी छलफल गर्न निर्देशन दिनुहोस् ।
- कुनै एक विशिष्ट पङ्क्तिको नमुना व्याख्या/भाव विस्तार प्रस्तुत मौखिक रूपमा गर्नुहोस् र विद्यार्थीहरूलाई व्याख्या गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलई समूहमा विभाजन गरी व्याख्या गर्न लगाउनुहोस् ।
- समूहबाट तयारी व्याख्यालाई कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यक बुँदा थप्न र आवश्यक बुँदा झिक्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उत्कृष्ट लेखाइलाई पुन: एकपटक वाचन गरि सुनाउन लगाउनुहोस् ।

४. मूल्याङ्कन

- पाठका विशिष्ट पङ्क्ति दिई व्याख्या/भाव विस्तार गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ४ को उत्तर लेखेर ल्याउन लगाउनुहोस् । जाँचेर दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : व्याकरण (अपूर्ण भूत, वर्तमान, भविष्यत् पक्ष र क्रियायोगी पहिचान)**
**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) अपूर्ण भूत, वर्तमान र भविष्यत्कालीन क्रियापदको पहिचान गर्न ।

(ख) अपूर्ण भूत, वर्तमान र भविष्यत्कालीन क्रियापदको प्रयोग गरी वाक्य निर्माण गर्न ।

(ग) योगी पहिचान गरी त्यसको प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

(क) अपूर्ण भूत, वर्तमान र भविष्यत्कालीन वाक्यहरूको चार्ट ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलई पाठको कुनै अनुच्छेद द्रुत पठन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले चार्टको प्रयोग गरी अपूर्ण भूत, वर्तमान र भविष्यत् कालको प्रयोग भएका वाक्यहरू प्रस्तुत गर्नुहोस् र ती वाक्यहरूमा प्रयोग भएका पदहरूमा पाइने भिन्नताबारे छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गरी तिनै कालका वाक्यहरू बनाउन लगाउनुहोस् र विद्यार्थीहरूलाई उनीहरूबाट निर्मित वाक्यहरू पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गरी गल्ती देखिएमा सच्याउन पनि प्रोत्साहित गर्नुहोस् ।
- क्रियायोगी प्रयोग भएका वाक्यहरूको माध्यमबाट योगीका बारेमा प्रस्ट पारिदिनुहोस् ।
- क्रियायोगी प्रयोग भएका वाक्यहरू दिई योगी पहिचान गर्न लगाउनुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।
- सबैको सैद्धान्तिक परिभाषा पानि दिनुहोस् ।
- कहाँ, किन, कहिले, कसरी प्रश्नको उत्तर बनेर आउने शब्द क्रियायोगी हुने ।

४. मूल्याङ्कन :

DRAFT

- विद्यार्थीलाई अपूर्ण भूत, वर्तमान र भविष्यत् कालका एक एक ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासको प्र.नं. १६, १७, १८ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : सुन उगेल्ने भाले**
**पाठ्यवस्तु : कथा कथन र लेखन** **समय: ४५ मिनेट**
**लक्षित सिप विकास : सिर्जनात्मक कार्य**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) आफ्नो गाउा वा टोलमा प्रचलित लोक कथा भन्न र लेख्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) लोक कथाका नमुनाहरू, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेद द्रुत लेखन प्रतियोगिता सञ्चालन गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज अध्ययन गरिने विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- आफूले लगेको लोक कथाका नमुना प्रस्तुत गर्नुहोस् ।
- आफ्नो समुदायमा प्रचलित लोक कथाहरूबारे छलफल पनि गराउनुहोस् ।
- नमुनाको रूपमा लोककथा सुनाइदिनुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी आफ्ना वरपर प्रचलित लोक कथा लेख्नका लागि निर्देशन दिनुहोस् ।
- समूहगत रूपमा सङ्कलित लोक कथाहरू क्रमैसँग प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीको कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- पाठको अभ्यासको प्रश्न नं. २१ को उत्तर मौखिक रूपमा भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- घरका अभिभावकहरू वा अन्य अग्रजसँग कुनै एक लोक कथा सोधी लेखी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. कथा विधा परिचय :

कथा गद्य र पाठ्य विधा हो । यो जीवन्त र रोचक घटनासाग सम्बन्धित आफैँमा पूर्ण रचना पनि हो । यसले पाठकको मानसिक, समाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पार्छ । मिानिसको सुख, दु:ख, हाँसो, रोदन, जीवनका उकाली, ओराली, समस्या आदि पक्षलाई कथामा रोक ढङ्गले प्रस्तुत गरिएको हुन्छ ।

कथा शिक्षणबाट विद्यार्थीले भाषिक सिपका साथै मनोरन्जन प्राप्त गर्छ । यसले विद्यार्थीमा उत्सुकता, कल्पनाशीलता पनि विकास गराउँछ । कथा विधाको माध्यमले भाषा सिकाउँदा क्रमबद्ध रूपले घटना मिलान गर्न सक्ने, विचार गर्न सक्ने, शब्द भण्डार विकाकास गर्न सक्ने, आख्यानात्मक कल्पना गर्न सक्ने र भाषा प्रयोगलाई परिस्कृत गर्न सक्ने क्षमता विकसित हुने । यो विधा संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकासमा पनि उपयोगी हुन्छ ।

कथा शिक्षणका सन्दर्भमा द्रुत तथा गहन पाठ, कथा कथन, सारांश कथन, घटनाक्रम मिलान, कथा लेखन, शब्दको धारणा, भाव विस्तार जस्ता क्रियाकलाप गराउन सकिन्छ ।

२. कथा लेखन अभ्यास गराउनुहोस् :

कुनै एक गाउा.... सिकारी सिकारमा जङ्गलतिर निस्कनु...... दिनभरि भौतारिनु .... साँझतिर एउटा परेवा घाइते पारी समाउनु...... परेवाले सिकारीलाई आफूलाई छोडिदिए एककिलो सुन दिने बाचा गर्नु..... सिकारी लोभिएर परेवालाई छोड्नु.....परेवा उडेर रूखमा गई बस्नु...... सिकारीले परेवासँग सुन माग्नु...... आफैँ एक पाउ भोजन नहुनेले कहाँबाट ल्याउनु भन्नु.... सिकारी हिस्स पर्नु..... आपतकाल बेला बुद्धिले काम लिनुपर्छ भन्ने सन्देश ।

DRAFT

पाठ - ११

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड** **विधा : वाद विवाद**

## एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | हाउभाउसहित सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | वादविवाद कार्यक्रम योजना निर्माण | १ |
| ५. | वादविवाद कार्यक्रम आयोजना | १ |
| ६. | व्याकरण विशेषण र संयोजक | १ |
| ७. | व्याकरण (वर्णविन्यास अभ्यास) | १ |
| ८. | व्याकरण (संयोजक शब्द पहिचान) | १ |
| ९. | सिर्जनात्मक लेखन (वाद विवाद) | १ |
| जम्मा | | ९ |

DRAFT

### दिन : पहिलो

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वाद विवादलाई हाउभाउसहित सस्वर वाचन गर्न

(ख) पाठमा भएका नयाा शब्दहरूको शुद्धसँग उच्चारण गर्न

लक्षित शब्द: निर्णयक,सभाध्यक्ष,व्यवस्थापन,आत्मनिर्भरता,पर्यावरण,न्यूनतम,सामर्थ्य ,मन्तव्य

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका, र शब्दपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई नेताहरूले भाषण कसरी गर्ने गर्दछन् ? भन्ने प्रश्न दिई कुनै नेताले गरेको भाषणको भूमिका गर्न प्रोत्साहित गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य विषयवस्तुको बारेमा शैक्षणिक पाटीमा शीर्षक लेखी जानकारी दिनुहोस् ।

ख) मुख्य क्रियाकलाप:

- शिक्षकले सुरुमा वादविवाद पाठका कुनै दुई अनुच्छेद हाउभाउसहित शुद्धसँग आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् ।

- हाउभाउसहित शुद्धसँग आदर्श वाचन गरी सुनाउने उपयुक्त वातावरण निर्माणका लागि आवश्यक थप निर्देशनहरू दिनुहोस् ।

- विद्याथीलाई पालैपालो एक एक अनुच्छेद हाउभाउसहित शुद्धसँग सस्वर वाचन निर्देशन दिनुहोस् र बाँकी विद्यार्थीलाई साथीले हाउभाउ मिलाएनमिलाएको हेर्न र शब्दहरूलाई शुद्धसँग उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले गरेको निर्देशित कार्यकलापलाई राम्ररी अवलोकन गर्दै विद्यार्थीको हाउभाउका पक्ष र उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले टिपोट गर्दै जानुहोस् ।

- पाठका सबै अनुच्छेदको हाउभाउसहित शुद्धसँग उच्चारण गर्ने कार्य गराई सकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका थप शब्दहरू विद्यार्थीहरूबाट माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

- टिपिएका शब्दहरूको थप शुद्धोच्चारण गर्न पहिले विद्याथीलाई नै प्रोत्साहित गर्नुहोस् र आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती गोजीतालिकाबाट प्रदर्शन गरी शुद्ध उच्चारण गर्न आवश्यक अभ्यास गराउनुहोस् ।

- नेपाली दोस्रो भाषा र विशेष सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा संवेदनशील भई एक एक गरी थप अभ्यास गराई आवश्यक सहयोग पुऱ्याउनुहोस् ।

- अन्त्यमा उपयुक्त पृष्ठपोषण प्रदान गरी धन्यवादसहित मुख्य क्रियाकलापहरू समापन भएको जानकारी दिनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- निम्न लिखित प्रश्नहरू सोधी शुद्धो उच्चारण सम्बन्धी मूल्याङ्कन गर्नुहोस् :

  प्रश्नहरू:

  (क) पाठमा भएका विभिन्न पात्रमध्ये कुनै एक पात्रको घतलाग्दो भनाइलाई हाउभाउसहित पढेर कक्षामा सुनाउनुहोस् ।

  (ख) निम्न लिखित शब्दहरूको शुद्ध रूपमा उच्चारण गरी सुनाउनुहोस्:

  सभाध्यक्ष, व्यवस्थापन, आत्मनिर्भरता, पर्यावरण, सामर्थ्य , मन्तव्य ।

५. गृहकार्य :

- पाठको अध्ययन गरी आफूलाई नयाा लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन

लक्षित शब्द: निर्णायक, सभाध्यक्ष, व्यवस्थापन, आत्मनिर्भरता, पूर्ववक्ता, न्यूनतम, सामर्थ्य, मन्तव्य, आक्षेप, बेराजगार, पर्यावरण, नगदे बाली

(ख) माथिका शब्दहरू प्रयोग गरी अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न

२. शैक्षिक सामग्री

(क) गोजी तालिका , शब्दपत्ती , अर्थपत्ती, वाक्यपत्ती

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिनुहोस् । ३ मिनेटको समय दिई व्यक्तिगत रूपमा द्रुत लेखन गर्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई सम्मान गराउनुहोस् ।

● त्यस दिनको घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- गत गृहकार्यमा सङ्कलित शब्दहरू र अन्य अर्थ बोध गर्न कठिन लागेका नयाा शब्दहरूसमेत खोजी गरी विद्यार्थीको कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- उनीहरूलाई नयाा लागेका शब्दहरूको विद्यार्थीबाट माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- शैक्षणीक पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको सामग्री प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिबाट अर्थबोध गराई विद्यार्थीहरूलाई आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।

DRAFT

- शिक्षकले आफूले वाक्यमा प्रयोग गरेर लगेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् अन्तरक्रिया गर्दै  त्यस्तै प्रकृतिका नयाा वाक्यहरू निर्माण गर्न  प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- बाँकी विद्यार्थीहरूलाई मिल्यो/मिलेन भन्ने प्रश्न सोधी उनीहरूलाई नै मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले उपयुक्त निर्णय तथा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- तातो कुर्सी खेल खेलाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ६, ९, १० र ११ को उत्तरहरू घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)**

**पाठ्यवस्तु : पठन बोध** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : मौन पठन र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठको मौन वाचन गरी सोधिएका निम्न लिखित बोध प्रश्नहरूको उत्तर भन्न र लेख्न :

प्रश्नहरू:

(क) पाठमा कृषिमा जोड दिनुपर्ने तर्क कसको बढी राम्रो छ ? र किन ?

(ख) पाठमा उद्योगमा जोड दिनुपर्ने तर्क कसको बढी राम्रो छ ? र किन ?

(ग) नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो किन भनिएको हो ?

(घ) चित्रकला यादवको उद्योगले देशको मुहार चाँडै फेर्न सकिन्छ भन्ने विचार कुन कुन कारणले ठिक हो ?

(ङ) सञ्जय चौधरीका अनुसार नेपालमा कृषि विकासका लागि के कस्ता कामहरू गर्नुपर्छ ?

२. शैक्षिक सामग्री :

(क) न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको प्रश्न सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावलीबाट अनुमान विधिबाट विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले शैक्षिक सामग्रीको रूपमा निर्माण गरेको प्रश्नहरूको सूची भित्तामा टाँस्नुहोस् । विद्यार्थीहरूलाई वाद विवाद पाठलाई मौन वाचन गरी १५ मिनेटको समयभित्र भित्तामा टाँसिएका प्रश्नहरूका उत्तर खोजी गर्नुपर्ने र त्यसपछि किताब बन्द गरेर मौलिक शैलीमा उत्तर दिनुपर्ने नियमबारे सुसूचित गर्नुहोस् ।

- विद्यार्थीले पढे नपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् र सिकाइमा पछिपरेका विद्यार्थी समूहमा आवश्यक सहजीकरण गर्नुहोस् ।

- पढ्न तोकिएको समय समाप्त भएपछि किताब बन्द गर्न लगाउनुहोस् र विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गरी एउटा समूहले गोला प्रथाबाट परेको कुनै एक प्रश्नको मात्र १०

DRAFT

मिनेटभित्र उत्तर लेख्नुपर्ने नियम बताई गोलाप्रथा गराई दिनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भएनभएको अवलोकन गर्दै उत्तर लेख्ने सिलसिलामा अलमलमा परेको वा समस्या परेको समूहमा पुगी  आवश्यक सहजीकरण गर्नुहोस् ।

● समूह कार्यको समय समाप्त भएपछि विद्यार्थी  समूहबाट पालैपालो लेखिएका उत्तरहरू कक्षामा सुनाउन लगाउनुहोस्  एउटा समूहले प्रस्तुतीकरण गर्दा बााकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

● विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

● विद्यार्थीहरूलाई उद्देश्यमा उल्लिखित प्रश्नहरूको मौखिक उत्तर दिन लगाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

●वाद विवाद पाठको अभ्यास नं. ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)**

**पाठ्यवस्तु : वादविवाद कार्यक्रम योजना निर्माण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : प्रयोगात्मक कार्य**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वादविवाद कार्यक्रमको योजना निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

(क) वाद विवाद कार्यक्रमको कार्य तालिकाको नमुना सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई दुई दुई समूहमा विभाजन गरी गत दिनमा विद्यार्थीहरूले व्यक्तिगत रूपमा सम्पन्न गरेका गृहकार्यलाई एकआपसमा साटासाट गरी सच्याउन निर्देशन दिनुहोस् ।

- भोलिपल्ट कक्षामा वाद विवाद प्रतियोगिता हुने जानकारी विद्यार्थीहरूलाई दिनुहोस् त्यसका लागि के के गर्नु पर्ला भन्ने प्रश्न राखी मष्तिष्क मन्थन गराई केही समय छलफल कार्यक्रम चलाउनुहोस् । विद्यार्थीले दिएका मुख्य मुख्य विचारहरूलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ख ) मुख्य क्रियाकलाप:

- शिक्षकले निम्न लिखित प्रकृतिका जल्दाबल्दा मुद्दामा आधारित वाद विवादका विषयहरू दिई विद्यार्थीहरूको सहमतिबाट एउटा मात्र विषयको छनोट गर्न निर्देश गरी सो कार्यका लागि आवश्यक सहजीकरण गर्नुहोस्: जस्तै :

| |
|---|
| o छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु बेस हुन्छ । |
| o अपाङ्गहरूलाई दया गर्नुभन्दा कामको अवसर दिनु बेस हुन्छ । |
| o कुनै पनि मान्छे जातले भन्दा विचारले ठुलो हुन्छ । |
| o जन्म दिने आमाबाबुभन्दा शिक्षा दिने गुरु ठुला हुन् । |

- विद्यार्थीहूरूबाट शीर्षक छनोट भएपछि शिक्षकले निम्न लिखित ढाँचाको सूची प्रदर्शन गरी विद्यार्थीहरूलाई आपसी छलफल गर्न लगाई आआफ्नो भूमिका छान्न निर्देश गर्नुहोस् ।

▪ उद्षोषक

DRAFT

- सभापति
- निर्णायक मण्डल
- समय सचेतक
- पक्षमा बोल्ने वक्ताहरू
- विपक्षमा बोल्ने वक्ताहरू

●शिक्षकले माथिका भूमिकाहरू निर्वाह गर्ने विद्यार्थीहरूलाई उनीहरूले भोलिको कार्यक्रममा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा लघु प्रवचन दिई आवश्यक प्रशिक्षण दिनुहोस् । विद्यार्थीहरूबाट कुनै जिज्ञासहरू आएमा भूमिका निर्वाह विधिको उपयोग गरी थप प्रष्ट पार्नुहोस् ।

●अन्तिममा शिक्षकले भोलिको कार्यक्रमको सफलताको कामना गर्दै सकारात्मक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन : निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस्:

●वाद विवाद कार्यक्रम सञ्चालन गर्दा सभापतिले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?

●वाद विवाद कार्यक्रम सञ्चालन गर्दा उद्घोषकले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?

●वाद विवाद कार्यक्रम सञ्चालन गर्दा निर्णायक मण्डलले कुन पक्षहरूमा ध्यान दिनुपर्दछ ?

●वाद विवाद कार्यक्रम सञ्चालन गर्दा समय सचेतकले कस्तो काम गर्नुपर्दछ ?

●वाद विवाद कार्यक्रममा बोल्दा प्रतियोगी वक्ताहरूले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?

५. परियोजना कार्य :

● भोलि कक्षा सुरु हुने बित्तिकै वाद विवाद कार्यक्रम प्रारम्भ गर्न आआफ्नो भूमिकामा चाहिने आवश्यक सामग्री तथा अन्य तयारीका कार्यहरू सम्पन्न गरी आउने भन्ने परियोजना कार्य दिनुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)** **समय : ४५ मिनेट**

**पाठ्यवस्तु : वाद विवाद कार्यक्रम आयोजना**

**लक्षित सिप विकास : बोलाइ (तर्क, खण्डन मण्डन)**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कक्षामा वाद विवाद कार्यक्रम सञ्चालन गर्ने क्षमताको विकास गर्न ।

- वाद विवादको पक्ष वा विपक्षबाट आफ्नो तर्कहरू राख्न

२. शैक्षिक सामग्री :

- वाद विवाद प्रतियोगिताको मूल्याङ्कन फाराम घन्टी,माइक र पुरस्कार सामग्री

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- आयोजक विद्यार्थीहरूलाई आआफ्नो जिम्मेवारीको तयारी के कसरी गरिएको छ सो कुरा भन्न लगाई उत्प्रेरणात्मक कार्य सम्पन्न गर्नुहोस् ।

(ख ) मुख्य क्रियाकलाप:

- उद्घोषकबाट आसन ग्रहणको कार्यक्रम गराउन सहजीकरण गर्नुहोस् । वादविवादमा पलना गर्नुपर्ने नियमहरू भन्न लगाउनुहोस् । आफूले लगेको वाद विवाद प्रतियोगिताको मूल्याङ्कन फारम भर्ने तरिका निर्णयक मण्डललाई दिएर मूल्याङ्कन गर्ने तरिकाबारे प्रशिक्षण दिनुहोस् ।

- विद्यार्थीहरूलाई वाद विवाद कार्यक्रम सञ्चालन गर्न अनुमति दिनुहोस् र कार्यक्रम सञ्चालक तथा प्रतियोगितामा संलग्न विद्यार्थीहरू अलमल भएको ठाउँमा सहजीकरण गर्दै जानुहोस् ।

- प्रतियोगी विद्यार्थीहरूले बोल्ने पालो सकिएपछि निर्णायक मण्डललाई प्रथम, द्वितीय ,तृतीय र सान्त्वना पुरस्कार पाउने विद्यार्थीको नतिजा घोषणा गर्न लगाउनुहोस् ।

- पुरस्कार वितरणका लागि प्रमुख अतिथिको रूपमा प्रअ वा कुनै अग्रजलाई बोलाई आफूले लगेको पुरस्कार चारै जनालाई वितरण गर्न सहयोग पुर्‍याउनुहोस् । त्यसपछि प्रमुख अतिथिबाट मन्तव्य दिन लगाउनुहोस् । समय भएमा विजयी विद्यार्थीलाई आफ्ना अनुभूतिहरू भन्ने समय दिनुहोस् र सभाअध्यक्षको मन्तव्यसहित कार्यक्रमको समापन भएको घोषणा गर्न लगाउनुहोस् ।

- अन्त्यमा शिक्षकले सकारात्मक पृष्ठपोषणसहित कार्यक्रममा सहभागी सबैलाई धन्यवादज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

DRAFT

४. मूल्याङ्कन : निम्न लखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

(क) आजको कार्यक्रमको सबभन्दा राम्रो पक्ष के रह्यो ?

(ख) आजको कार्यक्रमको सबभन्दा कमजोर पक्ष के रह्यो ?

(ग) अर्को पटक यस्तै वाद विवाद कार्यक्रम गर्दा कुन कुन पक्षमा विशेष ध्यान दिनुपर्ला ?

(घ) वाद विवाद कार्यक्रम सञ्चालन गर्दा सबभन्दा राम्रो भूमिका कसले निर्वाह गरेको पाउनुभयो ?

५ गृहकार्य :

- विद्यार्थीहरूलाई आज सम्पन्न भएको वाद विवाद कार्यक्रममा भएका मुख्य गतिविधि र आफ्ना अनुभूतिहरूलाई समेत समेटेर एक दिनको दैनिकी लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**दिन : छैटौँ**

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)** **समय : ४५ मिनेट**

**पाठ्यवस्तु : कार्यमूलक व्याकरण (उपसर्ग तथा प्रत्यय पहिचान र शब्द निर्माण)**
**लक्षित सिप विकास : शब्द निर्माण प्रक्रिया**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निम्नलिखित उपसर्ग लागेका शब्दहरू पहिचान गरी नयाा (व्युत्पन्न)शब्द निर्माण गर्न ।

उद्, उत्, सम्, वि, अ ।

(ख) निम्न लिखित प्रत्यय लागेका शब्दहरू पहिचान गरी नयाा (व्युत्पन्न)शब्द निर्माण गर्न ।

अक, ता, ई ।

२. शैक्षिक सामग्री :

(क) पाठ्य पुस्तक, गोजीतालिका, उपसर्ग र प्रत्यय लागेका शब्द

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● कुनै मुक्तक वा चुटकिला वा गीत भन्ने वा विशेष प्रतिभा प्रदर्शन गर्न केही विद्यार्थीहरूलाई अवसर दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

● आफूले तयार पारि ल्याएका उपसर्ग र प्रत्यय लागेर बनेका शब्दहरू गोजी तालिकामा राखी प्रदर्शन गर्नुहोस् ।

● विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठ्य पुस्तकको वाद विवाद पाठको अभ्यास नं. ५ का सबै अभ्यासहरू उदाहरणमा दिएजस्तै गरी गर्नका लागि निर्देशन दिनुहोस् । विद्यार्थीहरूले समूहकार्य गर्दै जाँदा अलमल र समस्या देखिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

● विद्यार्थीले गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

● सो क्रियाकलापको समापन पश्चात् आफूले शैक्षिक सामग्रीको रूपमा लगेको निर्दिष्ट उपसर्ग लागेका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् र व्युत्पन्न शब्दको निर्माण प्रक्रियाबारे छलफल चलाउनुहोस् । त्यसपछि ती उपसर्ग लागेर बनेका अरू शब्दहरू के के हुन सक्छन् भन्ने प्रश्न राख्नुहोस् । विद्यार्थीहरूबाट आएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । तिनै विदयार्थीबाट दिएका शब्दबाट उपसर्ग र त्यसबाट निर्मित हुने व्युत्पन्न शब्दको पहिचान गराउनुहोस् ।

DRAFT

- यस प्रकारले आफूले शैक्षिक सामग्रीको रूपमा लगेको निर्दिष्ट प्रत्यय लागेका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् र प्रत्यय लागेर बन्ने व्युत्पन्न शब्दको निर्माण प्रक्रियाबारे छलफल चलाउनुहोस् । त्यसपछि ती प्रत्यय लागेर बनेका अरु शब्दहरू के के हुन सक्छन्  भन्ने प्रश्न राख्नुहोस् । विद्यार्थीहरूबाट आएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र तिनै विदयार्थीबाट दिएका शब्दबाट प्रत्यय लागेर बनेका शब्दहरूको पहिचान गराउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन : निम्न लखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

- निम्न लिखित उपसर्ग लागेका  एउटा एउटा नयाा शब्द भन ।

    उद्, उत्, सम्, वि, अ ।

- निम्नलिखित प्रत्यय लागेका एउटा एउटा नयाा शब्द भन ।

    अक, ता, ई ।

५. गृहकार्य :

- वाद विवाद पाठको अभ्यास नं. ७ र ८ को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)** **समय : ४५ मिनेट**

**पाठ्यवस्तु : विशेषण शब्दको पहिचान र प्रयोग**

**लक्षित सिप विकास : कार्यमूलक व्यकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) विशेषण शब्दको पहिचान गरी त्यसको उपयोग गरी वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र शब्दपत्ती , वाक्यपत्ती अनुछेद,फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य एक आपसमा साटासाट गरी परीक्षण गरि समीक्षा गर्न लगाउनुहोस र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- आफूले लगेको विशेषण शब्दहरू प्रयोग भएका वाक्यपत्तीहरू प्रदर्शन गर्नुहोस् । ती वाक्यहरूमा नाम शब्दको अगाडि प्रयोग भएका शब्द के के छन् र तिनीहरूले वाक्यमा के कस्तो काम गरेका छन् ? भन्ने प्रश्न विद्यार्थी समक्ष राखी त्यस विषयमा केही समयसम्म छलफल गराउनुहोस् ।

- कस्तो, कत्रो, कति,कुन भन्ने प्रश्न गर्दा उत्तर भएर आउने शब्द विशेषण हुने कुरा छलफल गर्नुहोस् ।

- छलफलपछि सबै किसिमकका विशेषण प्रयोग हुने गरी शैक्षणिक पाटीमा वाक्य निर्माण गरी विशेषण शब्दको धारणा स्पष्ट पार्नुहोस् ।

- पाठको अभ्यास नं. १८ को क्रियाकलाप प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- विद्यार्थी सङ्ख्याको आधारमा उपयुक्त समूह विभाजन गरी अभ्यास नं. १९ लाई कक्षा कार्यको रूपमा गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले समूह कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- आफ्ना कुनै एक साथीको  गुण दोष आदि बुझाउने विशेषण शब्द राखी प्रशंसा गर्ने क्रियाकलाप गर्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- आफ्नो घर वरिपरि रहेका दश ओटा वस्तुहरूको कुनै पनि विशेषण शब्दको प्रयोग गरेर ल्याउने कार्य दिनुहोस् ।

DRAFT

## दिन : आठौँ

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)** **समय : ४५ मिनेट**

**पाठ्यवस्तु : संयोजक शब्द पहिचान र प्रयोग**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) संयोजक शब्दको पहिचान र वाक्य निर्माण

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र संयोजक शब्दहरू प्रयोग भएका वाक्यपत्तीहरू , अनुच्छेद

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्यलाई एक आपसमा साटासाट गरी परीक्षण गरि गर्न समीक्षा गर्न लगाउनुहोस् । आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- आफूले लगेको संयोजक शब्दहरू प्रयोग भएका अनुच्छेद( वाक्यपत्तीमा संयोजक शब्दहरूलाई रेखाङ्कित गरिएको हुनुपर्दछ) प्रदर्शन गर्नुहोस् । वाक्यहरूमा संयोजक शब्दहरू कस्तो स्थानमा उपयोग गरिएका छन र तिनीहरूले वाक्यमा के कस्तो काम गरेका छन् ? भन्ने प्रश्न विद्यार्थी समक्ष राखी त्यस विषयमा केही समयसम्म छलफल गराउनुहोस् ।

- उदाहरण दिई संयोजकको पहिचान गराउनुहोस् ।

- विभिन्न किसिमकका संयोजक प्रयोग हुने गरी शैक्षणिक पाटीमा वाक्यहरू लेखी विशेषण शब्दको धारणा स्पष्ट पार्नुहोस् ।

- पाठको अभ्यास नं.२० को क्रियाकलाप गराउनुहोस् । यसपछि विद्यार्थी सङ्ख्याको आधारमा उपयुक्त समूह विभाजन गरी अभ्यास नं. २१ लाई कक्षा कार्यको रूपमा गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले समूहकार्य गर्दै जाँदा अलमल र समस्या देखिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट पस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समुहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- कनै न कुनै एउटा संयोजक शब्द राखिएको एउटा एउटा वाक्य निर्माण गर्न लगाएर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- वादविवाद पाठको अभ्यास नं. २२ घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : नवौँ

**पाठ शीर्षक : उद्योगलाई भन्दा कृषिलाई जोड (वाद विवाद)** **समय : ४५ मिनेट**

**पाठ्यवस्तु: सिर्जनात्मक लेखन (वादविवाद)**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) तोकिएको विषयमा आधारित रही कुनै एक पक्षमा वाद विवाद लेख्न ।

२. शैक्षिक सामग्री :

(क) वाद विवादकालागि शिर्षक सूचि, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● गत दिनको गृहकार्य एक आपसमा साटासाट गरी परीक्षण गरि समीक्षा गर्न लगाउनुहोस् । विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

● विद्यार्थीहरूलाई वाद विवाद पाठमा हेरेर विभिन्न प्रतियोगी वक्ताहरूले सुरुमा के कस्तो औपचारिक सम्बोधन गरेका रहेछन् भन्ने प्रश्न राखी पाठका चारै जनाले सुरुमा सम्बोधन गरेका कुराहरूलाई आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् । ती फरक फरक सम्बोधनका विषयमा छलफल चलाउनुहोस् । यसरी वाद विवादमा भाग लिँदा वा लेख्दा सम्बोधनको तरिका परक फरक शैलीको हुनसक्ने तर अनिवार्य पक्ष हो भन्ने कुरालाई प्रष्ट पार्नुहोस् ।

● वाद विवाद भन्दा वा लेख्दा ध्यान दिनुपर्ने कुराहरू जस्तै: आफ्नो पक्ष्मा उदाहरणसहित गहकिला तर्कहरू दिनुपर्ने, पूर्ववक्ता साथीहरूले विपक्षमा भनेका तर्कहरूको अर्को कुनै उदाहरण,उखान टुक्का आदि प्रयोग गरी खण्डन गर्नुपर्ने आदि विषयमा लघु प्रवचन दिनुहोस् । पाठ्य पुस्तकको वाद विवादमा त्यस्ता कुराहरू कहाा कहाा र कसरी गरिएको छ ? खोजी गर्न लगाई धारणालाई स्पष्ट पार्नुहोस् ।

● वाद विवादको टुङ्ग्याउने तरिकाबारे पनि छलफल चलाई त्यसको धारणा स्पष्ट पार्नुहोस् ।

● त्यसपछि १५ मिनेटको समय दिई पाठको अभ्यास नं. २३ मा दिइएको कुनै एक विषयमा वाद विवाद लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले उक्त कार्य गर्दै जाँदा समस्यामा परेका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

DRAFT

- निर्दिष्ट समय समाप्त भएपछि ठाउँ ठाउँबाट विद्यार्थीले गरेका क्रियाकलापहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य समापन गर्नुहोस् ।

४. मूल्याङ्कन : निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

(क) वाद विवाद लेख्दा के कस्ता कुराहरूमा ध्यान दिई औपचारिक सम्बोधन गर्नुपर्दछ ?

(ख) वाद विवादमा कस्तो कुरालाई खण्डन गर्नुपर्दछ ?

(ग) वाद विवादको समापन कसरी गर्नु पर्दछ ?

५. गृहकार्य :

- सिर्जनात्मक अभ्यासमा दिइएका वाद विवादका विषयहरूमध्ये (कक्षा कार्यमा लेखेको बाहेकको विषयमा ) कुनै एक विषयमा वाद विवाद लेखेर ल्याउन ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

पाठ - १२

**पाठ शीर्षक : सुनौलो भोलि** **विधा : कविता**

**एकाइगत पाठ्य वस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयबद्ध वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | गद्यमा लेखन | १ |
| ४. | भाव बोध | १ |
| ५. | व्याख्या / भावविस्तार | १ |
| ६. | शब्द भण्डार (उल्टो अर्थ र अनुकरणात्मक शब्द) | १ |
| ७. | व्याकरण( सामान्य भविष्यत् पक्ष पहिचान) | १ |
| ८. | सिर्जनात्मक लेखन (कविता) | १ |
| जम्मा | | ८ |

**दिन : पहिलो**

**पाठ शीर्षक : सुनौलो भोलि (कविता)**

**पाठ्यवस्तु : लयबद्ध वाचन र शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

DRAFT

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट कविताका हरफहरूलाई लयबद्ध बाचन गर्न ।

(ख) कवितामा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

लक्षित शब्द: झ्याउँकिरी, मुर्चुङ्गे, नीलाम्बर, इन्द्रेणी, झलमल, हृदय, साँहिला, ढल्किँदै ।

२. शैक्षिक सामग्री :

- क. गोजी तालिका र शब्दपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले कुनै एउटा गीत वा कविता लयबद्ध वाचन गर्दै कक्षामा प्रवेश गरी विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् । आज पढ्ने विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले कविताका हरफहरू दुई तिन पटक लयबद्ध आदर्श वाचन गरी सुनाउनुहोस् ।
- विद्यार्थीहरूलाई पुरै समूहगत रूपमा दुई तिन पटक लयबद्ध वाचन अभ्यास गराउनुहोस् ।
- छात्र छात्रा मिश्रित समूह विभाजन गर्नुहोस् । यस क्रियाकलाप विद्यार्थीले गर्दै जाादा विद्यार्थीले गरेका क्रियाकलापको अवलोकन गरी एकल अभ्यास गराउनुपर्ने देखिएका विद्यार्थीहरूको पहिचान गर्नुहोस् ।
- विद्यार्थीहरूलाई दुई दुई हरफ एकल रूपमा वाचन गर्ने अभ्यास गराउनुहोस् ।
- तत्पश्चात् विद्यार्थीहरूबाट उच्चारणगत समस्या भएका शब्दहरूको रेखाङ्कन गर्न लागई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्याथीलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती गोजी तालिका मार्फत् प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- नेपाली दोस्रो भाषा भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुर्‍याउनुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन :

- पाठको अभ्यासको प्रश्न नं. १ र १० को क्रियाकलाप गराई मूल्याङ्कन नर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अध्ययन गरी आफूलाई नयाा लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन

लक्षित शब्द : झ्याउकिरी, मुर्चुङ्गे, नीलाम्बर, प्रात, चमेरो, वेदना

(ख) शब्दहरू प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न

२. शैक्षिक सामग्री :

क.गोजीतालिका , शब्दार्थसूची, वाक्यसूची र एउटा कुर्सी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिने र तिन मिनेटको समय दिई द्रुत लेखन व्यक्तिगत रूपमा लेख्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई कक्षा नायक घोषणा गर्नुहोस् र ताली बजाई सम्मान गर्न प्रोत्साहित गरी उत्प्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- गत दिनको गृहकार्यमा सङ्कलित शब्दहरू समेत अन्य अर्थबोध गर्न कठिन लागेका नयाा शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र ती नयाा शब्दहरू विद्यार्थीबाट माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको सामग्री प्रदर्शन गरी अर्थबोध गराई अन्त्यमा आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- शब्दार्थ शिक्षणका लागि शब्दको प्रकृतिअनुसार शब्दार्थ शिक्षण वा विभिन्न विधिको प्रयोग गरी अर्थबोध गराउनुहोस् ।
- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न अन्तरक्रिया गर्दै विधिको नयाा वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

४. मूल्याङ्कन :

- यसै निर्देशिकाको अनुसूचीमा दिएको एक पटक शब्दको अर्थ भन्नुपर्ने र अर्कोपल्ट वाक्य निर्माण गर्नुपर्ने गरी दुई पटक तातो कुर्सी खेल विधिको प्रयोग गरी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

शब्दहरू: झ्याउँकिरी, मुर्चुङ्गे, नीलाम्बर, इन्द्रेणी, झलमल, हृदय, साँहिला ।

५. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. ९ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : गद्यमा लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पद्यमा लिखित अभिव्यक्तिलाई गद्य शैलीमा अभिव्यक्त गर्न ।

२. शैक्षिक सामग्री :

क . कविताको श्लोक गद्य लेखनको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- कविताका चार चार हरफहरू अनु लेखन गर्न लगाई उत्कृष्ट लेखाइ भएका विद्यार्थीलाई यस घन्टी उत्कृष्ट घोषणा गरी सबैले तालीले सम्मान गर्न प्रोत्साहित गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शिक्षकले गीतका कुनै चार हरफको न्युज प्रिन्टमा गद्यमा (ठुला अक्षरमा) लेखिएको शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् र ती पद्य र गद्यमा लेखिएको कुरामा के कस्तो भिन्नता छ त्यसको बारेमा छलफल गराई गद्य र पद्यमा हुने लेखाइको शैलीगत भिन्नता बारे विद्यार्थीहरूलाई स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई गीतका कुनै चार हरफहरूलाई आफ्नै मौलिक भाषामा गद्य शैलीमा रूपान्तरण गरी लेख्न १५ मिनेथको दिनुहोस् ।

- निर्धारित समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू बारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- गीतभित्रका कुनै एक पद्यका हरफहरू शिक्षकले भन्नुहोस् र त्यसलाई गद्यमा भन्न लगाएर मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

DRAFT

- पाठको अभ्यास नं. २, ३ र ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

दिन : चौथो

पाठ शीर्षक : सुनौलो भोलि

पाठ्यवस्तु : भाव बोध समय : ४५ मिनेट

लक्षित सिप विकास : पढाइ र लेखाइ

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क.कविताको भाव बोध गरी निम्न लिखित प्रश्नहरूको उत्तर दिन:

प्रश्नहरू:

- कविको विचारमा हाम्रो जीवन राम्रो बनाउने काम कसरी हुँदै छ ?
- कविको भनाइ अनुसार के के भयो भने हामीले हृदय खोलेर हाँस्ने बेला आउँछ ?
- झिल्के घाम उदाएपछि के के हुन्छ भनेर कविले बताएका छन् ?
- साहिँला दाइले के के गरेर नयाा नेपाल बनाउँदै छ ?

२. शैक्षिक सामग्री :

क. उद्देश्यमा उल्लिखित प्रश्नहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● कविताका कुनै चार हरफहरू आफूले भनिदिएर श्रुति लेखन गर्न लगाउनुहोस् र जसले उत्कृष्ट लेखाइ गरेको हुन्छ त्यस विद्यार्थीलाई आजको घन्टीको प्रमुख घोषणा गर्नुहोस् ताली बजाएर सम्मान गर्न प्रोत्साहित गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

● विद्यार्थीहरूलाई कविताको मौन पठन गर्न लगाई कवितामा कविले भन्न खोजेका कुराहरू के के होलान् ? भन्ने प्रश्न राखी उत्तर खोज्न उत्प्रेरित गर्नुहोस् ।

● त्यसपछि विद्यार्थीले खोजेर लेखेका उत्तर कक्षामा भन्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई साथीले भन्दै जाँदा नपुगेका कुराहरूलाई थप्नका लागि प्रोत्साहित गर्नुहोस् ।

● आफूले शैक्षिक सामग्रीको रूपमा लगेको पश्नसूची भित्तामा सबैले देख्ने गरी टाँस्नुहोस् र विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई दुई दुई जनाको समूहमा प्रत्येक प्रश्नको उत्तर लेख्न निर्देशन दिनुहोस् ।

DRAFT

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई माथिका प्रश्नहरू नै एकल रूपमा सोधेर मूल्याङ्कन गर्नुहोस् ।

५. गृहकार्य :

- कविले **सुनौलो भोलि** कवितामार्फत भन्न खोजेका मुख्य मुख्य कुरालाई आफ्नै भाषामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : भाव विस्तार/व्याख्या** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) गीतका मुख्य भावहरूलाई विस्तार गरी लेख्न

२. शैक्षिक सामग्री :

(क) भाव विस्तार गरिएको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

**(क) उत्प्रेरणात्मक क्रियाकलाप :**

- कुनै मुक्तक, चुट्किला, गाउा खाने कथा, गीत, कवितामध्ये कुनै एक सुनाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज कक्षामा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

- शिक्षकले गीतका कुनै चार हरफको भाव विस्तार गरेको नमुना शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् र गीत र भाव विस्तारको बिचमा के कस्ता भिन्नताहरू छन भनी छलफल गराउनुहोस् । त्यसपछि भाव विस्तार गर्ने विधि बारे विद्यार्थीलाई थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई गीतका कुनै चार हरफहरूलाई आफ्नै मौलिक शैलीमा भाव विस्तार गर्न निर्देश गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन :**

- भाव विस्तार गर्दा के के कुरामा ध्यान दिनुपर्छ भन्ने प्रश्न विद्यार्थीहरूलाई एकल रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।
- पाठबाट भाव विस्तारको प्रश्न दिई मूल्याङ्कन कार्य गराउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठको अभ्यास नं. ५ र ६ का प्रश्नहरूको उत्तर आफ्नै भाषामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौं

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : विपरीतार्थक र अनुकरणात्क शब्दको पहिचान** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : शब्दभण्डार विकास**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क.विपरीतार्थक शब्दको पहिचान गर्न ।

ख.अनुकरणात्मक शब्दको पहिचान गर्न ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र शब्दपत्तीहरू /वाक्यपत्ती

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● कुनै एउटा मस्तिष्क मन्थन सम्बन्धी प्रश्न दिई विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् शैक्षणिक पाटीमा आजको घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू लेखी विद्यार्थीहरूलाई सोबारे जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

●शिक्षकले विपरीतार्थक शब्द-जोडी न्युजप्रिन्टमा (ठुला अक्षरमा) लेखिएको शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् र ती शब्दहरूमा के कस्तो भिन्नता छ त्यसको बारेमा छलफल गराई विपरीतार्थक शब्दको धारणा दिनुहोस् ।

●विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी एउटा समूहलाई शब्द भन्न लगाउने र अर्को उल्टो शब्द भन्न लगाउनुहोस् र अर्को समूहले उत्तर दिनुपर्ने क्रियाकलापहरू गराउनुहोस् ।

●शिक्षकले अनुकरणात्मक शब्दहरूको सूची गोजी तालिका मार्फत प्रदर्शन गर्नुहोस् र यी शब्दहरूको प्रयोग क्षेत्रका बारेमा छलफल गराई अनुकरणात्मक शब्दको धारणालाई स्पष्ट पार्नुहोस् ।

●वाक्याप्तीको प्रदर्शन गरी अनुरणात्मक शब्दको वाक्यमा प्रयोगको अभ्यास छलफल गराउनुहोस् ।

●विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी एउटा समूहलाई अनुकरणात्मक शब्दहरू मात्र भन्न लगाउने र अर्को समूहले वाक्यमा प्रयोग गरी सुनाउनुपर्ने प्रतियोगात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

●आफूले सशजीकरण गरिदिनुहोस् ।

DRAFT

- अन्त्यमा शिक्षकले विद्यार्थीका उपयुक्त पृष्ठपोषणका दिई धन्यवाद सहित कक्षा कार्य समापन गर्नुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई उनीहरूले नै कक्षा कार्यमा अभ्यास गरेका विपरीतार्थक शब्द सोध्नुहोस् ।
- विद्यार्थीहरूलाई प्रचलित अनुकरणात्मक शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. ७ र ८ घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : सामान्य भविष्यत् पक्षको पहिचान** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सामान्य भविष्यत्कालीन क्रियापदको पहिचान गर्न ।

(ख) सामान्य भविष्यत्कालीन क्रियापदको प्रयोग गरी वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

- सामान्य वर्तमान र भविष्यत्कालीन वाक्यहरूको चार्ट ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सामान्य भविष्यत्कालीन क्रियापदको प्रयोग गरी आफ्नै भविष्यका योजनाहरू प्रस्तुत गरी आफूले बनाएको वाक्यहरू जस्तै गरी प्रत्येक विद्यार्थीहरूलाई पनि त्यस्तै कुनै एक वाक्य भन्न प्रोत्साहित गर्दै उत्प्रेरणा जगाउनुहोस् । सोही प्रसङ्गलाई जोड्दै आजको घन्टीमा अध्ययन गरिने मुख्य विषयवस्तुबारे शैक्षणिक पाटीमा लेखी जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले चार्ट मार्फत् एकातिर सामान्य वर्तमान काल र अर्कातिर सामान्य भविष्यत् कालको प्रयोग भएका वाक्यहरू भएको प्रस्तुत गर्नुहोस् र ती दुई वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूमा पाइने भिन्नताबारे प्रश्नोत्तर विधिबाट छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीहरूका विचारलाई समर्थन गर्दै सामान्य भविष्यत्कालिन क्रियापदको परिचय दिनुहोस् ।
- विद्यार्थीहरूलाई सामान्य भविष्यत कालीन कुनै पनि क्रियापदको प्रयोग गरी आफ्नै भविष्यको योजनाका बारेमा तिन चार ओटा वाक्य निर्माण गर्न निर्देशन दिई एउटा दिने एउटा लिने क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीहरूलाई उनीहरूबाट निर्मित वाक्यहरू पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बााकी विद्यार्थीहरूलाई मूल्याङ्कन गरी गल्ती देखिएमा सच्याउन पनि प्रोत्साहित गर्नुहोस् ।
- विभिन्न पुरूषका कर्ता राखी वाक्य बनाउन अभ्यास गराउनुहोस् ।

DRAFT

- पाठको अभ्यासको प्रश्न नं. १४ को क्रियाकलाप निश्चित समय निर्धारण गरी व्यक्तिगत रूपमा कक्षा कार्य गर्न निर्देशन दिनुहोस् र काम सकेपछि एक आपसमा कापी साटासाट गरी परीक्षण र सुधार गर्न लगाउनुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई पालैपालो म, हामी, ता, तिमी, तपाइ, ऊ, उनीहरू, तिनीहरू आदि कर्ताहरूको प्रयोग गरी सामान्य भविष्यत्कालीन क्रियापद प्रयोग गरिएको वाक्य भन्न लगाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको सिर्जनात्मक अभ्यासमा भएको क्रियाकलाप घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : आठौ

**पाठ शीर्षक : सुनौलो भोलि**

**पाठ्यवस्तु : गीत /कविता रचना** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक प्रतिभाको विकास/प्रतिभा प्रस्फुटन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कविता रचना गर्न

२. शैक्षिक सामग्री :

(क) मोबाइल फोन र शिक्षकबाट सिर्जित कुनै एक गीत वा कविता ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- मोबाइलबाट विद्यार्थीहरुलाई लोक गीत वा अन्य कुनै गीत बनाएर सुनाई उत्प्रेरित गर्नुहोस् । सोही प्रसङ्गलाई जोडी आजको घन्टीमा अध्ययन गरिने मुख्य विषयवस्तुबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई स्पष्ट जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले आफूले लगेको आफ्नो मौलिक कविता वा गीत सुनाउनुहोस् र प्रतिक्रियाका लागि केही समय छलफल गराउनुहोस् । मौलिक सिर्जनात्मक लेखन गर्ने विषयमा लघु प्रवचन दिई लेख्ने तरिकाबारे स्पष्ट पार्नुहोस् ।

- त्यसपछि विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई कुनै पनि एक स्वतन्त्र शीर्षकमा आधारित भएर आफ्नै मौलिक किसिमको गीत वा कविता रचना गर्न प्रोत्साहित गर्नुहोस् । त्यस्तो आफ्नै कुनै मौलिक प्रतिभा नभएका विद्यार्थीहरूलाई आफूले जानेका वा सुनेका गीतहरू पनि लेखेर सुनाउन पाइने विकल्प दिनुहोस् ।

- आफूले विद्यार्थीलाई सहजीकरण गरिदिनुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि पालैपालो विद्यार्थीहरूबाट रचना गरिएका गीत वा कविताहरू वाचन गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीहरूलाई उक्त रचनाका बारेमा प्रतिक्रिया दिन प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीहरूका रचनाहरू कक्षाको प्रदर्शन पाटी वा भित्तामा टाँस्न लगाउनुहोस् ।

- विद्यार्थीले गरेका क्रियाकलापहरूको प्रशंसासहित उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न भएको जानकरी दिनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- विद्यार्थीबाट प्रदर्शित रचनाहरूमा उत्कृष्ट तिन ओटा रचना विद्यार्थीबाटै मूल्याङ्कन गरी पहिलो, दोस्रो र तेस्रो छुट्याउन लगाउनुहोस् र पुरस्कृत गर्ने व्यवस्था मिलाउनुहोस् ।

५. गृहकार्य :

- आफ्नो गाउघर र आसपासका क्षेत्रमा चलेका कुनै पनि भाषाका गीतहरूलाई भन्ने तरिका (भाका वा लय) पनि सिकेर कक्षामा सुनाउनुहोस् ।

DRAFT

**पाठ - १३**

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ** **विधा : जीवनी**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | मौन पठन बोध | २ |
| ४. | बुँदा टिपोट | १ |
| ५. | भाव विस्तार/व्याख्या | १ |
| ६. | व्याकरण (रूपायन: पुरुष र आदर) | १ |
| ७. | सिर्जनात्मक कार्य (जीवनी लेखन) | १ |
| जम्मा | | ८ |

**दिन : पहिलो**

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ (जीवनी)**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क. जीवनीका अनुच्छेदहरूलाई शुद्धसँग सस्वर वाचन गरेर सुनाउन ।

ख.जीवनीमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूलाई शुद्धसाग उच्चारण गर्न ।

लक्षित शब्द: नियन्त्रण, आविष्कारक, शल्य चिकित्सा, जीवाणु, सङ्क्रमण, अन्वेषण, अपरिष्कृत, युगान्तकारी, हृदयाघात ।

२. शैक्षिक सामग्री :



DRAFT

(क) गोजीतालिका र शब्दपत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई केही समय दिई उनीहरूमा भएको कुनै प्रतिभा प्रदर्शन गर्ने मौका प्रदान गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सुरुमा जीवनीका कुनै दुई अनुच्छेद शुद्धसँग  आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । शुद्धसाग सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि आवश्यक थप निर्देशनहरू दिनुहोस् ।
- विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्धसँग  सस्वर वाचन निर्देशन दिनुहोस् र बााकी विद्यार्थीलाई साथीले वाचन गर्दा शब्दहरूलाई शुद्धसँग उच्चारण गरेनगरेको ध्यानपूर्वक सुन्न र गल्ती हुनासाथ रोकेर सच्याउन निर्देश गर्नुहोस् ।
- विद्यार्थीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले पनि टिपोट गर्दै जानुहोस् ।
- सस्वरवाचन अभ्यास गराई सकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका शब्दहरू विद्यार्थीहरूबाट माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले लगेको  शब्दपत्तीहरू गोजी तालिकाबाट प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- नेपाली दोस्रो भाषा भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुर्‍याउनुहोस् ।
- विद्यार्थीले गरेका क्रियाकलापहरूको प्रशंसा सहित उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न भएको जानकरी दिनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- पाठको अभ्यासमा दिइएका प्रश्न नं. १२ र १५ सम्मका क्रियाकलाप गराई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको थप अध्ययन गरी आफूलाई नयाा लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ (जीवनी)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त निम्न लिखित नयाा शब्दहरूको अर्थ बताउन :

लक्षित शब्द: परजीवी, आविष्कारक, प्रतिजैविक, शल्यचिकित्सा, लेखा सहायक, जीवाणु, सङ्क्रमण, जैविक विधि, लेसोजाइम, अन्वेषण, हर्ष विभोर, निमोनिया, अपरिष्कृत, युगान्तकारी, हृदयाघात ।

(ख) माथिका शब्दहरू प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

- शब्दार्थ सूची, वाक्य सूची र एउटा कुर्सी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिने र तिन मिनेटको समय दिई व्यक्तिगत रूपमा द्रुत पठन क्रियाकलाप गराउनुहोस् । जसले राम्ररी पठन गर्‍यो उसलाई सबैले थपडी बजाएर सम्मान गर्न लगाउनुहोस् ।

- त्यस दिनको् घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- गत दिनको गृहकार्यमा सङ्कलित शब्दहरू र अर्थबोध गर्न कठिन लागेका अन्य नयाा शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीबाट शब्दहरूको माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी अर्थबोध गराई अन्त्यमा आआफ्नो कापीमा शब्द र अर्थ टिपोट गर्न लगाउनुहोस् । शब्दार्थ शिक्षण विधिको प्रयोग गरी शब्दार्थ शिक्षण गर्नुहोस् ।
- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् । त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- प्रस्तुतीकरण मिल्यो/मिलेन भन्ने सवालमा बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र आवश्यक परेमा मात्र शिक्षकले सुधार गरी स्पष्ट पार्नुहोस् ।

४. मूल्याङ्कन :

- एक पटक शब्दको अर्थ भन्नुपर्ने र अर्कोपल्ट वाक्य निर्माण गर्नुपर्ने गरी दुई पटक तातो कुर्सी खेल विधिको प्रयोग गरी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

खेलका लागि शब्दहरू: आविष्कारक, प्रतिजैविक, शल्य चिकित्सा, अन्वेषण, हर्ष विभोर, निमोनिया, अपरिष्कृत, हृदयाघात ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ३, ७, ८ र ९ का प्रश्नका उत्तरहरू घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ (जीवनी)**

**पाठ्यवस्तु : पठन बोध र प्रश्नोत्तर** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ** **घन्टी : २**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठको सस्वर वाचन गरी सोधिएका निम्न लिखित प्रश्नहरूको उत्तर लेखेर भन्न :

प्रश्नहरू:

(क) अलेक्जेन्डर फ्लेमिङ को परिचय दिनुहोस् ।

(ख) अलेक्जेन्डर फ्लेमिङ कसरी डाक्टर भए ?

(ग) पेनिसिलिनको आविष्कार कसरी भयो ?

(घ) लेसोजाइम भनेको के हो र यो केमा पाइन्छ ?

(ङ) जैविक नियन्त्रण विधि भनेको के हो ?

(च) फ्लेमिङको जीवनीले कस्तो शिक्षा दिन्छ ?

२. शैक्षिक सामग्री :

(क) न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको प्रश्न सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावलीबाट अनुमान विधिबाट विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विषयवस्तुबारे जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले शैक्षिक सामग्रीको रूपमा लगेको प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् र एकछिन छलफल गराई विद्यार्थीहरूले गर्नुपर्ने कामबारे लघु प्रवचन दिई स्पष्ट पार्नुहोस् ।
- विद्याथीलाई पाठको गहन रूपमा मौन वाचनका लाागि १५ मिनेटको समय दिनुहोस् र यसरी पढदा शैक्षिक सामग्रीको रूपमा भित्तामा टाँसिएका प्रश्नहरूको उत्तर कहाानिर छन् भन्ने कुरा ख्याल गर्न पनि निर्देशन दिनुहोस् ।
- विद्यार्थीले पढेनपढेका अवलोकन गर्दै जानुहोस् ।

DRAFT

- निर्धारित  समय समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गरी गोलाप्रथाबाट एक एक प्रश्नको उत्तर मौलिक भाषामा छोटो, मिठो र स्पष्ट रूपमा लेख्नकालागि निर्देश गर्नुहोस् । आवश्यकता परेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर भनेर र लेखेर समेत प्रस्तुत गर्नुहोस् ।
- विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भएनभएको ख्याल गर्नुहोस् र अलमलमा परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्यको समय समाप्त भएपछि पालैपालो विद्यार्थी समूहबाट निर्मित उत्तरहरू कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहले प्रस्तुतीकरण गरिसकेपछि बाँकी समूहलाई सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- उद्देश्यमा उल्लिखित प्रश्नहरू विद्यार्थीहरूलाई एकल रूपमा सोधी मौखिक रूपमा उत्तर भन्न लगानुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं.  ४ का प्रश्नहरूको उत्तर  लेखेर  ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**दिन : चौथो**

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ (जीवनी)**

**पाठ्यवस्तु : बुँदा टिपोट** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट दिइएका कुनै निर्दिष्ट अनुच्छेदका मुख्य बुादाहरू टिपोट गर्न ।

२. शैक्षिक सामग्री :

(क) पाठ्यपुस्तक, बुँदा टिपोटको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य एकआपसमा साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् र केही क्षण समीक्षात्मक क्रियाकलाप गराउनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शिक्षकले जीवनीको मूल अनुच्छेद सहितको (बढीमा १० वाक्य सम्मको ) चारओटा मुख्य बुँदाहरू टिपोट गरिएको नमुना शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् र मूल अनुच्छेद र बुँदा टिपोट बिचमा के कस्ता भिन्नताहरू छन् भनी छलफल गराउनुहोस् । त्यसपछि बुँदा टिपोट गर्ने विधिबारे लघ प्रवचन दिई टिपोट गर्ने तरिकाबारे विद्यार्थीलाई थप स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई गोलाप्रथा विधिबाट जीवनीको सुरुका चार अनुच्छेदहरूमध्ये कुनै एक अनुच्छेदलाई राम्ररी पढेर त्यसका चार चार ओटा बुँदा टिपोट गर्न १५ मिनेट समय दिनुहोस् ।

- विद्यार्थी समूहले बुँदा टिपोट क्रियाकलाप गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- निम्न लिखित प्रश्नहरू सोधी मौखिक रूपमा उत्तर दिन लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

  -बुँदा टिपोट भनेको के हो ?

  -बुँदा टिपोट कसरी गन्छि ?

  -बुँदा टिपोट गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ ?

५. गृहकार्य :

- कक्षाकार्य गर्दा बुँदा टिपोट गर्नका लागि बाँकी रहेका कुनै एक अनुच्छेदबाट चार चार ओटा बुँदा टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : पाँचौ

**पाठ शीर्षक : अलेक्जेन्डर फ्लेमिङ (जीवनी)**

**पाठ्यवस्तु : भाव विस्तार** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) जीवनीका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न ।

२. शैक्षिक सामग्री :

(क) जीवनी पाठभित्रका केही विशिष्ट पङ्क्तिहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई केही समय दिई उनीहरूमा भएको कुनै प्रतिभा प्रदर्शन गर्ने मौका प्रदान गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- जीवनीमा भएको कुनै एक विशिष्ट पङ्क्तिको भाव विस्तार गरिएको नमुना शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र त्यसमा भएको विशिष्ट पङ्क्ति र भाव विस्तार गरिएको अनुच्छेदका बिचमा के कस्ता भिन्नताहरू छन् भनी छलफल गराउनुहोस् । त्यसपछि भाव विस्तार गर्ने विधिबारे लघु प्रवचन दिई भाव विस्तार गर्ने तरिकाबारे थप स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एक ओटा भनाइ गोला प्रथाबाट छान्न लगाई भाव विस्तार गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले भाव विस्तार क्रियाकलाप गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**भाव विस्तारका छनोट गरिएका वाक्यहरू :**

-एउटा जीवको सहयोगले अर्को जीवको नियन्त्रण गर्ने विधि नै जैविक नियन्त्रण विधि हो ।

-औषधी विज्ञानको क्षेत्रमा पेनिसिलिनको आविष्कार युगान्तकारी देन हुन पुग्यो ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- निम्नलिखित प्रश्नहरू सोधी मौखिक उत्तर दिन लगाएर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

  -भाव विस्तार भनेको के हो ?

  -भाव विस्तार कसरी गरिन्छ ?

  -भाव विस्तार गर्दा .ध्यान दिनुपर्ने कुराहरू के के छन् ?

- मूख्य पङ्क्तिको भान मौखिक रूपमा भन्न लगाउनुहोस् ।

५. सिर्जनात्मक कार्य :

- कक्षामा आफ्नो समूहले भाव विस्तार गरेको बाहेकको कुनै एकको अंशको भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : अलेग्जेन्डर फ्लेमिङ**

**पाठ्यवस्तु : रूपायन (पुरुष र आदर)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- पुरुष र आदरको पहिचान गरी निर्देशन अनुसार वाक्य परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :

- पाठ्यपुस्तक,गोजीतालिका र वाक्यपत्ती ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनको गृहकार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणा जगाउनुहोस् आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा शैक्षणिक पाटीमा शीर्षक लेखी स्पष्ट जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले लगेको विभिन्न पुरुष भएको शैक्षिक सामग्री प्रदर्शन गरी ती वाक्यहरूको कर्तामा रहेका भिन्नताका बारेमा छलफल गराउनुहोस् । त्यसपछि त्यही सामग्रीबाट प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषको स्पष्ट धारणा दिनुहोस् ।

- विद्यार्थीहरूलाई निम्न लिखित प्रकृतिका वाक्यहरू दिई एकल रूपमा पुरुष परिवर्तन गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीहरूले काम गर्दै जाँदा शिक्षकले हरेक ठाउँमा पुगी सहजीकरण गर्नुहोस् ।

वाक्यहरू :

(अ) मलाई काम गर्न मनपर्छ । ( द्वितीय पुरुष)

(आ) तिमीलाई काम गर्न मनपर्छ । (तृतीय पुरुष)

(इ) हामी धेरै मिहिनेत गर्छौं । (द्वितीय पुरुष)

(ई) तिमी असल मान्छे हौ । ( प्रथम पुरुष )

(उ) ता काम गर्छस् । ( तृतीय पुरुष )

(ऊ) ऊ गीत गाउछ । (प्रथम पुरुष)

(ए) उनी गीत गाउँछन् । ( द्वितीय पुरुष)

DRAFT

- विद्यार्थीले गरेका उपर्युक्त अभ्यासलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र छलफल गराई आवश्यक स्थानमा सुधार गरिदिनुहोस् ।

- शिक्षकले उच्च आदर, मध्यम आदर र सामान्य आदर (अनादर) कर्ताहरूको प्रयोग गरिएका वाक्यपत्तीहरू गोजीतालिका मार्फत प्रस्तुत गर्नुहोस् र त्यसका भिन्नताका बारेमा छलफल गर्नुहोस् । त्यसैको आधारमा उच्च, मध्यम र सामान्य आदरका वाक्यहरूबारे धारणा स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई तिनै आदरहरू प्रयोग भएका एक एक ओटा वाक्य निर्माण गरी कक्षामा सुनाउन निर्देशन दिनुहोस् । उनीहरूले बनाएका वाक्यहरूको पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई राम्ररी सुनेर साथीको काममा सुधार गरी सहयोग पुर्‍याउनका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले शैक्षणिक पाटीमा विभिन्न पुरुष र आदर भएका वाक्यहरू लेखी तिनीहरूलाई शिक्षकले भने अनुसारको पुरुष र आदरमा वाक्य परिवर्तन मौखिक रूपमा गर्न लगाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. १६ र १७ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : अलेग्जेन्डर फ्लेमिङ**

**पाठ्यवस्तु : जीवनी लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्देशित बुँदाहरूको आधारमा जीवनी लेख्न ।

२. शैक्षिक सामग्री :

- जीवनीका बुँदाहरू र त्यसका आधारमा जीवनी लेखिएको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- आफूले लगेको शैक्षिक सामग्रीको जीवनीका बुँदाहरूको आधारमा मौखिक रूपमा जीवनी सुनाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शैक्षिक सामग्रीको रूपमा लगिएको जीवनीका बुँदाका आधारमा आफूले मौखिक रूपमा जीवनी बनाई पुन: भनिदिनुहोस् । सोही बुँदामा आधारित भएर समूह समूह बनाई जीवनी लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेखन कार्य गरिरहँदा हरेक स्थानमा पुगी सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीहरूले बुँदाहरूको आधारमा लेखेका गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- बुँदाहरूको आधारमा जीवनी लेख्दा कुन कुन कुराम ध्यान दिनुपर्ने रहेछ ? भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई एकल रूपमा मौखिक उत्तर दिन लगाउनुहोस् ।

५. सिर्जनात्मक कार्य :

- पाठको अभ्यासको प्रश्न नं. १८ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**शिक्षकका लागि थप सामग्री :**

१. बुँदा टिपोटका लागि नमुना शैक्षिक सामग्री :

अनुच्छेद :

अलेक्जेन्डरले पेनिसिलिनको महत्त्वबारे एउटा लेख प्रकाशित गरे । उनको त्यो लेख अक्सफोर्ड विश्व विद्यालयमा अनुसन्धानरत डाक्टरहरू फ्लोरी र चेनले पढेछन् । त्यो लेख पढेर उनीहरूले पेनिसिलिनको महत्त्वबारे बुझे । उनीहरूले सार झिक्ने  तरिका पत्ता लगाएर एउटा पत्रिकामा खबर छपाए । पत्रिकामा यो खबर पढ्नासाथ फ्लेमिङले ती दुवै डाक्टरलाई भेटे । फ्लेमिङ, फ्लोरी र चेन तिनै जनाको प्रयासले झिकिएको पेनिसिलिनको सार चार जना सिकिस्त बिरामी बालकमाथि प्रयोग गरियो । ती चारै जना बाँचे । यसपछि त यो जीवनदायी औषधीको उत्पादन, प्रचार र प्रयोग संसारभर भयो ।

मुख्य बुँदाहरू :

-अलेक्जेन्डरले पेनिसिलिनको महत्त्वबारे पत्रिकामा लेखेका कुरा डा. फ्लोरी र चेनले पनि प्रचार गरे ।

-तिनै जना मिलेर औषधीलाई अझ राम्रो बनाई चार सिकिस्त बिरामीमाथि प्रयोग गरे ।

-ती चारै जना बाँचे ।

-यसपछि पेनिसिलिनको प्रयोग संसारभर भयो ।

२. निर्देशित जीवनी लेखनको लागि नमुना शैक्षिक सामग्री :

तलका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् ।

नाम  : लक्ष्मीप्रसाद देवकोटा

जन्म  : वि.सं. १९६६ कात्तिक २७

जन्मस्थान : धोबीधारा, काठमाडौं

पितामाता :  तिलमाधव देवकोटा/अमरराज्यलक्ष्मी

शिक्षा : बी.ए/ बी. एल.

प्रमुख साहित्यिक कृति:

महाकाव्य : शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणाप्रताप, पृथ्वीराज चौहान

खण्डकाव्य:  मुनामदन, लुनी, कुञ्जिनी, सृजामाता आदि

उपन्यास :   चम्पा

निबन्ध : दाडिमको रुखनेर, लक्ष्मी निबन्धसङ्ग्रह

DRAFT

कथा : लक्ष्मी कथासङ्ग्रह

साहित्यिक योगदान : एकेडेमीको संस्थापक सदस्य

साहित्यिक विशेषता : स्वच्छन्दतावादी, मानवतावादी र प्रगतिवादी कवि

मृत्यु :क्यान्सर रोगबाट वि.सं. २०१६ साल, काठमाडौा आर्यघाटमा ।

विशेषता / प्रवृति : स्वच्छन्दतावादी प्रगतिवादी कवि,आशुलेखन, मानवतावादी दृष्टिकोण, बहुमुखी प्रतिभाका धनी प्रकृति प्रेमी देशप्रेमी कवि ।

**लक्ष्मीप्रसाद देवकोटाको जीवनी**

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कात्तिक २७ गते लक्ष्मी पूजाको दिन काठमाडौँको धोवीधारामा भएको हो । उनका पिताको नाम तिलमाधव देवकोटा र माताको नाम अमरराज्यलक्ष्मी थियो । उनको बाल्यकाल सुखसँग नै बितेको थियो । उनले बी.ए.,बी.एल. र अङ्ग्रेजी विषयमा एम. ए. सम्मको अध्ययन गरेका थिए ।

आफ्नो जीवनमा लक्ष्मीप्रसाद देवकोटाले लगभग ६०० जति फुटकर कविता लेखे । त्यसै गरी दुई दर्जन जति खण्डकाव्य र आधा दर्जन महाकाव्यहरू लेखेका छन् । उनका उपन्यास, कथा र निबन्धसमेत प्रकाशित छन्। उनका महाकाव्यहरूमा शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणाप्रताप, पृथ्वीराज चौहान, खण्डकाव्यहरूमा मुनामदन, लुनी कुञ्जिनी, सृजामाता बढी चर्चित छन् । यसका साथै चम्पा उपन्यास, लक्ष्मी कथासङ्ग्रह, दाडिमको रूखनेर र लक्ष्मी निबन्धसङ्ग्रह आदि कृतिहरू पनि उनले लेखेका छन् । उनले धेरै वर्षसम्म एकेडमीका संस्थापक सदस्य भएर काम गरे । यसका साथै देशविदेशमा गएर नेपाली साहित्यको प्रचारप्रसार गर्ने काममा समेत उनको ठुलो योगदान रहेको छ ।

उनका प्रमुख साहित्यिक विशेषता भनेको स्वच्छन्दतावाद हो । उनलाई स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा पनि भनिन्छ । यस्तै उनलाई मानवतावादी तथा प्रगतिवादी कविका रूपमा पनि चिनिन्छ ।

आफ्ना विशिष्ट कृतिका कारणले उनलाई थुप्रै पुरस्कार र मान तथा सम्मानले प्रदान गरिएको छ । उनको पचास वर्षकै उमेरमा क्यान्सर रोगबाट वि.सं. २०१६ सालमा काठमाण्डौँको आर्यघाटमा मृत्यु हुन पुग्यो । उनी मरेर गए पनि उनका उत्कृष्ट कृतिहरूका कारण उनी सधैं अमर छन् ।

DRAFT

**पाठ शीर्षक : बोधिसत्वको कथा** **विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | व्याख्या | १ |
| ५. | कथा कथन /घटना वर्णन | १ |
| ६. | घटना क्रम मिलान | १ |
| ७. | कार्यमूलक व्याकरण (हिज्जे:य-ए,ष-श-स,ण,ऋ,ज्ञ)को प्रयोग | १ |
| ८. | सिर्जनात्मक कार्य (कथा लेखन) | १ |
| ९. | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क. कथाका अनुच्छेदहरूलाई शुद्धसँग सस्वर वाचन गर्न ।

ख.कथामा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

लक्षित शब्द: अक्षरारम्भ, हिंस्रक, सत्सङ्ग, दुर्दशा, उल्लङ्घन, ध्यानदृष्टि, पुष्पवृष्टि, गन्धर्व, अस्थि, व्याघ्री ।

२. शैक्षिक सामग्री :

(क) गोजीतालिका र शब्दपत्ती ।

३. सिकाइ सहजीकरण क्रियाकलाप:

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले मष्तिष्क मन्थन सम्बन्धी कुनै एक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस्  र आजको घन्टीमा सम्पन्न गरिने मुख्य विषयवस्तुको शैक्षणिक पाटीमा लेखी त्यसका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलापहरू:

- शिक्षकले सुरुमा कथाका कुनै दुई अनुच्छेद शुद्धसँग  आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । शुद्धसँग सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि आवश्यक थप निर्देशनहरू दिनुहोस् ।
- त्यसपछि विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्धसँग  सस्वर वाचन निर्देशन दिनुहोस् र बााकी विद्यार्थीलाई साथीले वाचन गर्दा शब्दहरूलाई शुद्धसँग उच्चारण गरेनगरेको ध्यानपूर्वक सुन्न र गल्ती हुनासाथ सच्याउन निर्देश गर्नुहोस् ।
- शिक्षकले विद्यार्थीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै विद्यार्थीको उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले पनि टिपोट गर्दै जानुहोस् ।
- कथाका सबै अनुच्छेदको सस्वर वाचन अभ्यास गराई सकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका थप शब्दहरू विद्यार्थीहरूबाट माग  र शैक्षणिक पाटीमा  टिप्दै जानुहोस् ।
- टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्याथीलाई नै प्रोत्साहित गर्नुहोस्  आफूले शैक्षिक सामग्रीको रूपमा लगेको शब्दपत्तीहरूलाई गोजीतालिका मार्फत प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास  गराउनुहोस् ।
- नेपाली दोस्रो भाषा भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई थप अभ्यास गराई सहयोग पुर्‍याउनुहोस् ।
- क्रियाकलापहरू सम्पन्न भएपछि अन्त्यमा उपयुक्त  पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन :

- बिचमा कलम खेल विधिको प्रयोग गरी विद्यार्थीको शुद्ध उच्चारण सम्बन्धी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

शब्दहरू : अक्षरारम्भ, हिंस्रक, सत्सङ्ग, दुर्दशा, उल्लङ्घन, ध्यानदृष्टि, पुष्पवृष्टि, गन्धर्व, अस्थि, व्याघ्री ।

५. गृहकार्य :

- पाठको थप गहन रूपमा अध्ययन गरी आफूलाई नयाा लागेका शब्दहरूको सूची बनाई गरी ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : दोस्रो

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्द : अक्षरारम्भ, हिंस्रक, मैत्री ध्यान, जय जयकार, सत्सङ्ग, दुर्दशा, उल्लङ्घन, ध्यानदृष्टि, पुष्पवृष्टि, गन्धर्व, अस्थि, व्याघ्री

(क) माथिका शब्दहरू प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्दार्थ सूची, वाक्यसूची र एउटा कुर्सी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिने र तिन मिनेटको समय दिई द्रुत लेखन कार्य व्यक्तिगत रूपमा लेख्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई सबैले थपडी बजाएर सम्मान गर्न लगाउनुहोस् ।

- आजको घन्टीमा गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- गत दिनको गृहकार्यमा सङ्कलित शब्दहरू र अन्य अर्थ बोध गर्न कठिन लागेका नयाा शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीबाट टिपोट गरिएका शब्दहरूको माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीबाट उत्तर आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको सामग्री प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिबाट अर्थबोध गराई विद्यार्थीहरूलाई आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।

DRAFT

- अर्थयुक्त वाक्य निर्माण गर्ने अभ्यसात्मक क्रियाकलापका लागि शिक्षकले आफूले लगेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् र त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न हिँड्दै अन्तरक्रिया गर्दै विधिको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । पालो मिलाउँदा समावेशी अवसरको सिद्धान्तको उपयोग गर्नुहोस् । एक विद्यार्थीको प्रस्तुतीकरणपछि बाँकी विद्यार्थीहरूलाई उक्त प्रस्तुति मिलेनमिलेको राम्ररी सुनेर मूल्याङ्कन गर्न प्रोत्साहित गरी शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई एक पटक शब्दको अर्थ भन्नुपर्ने र अर्कोपल्ट वाक्य निर्माण गर्नुपर्ने नियम राखी पालैपलो दुई पटक तातो कुर्सी खेल विधिको प्रयोग गरी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

खेलका लागि शब्दहरू : अक्षरारम्भ, हिंस्रक, मैत्री ध्यान, जय जयकार, सत्सङ्ग, दुर्दशा, उल्लङ्घन, ध्यानदृष्टि, पुष्पवृष्टि, गन्धर्व, अस्थि, व्याघ्री ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ७, ८, र १० मा दिइएका कार्यहरूको उत्तर घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**दिन : तेस्रो**

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : पठन बोध** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठको सस्वर वाचन गरी सोधिएका निम्न लिखित प्रश्नहरूको उत्तर लेखेर भन्न :

प्रश्नहरू:

(१) बाल्यकालमा बोधिसतवको स्वभाव कस्तो थियो ?

(२) वनको गुफामा कस्तो दृश्य देखियो ?

(३) मर्न लागेकी बघिनी कसरी बाँची ?

(४) बघिनीले डमरुलाई कस्तो व्यवहार गर्थी ?

(५) यस कथाले हामीलाई के कस्तो शिक्षा दिएको छ ?

DRAFT

२. शैक्षिक सामग्री :

- बोध प्रश्नसूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावलीबाट अनुमान विधिबाट विद्यार्थीहरूलाई उत्सुकता जगाउनुहोस् । आजको घन्टीमा सम्पन्न गरिने मुख्य क्रियाकलापलाई शैक्षण्कि पाटीमा लेखी स्पष्ट जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले निर्माण गरेको उद्देश्यमा उल्लिखित प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूलाई उपयुक्त समय दिई प्रदर्शित प्रश्नहरूको उत्तर खोज्ने गरी कथालाई मौन वाचन गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले पढे नपढेको शिक्षकले अवलोकन गदै जानुहोस् र उत्तर खोज्ने क्रममा अलमल परेका विद्यार्थीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

- पढ्ने समय समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गरी उक्त समूहहरूलाई छलफल गरी आफ्नै मौलिक भाषामा तर छोटो, मिठो र स्पष्ट रूपमा उल्लिखित प्रश्नहरूका उत्तर लेख्नका लागि निर्देशन दिनुहोस् । आवश्यकता परेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर भनेर वा लेखिदिएर समेत नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

- विद्यार्थीले समूह कार्य गर्दा प्रत्येक समूहमा समान सहभागिता भएनभएको समेत ख्याल गर्नुहोस् र अलमलमा परेको व्यक्ति वा समूहमा आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्यको समय समाप्त भएपछि पालैपालो समूहको टोली नेताबाट बोध प्रश्नको उत्तर कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहले प्रस्तुतीकरण गर्दा बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई पाठको अभ्यास नं.२ का प्रश्नहरू एकल रूपमा सोधी मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं.२ र ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : व्याख्या** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास :लेखाइ अभिव्यक्ति**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथाका प्रयुक्त भएका निम्न लिखित विशिष्ट पङ्क्तिहरूको व्याख्या गरी कक्षामा प्रस्तुतीकरण गर्न:

- संसारमा कुपुत्रहरू जन्मन्छन् तर कुमाता हुँदैनन् ।
- मनुष्यहरूले पनि आफ्नो दु:खको परवाह नगरी यसरी नै अरुको दु:ख हटाएर रमाउन सिकून् ।
- यस्ता त्यागी महात्माका अस्थिहरू पवित्र र पूज्य हुन्छन् ।
- परोपकार नै सबभन्दा ठुलो धर्म हो ।

२. शैक्षिक सामग्री :

- व्याख्या गरिएको नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- केही विद्याथीहरूबाट कुनै विशिष्ट प्रतिभा वा कलाको प्रदर्शन गर्ने अवसर दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आजको घन्टीमा गरिने मुख्य कामलाई शीर्षकको रूपमा शैक्षणिक पाटीमा लेखी विषयवस्तसको स्पष्ट जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- कथाको कुनै एक विशिष्ट पङ्तिको व्याख्या गरेर लगेको शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् । त्यसको एउटा सानो पङ्क्तिलाई के कसरी व्याख्या गरिएको रहेछ भन्ने विषयमा केही समय अन्तर्क्रिया गराउनुहोस् । त्यसपछि व्याख्या गर्ने तरिकाबारे लघु प्रवचन दिई विद्यार्थीहरूलाई स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी प्रत्येक समूहलाई उद्देश्यमा उल्लिखित चार ओटा पङ्क्तिलाई गोलाप्रथा गराई गोलामा परेको एक एक ओटा पङ्क्तिको व्याख्या गरेर लेख्ने काम दिनुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् । स्मरण रहोस् समूह नेता दिनहु फरक फरक बनाई प्रस्तुतीकरण गर्ने नियम राखिएको हुनुपर्दछ ।

- अन्त्यमा विद्यार्थीले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा (कुनै व्यक्ति नतोकी) उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- व्याख्या गर्दा के के कुरामा ध्यान दिनुपर्छ भन्ने प्रश्न विद्यार्थीहरूलाई एकल रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. ३ को प्रश्नमा भाव विस्तार गर्न दिइएको पङ्क्तिको व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : पाँचौा

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : कथा कथन र घटना वर्णन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) आफूले जानेसुनेका कथा वा घटना सिलसिला मिलाई भन्न ।

(ख) कथाको कुनै अंशमा आधारित भएर काल्पनिक कथा भन्न ।

२. शैक्षिक सामग्री :

क. कथाका बुँदाहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले आफूले जानेको नीति कथा सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् र विद्यार्थीले पनि आफूले जानेसुनेका कथाहरू वा घटनाहरू सिलसिला मिलाई भन्नुपर्ने विषयवस्तुका जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- विद्यार्थीहरूलाई आफूले जानेसुनेका कथाहरू सिलसिला मिलाई भन्नका लागि केही समय सोच्न दिनुहोस् र जुनसुकै जातजाति, धर्म, भाषा, सम्प्रदायका कथा भन्न पाइने तर अर्को वर्गलाई होच्याउने कथा भन्न नपाइने शर्त राख्नुहोस् ।

- कतिपय विद्यार्थीलाई कथा भन्न रुचि नलाग्ने हुन सक्छ, त्यस्ता विद्यार्थीलाई आफूले बाल्यकालमा देखेका, सुनेका तथा भोगेका सुख वा दु:खका अविस्मरणीय घटनाहरू सिलसिला मिलाई भन्न लगाउनहोस् । यसो गराउँदा आफूले घटना वर्णनको एउटा नमुना सुनाएर विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ ।

- त्यसपछि पालैपालो कथा कथन वा घटना भन्न लगाउनुहोस् र बाँकी विद्यार्थीलाई साथीले भनेको कथा वा घटनालाई राम्ररी सुनेर साथीको कथा वा घटना वर्णन समाप्त भएपछि त्यसको बारेमा टिप्पणी गर्नुपर्ने प्रावधान राख्नुहोस् । टिप्पणी गर्दा साथीहरूको भनेको कथाको भाषा, शैली, सिलसिला, आदिको बारेमा भन्न लगाउनुहोस् ।

- कथा कथन र घटना वर्णनको क्रियाकलापहरू सकिएपछि शिक्षकले आफूले शैक्षिक सामग्रीको रूपमा लगेको कुनै कथाका बुँदाहरू प्रदर्शन गर्नुहोस् र त्यसमा आधरित भएर नयाा कुराहरू थप्दै एउटा काल्पनिक कथा भनेर कक्षामा नमुना प्रस्तुत गर्नुहोस् ।

DRAFT

- अर्को कुनै एक कथाको प्रसङ्गको उठान गरी त्यसपछि के भयो होला ? भन्ने प्रश्न राखी कथालाई लम्याउँदै लगेर अन्तिम विद्यार्थीको पालोमा कथालाई समाप्त गर्ने कार्यकलाप गराउनुहोस् ।

- विद्यार्थीले क्रियकलापमा सक्रियतापूर्वक भाग लिएको नलिएको अवलोकन गरी कुनै विद्यार्थीमा लजाउने वा अलमलको स्थिति देखापरेमा त्यस्ता विद्यार्थीलाई उत्प्रेरित गर्दै आवश्यक परामर्श गरि सहजीकरण गर्नुहोस् । यस्तो क्रियाकलाप गराउँदा विशेष गरी बोलाइ सिपको विकासमा पछिपरेका विद्यार्थीलाई बढी सक्रिय गराउने पक्षमा विशेष ध्यान दिनुहोस् ।

- समय भएमा अर्को कथा कथन वा घटना वर्णन गर्ने क्रियाकलाप पनि गराउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले प्रदर्शन गरेका सकारात्मक व्यवहारहरूको प्रशंसा गर्दै अर्को पटकका लागि थप सुधार गर्न उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- साथीहरूले भनेका कथा वा घटनामध्ये आफूलाई ज्यादै घत लागेका कुनै एक कुरा र त्यो कुरा मन पर्नुको कारण समेत विद्यार्थीलाई भन्न लगाई मूल्याङ्कन कार्य सम्पादन गनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास प्रश्न नं. २३ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**दिन : छैटौं**

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : घटना क्रम मिलान** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) छ्यासमिस पारिएर रखिएका कथाका घटनाहरूलाई क्रम मिलाई पुनर्लेखन गर्न ।

२. शैक्षिक सामग्री :

(क) सिलसिला तथा क्रम नमिलाइएका कथाका घटनाहरू भएको वाक्य सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई आफूले जानेको र गाउँघरमा चलेको कुनै सानो तर घतलाग्दो कथा सुनाउन लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । त्यसैमा सिलसिला मिलाई आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शिक्षकले शैक्षिक सामग्रीको रूपमा लगेको सिलसिला तथा क्रम नमिलाइएका कथाका घटनाहरू भएको बुँदा सूची प्रदर्शन गर्नुहोस् ।

- विद्यार्थीहरूलाई ससर्ती पढ्न लगाउनुहोस् र त्यसबाट के बुझ्यौ भन्ने प्रश्न सोधी प्रतिक्रिया लिनुहोस् ।

- त्यसपछि त्यहाा दिइएका बाक्यहरू कुनै एउटा कथाका बुँदाहरू हुन् तर त्यहाा क्रम मिलाइएको छैन , अब तिनै तलमाथि भएका बुँदालाई क्रम मिलाएर राख्नका लागि निर्देशन दिनुहोस् ।

- विद्यार्थीहरूले काम गर्दै जाँदा प्रत्येक ठाउँमा पुगी अलमल र समस्या परेको अवस्थामा लेख्ने तरिकाबारे आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीहरूले दिइएको कार्य सकेपछि प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई मिल्यो मिलेन भन्ने सन्दर्भमा टिप्पणी गर्न लगाउनुहोस् ।

- समय भएमा अर्को कथा वा घटना आफूले छ्यासमिस गराई भनी दिने र त्यसलाई क्रम मिलाएर लेख्ने थप अभ्यास गराउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले प्रदर्शन गरेका सकारात्मक व्यवहारहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- घटनाक्रम मिलाउने क्रियाकलाप गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुँदा रहेछन् भन्ने प्रश्न राखी मौखिक रूपमा उत्तर भन्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस्।

५. गृहकार्य :

- पाठको अभ्यास नं. २२ को घटना क्रम मिलाउने प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस्।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : हिज्जे मिलान (य -ए, ष -श -स, ऋ, ण, त्र, ज्ञ)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : वर्ण विन्यास**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त हिज्जे (य -ए, ष -श -स, ऋ, ण, त्र, ज्ञ) को पहिचान गरी प्रयोग गर्न ।

(ख) विस्मयादि सूचक चिह्नको पहिचान र प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

क.पाठ्यपुस्तक, गोजीतालिका, शब्द पत्तीहरू र वाक्य पत्तीहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

● विद्यार्थीहरूलाई केही समय दिई उनीहरूमा भएको कुनै प्रतिभा प्रदर्शन गर्ने मौका प्रदान गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे सङ्क्षिप्त जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

● शिक्षकले सुरुमा विद्यार्थीहरूलाई कम्तीमा दश दश ओटा य-ए लागेका शब्दको श्रुति लेखन गराउनुहोस् । आफूले लगेका य-ए प्रयोग भएका शब्दपत्तीहरू गोजीतलिकाबाट शुद्ध रूप प्रदर्शन गर्नुहोस् । त्यसलाई हेरेर उनीहरूले श्रुति लेखनको क्रममा गल्ती भएको भए सच्याउन निर्देशन दिनुहोस् ।

● त्यसपछि य-ए शब्दहरूको उच्चारणगत र प्रयोगगत भेदसम्बन्धी आवश्यक देखिएमा थप उदाहरण समेत दिई स्पष्ट धारणा दिनुहोस् ।

● सबै विद्यार्थीहरूलाई उपयुक्त समय दिई पाठको अभ्यास नं. १६ र १७ लाई कक्षा कार्यको रूपमा गर्नका लागि दिनुहोस् र समय सकिएपछि एकआपसमा साटासाट गरी परीक्षण गर्ने गराउने क्रियकलापहरू गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले क्रियाकलापहरू गरेको समयमा विद्यार्थीले गरेका कार्यको अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।

● त्यसपछि सबै विद्यार्थीहरूलाई पाठको अभ्यास नं. १३ र १४ मा दिइएका ष -श -स, ऋ, ण, त्र, ज्ञ को प्रयोग सम्बन्धी क्रियाकलापहरू गर्नका लागि निर्देशन दिनुहोस् । विद्यार्थीले गरेका कार्यको अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।

● निर्दिष्ट समय समाप्त भएपछि ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी साथीहरूलाई साथीले भनेका कुरा मिलेको भए धन्यवाद दिन र नमिलेको भए सच्याउने प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- अन्त्यमा विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- य -ए, ष -श -स, ऋ, ण, त्र, ज्ञ अक्षरमध्ये एक पटकमा कुनै एउटा अक्षर शैक्षणिक पाटीमा लेख्नुहोस् र जुन विद्यर्थीलाई उठायो उसले त्यो अक्षर लागेको कुनै पनि तिन शब्द नरोकिईकन भन्नुपर्ने खेल खेलाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यास नं. १८ देखि २१ सम्मका कार्यहरू लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : आठौ

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : कथा लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क. निर्देशित बुँदाहरूको आधारमा कथा लेख्न ।

२. शैक्षिक सामग्री :

क. निर्देशित बुँदाहरूको आधारमा लेखिएको नमुना कथा ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- आफूले लगेको शैक्षिक सामग्रीमा भएको कथालाई सस्वर वाचन गरी सुनाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- शैक्षिक सामग्रीको रूपमा लगिएको कथाका बुँदाका आधारमा आफूले मौखिक रूपमा कथा बनाई पुन: एक पटक कथा भनिदिनुहोस् । त्यसपछि आवश्यकता अनुसारको विद्यार्थीहरूको समूह बनाई सोही बुँदामा आधारित भएर कथा लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेखन कार्य गरिरहँदा हरेक स्थानमा पुगी सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले गरेका क्रियाकलापहरूलाई समूहको त्यस दिनको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- बुँदाहरूको आधारमा कथा लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्ने रहेछ ? भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई एकल रूपमा मौखिक उत्तर दिन लगाउनुहोस् ।

५. सिर्जनात्मक कार्य :

- पाठको अभ्यास नं. २२ मा भएका बुँदाका आधारमा कथा लेखन गराउनुहोस् ।

DRAFT

## दिन : नवौँ

**पाठ शीर्षक : बोधिसत्वको कथा**

**पाठ्यवस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : काल्पनिक रचना र मौलिक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

क. दिइएको कुनै प्रश्नमा आधारित भएर आफ्नो स्वतन्त्र र मौलिक विचारहरू अभिव्यक्त गर्न ।

२. शैक्षिक सामग्री :

क. तार्किक लेखनको नमुना

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई भाषिक विकास सम्बद्ध कुनै विशेष प्रतिभा प्रदर्शन गर्ने अवसर दिएर उत्प्रेरणात्मक कार्य सम्पन्न गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापको बारेमा शैक्षणिक पाटीमा लेखी विद्यार्थीलाई स्पष्ट जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप:

- आफूले लगेको पाठको कुनै पात्रमा आधारित काल्पनिक रचनालाई पढ्र सुनाउनुहोस् र विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् । त्यो रचना कसरी लेखिएको होला भन्ने विषयमा छलफल गराउनुहोस् र निष्कर्ष दिई त्यसको बारेमा स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई उपयुक्त समय दिई निम्न लिखित प्रकृतिका प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको मात्र आफ्नै मौलिक चिन्तन र कल्पनामा आधारित रहेर त्यसको उत्तर लेख्नुपर्ने निर्देशन दिनुहोस् ।

शैक्षिक सामग्रीको नमुना

<u>नमुना प्रश्नहरू:</u>

-यदि म दियालयको प्रधानाध्यापक भएको भए.......................

-यदि म कथाकी बघिनी भएको भए......................................

-यदि म कथाको अजित भएको भए......................................

- विद्यार्थीहरूले लेखन कार्य गर्दै जाँदा अलमल रहेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई प्रतिक्रियाका लागि प्रोत्साहित गर्नुहोस् ।

DRAFT

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउँदा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू भएमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- साथीहरूले प्रस्तुत गरेका रचनाहरूमध्ये आफूलाई ज्यादै घत लागेको कुनै एउटा कुरा विद्यार्थीलाई भन्न लगाउने र त्यो कुरा मन पर्नुको कारण समेत खुलाउन निर्देशन दिनुहोस् ।

५. गृहकार्य :

- तिमीहरूले आआफ्नो धर्मसँग सम्बन्धित कुनै राम्रा कथा सुनेका छौ ? छौ भने उक्त कथा र छैन भने आफ्ना अग्रजसँग सोधी सो कथालाई लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. नमुना शैक्षिक सामग्री

क्रम नमिलाइएका कथाका घटनाहरू भएको वाक्य सूची

- उसले मर्ने बेलामा भनेको कुरा पत्याएछन् र गाउँलेहरूले उसले भने बमोजिम गरेछन् ।
- कुनै गाउामा अत्यन्त दुष्ट मानिस बस्दथ्यो ।
- त्यस दुष्टले सबै गाउँलेलाई सधैा अनेक दु:ख दिइरहन्थ्यो ।
- एक पटक ऊ नराम्ररी विरामी भएछ र ऊ मर्ने अवस्थामा पुगेछ ।
- उसले सबै गाउँलेलाई बोलाएर यस पटकको मलाई कालले छोड्दैन होला भनेछ ।
- दुष्टले जीवनभरि दु:ख दिएकोमा गाउँलेहरूसँग माफी मागेछ ।
- अनि त्यो दुष्ट मरेछ पनि ।
- विचरा सोझा गाउँलेहरूले दुष्टले माफी मागेकोमा दङ्ग परेछन् ।
- पुलिस आउँदा गाउँलेले लाशमा बाँसका किला ठोकी सकेका रहेछन् । उजुरीवालाले भनेबमोजिम लाशका मुखभरि बाँसका किला थिए ।
- त्यसैले दुष्टको सङ्गत गर्नु हुन्न यस्ता दुष्टले बाँचुञ्जेलमा होइन् मरेपछि पनि दु:ख दिन्छ भन्ने शिक्षा यस कथाले दिन्छ ।
- उसको भतिजाले पुलिसलाई खबर गरेको रहेछ ।
- दुष्टले फेरि गाउँलेलाई बोलाएर भनेछ, “मैले तिमीहरूलाई धेरै दु:ख दिएको सट्टमा मेरा मुखमा बाँसका लामालामा किला ठोक्नु र रिस मार्नु अनि मात्र अन्तिम संस्कार गर्नू ।”
- त्यो दुष्टले उसको भतिजालाई यदि गाउँलेले म मरेपछि मुखमा बाँसका किला ठोके भने तुरुन्तै पुलिसहरूलाई खवर गर्नु भनेको रहेछ ।
- त्यसैले पुलिसहरूले सबै मलामीहरूलाई पक्रेर जेलमा हालेछन् ।

**घटना क्रम मिलाइएको कथा**

दुष्टको स्वभाव

कुनै गाउँमा अत्यन्त दुष्ट मानिस बस्दथ्यो । त्यस दुष्टले सबै गाउँलेलाई सधै अनेक दु:ख दिइरहन्थ्यो । एक पटक ऊ नराम्ररी विरामी भएछ र ऊ मर्ने अवस्थामा पुगेछ । उसले सबै गाउँलेलाई बोलाएर यस पटकको मलाई कालले छोड्दैन होला भनेछ । दुष्टले जीवनभरि दु:ख दिएकोमा गाउँलेहरूसँग माफी मागेछ । विचरा सोझा गाउँलेहरूले दुष्टले माफी मागेकोमा दङ्ग परेछन् । दुष्टले फेरि गाउँलेलाई बोलाएर भनेछ, “मैले तिमीहरूलाई धेरै दु:ख दिएको सट्टमा मेरा मुखमा बाँसका लामालामा किला ठोक्नु र रिस मार्नु अनि मात्र अन्तिम संस्कार गर्नू ।” अनि

DRAFT

त्यो दुष्ट मरेछ पनि । उसले मर्ने बेलामा भनेको कुरा पत्याएछन् र गाउँलेहरूले उसले भने बमोजिम गरेछन् । त्यो दुष्टले उसको भतिजालाई यदि गाउँलेले म मरेपछि मुखमा बाँसका किला ठोके भने तुरुन्तै पुलिसहरूलाई खवर गर्नु भनेको रहेछ । उसको भतिजाले पुलिसलाई खबर गरेको रहेछ । । पुलिस आउँदा गाउँलेले लाशमा बाँसका किला ठोकी सकेका रहेछन् । उजुरीवालाले भनेबमोजिम लाशका मुखभरि बाँसका किला थिए । त्यसैले पुलिसहरूले सबै मलामीहरूलाई पक्रेर जेल हालेछन् । त्यसैले दुष्टको सङ्गत गर्नु हुन्न यस्ता दुष्टले बाँचुञ्जेलमा होइन् मरेपछि पनि दुःख दिन्छ भन्ने शिक्षा यस कथाले दिन्छ ।

२. नमुना शैक्षिक सामग्री

निम्न बुँदाको आधारमा छोटो कथा लेख्नुहोस् ।

एउटा छोडाको बछेडो - आमाले उसलाई एक बोरा गहु खोलापारि गई पिनेर ल्याउन अह्राउनु - बाटामा एउटा नदी भेट्टाउनु - उसले एउटा गोरुलाई नदी तर्न सकिन्छ कि सकिँदैन भनी सोध्नु - गोरुले पानी धेरै छैन तर्न सकिन्छ भन्नु - बाटामा लोखर्के पनि भेटिनु - लोखर्केले पानीमा डुबिने कुरो बताई नदी तर्न नदिनु - बछेडो अलमल परी घर फर्कनु र आमालाई सबै कुरा भन्नु - आमाले गोरु अग्लो र लोखर्के सानो भएको कुरा बताई बुद्धि लगाउन भन्नु - बछेडोले कुरा बुझ्नु - ऊ नदी तरी सजिलै पारी पुग्नु र आफ्नो काम गरी फर्कनु ।

**<u>कुरा सुन्नु बूढाको</u>**

धेरै धेरै वर्ष पहिले सडक र यातायातको अभाव भएको गाउँमा एउटा धनी परिवार बस्थे । त्यस परिवारमा घोडाहरू पनि थिए । त्यस परिवारको सबारी साधन र ढुवानी गर्ने साधनको रूपमा घोडाहरू थिए ।

एक दिन घोडीले आफ्नो बछेडोलाई एक बोरा गहु खोलापारि लगी घट्टामा पिँधेर ल्याउन अह्राई । खोलावारि घट्ट थिएन । बछेडो गहु बोकेर घट्टमा पिँधन जाँदै थियो । बछेडालाई खोलो तर्न सकिदैन कि भन्ने डर र शङ्का लागेको थियो । बाटामा उसले एउटा गोरुलाई भेट्यो । गोरुलाई सोध्यो, “ए गोरु दाइ ! त्यो नदी तर्न सकिन्छ कि सकिँदैन ? गोरुले भन्यो, “त्यो नदीमा पानी धेरै छैन सजिलै तर्न सकिन्छ ।” बछेडो आँट र साहसका साथ खोलो तर्नै लाग्दा लोखर्केलाई भेट्यो र सोध्यो, “ए लोखर्के ! यो नदी तर्न सकिन्छ ?” लोखर्केले भनेछ,“अहो ! बछेडो भाइ ! यो नदी त ठुलो छ । यहाा त चुर्लुम्मै डुबिन्छ, खोला नतर ।” लोखर्केका कुरा सुनेर बछेडो अलमल परी घर फर्कियो र आमालाई सबै कुरा सुनायो ।

उसकी आमाले भनिन्, “बाबू ! गोरु अग्लो र बलियो हुन्छ । त्यो नदीको पानीले उसलाई केही गर्न सक्दैन, सजिलै तर्न सक्छ । तिमी गोरुभन्दा साना छौ र त्यति बलिया पनि छैनौं । त्यसैले गोरुलाई सजिलो भएको काम तिमीलाई गाह्रो पनि हुन सक्छ । लोखर्के तिमीभन्दा सानो छ । उसले गर्न नसक्ने काम तिमी सहजै गर्न सक्छौ । त्यसैले काम गर्दा आफ्नो बुद्धि लगाउनु पर्छ । कुरा बुझ्यौ बाबू ! तिमी खोला तर्न सक्ने भएर नै मैले तिमीलाई पठाएको हो ।”

आमाले भनेको कुरा बछेडाले राम्ररी बुझ्यो । अनि उसले कसैको कुरा नसुनी सजिलोसँग नै खोला तर्‍यो र गहु पनि पिनेर ल्यायो । यसैले धेरै अरूका कुरा नसुनी आफ्नो बुद्धि पनि लगाउनुपर्छ र बूढा बाबुआमाको कुरालाई सुन्नुपर्छ भन्ने शिक्षा यस कथाले दिन्छ ।

DRAFT

**पाठ १५**

**पाठ शीर्षक : म सौर्य ऊर्जा हुँ** **विधा : प्रबन्ध**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन/शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठनबोध (सङ्क्षिप्त उत्तर) | १ |
| ४. | बुँदा टिपोट | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | शब्द भण्डार (प्राविधिक शबद) | १ |
| ७. | व्याकरण (हिज्जे अभ्यास) | १ |
| ८. | सिर्जनात्मक कार्य (प्रबन्ध लेखन) | १ |
| | जम्मा | ८ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : सस्वर वाचन/शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'म सौर्य ऊर्जा हु' प्रबन्धका निर्दिष्ट अनुच्छेदलाई गति, यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त नयाँ शब्दको शुद्धसँग उच्चारण गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) पाठ्य पुस्तक, शब्दपत्ती र गोजी तालिका ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- उत्प्रेरणाका लागि शिक्षकले विद्यार्थीलाई निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :
  (क) तिमीहरूले सौर्यमण्डलबारे सुनेका छौ ?

  (ख) सूर्यबाट हामीले के के पाउँछौ ?

  (ग) सूर्यको किन पूजा गरिएको होला ?

(ख) मुख्य क्रियाकलाप :

- पाठका अनुच्छेदहरू क्रमश: सस्वर वाचन गराउनुहोस् । वाचनका क्रममा त्रुटि भएमा सच्याउन निर्देशन दिनुहोस् ।

- विद्यार्थीले वरवाचन गरिसकेपछि उनीहरूले उच्चारण गर्न नसकेका शब्दहरू टिपोट गर्नुहोस् । शिक्षकले शुद्ध उच्चारण सुनाउनुहोस् । विभिन्न भाषिक समुदायबाट आएका विद्यार्थीमा शुद्ध उच्चारण नहुने भएकाले पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र उच्चारण गर्न कठिन हुने शब्दहरू प्रस्तुत गरेर उच्चारण प्रतियोगिता गराउनुहोस् ।
- आफूले तयार पारेका सामग्री प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठबाट उच्चारणका दृष्टिले नयाँ शब्द छानी विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) अभ्यासको प्रश्न नं. ११ र १२ का क्रियाकलाप गराउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. १२, १३, १४ र १५ लेखेर ल्याउन लगाई परीक्षण गरिदिनुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : म सौर्य ऊर्जा हुँ**

**पाठ्यवस्तु :** शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका नयाँ शब्दको अर्थ बताउन ।

(ख) पाठमा रहेको नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क शब्द शब्दकोष र फलाटिन पार्टी ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत पठन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पूर्व प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र सबैलाई पाठका अनुच्छेदहरू क्रमशः मौन पठन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले मौन पठन गर्ने क्रममा अर्थ नजानेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गर्दा पाठका अर्थ दिइएका शब्दलाई त्यहीं हेर्न निर्देश गर्नुहोस् र ती बाहेकका ठअन्य शब्द भएमा मात्र रेखाङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले रेखाङ्कन गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् र विद्यार्थी माझबाटै अर्थ भन्न लगाउनुहोस् । उनीहरूले अर्थ जानेनन् भने पहिले तयार गरेको शब्दपत्तीको प्रयोग गरी शब्दको अर्थ बताइदिनुहोस् ।
- शब्दार्थ शिक्षणपछि विद्यार्थीलाई ती शब्दहरू वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीका वाक्यहरू स्तरयुक्त वा उपयुक्त नभएमा फलाटिन पाटीमा आफूले तयार गरेका वाक्यहरू प्रदर्शन गरी त्यस्तै वाक्य बनाउन लगाउनुहोस् ।
- कुनै शब्द दिएर त्यसको अर्थ शब्दकोशमा हेर्ने अभ्यास पनि गराउनुहोस् ।

४. मूल्याङ्कन :

(क) विद्यार्थीलाई पाठमा रहेका नयाँ शब्दहरूको अर्थ बताउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई केही शब्द दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठको अभ्यासका प्रश्न नं. ६, ७, ८, ९ र १० लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**दिन : तेस्रो**

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : पठन बोध** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'म सौर्य ऊर्जा हुँ' पाठको निर्धारित अनुच्छेदको बोध गरी सोधिएका प्रश्नको उत्तर दिन ।

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन ।

२. शिक्षण सिकाइ सामग्री :

- बोध प्रश्नको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण प्रक्रिया :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पाठको पूर्व प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । सबैलाई पाठका अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।
- मौन पठनपछि सम्बन्धित अनुच्छेददको मुख्य भाव सम्बन्धी प्रश्नोत्तर गराउनुहोस् । प्रश्नका नमुना यस्ता हुन सक्छन् :

  (क) सूर्यलाई किन ऊर्जा भनिएको हो ?

  (ख) सूर्यलाई केको पिण्ड भनिन्छ ?

  (ग) सूर्यको अर्को नाम के हो ?

- एउटा समूहलाई सम्बन्धित अनुच्छेदबाट विभिन्न प्रश्न बनाउन लगाउनुहोस् र ती प्रश्न अर्को समूहलाई सोधी तिनको उत्तर भन्न लगाउनुहोस् । तेस्रो समूहलाई ती प्रश्नको उत्तर ठिक भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले ठिक प्रश्न बताउन नसके वा उत्तर दिन नसके पहिले नै तयार पारेका प्रश्न तथा तिनका उत्तर सूची देखाई सोहीअनुसार प्रश्न बनाउन/उत्तर दिन निर्देशन दिनुहोस् ।
- पाठको अभ्यासका प्रश्नहरूको उत्तर विद्यार्थीमा सुनिच्चित गर्न छलफल गराउनुहोस् ।
- प्रस्तुत पाठको अभ्यास ३ मा सोधिएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

DRAFT

४. मूल्याङ्कन

(क) पाठबाट विभिन्न प्रश्न सोधी तिनको उत्तर भन्न लगाई छलफल गराउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. २ र ३ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**दिन : चौथो**

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : बुँदा टिपोट** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) भन्ने पाठका महत्त्वपूर्ण अंश जनाउने बुँदा टिपोट गर्न ।

(ख) टिपिएका बुँदाहरू क्रमिक रूपमा मिलाएर प्रस्तुत गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

क. महत्त्वपूर्ण बुँदाहरूको सूची र फलाटिन बोर्ड ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । दया पाठको पूर्व प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- तपाईँले तयार पारेका बुँदाहरू फलाटिन पाटीमा प्रस्तुत गर्दै बुँदा टिपोट गर्नेबारेमा छलफल चलाई त्यसको तरिकाबारे विद्यार्थीलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठका कुनै अनुच्छेदको दिई मुख्य मुख्य ४ ओटा बुँदा टिपोट गर्न लगाई सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीको एक समूहको प्रस्तुतिमा अर्को समूहलाई समीक्षा गर्न प्रेरित गर्नुहोस् ।
- विद्यार्थीद्वारा तयार पारिएको टिपोटलाई क्रम मिलाएर फलाटिन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा सबै समूहलाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन

- पाठको कुनै एक अनुच्छेद दिई चार ओटा मुख्य बुँदाको टिपोट गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको भएका कुनै एक अनुच्छेदका चार ओटा मुख्य बुँदाको टिपोट गरेर ल्याउन लगाउनुहोस् ।

DRAFT

दिन : पाँचौं

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : भाव विस्तार** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न ।

२. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) पाठमा प्रयुक्त विशिष्ट पङ्क्तिहरू र फलाटिन पाटी ,भाव विस्तारको नमुना

३. सिकाइ सहजीकरण प्र :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत पठन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । पूर्व पाठको प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठबाट विशिष्ट अंश वा पङ्क्तिहरू छानी तिनको भावका विषयमा कक्षामा छलफल गर्नुहोस् ।
- कुनै एक विशिष्ट पङ्क्तिको भाव विस्तार गरिएको चार्ट प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई पनि गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी व्याख्या गर्न लगाउनुहोस् ।
- समूहमा तयार भाव विस्तारलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुतिमा आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न विद्रयार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) अभ्यासको प्रश्न नं. ४ को उत्तर लेख्न लगाउनुहोस् ।

५. परियोजना कार्य :

- पाठको बाहेकको कुनै एक विशिष्ट पङ्क्ति दिई भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : म सौर्य ऊर्जा हुँ**

**पाठ्यवस्तु : शब्द भण्डार** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : शब्द भण्डार विकास**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका प्रावि धिक शब्दहरूको सूची तयार पार्न ।

(ख) पाठमा भएका प्राविधिक शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

२. शिक्षण सिकाइ सामग्री :

- शब्द सूची, प्राविधिकल शब्दकोश र फलाटिन बोर्ड ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सौर्य ऊर्जा पाठ सम्बन्धी सामान्य प्रश्नहरू सोधेर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी पाठका अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले मौन पठन गर्ने क्रममा अर्थ नजानेका प्राविधिक शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गर्दा पाठमा अर्थ दिइएका शब्दलाई त्यहीं हेर्न लगाउनुहोस् र ती बाहेकका अन्य शब्दलाई मात्र रेखाङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले रेखाङ्कन गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् र विद्यार्थीहरूबाटै अर्थ भन्न लगाउनुहोस् । अर्थ बताउँदा चित्र/तस्वीर देखाउने, वस्तु प्रदर्शन गर्ने, परिभाषा बताउने आदि क्रियाकलाप गराई तयार पारेको शब्द सूची प्रदर्शन गरेर तिनको अर्थ छलफल गराउनुहोस् ।
- शब्दार्थ शिक्षणपछि विद्यार्थीलाई ती शब्दहरू वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । आवश्यकतानुसार फलाटिन बोर्डमा शब्द र वाक्य सूची प्रस्तुत गरी साही बमोजिम गर्ने अभ्यास गराउनुहोस् ।
- कुनै पारिभाषिक शब्दहरू दिएर शब्दकोशमा खोज्न लगाउनुहोस् ।

४. मूल्याङ्कन :

- पाठमा भएका केही प्राविधिक शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. ६,७, ८, ९ र १० लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**दिन : सातौँ**

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : व्याकरण  र वाक्य परिवर्तन**  **समय : ४५ मिनेट**

**लक्षित सिप विकास  : वाक्य परिवर्तन**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आदर र लिङ्गका आधारमा वाक्य परिवर्तन गर्न ।

(ख) करण र अकरणका आधारमा वाक्य परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री

(क) शब्दपत्ती, वाक्यपत्ती  गोजी तालिका

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत पठन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । पाठको पूर्व प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- प्रथमत: शिक्षकले शब्दपत्तीमा गलत हिज्जे भएका शब्दहरू लेखेर छलफल गराउनुहोस् । त्यसपछि सही हिज्जे प्रयोग गर्न लगाउनुहोस् ।
- आदरका आधारमा ती वाक्यहरूलाई परिवर्तन गर्न लगाउनुहोस् र मूल्याङ्कन पनि गर्न लगाउनुहोस् ।
- शैक्षणिक पाटीमा विभिन्न वाक्यहरू दिई लिङ्गका आधारमा पनि परिवर्तन गर्न लगाउनुहोस् र मिले नमिलेको मूल्याङ्कन गर्न विद्यार्थीलाई नै लगाउनुहोस्  ।
- विद्यार्थीलाई समूहमा विभाजन गरी एउटा समूहलाई लिङ्गका आधारमा र अर्को समूहलाई आदरका आधारमा वाक्य परिवर्तन गर्न लगाई अर्को समूहलाई मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- करण वाक्यहरू दिई अकरण वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

(क) विभिन्न गलत हिज्जे प्रयोग भएका वाक्यहरू दिई सच्याउन लगाउनुहोस् ।

(ख) वाक्यहरू दिई लिङ्ग र आदरका आधारमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ग) अकरण वाक्यहरू दिई करण वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. १७, १८, गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : आठौं

**पाठ शीर्षक : म सौर्य ऊर्जा हु**

**पाठ्यवस्तु : प्रबन्ध लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्धारित शीर्षकमा प्रबन्ध लेख्न ।

२. शिक्षण सिकाइ सामग्री :

(क) प्रबन्ध शीर्षकको सूची भएको तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पूर्व पाठको प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई प्रबन्धका शीर्षक भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- उनीहरूले भने भन्दा अन्य केही शीर्षक थपिदिनुहोस् । शीर्षक दिँदा पढिरहेको पाठसँग सान्दर्भिक शीर्षक दिनुहोस् ।
- शैक्षणिक पाटीमा लेखिएका विभिन्न शीर्षकमध्ये विद्यार्थीलाई एउटा शीर्षक छान्न लगाउनुहोस् । त्यस शीर्षकमा विद्यार्थीले जानेका कुरा बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । प्रबन्ध लेख्न लगाउनु पूर्व प्रबन्धका आदि, मध्य र अन्त्य खण्ड बारे चर्चा गर्नुहोस् ।
- विद्यार्थीले टिपोट गरिसकेपछि प्रबन्धको ढाँचा देखाएको तालिका प्रस्तुत गर्नुहोस् र सोही ढाँचा अनुसार विद्यार्थीलाई प्रबन्ध लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले प्रबन्ध लेखिसकेपछि परीक्षण गरी दिनुहोस् । सबैभन्दा राम्रो प्रबन्ध छुट्याइदिनुहोस् । सो प्रबन्ध सोही कक्षामा वा अर्को कक्षामा वाचन गरेर सुनाउन लगाउनुहोस् । तीमध्ये उत्कृष्ट प्रबन्धलाई पुरस्कृत गर्नुहोस् तथा विद्यालयको प्रदर्शन पाटीमा टाँसिदिनुहोस् ।

४. मूल्याङ्कन :

- प्रबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अन्तमा दिइएको सिर्जनात्मक अभ्यास गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

DRAFT

**पाठ - १६**

**पाठ शीर्षक : रिस र राक्षस** **विधा : कथा**

## एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध (सङ्क्षिप्त उत्तर) | २ |
| ४. | घटनाक्रम मिलान र कथा लेखन | १ |
| ५. | व्याख्या/भाव विस्तार | १ |
| ६. | व्याकरण (सामान्य भविष्यत् ,अज्ञात र अभ्यस्त पक्ष) | १ |
| ७. | परियोजना कार्य (दोस्रो भाषाका कथा सङ्कलन) | १ |
| जम्मा | | ८ |

DRAFT

### दिन : पहिलो

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका निर्दिष्ट अनुच्छेदहरू गति, यति मिलाई सस्वर वाचन गर्न ।
(ख) कथामा रहेका कठिन शब्दहरूको शुद्ध र स्पष्टसँग उच्चारण गर्न ।

२. शैक्षिक सामग्री
क. शब्द पत्ती, शब्दहरूको सूची र गोजी तालिका ।

३. सिकाइ सहजीकरण प्रक्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले रिस के हो, रिसले कस्तो असर गर्छ जस्ता विभिन्न खालका प्रश्नहरू सोधेर मस्तिष्क मन्थन गराउनुहोस् । सोपछि विद्यार्थीलाई पढ्न लागिएको पाठको बारेमा गरिने विभिन्न क्रियाकलापको प्रस्तुत गरी जानकारी प्रदान गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठका अनुच्छेदलाई गति, यति मिलाएर ससस्वर वाचन गर्न विद्यार्थीलाई लगाउनुहोस् । विद्यार्थीलाई पालैपालो समूहगत र व्यक्तिगत रूपमा उत्तम , मध्यम र सामान्य सबै प्रकारका विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी सस्वर वाचनको अभ्यास गराउनुहोस् ।
- सस्वर वाचनको अभ्यास गराउादा वाचन गर्ने विद्यार्थीको गल्ती टिपोट गर्न अरू विद्यार्थीलाई लगाउनुहोस् ।
- विद्यार्थीले गरेका उच्चारणगत त्रुटिलाई पटक पटक आँफैले उच्चारण गरेर विद्यार्थीलाई पनि सँगसँगै उच्चारण गर्न अभ्यास गराउनुहोस् ।
- शुद्धोच्चारणको अभ्यासको लागि शब्दपत्ती र शब्दसूचीको पनि प्रयोग गर्नुहोस् ।
- सुन्न नसक्ने विद्यार्थीका लागि उपयुक्त हुने क्रियाकलाप गराउनुहोस् ।
- मातृभाषा नेपाली नहुने विद्यार्थीका उच्चारणगत त्रुटि पहिचान गरी थप अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन :

(क) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।
(ख) पाठका आधारमा नयाा शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठ पढी त्यसमा प्रयोग भएका नयाा शब्दहरू टिपोट गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाा शब्दहरूको अर्थ भन्न ।
(ख) पाठमा प्रयोग भएका नयाा शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :
(क) शब्दार्थ पत्ती, वाक्य पत्ती, नयाा शब्द र अर्थहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम कुनै दुई ओटा शब्दहरू दिई त्यसले भन्न खोजेको अर्थलाई एक मिनेटमा लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका शब्दहरूको अर्थ सोधी शब्दार्थ शिक्षणका लागि उत्प्रेरणा प्रदान गर्ने कार्य गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठको मौन वाचन गर्न लगाई वाचनका क्रममा देखिने नयाा शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गर्दा पाठका गाढा अक्षरका शब्दको अर्थ पाठको शब्दार्थमा नै हेर्ने अभ्यास गराउनुहोस् र अर्थ नदिएका कठिन शब्दमा मात्र रेखाङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाा शब्दहरू क्रमशः शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । प्रत्येक शब्दको अर्थ विद्यार्थीलाई नै सोध्नुहोस् । विद्यार्थीबाट उत्तर नआएमा मात्र अर्थ स्पष्ट पार्न शब्दार्थ पत्तीको प्रयोग गर्दै विद्यार्थीलाई एकपछि अर्को शब्दको अर्थ गोजी तालिकामा प्रदर्शन गर्नुहोस् ।
- शब्दको अर्थ बताउने क्रममा आवश्यक पर्दा शब्दकोशको प्रयोग गरी शब्दको अर्थ पत्ता लगाउन सिकाउनुहोस् ।
- विद्यार्थीलाई शब्दको अर्थ भन्न समर्थ भएपछि त्यस्ता शब्दहरूको वाक्य बनाउन प्रेरित गर्नुहोस् ।
- नमुना वाक्य पत्ती बनाई प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो वाक्य बनाउन लगाउनुहोस् । वाक्य बनाउँदा मिले नमिलेको हेरी आवश्यक पृष्ठपोषण समेत दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीलाई विभिन्न नयाा शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

DRAFT

- शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ६, ७ को उत्तर गर्न निर्देश गर्नुहोस् ।

DRAFT

**दिन : तेस्रो**

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : पठन बोध** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. उद्देश्य :

यस पाठको अन्त्यमा विद्यार्थीहरू निर्धारित अनुच्छेदको बोध गरी त्यसमा आधारित प्रश्नहरूको उत्तर दिन सक्षम हुने छन् ।

२. शैक्षिक सामग्री :

(क) बोध प्रश्नहरू ।

३. सिकाइ सहजीकरण प्र :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- कुनै विषय वस्तु दिई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा उत्तर सोचेर लेख्न लगाई नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् र पढ्ने पाठको बारेमा जानकारी प्रदान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- कथाको कुनै अनुच्छेदबाट बोधका लागि उपयुक्त अनुच्छेद छनौट गरिदिई विद्यार्थीहरूलाई उक्त अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।
- मौन वाचन गराउँदा पाठलाई कम्तीमा दुई/तिन पटक पढ्ने अवसर दिनुहोस् । मौन वाचन सकिएपछि पहिले नै तयार पारेर ल्याएका बोध प्रश्नहरू विद्यार्थीलाई पालैपालो गरी सोध्नुहोस् ।
- विद्यार्थीलाई बोधको प्रश्न सोध्दा एउटा प्रश्नमा एउटै मात्र उत्तर आउने गरी छोटा छोटा प्रश्नहरू सोध्नुहोस् ।
- विद्यार्थीहरूलाई आफूले तयार गरेका बोध प्रश्नहरू पालैपालो सोध्नुहोस् । सकेसम्म विद्यार्थीबाटै उत्तर दिन लगाउनुहोस् र सही उत्तर आउन नसके आफैँले उत्तर भनी दिनुहोस् । उदाहरणका लागि अनुच्छेद ५ बाट बोध प्रश्नहरू तल दिइएको छ ।

१. श्रीकृष्ण र बलराम कहाा सुते ?

२.सात्यकिले के आउँदै गरेको देखे ?

३.राक्षस कस्तो थियो ?

४.राक्षसले कसलाई उठाउन खोज्यो ?

- बोध प्रश्नको अभ्यास गराउँदा विद्यार्थीहरूलाई मौखिक र लिखित दुवै अभ्यास गराउनुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- पाठका तोकिएका अनुच्छेद पढ्न दिई त्यसबाट बोध प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. १ र ३ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : घटना क्रम मिलान र कथा लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका घटनाक्रमको टिपोट गर्न ।

(ख) घटना क्रम मिलाउन ।

(ग) घटना वा बुँदाका आधारमा कथा लेख्न ।

२. शैक्षिक सामग्री :

- घटना बुँदाहरूको सूची, कथा लेखन नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- आजको कक्षामा घटनाक्रम मिलान र कथा लेखनको अभ्यास गर्न लागिएको कुराको जानकारी प्रदान गरिदिँदै कथा लेखनका लागि उत्प्रेरणा प्रदान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- कथाको मौन पठन गर्न लगाउनुहोस् । कथाको मौन पठनपछि मुख्य घटनाहरूलाई क्रमिक रूपमा टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरिएका घटनाहरूलाई पूर्ण पारेर भन्न लगाई घटनाहरूलाई मिलाएर लेख्ने अभ्यास समेत गराउनुहोस् ।
- अन्य कथाका घटनाहरूलाई छ्यासमिस पारी शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् र ती घटनाहरूलाई क्रमिक रूपमा भन्न र लेख्न लगाउनुहोस् ।
- घटनाहरू मिलाउन लगाउने क्रममा विद्यार्थीहरूले क्रमिक रूपमा घटनाहरू मिलाउन नसकेमा घटना वर्णन गर्ने तरिका बताइदिनुहोस् ।
- कथा लेखनको अभ्यास गराउँदा घटना वा बुँदाहरू दिई कथा लेख्न लगाउनुहोस् र आफूले जानेका कथाहरू सुनाउने अवसर समेत प्रदान गर्नुहोस् ।
- विभिन्न विषय दिएर साना साना कथा लेख्ने अभ्यास समेत गराउनुहोस् ।

४. मूल्याङ्कन :

- कुनै एक कथाको उल्टोपाल्टो घटना दिई घटना क्रम मिलाउन लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठमा भएको सिर्जनात्मक अभ्यासको प्रश्न नं. १८ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : व्याख्या/भावविस्तार** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्तमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथामा प्रयोग भएका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :
(क) व्याख्याको नमुना तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- कुनै रोचक खालको प्रसङ्ग सुनाएर विद्यार्थीको पाठप्रति ध्यान आकर्षण गर्नुहोस् । आज पढ्ने पाठ्यवस्तुको बारेमा पनि जानकारी प्रदान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठको मौन पठन गर्न लगाई विशिष्ट हरफहरू छान्न लगाउनुहोस् ।
- छानेका अशंहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । कुनै एक अशंको छनौट गरी व्याख्या तथा भाव विस्तारका लागि ती बुँदाहरूका बारेमा समूहमा छलफल गर्नुहोस् ।
- छलफलबाट आएका महत्त्वपूर्ण बुँदाहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । बुँदा टिपेपछि तिनै बुँदाका आधारमा व्याख्याको नमुना तयार गरी छलफल गर्नुहोस् ।
- व्याख्या गर्न आदि, मध्य र अन्त्य भागमा के के हुन्छ, के कसरी व्याख्या गर्न सकिन्छ, त्यसको नमुना प्रस्तुत गरेर सबै विद्यार्थीलाई समान सहभागी हुने गरी छलफल गर्नुहोस् ।
- व्याख्या गर्ने अभ्यासको लागि आफूले तयार गरेर ल्याएको नमुना पनि प्रस्तुत गर्नुहोस् ।
- पाठको विशिष्ट पङ्क्ति व्याख्या गर्न दिई छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाएर आवश्यक टिप्पणी समेत गर्नुहोस ।
- विद्यार्थीका लागि व्याख्या गर्ने अभ्यास पटक पटक गराउनुहोस् ।

४. मूल्याङ्कन :

- व्याख्या गर्न कुन कुन खण्ड आवश्यक छ ? छलफल गर्न लगाउनुहोस् ।

५.गृहकार्य :

- पाठको कुनै एक विशिष्ट अंश दिई त्यसको व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : व्याकरण (सामान्य भविष्यत् ,अज्ञात र अभ्यस्त पक्ष)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अरू कालका पदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर्न ।
(ख) अरू पक्षका पदलाई अभ्यस्त र अज्ञात पक्षमा परिवर्तन गर्न ।
(ग) पुरुषका आधारमा वाक्य परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :
(क) सामान्य भविष्यत्, अज्ञात र अभ्यस्त काल जनाउने नमुना वाक्यहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा :

सामान्य भविष्यत् कालको प्रयोग गरेर कुनै तिनओटा वाक्यहरू बनाई त्यस्तै वाक्यका आधारमा आफ्नो भविष्यको योजनाका बारेमा पाचओटा वाक्य बनाउन लगाई विद्यार्थीलाई पाठ्यवस्तुप्रति ध्यान आकर्षण गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- कार्यमूलक व्याकरणका अवधारणमा आधारित भएर सामान्य भविष्यत्, अज्ञात र अभ्यस्त कालको प्रयोग गरी वाक्यहरू निर्माण गरेर शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई पाठका एक एक अनुच्छेद पढ्न लगाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका पदहरू टिप्न लगाउनुहोस् ।
- सबै समूहबाट टिपिएका पदहरूबाट सामान्य भविष्यत्, अज्ञात र अभ्यस्त कालको प्रयोग भएका पदहरू सोधी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- यसरी सूचीकृत भएका पदलाई सामान्य भविष्यत्, अज्ञात र अभ्यस्त कालले जनाउने अर्थगत सम्बन्धका बारेमा प्रस्ट पारिदिनुहोस् ।
- विद्यार्थीलाई प्रथम पुरुष (म, हामी) लगाएर कालसँग सम्बद्ध वाक्य निर्माण गर्न लगाउनुहोस् र यसरी निर्माण भएका वाक्यहरूलाई तृतीय पुरुष (ता, तिमी, तपाईं) लगाएर वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।
- पुरुषका आधारमा कालसँग सम्बन्धित वाक्य परिवर्तन गर्ने थप अभ्यास समेत गराउनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

(क) सामान्य भविष्यत् कालको प्रयोग गरी दुई ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।
(ख) अभ्यस्त र अज्ञता कालको प्रयोग गरी दुई ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. १५, १६, १७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : रिस र राक्षस**

**पाठ्यवस्तु : दोस्रो भाषाका कथा सङ्कलन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : परियोजना कार्य**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) दोस्रो भाषाका कथा सङ्कलन गरी प्रस्तुत गर्न ।

२. शैक्षिक सामग्री :
क. दोस्रो भाषाको कथाको कुनै नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- कक्षा कोठामा नेपाली मातृभाषा नहुने विद्यार्थीको सङ्ख्या सोधी आफ्ना भाषामा भएका कथा सुनेको छ कि छैन सोधी पाठ्यवस्तुप्रति ध्यान आकर्षित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले दोस्रो भाषाका रूपमा जानेका कथाहरू भन्न लगाउनुहोस् । प्रस्तुतिका क्रममा कक्षामा विभिन्न मातृभाषा हुने विद्यार्थीको समिश्रण हुने हुादा सबै भाषीका विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।
- विद्यार्थीले प्रस्तुत गरेका कथाका सम्बन्धमा आवश्यक छलफल गरी आफ्ना विचार प्रस्तुत गर्न लगाउनुहोस् ।
- कथामा प्रस्तुत भएको सन्देशका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।
- आफ्नो समुदायमा प्रचलित मूल्य मान्यताका आधारमा कथा लेखनका लागि थप प्रोत्साहन प्रदान गर्नुहोस् ।
- विद्यार्थीले लेखेका कथालाई प्रदर्शन पाटीमा टासेर सबैलाई हेर्ने अवसर प्रदान गरिदिनुहोस् ।

४. मूल्याङ्कन :

- आफ्नो समुदायमा प्रचलित कुनै लोक कथा भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- आफ्नो गाउाघर र आसपासका क्षेत्रमा प्रचलित कथा लेखेर ल्याई कक्षामा सुनाई भित्ते पत्रिकामा टाँस्ने परियोजना कार्य लगाउनुहोस् ।

DRAFT

पाठ - १७

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन** **विधा : निवेदन**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | व्याकरण (पूर्ण भूत काल) | १ |
| ५. | सिर्जनात्मक लेखन (निवेदन) | २ |
| जम्मा | | ६ |

**दिन : पहिलो**

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

DRAFT

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत निवेदनका निर्दिष्ट अनुच्छेदलाई गति, यति मिलाई सस्वर वाचन गर्न,

(ख) यस निवेदनको निर्दिष्ट अनुच्छेदमा रहेका कठिन शब्दको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री :

क. शब्दपत्ती,उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- सर्वप्रथम निवेदन किन लेखिन्छ ? तिमीहरूले निवेदन लेखेको छ कि छैन ? आदि जस्ता विभिन्न प्रश्नहरू सोधेर विद्यार्थीलाई पाठप्रति ध्यान आकर्षित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीलाई निवेदनको पाठ गति, यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- सस्वर वाचन गर्ने विद्यार्थीले त्रुटि गरेको छ, छैन अन्य विद्यार्थीलाई पत्ता लगाउन लगाउनुहोस् । पछिपरेकालाई थप आदर्श वाचनको अभ्यास गराउनुहोस् ।

- उच्चारण गर्न कठिन लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् । त्यस्ता उच्चारण गर्न कठिन शब्दहरू आफैँले उच्चारण गरिदिनुहोस् ।
- उच्चारण शिक्षण गराउँदा विद्यार्थीहरूलाई कठिन हुने शब्दलाई शब्द पत्तीको प्रयोग गर्दै गोजी तालिकामा प्रस्तुत गर्नुहोस् ।
- उच्चारणको अभ्यास गराउादा मातृभाषा नेपाली नहुने र अपाङ्गता भएका विद्यार्थीका लागि विशेष ध्यान दिनुहोस् ।

४.मूल्याङ्कन

- अभ्यास नम्बर ७ लाई कक्षा कार्य गराएर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. गृहकार्य :

- पाठको अभ्यासको प्रश्न नं. ७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) निवेदनमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन ।

(ख) निवेदनमा प्रयुक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

- शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । पाठको पूर्व प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पाठका तोकिएका अनुच्छेदको मौन वाचन गर्न लगाउनुहोस् र विद्यार्थीलाई आफूले नजानेका कठिन शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् ।
- रेखाङ्कन गरिएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिप्नुहोस् । विद्यार्थीलाई ती शब्दको अर्थ भन्न लगाउनुहोस् र ती शब्दको अर्थ नजानेमा शब्दपत्तीको प्रयोग गर्दै अर्थ भन्नुहोस् ।
- शब्दको अर्थ बताउँदा आवश्यकतानुसार विभिन्न विधिहरूको उपयोग गर्नुहोस् ।
- शब्दको अर्थ बताउँदा आवश्यकतानुसार शब्दकोशको प्रयोग गरी शब्दको अर्थ पत्ता लगाउन सिकाउनुहोस् ।
- शब्दार्थ शिक्षण गरेपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्दको प्रयोग उपयुक्त किसिमले नगरे वाक्यपत्तीको प्रयोग गरी वाक्यमा प्रयोग गर्ने तरिका बताउनुहोस् ।

४.मूल्याङ्कन :

- पाठका कठिन शब्द दिएर अर्थ भन्न लगाउनुहोस् ।
- पाठका कठिन शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

५.गृहकार्य

- अभ्यासको प्रश्न नं. ४, ५, ६ को अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन**

**पाठ्यवस्तु : पठन बोध** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

(क) पाठबाट सोधिएका बोध प्रश्नहरूको उत्तर दिन ।

२. शैक्षिक सामग्री :

क. प्रश्नसूची र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत पठन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पूर्व पाठको प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई अनुच्छेद तोकी मौन वाचन गर्न लगाउनुहोस् । मौन वाचन गर्दा विद्यार्थीले ठिक किसिमले मौन वाचन गरे नगरेको निरीक्षण गर्नुहोस् र आवश्यकतानुसार उपयुक्त निर्देशन दिनुहोस् ।
- मौन वाचनपछि निवेदनको पाठबाट पहिले नै तयार पारेका बोध प्रश्नहरू सोध्नुहोस् । जस्तै:
  (क) निवेदन कसले कसलाई लेखेको हो ?
  (ख) निवेदनमा के कुराको माग गरिएको छ ?
  (ग) निवेदकले मागको आधार के पेस गरेका छन् ?
  (घ) विद्यालयलाई खेल खेलाउादा हुने फाइदा के होला ?
- बोध प्रश्न सोध्दा सकेसम्म सबैलाई पालो पर्ने गरी सोध्नुहोस् । अपाङ्गता भएका र सिकाइ क्षमता कमजोर भएका विद्यार्थीलाई विशेष ध्यान दिनुहोस् ।
- सोधेको विद्यार्थीले उत्तर दिन नसकेमा अन्य विद्यार्थीलाई सोध्नुहोस् । सकेसम्म विद्यार्थीबाटै उत्तर खोज्नुहोस् र विद्यार्थीबाट उत्तर नआएमा मात्र सहयोग पुर्‍याउनुहोस् ।
- निर्दिष्ट अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउँदा पहिला मौखिक रूपमा र त्यसपछि लिखित रूपमा गराउनुहोस् ।

४.मूल्याङ्कन :

- अभ्यास नम्बर १ बाट विभिन्न बोध प्रश्न सोधी उत्तर भन्न/लेख्न लगाउनुहोस् ।

DRAFT

५. गृहकार्य :

- पाठको अभ्यास प्रश्न नं. १ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन**

**पाठ्यवस्तु : व्याकरण (पूर्ण भूत काल)** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पूर्ण भूत कालको पदको प्रयोग गरी वाक्य बनाउन ।

(ख) अरू कालका पलाई पूर्ण भूत कालमा परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री :

क. पूर्ण भूत काल जनाउने नमुना अनुच्छेद र वाक्यहरूको सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पूर्व पाठको प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- पूर्ण भूत कालको प्रयोग गरी पाँचओटा वाक्यहरू बनाउनुहोस् र विद्यार्थीलाई पनि बिदाका दिन घुम्न जाँदा भएका घटनामा आधारित भएर पााचओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पाठका अनुच्छेद पढ्न लगाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका पदहरू टिप्न लगाउनुहोस् ।
- सबै समूहबाट टिपिएका पदहरूबाट पूर्ण भूत कालको प्रयोग भएका पदहरू सोधी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- यसरी सूचीकृत भएका पदलाई पूर्ण भूत कालले जनाउने अर्थगत सम्बन्धका बारेमा प्रस्ट पारिदिनुहोस् ।
- विद्यार्थीहरूलाई पूर्ण भूत कालको प्रयोग गरी वाक्यहरू बनाउन लगाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।
- अरू कालका पदहरू दिएर पूर्ण भूत कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन :

- पूर्ण भूत कालको प्रयोग गरी पाँचओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।
- बितेका कुनै कुरामा आधारित भएर एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- अभ्यासको प्रश्न नं. १० को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौं

**पाठ शीर्षक : प्रधानाध्यापकलाई निवेदन**

**पाठ्यवस्तु : निवेदन लेखन** **समय : ४५ मिनेट**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. विशिष्ट उद्देश्य : यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) निर्धारित ढाचामा निवेदन लेख्न,

(ख) निर्दिष्ट विषयमा आधारित भएर उपयुक्त खालका चिठी रचना गर्न,

(ग) निमन्त्रणा र शुभकामना पत्र लेख्न ।

२. शैक्षिक सामग्री

क. निवेदनका नमुना, निवेदनको व्यहोरा (सम्बोधन खण्ड), पेटबोली, समापनसँग सम्बन्धित विभिन्न अंशहरू, निमन्त्रणा पत्र र शुभ कामना पत्रका नमुना ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई द्रुत पठन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् । त्यसपछि पूर्व पाठको प्रसङ्ग जोडेर आजको विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विभिन्न किसिमका निवेदनका नमुना फलाटिन पाटीमा टाँसेर त्यसको प्रारम्भ भाग, मध्य भाग र अन्त्य भागको ढाँचाका बारेमा छलफल गराउनुहोस् ।
- प्रदर्शन गराइएको निवेदनको ढााचामा उल्लेख भएको ढाचामा आधारित भएर त्यही ढाँचामा अर्को निवेदन लेख्न लगाउनुहोस् ।
- निवेदनका अङ्गहरू छ्यासमिस गरी मिलाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण समेत दिनुहोस् ।
- विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विभिन्न विषयहरू दिई निवेदन तयार गर्न लगाउनुहोस् र मिले नमिलेको प्रस्तुतीकरण गर्न लगाई पृष्ठपोषण आदानप्रदानको वातावरण निर्माण गर्नुहोस् ।
- विद्यार्थी क्रियाकलापको अवलोकन गरी अन्तमा आवश्यक पृष्ठपोषण समेत दिनुहोस् ।

४. मूल्याङ्कन :

DRAFT

- निवेदन लेख्दा ध्यान दिनुपर्ने कुराका बारेमा छलफल गराई निष्कर्ष निकाल्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ३ र ११ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

पाठ - १८

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द** **विधा : जीवनी**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | मुख्य घटनाक्रम टिपोट र वर्णन | १ |
| ५. | व्याख्या/भाव विस्तार | १ |
| ६. | बुँदा टिपोट | १ |
| ७. | सारांश लेखन | १ |
| ८. | हिज्जे | १ |
| ९. | सिर्जनात्मक कार्य ( जीवनी लेखन) | १ |
| जम्मा | | ९ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' जीवनीलाई निर्दिष्ट अनुच्छेदलाई सस्वर वाचन गर्न ।

(ख) प्रस्तुत जीवनी पाठमा प्रयुक्त उच्चारणगत दृष्टिले कठिन भएका नयाा शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

लक्षित शब्द : ब्रह्मचारी, षडानन्द, रुक्मिणी, हम्मे, व्रतबन्ध, विद्याध्ययन, संस्कृत, व्याकरण, कर्मकाण्ड, ज्योतिष, उपनिषद्, पुरश्चरण, भन्ज्याङ, षडेश्वर, ताम्रपत्र, रुद्राक्ष, संवर्धन, पर्यावरण, विद्वत्वृत्ति, दृष्टिकोण ।

२. शैक्षिक सामग्री :

- उच्चारणगत दृष्टिले कठिन शब्दहरूको सूची र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीलाई पढाइतर्फ आकर्षित गर्न मातृभाषागत समावेशी मिलाई केही अगाडि बोलाउनुहोस् र तिनीहरूलाई निम्न संयुक्त अक्षरलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् :

  संयुक्त अक्षर : ट्र, सं, क्य, प्य, णु, दृ, दू, न्यो ।

- उनीहरूको उच्चारणगत समस्या आदि पहिचान गरी आजको कक्षामा सस्वर वाचन र शुद्धोच्चारण गरिने बारे बताइदिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सुरुमा जीवनी पाठको सुरुका दुई अनुच्छेद शुद्धसँग सस्वर वाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूबाट त्यसको प्रति लिनुहोस् । सस्वर वाचनको उपयुक्त वातावरण निर्माण गरी आवश्यक थप निर्देशनहरू दिनुहोस् ।
- विद्यार्थीहरूलाई पालैपालो एक एक अनुच्छेद शुद्धसँग सस्वर वाचन गर्न निर्देशन दिनुहोस् र बाँकी विद्यार्थीहरूलाई साथीले शब्दहरूलाई शुद्धसँग उच्चारण गरेनगरेको ध्यानपूर्वक सुन्न र गल्ती उच्चारण गर्नासाथ रोकेर सच्याउने निर्देशन दिनुहोस् ।
- शिक्षकले विद्यार्थीले सस्वर वाचन गरको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै उनीहरूको उच्चारणगत समस्या भएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- जीवनी पाठका सबै अनुच्छेद सस्वर वाचन अभ्यास गराइसकेपछि उनीहरूलाई वाचनको क्रममा उच्चारणगत समस्या भएका थप शब्दहरू माग्नुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- शैक्षणिक पाटीमा टिपोट गरेका उच्चारणगत समस्या भएका शब्दहरूलाई पालैपालो शुद्ध उच्चारण गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् । यसै क्रममा शिक्षक आफूले तयार पारेको कठिन शब्दहरूको सूची गोजी तालिकामा प्रदर्शन गर्दै बारम्बार शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।
- यस अवस्थामा दोस्रो भाषा नेपाली भएका तथा ढिलो सिकाइ क्षमता भएका विद्यार्थीहरूको उच्चारणगत समस्याप्रति बढी सचेत रहनुहोस् र आवश्यक थप उच्चारणगत अभ्यासमा सहयोग पुऱ्याउनुहोस् ।

४. मूल्याङ्कन :

- चिट्ठा खेल विधिद्वारा विद्यार्थीको उच्चारण सम्बन्धी उपलब्धिको मूल्याङ्कन गर्नुहोस् ।

DRAFT

- निर्दिष्ट पाठका अनुच्छेद तोकी सस्वर वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- प्रत्येक विद्यार्थीलाई प्रस्तुत पाठका उच्चारणगत कठिनाई भएका शब्दहरू शुद्धसँग उच्चारण गर्न सक्ने भई आउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास: पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत जीवनी पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्द : आबाल, गर्भे दुहुरा, आकाङ्क्षा, जन्म जयन्ती, कर्मकाण्ड, उपासना, पुरश्चरण, सिद्धि, दृष्टिकोण, धर्मशाला, चौमासा, शिलालेख, ताम्रपत्र, धर्म पत्रिका, पर्यावरण, सतीप्रथा, दासप्रथा, अनुकरणीय, बहुमुखी, विद्वत्वृत्ति ।

(ख) लक्षित शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्द र अर्थपत्ती, शब्दार्थ सूची चार्ट, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- अघिल्लो दिन पढेका उच्चारणगत समस्या भएका शब्दहरू सम्झनका लागि शिक्षकले केही समय दिनुहोस् ती शब्दहरू छिटोछिटो उच्चारण गर्न (द्रुत वाचन) लगाउनुहोस् । यो क्रियाकलाप गराउँदा जसले एक मिनेटभित्र धेरै शब्दहरू उच्चारण गर्छ उसलाई ताली बजाई सम्मान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई त्यस दिन गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी जानकारी गराउँदै निर्दिष्ट जीवनी पाठलाई मौन पठन गर्न लगाउनुहोस् र त्यसमा आफूलाई अर्थ थाहा नभएका शब्दहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- कापीमा टिपोट गर्ने कार्य पुरा गरिसकेपछि उनीहरूलाई अर्थ थाहा नभएका शब्दहरू पालैपालो भन्न लगाउनुहोस् ती शब्दहरूलाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- टिपोट गरेका शब्दहरूको अर्थ सर्वप्रथम विद्यार्थीहरूलाई नै भन्न अभिप्रेरित गर्नुहोस् । उनीहरूले नजानेका शब्दहरूको मात्र आफूले शब्दार्थ पत्तीको सहायताले बताइदिनुहोस् ।
- शब्दार्थ शिक्षणका लागि शिक्षकले उपयुक्त विधिहरूको उपयोग गरी शिक्षण गर्नुहोस् :

DRAFT

- शिक्षकले आफूले तयार पारेर लगेको शब्द र अर्थको सूची चार्ट फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् र शब्द र अर्थमा जोडा मिलाउन विद्यार्थीहरूलाई नै उत्प्रेरित गर्नुहोस् ।

- शब्द अर्थको सूची प्रदर्शन गरेपछि शब्दको अर्थसँग त्यसलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा उनीहरूलाई कक्षा कोठामा यताउति डुल्दै धेरै साथीहरूसँग छलफल/अन्तर गर्दै वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

- उनीहरूबाट तयार गरिएका शब्दार्थ र वाक्यमा प्रयोग गरिएको वाक्यलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

- विद्यार्थीबाट प्रस्तुत गरिएको शब्दार्थ र वाक्यमा प्रयोग मिले नमिलेको उनीहरूबाटै मूल्याङ्कन गराई सकेपछि आफूले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- सम्पूर्ण विद्यार्थीलाई दुई दुई जनाको समूहमा मिलेर बस्ने निर्देश दिनुहोस् । उनीहरूलाई एक एक ओटा लक्षित शब्द दिनुहोस् र एक जनालाई शब्दको अर्थ र अर्कोलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । अपेक्षित लक्ष्य पुरा भए नभएको मूल्याङ्कन गर्नुहोस् :

५. गृहकार्य :

- 'आबाल ब्रह्मचारी षडानन्द' जीवनी पाठको पृष्ठ सं. १३२ को प्रश्न नं. ८ का शब्दको शब्दार्थ र प्रश्न नं. १० का शब्दलाई वाक्यमा प्रयोग गरी ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : पठन बोध**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' जीवनी पाठका विषयवस्तुका सम्बन्धमा छलफल गरी आफ्नो विचार प्रस्तुत गर्न ।

(ख) विषयवस्तु सम्बन्धी बोध प्रश्नका उत्तर दिन ।

२. शैक्षिक सामग्री :

क. विषयवस्तु सम्बन्धी प्रश्नहरूको सूची, पाठको सारांश, प्रश्नोत्तरका लागि आवश्यक प्रश्नहरूको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणा :

- शिक्षकले विद्यार्थीलाई सिकाइतर्फ उत्प्रेरित गर्न शैक्षणिक पाटीमा जानेको, जान्न चाहेको र सिकेको भन्ने शब्द लेखी तिन ओटा स्तम्भ तयार पार्नुहोस् । त्सपछि स्तम्भ आफ्नो कापीमा बनाई निर्दिष्ट पाठका बारेमा जानेको, जान्न चाहेको र सिकेका कुरा ती तिन ओटो स्तम्भमा लेख्न लगाई उनीहरूले लेखेका कुरा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र उनीहरूका कुरा सुनी सिकाइतर्फ उत्प्रेरणा जगाइदिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सर्वप्रथम विषयवस्तु सम्बन्धी छलफलका लागि विद्यार्थीहरूलाई प्रस्तुत जीवनी पाठको विषयवस्तु समेट्ने गरी विभिन्न प्रश्नहरूको सूची तयार गरी विषयवस्तु माथि छलफल चलाई उत्तर दिन लगाउनुहोस् ।

  छलफलका लागि सोधिने प्रश्न :

✓ षडानन्दको जन्म कहाा र कहिले भएको थियो ?

✓ षडानन्दको बाल्यकाल कसरी बित्यो ?

✓ षडानन्दले कहाा कहाा गएर के के पढे ?

✓ षडानन्दले कहाा र कसरी विद्यालयको स्थापना गरे ?

DRAFT

- ✓ षडानन्दले स्थापना गरेको विद्यालयको विशेषता के थियो ?
- ✓ षडानन्दले कहाा कहाँ मठमन्दिर र पाटीपौवा बनाए ?
- ✓ षडानन्दले समाज सुधारका के कस्ता कामहरू गरे ?
- ✓ षडानन्दलाई किन युगपुरुष भनिएको हो ?

- यस क्रममा विद्यार्थीहरूले उत्तर अस्पष्ट भएमा वा नमिलेमा प्रश्नको सही उत्तर त्यस पाठका अनुच्छेदमा खोज्न निर्देश गर्नुहोस् र उनीहरूले नभेट्टाएमा अनुच्छेद समेत बताइदिएर पढ्न लगाई छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।
- त्यसपछि प्रस्तुत जीवनी पाठको मुख्य घटन विद्यार्थीहरूलाई मौखिक रूपमा वर्णन गर्न लगाउनुहोस् र आफूले शैक्षणिक पाटीमा बुँदागत रूपमा उनीहरूले भनेका कुरालाई टिपोट गर्नुहोस् र विद्यार्थीहरूलाई पनि टिपोट गर्न लगाउनुहोस् ।
- शिक्षकले आफूले तयार पारेर ल्याएको पाठको  मुख्य घटना सूची फलाटिन पाटीमा टाँस गरी प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् । त्यसपछि शैक्षणिक पाटीमा टिपोट गरेको र बुँदा सूचीमा प्रस्तुत गरेको अंशलाई मिलाई आफ्नो कापीमा टिप्न लगाउनुहोस् ।
- यसपछि बुँदाहरू  टिपोट गरी ती कुराहरू पालैपालो भन्न लगाई पाठमा आधारित गई पाठका अभ्यासमा भएका विषयवस्तु सम्बन्धी प्रश्नहरू सोध्दै तिनको उत्तर दिन लगाउनुहोस् ।
- यस क्रममा विद्यार्थीले उत्तर दिन नसकेमा वा दिएको उत्तर स्पष्ट नभएका अर्थात् नमिलेमा त्यसलाई स्पष्ट पारिदिनुहोस् ।
- त्यसपछि पाठका अभ्यास खण्डमा भएका प्रत्येक प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :

प्रश्न :

(क) षडानन्दको बाल्यकाल कसरी बित्यो ?

(ख) षडानन्दको पालामा विद्यालय स्थापनाको कुरा किन चुनौतीपूर्ण थियो ?

(ग) षडानन्दले कहाा कहाा गएर के के पढे ?

(घ) षडानन्दले समाज सुधारका के कस्ता कामहरू गरे ?

५. गृहकार्य :

- जीवनी पाठको पृष्ठ १३१ को प्रश्न नं. ४ को प्रश्नका सङ्क्षिप्त उत्तर लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : मुख्य घटनाक्रम टिपोट र वर्णन**

**अपेक्षित सिप विकास : बोलाइ, पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' जीवनी पाठको मुख्य घटनाक्रम टिपोट गर्न ।

(ख) टिपोटका आधारमा घटनाको वर्णन गर्न ।

२. शैक्षिक सामग्री :

(क) आबाल ब्रह्मचारी षडानन्दका जीवनका मुख्य मुख्य घटनाको सूची,

(ख) षडानन्दको लस्बिर, राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तितवहरूका जीवनीका घटनाको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- हाजिरी जवाफ प्रतियोगिताद्वारा विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउनुहोस् ।

  तरिका : शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजित भई बस्न निर्देश गर्नुहोस् र आफूले तयार पारी ल्याएका प्रश्नबाट हाजिरीजवाफ प्रतियोगिता गराउनुहोस् । प्रत्येक सही जवाफका लागि १० अङ्क दिइने र गलत जवाफका लागि ५ अङ्क घटाइने नियमका कुरा बताउनुहोस् र अन्त्यमा विजयी समूहलाई पुरस्कृत गर्नुहोस् ।

  प्रश्नहरू :

  ✓ षडानन्दको जन्म कहिले र कहाा भएको थियो ?

  ✓ षडानन्दको माता पिताको नाम के थियो ?

  ✓ षडानन्दको व्रतबन्ध कति वर्षको उमेरमा भएको थियो ?

  ✓ षडानन्दको निधन कहाा र कहिले भएको थियो ?

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको तस्बिरहरू देखाउँदै उनीहरूका बारेमा आफूलाई थाहा भएको कुरा बताउन लगाउनुहोस् । शिक्षकले

DRAFT

विद्यार्थीहरूले जवाफ दिएको कुरा ध्यानपूर्वक सुन्नुहोस् र ती व्यक्तित्वहरूका बारे आफूले तयार पारेर ल्याएको घटनासूची प्रदर्शन गरी थप कुराहरू बताइदिनुहोस् ।

- शिक्षकले षडानन्दको तस्बिर देखाउँदै उनको परिचय दिन लगाउनुहोस् । यसक्रममा षडानन्दको जीवनीका मुख्य मुख्य घटना भन्न लगाउनुहोस् र आफूले त्यसलाई शैक्षणिक पाटिमा टिपोट गर्नुहोस् ।
- यसै क्रममा आफूले तयार पारेर ल्याएको घटना सुची फलाटिन पाटीमा प्रदर्शन गरी दुई ओटामा तुलना गरी आफ्नो कापमिा मुख्य मुख्य घतना टिपोट गर्न लगाउनुहोस् ।
- बुँदागत रूपमा टिपोट गरेका घटना र जीवनवृत्तका विषयवस्तुलाई विस्तार र वर्णन गर्न १०/१५ मिनेट समय दिनुहोस् ।
- विद्यार्थीहरूलाई कठिन भएमा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै अनुच्छेदका रूपमा तयार पार्न लगाउनुहोस् ।
- प्रत्येक बुँदा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई त्यस बुँदामा आधारित भई विषयवस्तुको वर्णन गर्ने कार्यमा अभ्यास गराउनुहोस् ।
- विद्यार्थीबाट निर्मित घटना वर्णनलाई प्रस्तुतीकरण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई आबाल ब्रह्मचारी षडानन्दका जीवनका मुख्य मुख्य घटना भन्न र लेख्न लगाउनुहोस् ।

५. गृहकार्य :

- समाजसेवी षडानन्दले गरेका मुख्य मुख्य कामहरूको वर्णन गरेर लेखी ल्याउन लगाउनुहोस् ।

DRAFT

## दिन : पाँचौ

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : व्याख्या/भाव विस्तार**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' जीवनी पाठबाट विशिष्ट पङ्क्तिहरू छान्न ।

(ख) पाठमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न ।

२. शैक्षिक सामग्री :

क. विशिष्ट पङ्क्तिहरूको नमुना सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले विद्यार्थीलाई द्रुत लेखनसम्बन्धी निम्न लिखित प्रश्न सोधी उत्प्रेरणात्मक क्रियाकलाप सम्पनन गर्नुहोस् :

  प्रश्न : शिक्षकले विद्यार्थीहरूलाई अघिल्लो दिन पढाएको मुख्य मुख्य घटनाक्रम स्मरण गर्न एक मिनेटको समय प्रदान गर्नुहोस् र पछि दुई मिनेटको समय प्रदान गरी मुख्य मुख्य पाँचओटा बुँदा टिपोट गरी प्रस्तुत गर्न निर्देशन दिनुहोस् । उनीहरूले प्रस्तुत गरेका बुँदाहरूमा छलफल गरी आवश्यक थप प्रमुख बुँदाहरू पनि भनिदिनुहोस् र सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) कलाप :

- सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई निर्दिष्ट पाठबाट विशिष्ट पङ्क्तिहरू खोज्न लगाई आफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् शिक्षकले सहयोग पुऱ्याइदिनुहोस् ।
- विद्यार्थीहरूलाई कठिन भए पाठको कुनै एउटा पङ्क्ति रेखाङ्कन देखाइदिनुहोस् र बाँकी उनीहरूलाई खोज्न लगाई पाठमा रेखाङ्कन गर्न लगाउनुहोस् ।
- उनीहरूले रेखाङ्कन गरी टिपोट गरेका विशिष्ट पङ्क्तिहरू पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दे जानुहोस् ।
- त्यसपछि शिक्षक आफूले तयार पारेर ल्याएका विशिष्ट पङ्क्तिको नमुना सूची फलाटिन पाटीमा टाास गरी प्रदर्शन गर्नुहोस् ।

  विशिष्ट पङ्क्तिको नमुना :

DRAFT

- ✓ युगपुरुषले समाजलाई नयाा दिशामा डोऱ्याएका हुन्छन् ।
- ✓ उनले सबै जातका मानिसका लागि शिक्षाको ढोका खोले ।
- ✓ शून्यमा संरचना खडा गर्ने काम महापुरुषले मात्र गर्दछन् ।

- विशिष्ट पङ्क्तिको नमुना सूची प्रदर्शन गरिसकेपछि उनीहरूबिचत ती पङ्क्तिका बारेमा छलफल चलाउनुहोस् ।
- विद्यार्थीहरूबिचत छलफल चलाइसकेपछि भाव विस्तारको अभ्यास गराउने क्रममा शिक्षकले भाव विस्तार गर्ने शैलीका बारे उनीहरूलाई कुनै एक विशिष्ट पङ्क्तिको भाव विस्तारको नमुना प्रस्तुत गर्दै भाव विस्तार सम्बन्धी आवश्यक कुरा बताइदिनुहोस् ।
- विद्यार्थीहरूलाई विशिष्ट पङ्क्तिका रूपमा रहेको सूक्तिमय वाक्यमा मूल भाव पक्री त्यसलाई पुष्टि गर्नु नै भाव विस्तार हो भनी बताइदिनुहोस् । यसै क्रममा उदाहरण र तर्कद्वारा भावको विस्तार गरिन्छ भन्ने भावको पुष्ट्याइँका लागि आवश्यक गहनता जरुरी हुने कुरा पनि बताइदिनुहोस् ।
- आफूले तयार पारेर ल्याएको भाव विस्तारको नमुना प्रस्तुत गरी उनीहरूलाई त्यसै आधारमा अन्य विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न लगाउनुहोस् ।
- उनीहरूले तयार गरेका भाव विस्तारलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक परे थप निर्देशन दिनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले विशिष्ट पङ्क्ति दिई त्यसको मौखिक तथा लिखित रूपमा भाव विस्तार गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- कविताका कुनै दुई विशिष्ट पङ्क्तिहरू दिई त्यसको भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : बुँदा टिपोट**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' पाठका निर्दिष्ट अनुच्छेदहरूको बुँदा टिपोट गर्न ।

२. शैक्षिक सामग्री :

(क) बुँदा टिपोटका लागि ध्यान दिनुपर्ने कुराहरूको सूची

(ख) बुँदा टिपोटको नमुना

(ग) बुँदा टिपोटको परिचय चार्ट, फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- अनुरोध विधिद्वारा विद्यार्थीलाई सिकाइतर्फ उत्प्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई प्रत्येक बेन्चमा समूहगत रूपमा रहन निर्देशन दिनुहोस् । त्यसपछि उनीहरूलाई 'आबाल ब्रह्मचारी षडानन्द' पाठको सातौँ अनुच्छेद पढ्न लगाउनुहोस् । दुई मिनेटपछि उनीहरूलाई उक्त अनुच्छेदको मुख्य मुख्य बुादा टिपोटको नमुना प्रदर्शन गर्दै बुँदा टिपोटका सम्बन्धमा आवश्यक छलफल गराई यसको परिचय दिनुहोस् ।

- उनीहरूलाई बुँदा टिपोट सम्बन्धी निम्न कुराहरू बताइदिनुहोस् :

  बुँदा टिपोट भनेको कुनै विषयसम्बन्धी कुरा सुनी वा कुनै अनुच्छेद पढी त्यसका मुख्य मुख्य कुरालाई स्पष्ट रूपले बुझिने गरी टिप्नु हो । बुँदा टिप्ने काम कुनै विषयमा सोचेका, सुनेका र पढेका कुरामा पनि आधारित हुन्छ । यस प्रसङ्गमा प्रस्तुत पाठका निर्दिष्ट अनुच्छेदमा रहेका कुरालाई मुख्यमुख्य बुँदामा टिपोट गर्नु नै बुँदा टिपोट हो ।

- टिपोट गर्दा विद्यार्थीले ध्यान दिनुपर्ने कुरा केही बुँदाहरूमा प्रस्तुत गरी स्पष्ट गर्नुहोस् ।

- यसरी ध्यान दिनुपर्ने कुरा बताइसकेपछि यिनै कुरामा केन्द्रित भई अभ्यासको लागि उदाहरण प्रस्तुत गर्नुहोस् । सातौँ अनुच्छेदबाट नमुना प्रस्तुत गरिएको छ ।

DRAFT

- ✓ विद्याध्ययनपछि षडानन्द काठमाडौा आई विभिन्न ठाउँमा बसेर गायत्रीको चौबिस पटक पुरश्चरण गरेका
- ✓ योग साधना र गायत्रीको उपासनाबाट उनले सिद्धि प्राप्त गरेका
- ✓ वि.सं. १९३२ मा दिङ्लामा नर्मदेश्वर शिव मन्दिर र विद्यालयको स्थापना गरेका
- ✓ जनस्तरबाट सञ्चालित त्यस विद्यालयमा वेद, व्याकरण, साहित्य, ज्योतिष आदि अध्यापन गराइने
- ✓ छात्रावास र अध्ययनका लागि पुस्तकालयको व्यवस्था भएको त्यस विद्यालयमा सबै जात जातिले पढ्न पाएका

- यसपछि प्रस्तुत पाठको कुनै अनुच्छेद विद्यार्थीहरूलाई दिई माथि बनाइएको तरिका र नमुना अनुसरण गराउँदै बुँदा टिपोट गर्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- विद्यार्थीहरूलाई बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् भनी सोध्नुहोस् ।
- बुँदा टिपोटको लागि कुनै अनुच्छेद दिई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई विभिन्न अनुच्छेद दिई बुँदा टिपोट गरी ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : सारांश लेखाइ/लेखन**

**अपेक्षित सिप विकास:** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'आबाल ब्रह्मचारी षडानन्द' जीव्नी पाठका निर्धारित अनुच्छेदहरूको सारांश लेख्न ।

(ख) उक्त जीवनी पाठका निर्धारित अनुच्छेदहरू सारांश लेखन गर्न ।

२. शैक्षिक सामग्री :

- मुख्य बुँदाहरूको टिपोट, सारांश नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- जोडीमा पढाइ/जोडीमा सारांश विधि अपनाई सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले अघिल्लो दिन बुँदा टिपोट गरेका कुराको स्मरण गराउँदै तिनै बुँदाका आधारमा सारांश लेखन/कथन गर्नुपर्ने निर्देशन दिनुहोस् ।
- शिक्षकले विद्यार्थीलाई व्यकितगत रूपमा निर्दिष्ट पाठको विभिन्न अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् यस क्रममा मुख्य मुख्य कुरामा रेखाङ्कन गरेका कुरालाई बुँदामा रूपमा पालैपालो भन्न लगाउनुहोस् ।
- सारांश कथन गरिएका कुराहरूलाई बुँदागत रूपमा सबैलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।

<u>पाटको अनुच्छेद १४ को मुख्य बुादाहरूको नमुना :</u>

✓ वि.सं. १९७३ ज्येष्ठ महिनामा काठमाडौा पचली घाटामा स्वर्ग भएका

✓ उनले खोलेको विद्यालयमा उच्च मा.वि. र क्याम्पस समेत खुलेका

✓ उनलाई दिङ्लामा मात्र नभई देश र विदेश सम्झँदै श्रद्धाले शिर झुकाउने ।

✓ विभिन्न सङ्घ संस्थाले उनका कृति र कीर्तिलाई जोगाउने तथा फैँउने काम गरेका

DRAFT

- ✓ उनको नाममा राष्ट्रिय पुरस्कार, छात्रवृत्ति तथा वृद्वत्वृत्ति स्थापना गरी उनका बारे अध्ययन हुन थालेको

- बुँदा टिपोट गरिसकेपछि शिक्षकले पहिले सारांश कथन गराई सारांश लेखन गराउनुहोस् ।

- यसका लागि शिक्षकले तयार पार्नुभएको सारांश लेखनको नमुना प्रस्तुत गर्नुहोस् । सारांश लेखनको नमुना :

  षडानन्दको वि.सं. १९७३ ज्येष्ठ महिनामा पचलीघाटमा स्वर्ग भयो । उनले खोलेको विद्यालयमा आज उ.मा.वि. र क्याम्पस पनि खुलेका छन् । उनलाई देश विदेशले श्रद्धा गर्दै कृतिहरू जोगाउने काम गरेको छ । उनको नाममा विभिन्न पुरस्कारहरू स्थापना भई अध्ययन हुन थालेका छन् ।

- शिक्षकले सारांश लेखनको नमुना प्रस्तुत गरिसकेपछि सोही आधारमा निर्धारित अनुच्छेद र सिङ्गै जीवनी पाठको सारांश कथन र लेखनको अभयास गराउनुहोस् । विद्यार्थीले तयार पारेको सारांशलाई प्रतियोगितात्मक रूपमा प्रस्तुत गराई अङ्क समेत प्रदान गरी प्रथम, दोस्रा र तेस्रो घोषणा समेत गर्नुहोस् ।

४. मूल्याङ्कन :

- निर्दिष्ट अनुच्छेद दिई सारांश लेख्न लगाउनुहोस् । अपेक्षित उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गरी पृष्ठपोषण समेत दिनुहोस् ।

५. गृहकार्य :

- पाठको एक अनुच्छेद दिई सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : आठौं

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : हिज्जे, ह्रस्वदीर्घ (इ/ई, उ/ऊ)**

**अपेक्षित सिप विकास : वर्ण विन्यास** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दका ठिक हिज्जे मिलाई लेख्न लक्षित हिज्जे ब/व, य/ए, श/ष/स, छ/क्ष, ङ/ञ/ण/न/म ।

(ख) ह्रस्वदीर्घ (इ/ई, उ/ऊ) लाई उपयुक्त स्थानमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) ब/व, य/ए, श/ष/रस, छ/क्ष, ङ/य/ण/न/म वर्णहरू प्रयोग भई बनेका शब्दहरूको सूची

(ख) ह्रस्व इ/उ तथा दीर्घ ई/ऊ लागेर बनेका शब्दहरूको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले केही विद्यार्थीलाई पालैपालो आफूले उच्चारण गरेका शब्दहरू अगाडि आर्य शैक्षणिक पाटीमा लेख्न लगाउने र अरुलाई लेखिएका शब्दहरूको शुद्ध हिज्जे छ वा छैन आपसमा छलफल चलाई छुट्याउन लगाउनुहोस् । सही भएमा धन्यवाद दिनुहोस् र नभएमा त्यसको शुद्ध हिज्जे के हुन्छ सो बताई आजको कक्षामा हिज्जेसम्बन्धी कुराहरू पढिने जानकारी दिनुहोस् र सिकाइतर्फ अभिप्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले शैक्षणिक पाटीमा हिज्जे मिलेका र नमिलेका शब्दहरू छ्यासमिस पारी लेखेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीहरूलाई शुद्ध र अशुद्ध शब्द चिन्न लगाउनुहोस् ।

  लक्षित शब्दहरू : आवाल, सताब्दी, रमणीय, ब्रतबन्ध, आकांक्षा, पक्षि, मन्दिर, दृस्टिकोण, सडेस्वर, अन्त्य, संझन्छन्, भयछन्, पञ्चमी ।

- शिक्षकले विद्यार्थीलाई यी शब्दहरू शुद्ध र अशुद्ध रूप छुट्याउन लगाउनुहोस् र अशुद्ध हुनाका कारणहरू सोधी जिज्जेसम्बन्धी परिचय दिनुहोस् ।

  हिज्जे/वर्णविन्यास भाषाको लेख्य रूपसँग सम्बन्धित छ । नेपाली भाषा जसरी बोलिन्छ त्यसरी लेखिँदैन । लेख्नका लागि निश्चित नियमहरू छन् । यही नियमबद्ध लेखन नै हिज्जे/वर्ण विन्यास हो । शब्दलाई शुद्धसँग लेख्न ढङ्ग, शब्दहरूमा रहेका वर्णहरूको प्रचलित लेख्य विन्यास हिज्जे हो । (हेर्नुहोस् प्रयोगात्मक नेपाली शब्दकोश पृष्ठ : १०६६)

DRAFT

- हिज्जे/वर्णविन्यास शिक्षण गर्दा शिक्षकले विभिन्न त्रुटिसँग सम्बन्धित शब्दहरू भन्नुहोस् र विद्यार्थीलाई पालैपालो शैक्षणिक पाटीमा ती शब्दहरू लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको शब्दको हिज्जे/वर्णविन्यास शुद्ध भए नभएको कक्षामा सोध्नुहोस् र शुद्धरूप नभए अरुलाई सोधी सच्याउन लगाउनुहोस् । विद्यार्थीहरूले नसके शिक्षक आफैँले सच्याएर लेखिदिनुहोस् ।

- कक्षामा विद्यार्थीलाई पाँच समूहमा विभाज गर्नुहोस् र पहिलो समूहलाई निर्दिष्ट पाठमा प्रयुक्त ब/व प्रयोग भएका शब्द, दोस्रोलाई य/ए प्रयोग भएका शब्द, तेस्रोलाई श/ष/स प्रयोग भएका शब्द, चौथोलाई छ/क्ष प्रयोग भएका शब्द र पाँचौलाई ङ/ञ/ण/न/म पञ्चम वर्ण प्रयोग भएका शब्द पाठबाट टिपोट गरी चार्ट पेपरमा तयार गरी आफ्नो समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् ।

- प्रत्येक समूहले प्रस्तुत गर्दा सबैलाई ध्यानपूर्वक हेर्न पढ्न लगाई आवश्यक छलफल चलाउनुहोस् र उक्त कक्षा कार्यको प्रशंसा गर्दै प्रत्येक समूहलाई ताली बजाएर धन्यावाद दिनुहोस् ।

- शुद्ध हिज्जे सिकाइका निम्ति निम्न अभ्यास गराउनुहोस् :
  - ✓ श्रुतिलेखन गराई अशुद्धि संशोधन गर्न लगाउनुहोस् ।
  - ✓ नियमित लेखन गराई लेखनको शुद्धिकरण गरिदिनुहोस् ।
  - ✓ हिज्जेसम्बन्धी विभिन्न प्रतियोगिताहरू गराउनुहोस् । जस्तै : हाजिरी जवाफ, हिज्जे प्रतियोगिता, अनुलेखन, श्रुतिलेखन आदि ।
  - ✓ सम्बन्धित पाठबाट बढीभन्दा बढी शब्दहरू उदाहरण र अभ्यासका रूपमा प्रयोग गराउनुहोस् ।
  - ✓ हिज्जेका क्रममा प्रयोग र अभ्यासका लागि शब्दकोशको उपयोगिता बताउँदै शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् ।

४. मूल्याङ्कन :

- अशुद्ध शब्द र त्यस्ता शब्द भएका वाक्य दिई शुद्ध पार्न लगाउनुहोस् ।

- हिज्जे प्रतियोगिता गराउनुहोस् :

  तरिका :

  विद्यार्थीलाई समूहमा विभाजित गर्नुहोस् । प्रत्येक समूहमा एउटा टोली नेटा बनाउनुहोस् । शिक्षकले जटिल वर्णविन्यास भएका शब्द उच्चारण गरिदिनुहोस् र उनीहरूलाई त्यसको शुद्ध हिज्जे चिटमा लेखेर दिन भन्नुहोस् । सही भएमा त्यो समूहलाई अङ्क प्रदान गर्नुहोस् । यो क्रम गर्दै जानुहोस् र अन्त्यमा बढी अङ्क ल्याउने समूहलाई प्रथम घोषणा गरिदिनुहोस् ।

- पाठका अभ्यास खण्डमा भएका प्र.नं. १३ को ठिक हिज्जे छान्न लगाउनुहोस् ।

DRAFT

- श्रुतिलेखन गराई पाठबाट सम्पादन गराउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीलाई छ समूहमा बााडी ती समूहलाई निम्न लिखित कार्य गरेर ल्याउन निर्देशन दिनुहोस् :
    - पहिलो समूह : ब/व प्रयोग भएका १५/१५ शब्दको सूची ।
    - दोस्रो समूह : य/ए प्रयोग भएका १५/१५ शब्दको सूची ।
    - तेस्रो समूह : श/ष/स प्रयोग भएका १५/१५ शब्दको सूची ।
    - चौथो समूह : छ/क्ष प्रयोग भएका १५/१५ शब्दको सूची ।
    - पाँचौा समूह : ङ/ञ/ण/न/म पञ्चमवर्ण प्रयोग भएका १५/१५ शब्दको सूची ।
    - छैटौँ समूह : सुरु, बिच र अन्त्यमा इ/उ ह्रस्व भएा १० /१० शब्दको सूची र सुरु, बिच र अन्त्य मा ई/ऊ दीर्घ भएको १० /१० शब्दको सूची ।

DRAFT

## दिन : नवौँ

**पाठ शीर्षक : आबाल ब्रह्मचारी षडानन्द**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (जीवनी लेखन)**

**अपेक्षित सिप विकास: स्वतन्त्र लेखन** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठित जीवनका आधारमा विभिन्न क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिका जीवनी सिलसिला मिलाई भन्न ।

(ख) ती व्यक्तिका जीवनी सिलसिला मिलाई लेख्न ।

२. शैक्षिक सामग्री :

क. रीष्ट्रय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिका तस्बिरहरू उनीहरूको जीवनमा मुख्य घटनाहरू टिपोट, फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले कुनै एक ख्यातिप्राप्त व्यक्तिको तस्बिर विद्यार्थीलाई देखाउँदै उनको परिचय दिन लगाउनुहोस् ।
- उनीहरूले दिएको जवाफ ध्यानपूर्वक सुन्नुहोस् र अरुलाई पनि सुनेर आफ्नो प्रति दिन लगाउनुहोस् । यो कार्य पुरा भएपछि जीवनीका बारेमा आवश्यक कुरा जानकारी दिई आफूले तयार पारेर ल्याएको कुनै व्यक्तिको जीवनीका मुख्य मुख्य घटना टिपोट भएको सूची प्रदर्शन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विद्यार्थीहरूलाई आबाल ब्रहमचारी षडानन्द पाठ पढेर सुनाउनुहोस् । उनको जीवनमा घटेका मुख्य मुख्य घटना टिपोट गर्न लगाउनुहोस् । घटना टिपोट गरिसकेपछि त्यसको मौखिक वर्णन गर्न लगाउनुहोस् ।
- उक्त कार्य पुरा भएपछि शिक्षकले निर्दिष्ट पाठको प्रश्न नं. १७ को सिर्जनात्मक अभ्यास अन्तर्गतको जीवनीको मुख्य बुँदाहरू पढ्न लगाउनुहोस् । पढिसकेपछि ती बुँदालाई आधारमानी सम्झँदै मौखिक रूपमा भन्न लगाउनुहोस् ।
- यो कार्य पुरा भएपछि आपसमा छलफल चलाई बुँदाका आधारमा मोखिक वर्णन गर्न लगाउनुहोस् र त्यसमा छुटेका कुरा भए थप्न निर्देशन दिनुहोस् ।

DRAFT

- मौखिक वर्ढान गरिसकेपछि त्यही बुँदाको आधारमा समाजसेवी तुलसीमेहर श्रेष्ठको जीवनी लेख्न निर्देशन दिनुहोसे ।
- यसका लागि आवश्यक निर्देश सहित निम्न आधारमा सैद्धान्तिक कुराहरू बताइदिनुहोस् :

  - जीवन व्यक्तिको जीवनवृत्त वा जीवन कथा हो । यसमा व्यक्तिको जीवनका महत्त्वपूर्ण र प्रेरणादायी घटनाहरूको वर्णन गरिएको हुन्छ । यसमा व्यक्तिको जन्म, बाल्यकाल, शिक्षा, आनीबानी, योगदान आदिको वर्णन हुन्छ ।
  - जीवनी लेख्दा सर्वप्रथम व्यक्तिको जीवनका महत्त्वपूर्ण घटाका बारे अध्ययन गर्नुपर्छ । ती घटनाहरूलाई शङ्खलाबद्ध रूपमा टिपोट गर्नुपर्छ ।
  - वर्णन गर्दा उसको मूल योगदान के विषयमा रहेको छ त्यसको चर्चा गर्नुपर्छ ।
  - यसलाई अनुच्छेदबद्ध गरी छोटा वाक्यमा सरल शैलीमा लेख्नुपर्दछ ।

- यी निर्देशित बुँदाका आधारमा जीवनी लेख्न लगाई कक्षामा निर्दिष्ट जीवनी लेखन प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठ पोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- निर्दिष्ट जीवनी पाठका निर्धारित अनुच्छेद वा सिङ्गै जीवनी दिई मुख्य मुख्य घटनाहरूको टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरिएका घटनाहरूको आधारमा जीवनी वर्णन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- आफ्नो टोल, छिमेक वा समाजमा भएका कुनै ख्याति कमाएका व्यक्तिको जीवनी तयार पारी लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. उच्चारण शिक्षणमा चिट्ठा खेल गराउने तरिका :

शिक्षकले आफूले तयार पारेर ल्याएको उच्चारणगत समस्या भएको शब्दपत्तीलाई अघिल्लो बेन्चमा घोप्ट्याएर राख्नुहोस् । कुनै एक विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । उसलाई कुनै एक शब्दपत्ती उठाई शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् र साथीहरूलाई शब्दपत्ती देखाई पुन: उच्चारण गर्न लगाउनुहोस् । यो क्रम अरुलाई पपनि गर्नुहोस् ।

२. शिक्षकले पृष्ठपोषण दिँदा ध्यान दिनुपर्ने कुराहरू :

- सर्वप्रथम विद्यार्थीका सबल पक्षको प्रशंसा गर्नुहोस् ।
- सुधार गर्नुपर्ने पक्षलाई स्पष्ट रूपमा बताइदिनुहोस् र सुधारका लागि अवसरहरू प्रदान गर्नुहोस् ।
- सुधार गरिएको कामको प्रशंसासहित सबैलाई धन्यवाद दिनुहोस् ।

३. अनुरोध विधिद्वारा सिकाइतर्फ उत्प्रेरणा जगाउनुहोस् ।

तरिका : शिक्षकले एक मिनेटको समय दिई विद्यार्थीहरूलाई दुई दुई जोडीमा रहन लगाउनुहोस् र कुनै अनुच्छेद शिक्षकले पढेर सुनाउनुहोस् । त्यसपछि उनीहरूलाई त्यस अनुच्छेदबाट मुख्य कुराहरू मौखिक रूपमा बुँदागत भन्न लगाउनुहोस् । उनीहरूले के कसरी जवाफ दिन्छन् अवलोकन गरी सिकाइतर्फ उत्प्रेरित गर्दै हौसल प्रदान गर्नुहोस् ।

४. बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू :

- ✓ बुँदा टिपोटको लागि दिइएको पाठको अभिप्राय राम्ररी बुझ्नको लागि दुई तिन पटकसम्म पढ्नुपर्छ ।
- ✓ पाठमा रहेका मूल कुरालाई राम्ररी ठम्याई तिनमा आवश्यकतानुसार चिनो लगाउनुपर्छन ।
- ✓ चिनो लगाएका शब्द वा पदावलीलाई बुँदा टिपोटका लागि खेस्रा तयार पार्नु पर्दछ ।
- ✓ खेस्रो टिपोट र मूल पाठलाई भिडाएर साफी लेखन संशोधन र परिमाजर्न गर्ने ।
- ✓ पाठकै वाक्य वा वाक्यांशलाई बुँदाका रूपमा हुबहु टिपोट नगरी त्यहीका शब्द राखी आफ्नै शैलीमा छोटा छोटा वाक्य गठन गर्ने ।
- ✓ बुँदा टिपोट अपूर्ण वाक्यमा टिपोट गर्न राम्रो मानिने ।
- ✓ टिपोट गरिएका खेस्रालाई परिमार्जित गरी अन्तिम रूप दिई आवश्यक सङ्ख्यामा बुँदा टिपोट गर्ने ।

५. जोडीमा पढाइ/जोडीमा सारांश विधि अपनाई सिकाइतर्फ उत्प्रेरित गर्ने तरिका :

DRAFT

सबै विद्यार्थीहरूलाई आआफ्नो बेन्चमा दुई दुई जोडी बनाई बस्न लगाउनुहोस् । त्यसपछि कुनै एउटा अनुच्छेद एउटालाई पढ्न र सारांश निकाल्न लगाउनुहोस् र अर्कोलाई प्रश्न सोध्न लगाउनुहोस् र पढ्नेलाई उत्तर दिन लगाउनुहोस् । यही तरिकाले उत्तर दिएमा ताली बजाई सम्मान गर्नुहोस् ।

६. भाव विस्तारको नमुना :

युगपुरुषले समाजलाई नयाा दिशामा डोऱ्याएका हुन्छन् ।

समय, बेला, जमाना आदिलाई हामी युग भन्दछौा । इतिहासमा घटित कुनै महत्त्वपूर्ण घटना, कार्य आदिद्वारा प्रभावित अवधि नै युग हो । युग अर्थात् समयलाई उचित मार्गमा हाक्ने र महान्‌लाई गरी आफ्नो व्यक्तित्व स्थापित गर्ने व्यक्तिलाई नै युगपुरुष भनिन्छ ।

यस्ता व्यक्तिहरूले समाजमा परोपकार, राजनीति, न्याय, आविष्कार, शिक्षा लगायत विधि क्षेत्रमा अनुलनीय विशिष्ट योगदान पुऱ्याई महान् कार्य गरेका हुन्छन् । उनीहरूको महान् कार्यबाट समाजले परिवर्तनको काचुली फेर्दछ । गान्धी, मन्डेला, मदर टेरेसा आदि विश्व चर्चित युग पुरुष हुन् । हाम्रो देशमा पनि भाषा, साहित्य, शिक्षा, समाजसेवा, राजनीति, न्याय, इतिहास लगायत विविध क्षेत्रमा उल्लेख्य काम गरेर समाजलाई नयाा दिशामा डोऱ्याउने यस्ता ठुला व्यक्तिहरू धेरै छन् । भानुभक्त, देवकोटा, गौतम बुद्ध, भीमसेन थापा, अमरसिंह लगायत धेरै व्यक्तित्वहरू छन् । त्यस्तै शैक्षिक जगतमा जयपृथ्वीबहादुर, षडानन्द लगायतको व्यक्तिलाई भुल्न सकिन्न । यस्ता व्यक्तिहरू समाजमा सदाका लागि अमर रहन्छन् ।

त्यस्तै आबाल ब्रह्मचारी षडानन्दले नेपालमा धार्मिक, सामाजिक, शैक्षिक लगायत विभिन्न क्षेत्रमा ठुला कार्यहरू गरे । यस्ता युगपुरुषले समाजलाई नयाा दिशामा डोऱ्याएका हुन्छन् । यिनीहरूबाट हामी प्रेरणा लिन जान्नु पर्छ ।

DRAFT

पाठ - १९

**पाठ शीर्षक : सभ्यता** **विधा : कविता**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयब्द्ध वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पद्यलाई गद्यमा लेखन | १ |
| ४. | भाव बोध | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | कार्यमूलक व्याकरण (हिज्जे र नामपद) | १ |
| ७. | सिर्जनात्मक लेखन (कविता लेखन) | १ |
| जम्मा | | ७ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : लयब्द्ध वाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) परिचय कवितालाई गति, यति र लय मिलाई लयबद्ध वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाा शब्दहरूको शुद्ध उच्चारण गर्न ।

लक्षित शब्दहरू : प्वाँख, वेशभुषा, खैंजडी, गुनिउा, ऋषिवाणी, संस्कार, निधुक्क, वस्त्रजाल, गँवार, मनन, सभ्यता ।

२. शैक्षिक सामग्री :

(क) पद्य कतिवा लयबद्ध वाचनका लागि गति, यति र लय मिलाएको चार्ट, मोबाइल, ल्यापटप, क्यासेट

(ख) शुद्धोच्चारण कालगि कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- दुई छात्र र दुई छात्रालाई कक्षाको अगाडि बोलाउनुहोस् । त्यसपछि शैक्षणिक पाटीमा **सभ्यता** शब्द लेख्नुहोस् र एक समूहलाई त्यस शब्दको अन्तिम अक्षरबाट सुरु हुने नेपाली गीत गाउन लगाउनुहोस् । यो अन्ताक्षरी प्रतियोगिता दुई मिनेटसम्म चलाउनुहोस् र त्यसलाई रोक्नुहोस् र ती दुवै समूहलाई धन्यवाद दिनुहोस् ।
- प्रतियोगिता समाप्त भएपछि आजको कक्षामा सभ्यता कविताको लयबोध र शुद्धोच्चारण गर्ने सम्बन्धमा विद्यार्थीहरूलाई बताइदिनुहोस् । :

(ख) मुख्यक्रियाकलाप :

- सर्वप्रथम शिक्षकले 'सभ्यता' कविता लयबद्ध वाचन गर्न कसैलाई आउँछ भने उसलाई लगाउनुहोस् । नआएमा शिक्षक स्वयम्ले गति, यति र लय मिलाई लयबद्ध नमुना वाचन गरिदिनुहोस् सबैलाई ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।
- शिक्षकले अनुकरण वाचन गरिसकेपछि विद्यार्थीहरूलाई पुन: आफू सँगसँगै वाचन गर्न लगाउनुहोस् र यसरी वाचन गराउँदा उनीहरूलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा रेखाङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले रेखाङ्कन गरेका उच्चारणत कठिन शब्दहरू भन्न लगाई पालैपालो सोध्दे शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिँदै थप अभ्यास गराउनुहोस् । यसरी शुद्ध उच्चारण गराउँदा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।
- यस क्रममा मातृभाषा नेपाली नहुने र कमजोर उच्चारण भएका विद्यार्थीहरूलाई उनीहरूले गल्ती गर्ने त्रुटिक्षेत्र पहिचान गरी पटक पटक अभ्यास गराउनुहोस् ।
- यही क्रममा शिक्षकले तयार पारेर ल्याएका कठिन शब्दपत्तीहरू गोजी तालिकामा राखेर देखाउँदै दोहोऱ्याएर उच्चारण अभ्यास गराउनुहोस् ।
- लयबोधका लागि शिक्षक आफूले तयार पारेर ल्याएको 'सभ्यता' पद्य कविताको गति, यति र लय मिलाई चिनो लगाई तयार पारिएको चार्ट हेर्न निर्देश गर्नुहोस् । सोही आधारमा गति, यति र लय हाली कवितालाई वाचन गर्न अभ्यास गराउनुहोस् ।
- लयबद्ध वाचन गराउँदा पहिले सामूहिक गर्नुहोस् र समूहमा अभ्यस्त भइसकेपछि व्यक्ति व्यक्तिबिच अभ्यास गराउनुहोस् ।
- यस क्रममा विद्यार्थीलाई प्रत्येक हरफको आठौ अक्षरमा विश्राम हुने र प्रत्येक पङ्क्तिमा पन्ध्र अक्षर रहेको नियम समेत बताइदिनुहोस् । आफ्नो किताबमा चिनो लगाउन भन्नुहोस् ।

DRAFT

- शिक्षकले कविताको लयबद्ध वाचन गराउँदा व्यक्ति तथा समूह समूहबिच प्रतियोगिता पनि गराउनुहोस् ।

४. मूल्याङ्कन :

- पाठका निम्न शब्दहरू शब्दपत्तीको सहायताले गोजी तालिकामा प्रदर्शन गरी शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

  सभ्यता, नक्कली, प्वाँख, तनमन, स्वदेशी, वेशभुषा, खैँजडी, गुनिउा, धङ धङ धङ,
  भव्य, ऋषिवाणी, संस्कार, तरतर, निथ्रुक्क, वस्त्रजाल, गँवार ।

- पाठका निर्धारित श्लोक गती, यति मिलाएर लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठका अर्थबोध गर्न कठिन लागेका शब्दहरू खाजेर रेखाङ्कन गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सभ्यता कविता पाठमा प्रयुक्त नयाा शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्द : फितलो, सभ्य, परजन, नक्कली, प्वाँख, वेशभुषा, रोदी, खैँजडी, खोटो, डिस्को, रसमय, ऋषि वाणी, संस्कार, निथ्रुक्क, वस्त्रजाल, गँवार, सभ्यता, कमाल ।

(ख) निर्दिष्ट शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

- शब्द र अर्थपत्ती, वाक्य सूची र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षलके अघिल्लो दिन उच्चारण समस्या भएका शब्दहरू स्मरण गर्न लगाउनुहोस् र पछि दुई मिनेट समय दिई व्यक्तिगत रूपमा द्रुत लेखन गराउनुहोस् । निर्धारित समयमा कसले धेरै शब्द चाँडो लेख्यो सोध्दै जानुहोस् र धेरै शब्द लेख्ने विद्यार्थीलाई ताली बजाएर सम्मान गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विद्यार्थीलाई पाठका अर्थबोध गर्न गाह्रो भएका शब्दहरू पाठबाट खोजी कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नयाँ शब्दहरू उनीहरूलाई पालैपालो भन्न लगाई शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- शब्दहरू टिपोट गरिसकेपछि ती शब्दका अर्थ विद्यार्थीहरूलाई नै सोधी सकभर उनीहरूबाट नै तिनको अर्थ भन्न प्रेरित गर्नुहोस् ।
- कुनै शब्दको अर्थ विद्यार्थीहरूबाट सही रूपमा नआएमा मात्र शब्दार्थ पत्ती, गोजी तालिका प्रदर्शन गरी अर्थ बताइदिनुहोस् ।

DRAFT

- नयाँ शब्दको अर्थ सिकाइसकेपछि विद्यार्थीहरूलाई ती शब्दको तात्पर्य खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । उनीहरूले प्रयोग सही ढङ्गले गरेमा धन्यवाद दिई प्रोत्साहित गर्नुहोस्  नमिलाएमा अरुलाई सोध्दै जानुहोस् वाक्यपत्तीको सहायताले उदाहरणका रूपमा वाक्य निर्माण गरी बताइदिनुहोस् । अर्को त्यस्तै वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- यस क्रममा ज्यादै कमजोर र नेपाली मातृभाषा नभएका विद्यार्थीलाई विशेष ध्यान दिनुहोस् । यस्तो कार्य सुरुमा समूहमा र पछि एकल अभ्यास गराउनुहोस् ।
- अभ्यास नम्बार नं. १० का शब्दहरूको वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न लिखित शब्दका अर्थ सोध्नुहोस् ।

  सभ्य, फितलो, परजन, वेशभूषा, रोदी, मगज, खोटो, डिस्को, वस्त्रजाल, पाखे, गवाँर, सभ्यता ।

- विद्यार्थीहरूलाई छुट्टाछुट्टै शब्दहरू दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

पाठ भित्रका कुनै १० कठिन शब्दहरूको अर्थ सहित र वाक्यमा प्रयोग गरी ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : पद्यलाई गद्यमा लेखन** **घन्टी :**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'सभ्यता' शीर्षक पद्य कविता पाठलाई गद्यमा ढाली लेख्न ।

(ख) कविताका श्लोकलाई तथा हरफलाई अनुच्छेद बनाई लेख्न ।

२. शैक्षिक सामग्री :

- पद्य कवितालाई गद्य (वाक्य) मा लेखिएको सूची, फलाटिन पाटी, शब्दसूची र अर्थसूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीलाई शब्दार्थ खेलद्वारा सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सभ्यता कविता पाठको सुरुका दुई हरफ शैक्षणिक पाटीमा लेख्नुहोस् र तिनलाई वाक्यमा ढाली गद्य रूपमा लेखिदिनुहोस् ।

  जस्तै :

  किन यति फितलो यो सभ्य संसार हाम्रो ?

  परजन किन राम्रा, लाग्छ आफै नराम्रो ।

  हाम्रो सभ्य संसार किन यति फितलो भयो ? आफू नराम्रो तर परजन चाहि किन राम्रा लाग्छन् ?

- उदाहरणका रूपमा देखाइए जस्तै गरी अन्य हरफहरूलाई गद्य (वाक्य) मा ढालेर लेख्न साथीहरूसँग छलफल गरी लेख्न निर्देश दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण ।
- दुई ओटा श्लोक पुरा गरिसकेपछि त्यसलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसमा नपुग वा कुनै अपूर्णता वा मिले नमिलेको सोध्नुहोस् । आवश्यक भए सच्याउन भन्नुहोस् । त्यसलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।
- बाँकी दुई श्लोकलाई व्यक्तिगत रूपमा साथीको सहयोग नलिई लेख्न लगाउनुहोस् । शिक्षकले उनीहरूलाई अफ्ठ्यारो परेकामा सहयोग पुऱ्याइदिनुहोस् ।

DRAFT

- आफूले तयार पारेका कविताका गद्य रूपलाई पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र उपयुक्त लेखाइ मिले नमिलेको उनीहरूलाई सोध्नुहोस् । आवश्यक परे सच्याइदिनुहोस् ।
- यो क्रम सकिएपछि शिक्षक आफूले तयार पारको गद्य लेखन सूची फलटिन पाटीमा टाँस गरी उनीहरूलाई पालैपालो उठाई पढेर सुनाउन लगाउनुहोस् र त्यसलाई कापमिा सार्न निर्देश गर्नुहोस् ।

४. मूल्याङ्कन :

(क) शिक्षकले पालैपालो उठाउँदै दुई दुई हरफ दिई त्यसलाई गद्यमा ढाल्न लगाउनुहोस् ।

(ख) कविताको श्लोक दिई त्यसलाई अनुच्छेदको रूपमा ढाल्न लगाउनुहोस् ।

५. गृहकार्य :

- सभ्यता कविता पाठका सम्पूर्ण श्लोकलाई गद्यमा ढाली अनुच्छेदबद्ध रूपमा लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : भाव बोध**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सभ्यता कविताको भाव बोध गर्न ।

२. शैक्षिक सामग्री :

- भाव बोधका लागि प्रश्नहरूको सूची, भावार्थ लेखनको नुमना, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले ग्राफिटी विधिको उपयोग गरी सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विद्यार्थीलाई त्यस दिन गराउने मुख्य क्रियाकलापका बारे जानकारी गराउँदै सिकाइप्रति अभिप्रेरित गर्नुहोस् । सभ्यता कविता लय हाली पढ्न निर्देश गर्नुहोस् ।
- लय हाली पढिसकेपछि उक्त कविताको भावबोध ठम्याउन विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् र यसका लागि निम्न लिखित प्रश्नहरूको सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्दै सोधिएका प्रश्नहरूको उत्तरका आधारमा उनीहरूलाई भावार्थ पहिल्याउन लगाउनुहोस् ।

  नमुना प्रश्नहरू :

  (अ) हाम्रो सभ्य संसार के हुँदै गएको छ ?

  (आ) परजन राम्रा तर आफू नराम्रो भनेको के हो ?

  (इ) कवयित्रीले केलाई नक्कली प्वाँख भनेकी छिन् ?

  (ई) रोदी र खैँजडी आज कस्तो लाग्दै छ ?

  (उ) घर पोलेर खरानी बिकाउनुको अर्थ के हो ?

  (ऊ) आज नेपाली मन मगज किन खोक्रो भएको छ ?

  (ए) किन हाम्रो धर्म संस्कार थोत्रो भएको हो ?

  (ऐ) मानिस कसरी पाखे र गवाँर हुन्छ ?

DRAFT

(ओ) सभ्यताको कमाललाई किन मनन गरौ भनिएको हो ?

- उल्लिखित प्रश्नहरू पालैपालो विद्यार्थीहरूलाई सोध्दै उत्तरद्वारा सिङ्गो कविताको भावार्थ बोध गराउनुहोस् ।
- दिइएका प्रश्नको उत्तर सबैसँग सोध्दै जानुहोस् । सही उत्तर नआएसम्म यो क्रम चलाउँदै जानुहोस् ।
- विद्यार्थीसँग प्रश्नोत्र कार्य गरिसकेपछि शिक्षकले तयार पारेर ल्याएको भावार्थ लेखनको सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्नुहोस् ।
- शैक्षिक सामग्रीको रूपमा लागिएको भावार्थ बोधको नमुना सूची पढ्न निर्देश गर्नुहोस् ।
- अन्त्यमा शिक्षकले विद्यार्थीबाट आएको प्रश्नको उत्तर र आफूले प्रस्तुत गरेको भावार्थ बोधको नमुना सूचीको आधारमा सम्पूर्ण कविताको भाव बताइदिनुहोस् ।
- बोध प्रश्नोत्तरबाट भावबोध गराइसकेपछि अन्त्यमा शिक्षक आफूले तयार पारेर ल्याएको भावार्थ नमुनाको चार्ट फलाटिन पाटीमा टाँस गरी विद्यार्थीबाट प्राप्त बोधात्मक प्रश्नोत्तरलाई समेट्दै कविताको भाव बताइदिनुहोस् ।

४. मूल्याङ्कन :

(क) भावबोध सम्बन्धी बोधात्मक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । जस्तै :

- कवयित्रीले केलाई नक्कली प्वाँख भनेको छिन् ?
- घर पोलेर खरानी बिकाउनुको अर्थ के हो ?
- नेपाली मन मगजलाई किन खोक्रो भनिएको हो ?
- किन हाम्रो घर्म संस्कार थोत्रो भएको हो ।

५. गृहकार्य :

- पाठको पृष्ठ १३५ को प्रश्न नं. ४ को कविताका श्लोकको भावार्थ लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौा

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : भाव विस्तार**

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत सभ्यता कविता पाठबाट विशिष्ट पङ्क्तिहरू छान्न ।

(ख) विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न ।

- किन यति फितलो भो सभ्य संसार हाम्रो
  परजन किन राम्रा, लाग्छ आफैँ नराम्रो
- पर पर किन रोदी ? खैँजडी लाग्छ खोजो
  गुनिउा पनि हरायो भिर्छ को आज भोटो ।
- मन मगज छ खोक्रो बाहिरी भव्य बोक्रो
  मलिन छ ऋषि बाणी धर्म संस्कार थोत्रो

२. शैक्षिक सामग्री :

- विशिष्ट पङ्क्तिहरूको सूची, भाव विस्तारको नमुना चार्ट र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले सिकाइमा उत्प्रेरणा जगाउन खेल खेलाउनुहोस् ।

तरिका : शिक्षकले विद्यार्थीहरूले गर्नुपर्ने विभिन्न क्रियाकलाप भएको जस्तै : लयबद्ध कविता वाचन, कुनै कविता, गीत, चुट्किला, मुक्तक, छोटो कथा आदि लेखिएको कागजका डल्ला तयार गरी विद्यार्थीलाई पालैपालो टिप्न लगाएर त्यसमा लेखिएको क्रियाकलाप गर्न लगाउनुहोस् । आज सिकाइने विषयवस्तुप्रति विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम विद्यार्थीहरूलाई भाव विस्तारका लागि के कस्ता पङ्क्तिहरू उपयुक्त हुन्छन् भन्ने बारेमा विद्यार्थीहरूसँग छलफल चलाउनुहोस् । उनीहरूलाई विशिष्ट पङ्क्ति छान्न लगाउनुहोस् ।

DRAFT

- उक्त विशिष्ट पङ्क्तिको छनोटमा शिक्षक आफूले पनि सहयोग पुऱ्याउनुहोस् ।
- शिक्षकले आफूले लगेको भाव विस्तारको नमुना प्रदर्शन गर्नुहोस् र भाव विस्तार गर्ने तरिका बारेमा छलफल चलाई लेख्ने तरिकाबारे स्पष्ट धारणा दिनुहोस् ।
- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी कविताका दुई दुई पङ्क्ति दिई भाव विस्तार गर्न निर्देश गर्नुहोस् । समूह कार्य हुँदै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र आपसमा पृष्ठपोषण लिनेदिने वातावरण सिर्जना गर्नुहोस् ।
- अन्त्यमा आफ्नो निष्कर्ष दिनुहोस् ।

४. मूल्याङ्कन :

- शिक्षकले पाठका कुनै निर्दिष्ट दुई हरफ दिई भाव विस्तार गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

- अभ्यास खण्डको प्रश्न नं.४ को विशिष्ट पङ्क्तिको भाव विस्तार गरेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : छैटौँ

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : कार्यमूलक व्याकरण (हिज्जे र नामपद)**

**अपेक्षित सिप विकास : वर्ण विन्यास** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) हिज्जे सम्बन्धी ब र व तथा शिरबिन्दु र चन्द्र बिन्दुको प्रयोग गर्न ।

लक्षित शब्दहरू :

'ब' बोल्दा 'व' लेखिने, 'ब' बोल्दा 'ब' नै लेखिने र 'व' बोल्दा 'व' नै लेखिने पाठमा रहेका शब्दहरू : वाणी, वेशभुषा, विदेशी, भव्य, वस्त्रजाल, अब, बिकायो, बढायो, बितायो, बोक्रो, बन्द, प्वाँख, गवाँर, स्वदेशी ।

शिरबिन्दु : संसार, संस्कार ।

चन्द्रबिन्दु : आफै प्वाँख, खैजडी, नहिँड्ने, गवाँर ।

(ख) ता प्रत्यय लगाई नाम शब्द बनाउन ।

लक्षित शब्द :

भव्य (भव्य + ता . भव्यता, मलिन (मलिन + ता . मलिनता), एक (एक + ता . एकता), धृष्ट (धृष्ट + ता . धृष्टता), प्रचुर (प्रचुर + ता . प्रचुरता)

२. शैक्षिक सामग्री :

(क) ब र व प्रयोग भएका शब्दहरूको सूची, शिरबिन्दु र चन्द्बिन्दु लागेर बनेका शब्दहरूको सूची, शिरबिन्दु र चन्द्रबिन्दु लागेर बनेका शब्दहरूको सूची ।

(ख) ता प्रत्यय लागेर बनेका नाम शब्दहरूको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले सुनाइ सम्बन्धी खेल खेलाई सिकाइतर्फ उत्प्रेरणा जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले विद्यार्थीलाई पालैपालो अगाडि बोलाउनुहोस् र पाठका निम्न लिखित शब्द आफूले उच्चारण गरी शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् ।

  लक्षित शब्द :

DRAFT

वाणी, वेशभुषा, विदेशी, भव्य, संसार, संस्कार, बोक्रो, प्वाँख, गवाँर, स्वदेशी ।

- यी शब्द शैक्षणिक पाटीमा लेखाइसकेपछि उनीहरूका बिचमा शुद्ध अशुद्ध छुट्याउन लगाउनुहोस् । यस क्रममा उनीहरूलाई नै अगाडि बोलाएर शैक्षणिक पाटीमा शुद्ध रूप लेख्न लगाउनुहोस् । उनीहरूले नजानेमा शिक्षकले अन्तिममा मात्र शुद्ध रूप लेखिदिनुहोस् र त्यसलाई कापीमा सार्न लगाउनुहोस् । कक्षामा प्रस्तुत गर्न आवश्यक सुझाव समेत दिनुहोस् ।

- यो कार्य पुरा भएपछि विद्यार्थीहरूलाई निर्दिष्ट पाठबाट ब र व प्रयोग भएका र शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्द पाठमा खोज्न लगाई त्यसलाई रेखाङ्कन गरी कापीमा पनि सार्न लगाउनुहोस् ।

- उनीहरूले कापीमा सारिसकेपछि त्यसलाई पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । उच्चारणको क्रम दुई चार पटक दोहोऱ्याउनुहोस् ।

- त्यसपछि उच्चारण गर्दा 'ब' बोलिने र लेख्दा 'व' लेखिने तथा उच्चारण गर्दा ब बोलिन र लेख्दा पनि ब नै लेखिन अति उच्चारण गर्दा व बोलिने र लेख्दा पनि व नै लेखिने ब र व प्रयोग भएका शब्दहरू छुट्याउन लगाउनुहोस् र शिरबिन्दु तथा चन्द्रबिन्दु लागेर बनेका शब्दहरू पनि छुट्टाछुट्टै लेख्न लगाउनुहोस् ।

- यस क्रमा शिक्षकले आफूले तयार पारेर ल्याएका 'ब' र 'व' तथा शिरबिन्दु र चन्द्रबिन्दु लागेर बनेका शब्दहरूको सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्दै त्यसलाई पालैपालो उच्चारण गराई थप नयाा शब्दहरू कापीमा पनि टिपोट गर्न लगाउनुहोस् ।

- यो क्रम पुरा भएपछि शिक्षकले पाठको पहिलो हरफको सभ्य शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् र त्यसको पछाडि ता प्रत्यय जोडेर सभ्यता शबद निर्माण गरी देखाउनुहोस् र निम्न शब्दका पछाडि ता प्रत्यय जोडी नयाा शब्द बनाउन लगाउनुहोस् :

  लक्षित शब्दहरू :

  भव्य, मलिन, एक, विशाल, क्रूर, शिष्ट, उचच, कृत्रिम, धीर, कुरूप, प्रचुर, धृष्ट, कातर ।

- विद्यार्थीहरूले यी शब्दहरूका पछाडि ता प्रत्यय जोडेर बनाएका नयाा शब्द पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । ती शब्दहरूको निर्माण प्रबारे छलफल गराई शब्दका पछाडि ता प्रत्यय जोडिएर बनेका शब्दहरू नाम शब्द हुन्छन् भनी सैद्धानितक कुरा बताइदिनुहोस् ।

- सैद्धानितक कुरा बताइसकेपछि ता प्रत्यय जोडी थप नाम शब्द बनाउन निर्देश गर्नुहोस् ।

- उनीहरूले बनाएका शब्द पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरी यस्ता ता प्रत्यय लागेर बनेका व्युत्पन्न शब्द नाम शब्द हुने सैद्धान्तिक कुरा दोहोऱ्याउादै बताइदिनुहोस् ।

- अन्त्यमा शिक्षक उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

DRAFT

४. मूल्याङ्कन :

- विद्यार्थीलाई अशुद्ध शब्द र त्यस्ता शब्द भएका वाक्य र अनुच्छेद दिई शुद्ध गर्न लगाउनुहोस् ।
- शिक्षलके ब, व प्रयोग भएका तथा शिरबिनदु र चन्द्रबिन्दु लागेका शब्द भएका अनुच्छेदका केही अंश श्रुतिलेखन गराउनुहोस् ।
- ता प्रत्यय लागेर बनेका नाम शब्दहरू भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नूहोस् र पहिलो समूहलाई ब र व वर्ण प्रयोग भएका शब्द, दोस्रो समूहलाई समूहलाई शिरबिन्दु लागेर बनेका शब्द, तेस्रो समूहलाई चन्द्रबिन्दु लागेर बनेका शब्द र चौथो समूहलाई ता प्रत्यय लागेर बनेका १०/१० ओटा शब्द सङ्कलन गरी ल्याउने समूह कार्य दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : सभ्यता (कविता)**

**पाठ्यवस्तु : कविता लेखन**

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठित पाठका आधारमा कुनै नयाा कविता रचना गर्न ।

२. शैक्षिक सामग्री :

- कविताका विभिन्न शीर्षकहरूको सूची, विभिन्न गद्य र पद्य कविताका नमुना, बाल कविताहरू, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति अभिप्रेरित गर्न विशेष स्रष्टाहरूको कवितांशहरू पढेर सुनाइ आजको कक्षामा कविता लेख्ने अभ्यास गरिने सम्बन्धमा जानकारी गराउँदै सिकाइतर्फ अभिप्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले कविता रचना गर्न सकिने कविताका शीर्षकहरूको सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्नुहोस् ।

  कविताका शीर्षकहरूको नमुना सूची : जस्तै:

  बालक म

  किताब

  पुतली

  मेरो स्कुल

- यी शीर्षकका बारेमा उनीहरूलाई थाहा भएका कुरा पालैपालो भन्न लगाउनुहोस् र उनीहरूले भनेका कुरालाई क्रमैसाग शिक्षकले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र गोलाप्रथा गरी ती शीर्षकहरू एक एक समूहलाई दिई टिपोट गरेका बुँदाका आधारमा प्रत्येक समूहलाई कविता रचना गर्न निर्देश गर्नुहोस् ।

DRAFT

- शिक्षकले समूहमा डुल्दै सबैलाई कविता रचनामा सहयोग गर्दै आवश्यक मद्दत पुऱ्याइदिनुहोस् । यस क्रममा समूह कार्य गरे नगरेको अवलोकन गरी आवश्यक निर्देश दिनुहोस् ।
- उनीहरूलाई शीर्षक दिई लेख्न लगाएको कविता वाचन गरी आफ्नो समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् र आपसमा पृष्ठपोषण आदानप्रदान गराउनुहोस् ।
- अन्त्यमा उक्त कविता रचना कार्यमा उत्कृष्ट हुने समूहलाई पुरस्कृत गरी कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

४. मूल्याङ्कन :

- कविताको शीर्षक दिई दुई हरफ कविता रचना गरी सुनाउन लगाउनुहोस् ।
- पाठको सिर्जनात्मक अभ्यासको प्रश्न नं १७ को कविताको हरफ पुरा गरी सुनाउन लगाउनुहोस् ।

५. गृहकार्य :

- संस्कृति शीर्षकमा कविता लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. शब्दार्थ शिक्षणका उपयुक्त विधिहरू :

- पर्यायवाची शब्द बताएर - जस्तै : सभ्यता - भद्रता, शिष्टता ।
- शब्दको अर्थ बताएर - जस्तै : पाखे - अशिष्ट ।
- परिभाषा दिएर - जस्तै : खैँजडी - भजन कीर्तनमा बजाइने एक प्रकारको तालबाजा
- विपरीतार्थी शब्द बताएर - जस्तै : सभ्य - असभ्य/नक्कली - सक्कली ।
- समान गुणका शब्द बताएर - जस्तै : सभ्यता - नेपाली सभ्यता, युरोपेली सभ्यता, सिन्धुघााटीको सभ्यता ।
- चित्र/वस्तु उपयोग गरेर : जस्तै : प्वाँख - चराको प्वाँखको चित्र देखाउने ।
- /हाउभाउ प्रदर्शन गरेर - जस्तै : दिमाग - टाउकोतिर हात लगेर इसारा गरेर देखाउने ।
- शब्दको व्युतपत्ति देखाएर - जस्तै : संस्कार (सम् + कार), संसार (सम् + सार) ।
- शब्दलाई वाक्यमा प्रयोग गरेर - जस्तै : निथ्रुक्क - भारी बोकेर उकालो चढ्दा भरियाको भोटो पसिनाले निथ्रुक्क भिजेको थियो ।

२. शब्दार्थ खेलद्वारा सिकाइप्रति उत्प्रेरणा जगाउने तरिका :

- शिक्षकले विद्यार्थीलाई कापी र कलम लिई तयरा रहन एक मिनेटको समय दिनुहोस् । सबै विद्यार्थी तयार भइसकेपछि हिजो उनीहरूले पढेका शब्दार्थ एक मिनेटको समय दिई सम्झन लगाउनुहोस् । त्यसपछि हिजोकै शब्दार्थ सूचीबाट कुनै दश ओटा शब्दको अर्थ भन्दै जानुहोस् । यसो गर्दा एउटा अर्थलाई दुई पटक भनिदिनुहोस् र उनीहरूलाई ती अर्थको शब्द लेख्न भन्नुहोस् । दस ओटा अर्थ भनिसकेपछि रोक्नुहोस् । त्यसपछि आफूले भनेका शब्दको अर्थको सूची देखाई कसले सबैभन्दा बढी अर्थको शब्द लेख्यो उसलाई ताली बनाएर सम्मान गर्न लगाउनुहोस् ।

३. ग्राफिटी विधिको उपयोग गरी सिकाइतर्फ उत्प्रेरित गर्ने तरिका :

- शिक्षकले विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरेर राख्नुहोस् । त्यसपछि शैक्षणिक पाटीमा पाठसाग सम्बन्धित कुनै एक शीर्षक दिनुहोस् र प्रत्येक समूहलाई न्युजप्रिन्ट र साइन पेन दिनुहोस् र शीर्षकका बारेमा दुई दुई वाक्य लेख्न लगाउनुहोस् । एउटा समूहले लेखिसकेपछि त्यसलाई पढेर अर्को समूहलाई थप दुई ओटा वाक्य लेख्न लगाउनुहोस् । यो क्रम चारै समूहलाई लेख्न लगाउनुहोस् । त्यसपछि आआफ्नो समूहमा पुऱ्याई फलाटिन पाटीमा टाँसेर त्यसलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । त्यसपछि शिक्षकले उत्कृष्ट लेख तयार गर्ने समूहलाई प्रथम घोषणा गरी ताली बजाएर सम्मान गर्नुहोस् ।

४. भाव विस्तारको नमुना :

DRAFT

पर पर किन रोदी ? खैंजडी लाग्छ खोटो
गुनिउा पनि हरायो चिर्छ को आज भोटो ।

नेपाली वेशभुषा, सभ्यता र संस्कृतिको अनुपम महत्त्वका बारे वर्णन गर्दै लेखिएको प्रस्तुत हरफमा खस्कँदै गएको नेपाली मूल्य र मान्यताप्रति चिन्ता व्यक्त गरिएको छ । नेपाली संस्कृति, वेशभुषा, गीत सङ्गीत संसारकै अनुपम नमुना मानिन्छ तर नवीन सभ्यता भित्र्याई आधुनिक बन्ने क्रममा तिनीहरूको महत्त्व घट्दै गएको देखिन्छ । हिजोआज हाम्रा चौतारीहरू भत्काइदै छन्, रोदी, कोटघर, डबलीहरू सुनसान छन् । डम्फू, मादल, खैंजडीमा माकुराले जालो लगाइसकेको छ । सारङ्गीको तान छिनेको छ । मुर्चुङ्गा, बिनायो, बाँसुरी आजभोलि बज्न छाडेका छन् । आधुनिकताको नाममा डिस्को र ड्रमसेटले हाम्रो लोक सङ्गीतलाई विकलाङ्ग बनाएको छ । मारुनी, चाँचरी, बालन, देउडा, घाटु, सङ्गिनी, मयुर नाच आदि आजभोलि हराउँदै छन् । गुनिउाचोली, दौरा सुरुवाल, टोपी हिजोआज लगाउन छाडिएको छ । हाम्रा चेलीहरू छिटको गुनिउा र चौबन्दी चोलीको सट्टा पाउभरको टालो लगाएर आधुनिक सभ्यताको परिचय दिँदै हिँडेका छन् । भाषा, वेशभुषा, संस्कृति नै सबे जातिको प्रमुख पहिचान हो । जब यो हराउँछ र अर्को जातिको संस्कृतिलाई अपनाउन थालिन्छ तब आफ्नो पहिचान गुम्दछ । अत: सभ्यताको नाउँमा हामीले आफ्नो पहिचान गुमाउनु हुँदैन । हाम्रो संस्कृतिलाई हामीले नै जोगाउनुपर्छ, अरुले जोगाउादैनन् । त्यसैले विदेशी संस्कृतिको अन्धानुकरण गरेर हामी एक्काइसौा शताब्दीका सभ्य नागरिक बन्न सक्दैनौा ।

५. सुनाइ सम्बन्धी खेल विधि गर्ने तरिका :

शिक्षकले छेउको विद्यार्थीको कानमा कुनै दुई वाक्य सनाउनुहोस् र सुनाउनएको त्यो कुरा नजिकैको अर्को साथीले नसुन्ने गरी आफ्नो छेउको साथीलाई सुटुक्क भन्न लगाउनुहोस् । यो क्रम सबैलाई गराउनुहोस् र अन्तिम विद्यार्थी साथीले आफूलाई सुनेको कुरा उठेर भन्न लगाउनुहोस् । त्यसपछि उसले सुनेर भनेको कुरा र आफूले पहिलो विद्यार्थीलाई सुनाएको कुरा बताउनुहोस् ।

त्यसपछि सुनाइ सिपका बारेमा छलफल गराई शुद्ध उच्चारण र एकाग्र सुनाइका बारे जानकारी दिनुहोस् ।

DRAFT

पाठ - २०

पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला

विधा : प्रबन्ध

### एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र सं. | पाठ्यवस्तुहरू | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | सारांश लेखन | १ |
| ५. | व्याख्या | १ |
| ६. | पर्यायवाची र अनेकार्थी शब्द | १ |
| ७. | व्याकरण (एक वचन र बहु वचन) | १ |
| ८. | सिर्जनात्मक लेखन (प्रबन्ध लेखन) | १ |
| जम्मा | | ८ |

### दिन : पहिलो

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) नेपालको धार्मिक वास्तुकला पाठ लगाई गति, यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न ।

२. शैक्षिक सामग्री :

- शब्दपत्ती र गोजी तालिका ।

३. सिकाइ सहजिकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

DRAFT

- शिक्षकले शब्द खेल विधिद्वारा विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् :

  तरिका : पाठभित्रका उच्चारण समस्या हुने केही शब्दहरू लेखी कागजको गोला बनाउनुहोस् । त्यसलाई एउटा बट्टामा हाली विद्यार्थीलाई पालैपालो त्यो गोला टिप्न लगाई त्यसमा लेखिएको शब्द सबैले सुन्ने गरी भन्न लगाउनुहोस् र त्यो शब्द शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् र अरुलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो कार्य पुरा भएपछि आज गरिने क्रियाकलापक बारे बताई सिकाइतर्फ ध्यान केन्द्रित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

- शिक्षकले निर्दिष्ट पाठको कुनै एक अनुच्छेद गति, यति मिलाई आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पालैपालो सस्वर वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले प्रस्तुति, विराम चिह्न र भावअनुसार गति, यति मिलाई सस्वर पठन गरे नगरेको ख्याल गर्नुहोस् ।
- सस्वर वाचन गराउँदा अन्यलाई साथीले गति, यति र भावअनुसार वाचन गरे नगरेको ख्याल गर्दै गल्ती भएका ठाउँमा दोहोऱ्याई उच्चारण गर्न लगाउनुहोस् ।
- सस्वर वाचन गराउँदा उनीहरूलाई उच्चारणगत समस्या भएका शब्दहरूमा रेखाङ्कन गर्न लगाउनुहोस् र ती शब्दहरूलाई आफ्नो कापीमा टिपी शिक्षकलाई पालैपालो सुनाउन लगाउनुहोस् ।
- शिक्षकले ती शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी उनीहरूलाई पालैपालो शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् । उच्चारण कमजोर भएका र मातृभाषा नेपाली नभएका विद्यार्थीलाई बढी जोड दिनुहोस् ।
- शिक्षकले निर्दिष्ट पाठबाट उच्चारणका लागि कठिन शब्दहरू शबदपत्तीमा देखाउँदै शुद्ध उच्चचारणको नमुना प्रदर्शन गर्नुहोस् ।
- शब्दगत उच्चारण अभ्यासपछि क्रमशः वाक्य र अनुच्छेदगत सस्वर वाचनको अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले उच्चारण गल्ती गर्ने शब्दलाई पाठमा रेखाङ्कन गर्न लगाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन :

(क) शिक्षकले उच्चारणगत कठिनाइ भएका लक्षित शब्दहरूको सूची देखाई तिनको शुद्धोच्चारण गर्न लगाउनुहोस् :

मुग्ध, सिर्जित, इस्लाम, बहुमूल्य, प्राङ्गण, चतुर्भुजाकार, षट्भुजात्मक, न्यातपोल, प्रस्तर ।

५. गुहकार्य :

DRAFT

- पाठको अध्ययन गरी त्यसमा रहेका कठिन शब्दहरूको सूची तयार गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : दोस्रो

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत प्रबन्ध पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न लक्षित शब्द :

मुग्ध, आकृति, प्राकृतिक, सिर्जित, वास्तुकला, बहुमूल्य, जुहारत, इस्लाम, मस्जिद, प्राङ्गण, स्तम्भ, सौन्दर्य, वर्गाकार, टुँडाल, ध्वनि, चतुर्भुजाकार, झिगटी, पृष्ठभूमि, प्रज्ञाचक्षु, प्रस्तर, विशिष्ट, भवचक्र

(ख) निर्दिष्ट शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

(क) शब्द र अर्थपत्ती, वाक्य सूची, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले पाठप्रति अभिप्रेरित गर्न तल दिएएको शब्द खेल खेलाउनुहोस् :

तरिका :

विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र प्रतयेक समूहलाई हिजो पढेका कठिन उच्चारणगत शब्दहरू दुई मिनेटको समय दिई सम्झन लगाउनुहोस् । सबै समूहलाई दुई मिनेटको समय दिई 'प' र 'स' वर्णबाट निर्मित शब्दहरू आफ्नो कापीमा लेख्न लगाउनुहोस् । किताब र अन्य टिपोट हेर्न नपाइने निर्देश गर्नुहोस् । समय सकिएपछि प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् र जसले बढी शब्द लेखेका छन् तिनै समूहलाई प्रथम घोषणा गर्नुहोस् ।

(ख) मुख्य क्रियकलाप :

- शिक्षकले यस पाठको शब्दार्थ शिक्षण गर्न सर्वप्रथम विद्यार्थीहरूलाई निर्धारित अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् नयाा र कठिन लागेका शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् ।
- शब्दार्थ शिक्षण गराउँदा गाढा अक्षरमा दिइएका शब्दहरूको अर्थ त्यही पृष्ठको पुछारमा हेर्न लगाई अभ्यास गराउनुहोस् । त्यहाा अर्थ फेला नपरेका कठिन र शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् ।

DRAFT

- सबै विद्यार्थीले टिपोट गरिसकेपछि पालैपालो ती शब्दहरू भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । टिपोट गरिसकेपछि उनीहरूलाई नै ती शब्दको अर्थ भन्न लगाउनुहोस् । विद्यार्थीले अर्थ भन्न नसकेमा मात्र शब्दार्थ शिक्षणको उपयुक्त विधि अँगाली गोजी तालिकामा शब्दार्थ पत्ती प्रयोग गरी शब्दको अर्थ बताइदिनुहोस् ।

- यसरी कठिन शब्दहरूको अर्थ बताइसकेपछि तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गराउँदा सकेसम्म विद्यार्थीहरूलाई नै लगाउनुहोस् र उनीहरूले नजानेका शब्दको प्रयोग मात्र शिक्षक आफूले वाक्यपत्तीलाई फलाटिन पाटीमा टाँस गरी वाक्य निर्माणको प्रक्रिया सिकाउनुहोस् । त्यस्ता शब्दलाई पुनः आफ्नै वाक्यमा प्रयोग गर्न अभयास गराउनुहोस् ।

- वाक्यमा प्रयोग गराउँदा शब्दलाई विभिन्न सन्दर्भ अनुसार प्रयोग गर्न सकिने कुरा समेत देखाउनुहोस् ।

४. मूल्याङ्कन :

- पाठको अभ्यास अन्तर्गतको प्रश्न नं. १० को उत्तर लेखेर ल्याउन निर्देश गनुहोस् ।

५. गृहकार्य :

- निम्न लिखित शब्दहरू दिई तिनलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश दिनुहोस् :

मुग्ध, सिर्जित, आकृति, प्राकृतिक, वास्तुकला, पृष्ठभूमि, गिर्जाघर, प्राङ्गण, प्रदक्षिणा, स्तम्भ संयोजन, जुहारत, गुम्बज ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : पठन बोध**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट पाठको सस्वर वाचन गरी सोधिएका बोध प्रश्नहरूको उत्तर दिन ।

प्रश्नहरू

(अ) कला के लाई भन्दछन् ?

(आ) खोटाङको हलेसी गुफार गुम्बा कस्ता कला हुन् ?

(इ) नेपालका पुराना देवालयहरू कुन कुन वस्तुबाट बनेका छन् ?

(ई) हिन्दु धार्मिक वास्तुकलामा के के पर्दछन् ?

(उ) हिन्दु देवालयहरू कुन कुन शैलीमा बनेका छन् ?

(ऊ) बौद्ध देवालयमा के के पर्छन् ?

(ऋ) गुम्बा कुन धर्मको देवालय हो ?

(ए) इस्लाम धार्मिक देवालयलाई के भनिन्छ ?

२. शैक्षिक सामग्री :

- पाठ्य पुस्तक, बोध प्रश्नसूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शब्दावली अनुमान विधिद्वारा विद्यार्थीलाई उत्सुकता जगाउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम शिक्षकले ५ मिनेटको समय दिई विद्यार्थीहरूलाई निर्दिष्ट पाठलाई सस्वर वाचन गर्न निर्देशन दिनुहोस् । सस्वर वाचन सकिएपछि फलाटिन पाटीमा बोधात्मक प्रश्नहरूको सूची टाँस गर्नुहोस् ।
- वोध प्रश्नहरूका बारे एकदिन छलफल चलाउनुहोस् र निर्दिष्ट पाठ पढी ती प्रश्नहरूको छोटो र स्पष्ट उत्तर कापीमा लेखी पालैपालो भन्न लगाउनुहोस् ।

DRAFT

- बोधात्मक प्रश्नको उत्तर भनिसकेपछि पाठ र अभ्यासबाट प्रश्नहरू तयार गरी प्रश्न सूची फलाटिन पाटीमा टाँस गरी देखाउनुहोस् र उक्त प्रश्नको उत्तरबारे छलफल चलाई निर्दिष्ट पाठ पढ्न निर्देश दिनुहोस् ।

- विद्यार्थीहरूले पढे नपढेको अवलोकन गर्दै जानुहोस् । आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।

- पढ्ने समय समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गरी प्रत्येक समूहलाई मौलिक भाषामा स्पष्ट रूपमा उल्लिखित प्रश्नहरूको उत्तर लेख्न निर्देश दिनुहोस् । आवश्यक परेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर समेत प्रस्तुत गर्नुहोस् ।

- विद्यार्थीहरूले कक्षामा समूह कार्य गर्दा ध्यान दिई समान रूपमा सबैले मिलेर कार्य गरे नगरेको अवलोकन गरी अलमल गरेका भए त्यस समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्यको काम पुरा भएपछि पालैपालो संयुक्त उत्तर कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहले प्रस्तुत गरेको उत्तरलाई ध्यानपूर्वक सुनी बाँकी समूहलाई सुधारका लागि आवश्यक सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूको समूहका क्रियाकलापको प्रशंसा गर्दै थप सुधारका लागि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

- निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

  प्रश्नहरू :

  (अ) कस्तो कलालाई मानव निर्मित कला भनिन्छ ?

  (आ) गुम्बज शैली र शिखर शैलीमा के भिन्नता छ ?

  (इ) गुम्बामा कस्तो कला हुन्छ ?

  (ई) गिर्जाघरको वास्तुकलाका चिनारी उल्लेख गर ।

  (उ) इस्लाम धर्माबलम्बीको मस्जिदको चिनारी देऊ ।

५. गृहकार्य :

- अभ्यासको प्रश्न नं. ३ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : चौथो

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : सारांश लेखन**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदहरूको सारांश लेख्न ।

२. शैक्षिक सामग्री :

- सारांशको नमुना, फलाटिन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

चिट्ठा खेल विधिद्वारा विद्यार्थीलाई सिकाइतर्फ उत्सुकता जगाउनुहोस् :

तरिका : शिक्षकले समावेशी किसिमले चारजना विद्यार्थीहरूलाई कक्षाको अगाडि बोलाउनुहोस् । उनीहरूलाई हिजो पढेका कुराहरू दुई मिनेटको समय दिई सम्झन लगाउनुहोस् । शिक्षक आफूले तयार पारेर ल्याएको गुम्बा, मस्जिद, मनिदर, चर्च लेखेको कागजको गोला टिप्न लगाउनुहोस् । आफ्नो भागमा जे परेको छ त्यस शीर्षकका बारेमा प्रत्येकलाई दुई मिनेटको समय दिई बोल्न लगाउनुहोस् । उनीहरूले भन्ने काम पुरा गरिसकेपछि सबैलाई प्रोत्साहित गरी सिकाइप्रति अभिप्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सर्वप्रथम कक्षामा गराइने सारांश लेखनका बारे जानकारी गराउनुहोस् र सबैलाई मौन वाचन गर्न लगाउनुहोस् । उनीहरूले उपयुक्त ढङ्गले मौन वाचन गरे नगरेको शिक्षकले निरीक्षण गर्नुहोस् ।

- मौन वाचन गराइसकेपछि सारांशका लागि निर्दिष्ट प्रबन्ध पाठको अनुच्छेदको महत्त्वपूर्ण बुँदाहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले ती बुँदाहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

- विद्यार्थीले भनेका बुँदाहरू उपयुकत भए तिनै बुँदाहरू ठिक भएको कुरा कक्षामा भनिदिनुहोस् र नभएमा आफूले टिपेर ल्याएका बुँदाहरू नमुनाको रूपमा फलाटिन पाटीमा प्रस्तुत गरी बुँदा टिपोट गर्ने उपयुक्त पद्धतिका बारेमा सपष्ट पार्नुहोस् ।

- सारांश लेखनका लागि ध्यान दिनुपर्ने कुराहरूका बारे उदाहरण सहित विद्यार्थीहरूलाई बताइदिनुहोस् ।

DRAFT

- शिक्षकले बढीमा चार जना रहने गरी विद्यार्थीहरूलाई समूहमा विभाजन गरी बुँदा टिपोट गरेको निर्दिष्ट अनुच्छेदको सारांश लेखन गराउनुहोस् ।
- समूह कार्य गर्दा समान रूपमा सबेले ध्यान दिएर कार्य गरे नगरेको अवलोकन गर्दै अलमल गरेका भए त्यस समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।
- लेखन कार्य पुरा भएपछि आआफ्नो समूहबाट संयुक्त उत्तर पढेर सुनाउन लगाउनुहोस् । एउटा समूहले प्रस्तुत गर्दा अर्को समूहलाई ध्यानपूर्वक सुनी सुधारका लागि आवश्यक सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- शिक्षकले आफूले तयार पारी ल्याएको सारांशको नमुना फलाटिन पाटीमा टाँस गरी उनीहरू बिचमा छलफल चलाई आवश्यक परे उनीहरूले तयार पारेको सारांशलाई परिमार्जन गराउनुहोस् ।

सारांशका लागि बुँदा :

- बुद्ध र्मको आराधना हुने गुम्बाको प्रवेशद्वार माथि धर्मचक्रको दायााबायाा मृगका जोडी मूर्ति हुने,
- गुम्बाको मूलद्वारको दायाा बायाा भवचक्र र चारै दिशामा रहने देवता तथा ज्ञानको प्रतीक पुस्तक र कलात्मक बुट्टा कुँदिने,
- गुम्बाभित्र बुद्धको विशाल सुनौलो मूर्तिका अतिरिक्त साना मूर्ति र भित्तामा बुद्धका चित्रहरू रहने,
- माने र रङ्गीन ध्वजापताकाले सजाइने सबै ठाउँमा देखिने गुम्मामध्ये बौद्धको सेचेन गुम्बा वास्तुकलाको सुन्दर नमुना भएको ।

सारांशको नमुना :

गुम्बाको वास्तुकला

बुद्ध धर्मको आराधना हुने गुम्बाको प्रवेशद्वारमाथि धर्मचक्रको दायाा बायाा मृगका जोडी मूर्ति हुन्छन् । मूल्द्वारको दायाा बायाामा भवचक्र र चारै दिशामा रहने देवता तथा ज्ञानको प्रतीक पुस्तक र कलात्मक बुट्टाहरू कुँदिन्छन् । गुम्बाभित्र बुद्धको विशाल सुनौलो मूर्तिका अतिरिक्त साना मूर्ति र भित्तामा बुद्धका चित्रहरू रहन्छन् । माने र रङ्गीन ध्वजाहरूले सजाइने सबै ठाउँमा पाइने गुम्बामध्ये बौद्धको सेचेन गुम्बा वास्तुकलाको सुन्दर नमुना हो ।

सारांशको शब्द सङ्ख्या : ५४

४. मूल्याङ्कन :

- शिक्षकले उपयुक्त अनुच्छेद दिई बुँदा टिपोट गरी सारांश तयार पार्न लगाउनुहोस् ।

५. गृहकार्य :

DRAFT

- शिक्षकले कुनै अन्य पाठको एक अनुच्छेद दिई बुँदा टिपोट गरी सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : पाँचौा

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : व्याख्या**

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट प्रबन्ध पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

- निर्दिष्ट पाठका विशिष्ट पङ्क्तिहरूको सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले आफूले एउटा गाउखाने कथा सोधी त्यसको उत्तर भन्न लगाउनुहोस् विद्यार्थीले उत्तर नजानेमा मात्र आफूले बताइदिनुहोस् । यस कार्यमा विद्यार्थीलाई पनि प्रोत्साहित गर्नुहोस् । जस्तै:

  आज राति सपनीमा के अचम्म देखे नाङ्ला जत्रा पात, मरेको गोरु डुङ्गुल डुङ्गुल गर्छ के हो त्यसको जात ?

  उत्तर : धामीले ढ्याङ्ग्रो बजाएको ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले कक्षामा गराइने क्रियाकलाप बारे जानकारी गराउनुहोस् । आफूले तयार पारेर ल्याएको व्याख्याका विशिष्ट पङ्क्तिको नमुना सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् ।

  विशिष्ट पङ्क्तिको नमुना :

  (अ) मानिसलाई मुग्ध बनाउने कुनै पनि आकृतिलाई कला भन्दछन् ।

  (आ) भुइँदेखि गजुरसम्मको यस्तो संरचनाले अनुपम सौन्दर्यको सिर्जना गरेको हुन्छ ।

  (इ) काठमाडौँको बौद्धमा रहेको सेचेन गुम्बा वास्तुकलाको अनुपम नमुना हो ।

  (ई) नेपालमा धार्मिक वास्तुकलाको विशिष्ट स्थान छ ।

- निर्दिष्ट प्रबन्ध पाठको विशिष्ट पङ्क्तिको नमुनालाई पालैपालो उठाएर पढ्न लगाउनुहोस् । पाठबाट विशिष्ट पङ्क्तिहरू खोज्न लगाई रेखाङ्कन गर्न निर्देश दिनुहोस् ।

DRAFT

- रेखाङ्कित विशिष्ट पङ्क्तिको भाव बुझ्न विद्यार्थीहरूलाई मौन वाचन गराउनुहोस् । विद्यार्थीहरूले पढे नपढेको शिक्षकले अवलाकेन गर्दै जानुहोस् । आवश्यक सहजीकरण गरिदिनुहोस् ।

- पढ्ने कार्य समाप्त भएपछि विद्यार्थीहरूलाई समावेशी ढङ्गले बढीमा चार/चार जनाको समूहमा विभाजन गर्नुहोस् र उक्त समूहलाई मौलिक व्याख्या गर्नका लागि १५ मिनेटको समय प्रदान गर्नुहोस्

- विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भए नभएको ख्याल गर्नुहोस् । विद्यार्थीहरू अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्यको समय समाप्त भएपछि पालैपालो संयुक्त रूपमा कक्षामा उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । एउटा समूहको प्रस्तुतिलाई ध्यानपूर्वक सुनेर बााकी समूहलाई सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा समूह कार्यका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

(क) निम्न लिखित विशिष्ट पङ्क्तिको मौखिक व्याख्या गराउनुहोस् :

नेपालमा धार्मिक वास्तुकलाको विशिष्ट स्थान छ ।

५. गृहकार्य :

- पाठको कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : पर्यायवाची र अनेकार्थी शब्द**

**अपेक्षित सिप विकास : शब्द भण्डार विकास** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) तल दिइएका पर्यायवाची र अनेकार्थी शब्दहरूको अर्थ बताउन :

लक्षित शब्दहरू :

पर्यायवाची शब्द : शिखर, स्तम्भ, ढोका, उपदेश, ढुङ्गो, प्रकार, स्थल, प्राचीन

अनेकार्थी शब्द : फुल, विहार, धातु, हावा, काल, जग, लामा, दर्शन, माने

(ख) पर्यायवाची र अनेकार्थी शब्दहरूको प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

- पर्यायवाची र अनेकार्थी शब्दहरूको सूची, गोजी तालिका कागजका दुई ओटा बट्टा, र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- शिक्षकले शब्द खेल विधिद्वारा विद्यार्थीलाई सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

तरिका :

शिक्षकले समावेशी रूपमा कुनै दुई विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । दुई अलग बट्टामध्ये एउटामा शब्द र अर्कोमा उल्टो अर्थ आउने शब्द पत्ती राख्नुहोस् । दुई जनामध्ये एउटालाई शब्द झिक्न लगाउनुहोस् र अर्कोलाई उल्टो अर्थ आउने शब्द खोज्न लगाई गोजी तालिकामा राखेर देखाउन लगाउनुहोस् । यो कार्य अरुलाई पनि गराउनुहोस् । जसले छोटो समयमा धेरै शब्द र त्यसको उल्टो अर्थको जोडा मिलाउँछ उसैलाई प्रथम घोषणा गरी सिकाइतर्फ आकर्षित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले अभ्यास प्रश्न नं ४, ५ र ६ हेर्न निर्देश गर्नुहोस् र त्यस्तै किसिमका पर्यायवाची र अनेकाथीृ अर्थ आउने शब्दहरू पाठभित्र खोज्न लगाउनुहोस् र ती शब्दमा रेखाङ्कन गर्न निर्देश दिनुहोस् ।



DRAFT

- उनीहरूले पाठमा खोजेर रेखाङ्कन गरे नगरेको शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

- त्यसपछि रेखाङ्कन गरेका शब्दहरू विद्यार्थीलाई पालैपालो भन्न लगाउँदै शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस्  विद्यार्थीलाई पनि आआफ्ना कापीमा टिपोट गर्न लगाउनुहोस् ।

- टिपोट गर्ने कार्य सकिएपछि शिक्षकले आफूले तयार पारेर ल्याएको पर्यायवाची र अनेकार्थी शबदहरूको सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूले छुट्टाएका नयाा शब्दहरू भए आआफ्ना कापीमा टिपोट गर्न निर्देश दिनुहोस् ।

- शिक्षकले उस्ते अर्थ हुने समान अर्थ दिने - बाटो, सडक, मार्ग, पथ जस्ता शब्द पर्यायवाची शब्द हुन् र एकभन्दा बढी अर्थ दिन ताल, जाल, तर, पुतली जस्ता शब्द अनेकार्थी शब्द हुन् भनी  बताइदिनुहोस् ।

- परिचय र उदाहरण दिइसकेपछि विद्यार्थीहरूलाई नै पालैपालो निर्दिष्ट शब्दहरूको पर्यायवाची र अनेकार्थी शब्द भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । उनीहरूलाई कठिन लागेका शब्दको मात्र अर्थपत्ती देखाउँदै गोजी तालिकामा प्रदर्शन गरी बताइदिनुहोस् ।

४. मूल्याङ्कन :

(क) निम्न लिखित शब्दहरूको अर्थ सोध्नुहोस् :

पर्यायवाची : शिखर, स्तम्भ, ढोका, उपदेश, ढुङ्गो, प्रकार, स्थल, प्राचीन ।

अनेकार्थी : फुल, विहार, धातु, हावा, काल, जग, लामा, दर्शन, माने ।

५. गृहकार्य :

- पाठ बाहिरका गरी दश दश ओटा पर्यायवाची र अनेकार्थी शब्द खोजी तिनको अर्थ खेलेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : सातौँ

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : व्याकरण (एक वचन र बहु वचन)**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वचनको आधारमा वाक्य परिवर्तन गर्न ।

(ख) एक वचन र बहु वचनका शब्द र वाक्य चिन्न ।

२. शैक्षिक सामग्री :

(क) वाक्य पत्ती, शब्द पत्ती, वाक्य परिवर्तनका नमुना वाक्यहरू, नमुना अनुच्छेद, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले अघिल्लो दिन पढाएको पर्यायवाची र अनेकार्थी शब्द शैक्षणिक पाटीमा छ्यासमिस पारी लेख्नुहोस् र ती शब्दहरूमध्ये कुन कुन पर्यायवाची शब्द र कुन कुन अनेकार्थी शब्द हुन् छुट्याउन लगाई सिकाइप्रति अभिप्रेरित गर्नुहोस् र आजको पाठको सन्दर्भ प्रस्तुत गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सर्वप्रथम एक वचन र बहु वचन रूप भएका शब्द र वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र ती शब्द र वाक्यका भिन्नताहरू बताउन लगाउनुहोस् । जस्तै :

  गुम्बा - गुम्बाहरू

  मस्जिद - मस्जिदहरू

  मूर्ति - मूर्तिहरू

- विद्यार्थीहरूले भिन्नता बताउन सके नसकेको शिक्षकले अवलोकन गरी एक वचन र बहु वचनको परिचय दिनुहोस् । तिनलाई परिवर्तन गर्दा ध्यान दिनु पर्ने आवश्यक कुराहरूबारे जानकारी दिनुहोस् ।

- यस क्रममा एक वचनबाट बहु वचन शब्द बनाउँदा 'हरू' थप्नु पर्ने र तिर्यक् रूप बनाउनुपर्ने तथा वाक्यगत तहमा एक वचनबाट बहुवचन बनाउँदा नाम, सर्वनाम, विशेषण, आदिलाई परिवर्तन गर्नुपर्ने आवश्यक उदाहरण सहित निर्देशनका दिनुहोस् ।

DRAFT

- विद्यार्थीलाई पाठको कार्यमूलक व्याकरण खण्डको प्रश्न नं १५ र १६ का अभ्यास गर्न निर्देश दिनुहोस् । यस क्रममा उनीहरूले कक्षा कार्य गरे नगरेको अवलोकन गर्नुहोस् र उनीहरूलाई कठिनाइ भएको ठाउँमा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

- यसमा उनीहरूलाई १० मिनेटको समय दिनुहोस् र कक्षा कार्यको समय पुरा भएपछि पालैपालो उत्तर भन्न लगाउनुहोस् र उक्त वाक्य शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरी ठिक बेठिक उनीहरूबाट नै छुट्याउन लगाई अन्त्यमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

- अभ्यास कार्य पुरा भएपछि निर्दिष्ट पाठबाट तयार पारिएका वाक्य सूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्नुहोस् र पाँच मिनेटको समय दिई आआफ्ना कापीमा उत्तर लेख्न लगाउनुहोस् र त्यसालई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूले बताएका उत्तर उनीहरूमा नै छलफल गरी आवश्यक पृष्ठपोषण प्रदान गरी अभ्यस्त गराउनुहोस् ।

४. मूल्याङ्कन :

(क) निर्दिष्ट पाठको एक वचन र बहु वचनका वाक्य दिई तिनलाई परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) पाठबाट एक वचन र बहुवचनका दुई दुई ओटा वाक्य खोजी भन्न लगाउनुहोस् ।

५. गृहकार्य :

(क) पाठबाट एक वचन र बहुवचनका पाँच पाँच वाक्य खोजी लेखेर ल्याउन निर्देश दिनुहोस् ।

(ख) पाठको प्रश्न नं १५ र १६ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

## दिन : आठौं

**पाठ शीर्षक : नेपालको धार्मिक वास्तुकला (प्रबन्ध)**

**पाठ्यवस्तु : प्रबन्ध लेखन**

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठित पाठका आधारमा प्रबन्ध लेखन ढाँचाको प्रयोग गर्न ।

(ख) प्रबन्ध लेखन ढाँचाका आधारमा पठित र स्वतन्त्र विषयमा प्रबन्ध लेख्न ।

२. शैक्षिक सामग्री :

(क) प्रबन्ध लेखन ढाँचाको तालिका सूची ।

(ख) प्रबन्ध लेखन अभ्यासका लागि शीर्षक र आवश्यक बुँदा सूची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- तल दिइएको चित्र वर्णन क्रियाकलापबाट विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।
  तरिका :

शिक्षकले विद्यार्थीलाई अभिप्रेरित गर्न गुम्बा, मस्जिद, मन्दिर र चर्चका तम्बिरहरू देखाउनुहोस् र तिनीहरू के के का तस्बिर हुन् नाम भन्न लगाउनुहोस् । त्यसपछि उनीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एक शीर्षक बाँड्नुहोस् र ३ मिनेटको समय दिई उक्त शीर्षकबारे समूहमा एक एक अनुच्छेद लेखेर भन्न लगाउनुहोस् । उक्त कार्य सम्पन्न भएपछि आज गराइने प्रबन्ध लेखनको अभ्यायसबारे सबैलाई बताउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले विद्यार्थीलाई प्रबन्धका बारे विभिन्न प्रश्नहरू गर्नुहोस् र उनीहरूबाट आएका उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

  प्रश्नहरू :

  प्रबन्ध के हो ? यसको लेखन ढाँचा कस्तो हुन्छ ? प्रबन्ध कसरी लेखिन्छ ? प्रबन्ध लेखनका भागहरू कति छन् ?

- शिक्षकले विद्यार्थीका उत्तरमा छलफल गरी अन्य प्रबन्ध पाठलाई विषय सूचीको सहायता लिई विभिन्न शीर्षकमा प्रबन्धलाई नमुनाका रूपमा हेर्न निर्देश गर्नुहोस् ।

DRAFT

- यसै क्रममा पाठ्य पुस्तकमा रहेका प्रबन्ध र अन्य विभिन्न प्रबन्धहरूको उदाहरण दिई प्रबन्धको थप परिचय दिनुहोस् ।
- शिक्षकले आफूले तयार पारेर ल्याएको प्रबन्धको शीर्षक र त्यसका आवश्यक बुँदाहरूको नमुना सूची फलाटिन पाटीमा टाँस गरी प्रस्तुत गर्नुहोस् ।
- यसका लागि विद्यार्थीहरूलाई उयुक्त समूहमा विभाजन गरी सोही शीर्षकमा दिनुहोस् र प्रबन्ध लेखनको अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूले समूह कार्य गरे नगरेको शिक्षकले अबलोकन गर्नुहोस् र आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- निर्दिष्ट समय पुरा भएपछि उनीहरूले तयार पारको प्रबन्ध कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन :

(क) प्रबन्धका ढाँचा र परिचयका सम्बन्धमा प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) निर्दिष्ट बुँदाका आधारमा तयार पारको प्रबन्ध पढेर सुनाउन लगाउनुहोस् ।

५. गृहकार्य :

- पाठको सिर्जनात्मक अभ्यास अन्तर्गतको प्रश्न नं. १७ को अभ्यास गरेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## शिक्षकका लागि थप सामग्री :

१. शब्द खेल विधिद्वारा उत्प्रेरणा जगाउने तरिका :

पाठभित्रका उच्चारणगत समस्या हुने केही शब्दहरू लेखी कागजको गोला बनाउनुहोस् । त्यसलाई एउटा बट्टामा हाली विद्यार्थीलाई पालैपालो त्यो गोला टिप्न लगाई त्यसमा लेखिएको शब्द सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । त्यो शब्द शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् र अरुलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

२. शब्दावली अनुमान विधिद्वारा विद्यार्थीलाई उत्सुकता जगाउने तरिका :

पाठबाट केही पद/पदावली टिपोट गरेको सूची फलाटिन पाटीमा टाँस गरी विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई त्यसबाट नयाा अनुच्छेद लेखेर कक्षामा सुनाउन लगाउनुहोस् । उत्कृष्ट लेखाइलाई प्रथम घोषणा गरी उनीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्नुहोस् ।

३. सारांश लेखन विधि :

- सम्बद्ध अनुच्छेदलाई पटक पटक पढ्नु पर्ने,
- व्याख्यात्मक अंश र दोहोरिएका अंशलाई हटाई आधारभूत अंशलाई मात्र रेखाङ्कन गर्नुपर्ने,
- अनुच्छेदका रेखाङ्किन अंशबाट आवश्यकता अनुसार मुख्य मुख्य बुँदा टिपोट गर्नुपर्ने,
- बुँदा टिपोट कार्य पुरा भएपछि सम्बद्ध अनुच्छेदको शब्द सङ्ख्या गनी एक तृतीयांश शब्द सङ्ख्यन निर्धारण गर्नुपर्ने,
- खेस्राका रूपमा रहेका बुँदालाई अनुच्छेदबद्ध गरी सारांशको साफी लेखन गर्नुपर्ने,
- मूल अंश जतिसुकै अनच्छेदको भए पनि सारांश लेख्दा एक अनुच्छेदमा ढाल्नुपर्ने,
- सारांशको साफी लेखन पुरा भएपछि उपयुक्त शीर्षक दिनुपर्ने र अन्त्यमा शब्द सङ्ख्या खुलाउनु पर्ने ।

४. प्रबन्ध लेखन र यसको लेखन विधि :

परिचय :

कुनै विषय शीर्षकमा लेखिएको वस्तुपरक र विचार प्रधान गद्य रचना प्रबन्ध हो । प्रबन्धको समानार्थी शब्द निबन्ध हो । निबन्धलाई आत्मपरक र प्रबनधलाई वस्तुपरक अभिव्यक्तिका रूपमा हेरिन्छ । पाठ्य पुस्तकका साास्कृतिक एकताको पर्व : छठ,

DRAFT

प्रकृतिको सुन्दर सथल खप्तड, म सौर्य ऊर्जा हु, नेपालको धार्मिक वास्तुकला शीर्षकका पाठहरू प्रबन्ध हुन् । प्रबन्ध लेखनका निम्न लिखित चरणहरू हुन्छन् :

(१) परिचय

(२) विस्तार तथा व्याख्या

(३) उपसंहार

प्रबन्धको परिचय र उससंहार भाग एक कए अनुच्छेदमा र विस्तार तथा व्याख्या भाग एकभन्दा बढी अनुच्छेदमा लेखिन्छ ।

परिचय भागमा प्रबन्धको विषय प्रवेश, शीर्षकको भूमिका आदि छरितो र मिठो ढङ्गले प्रस्तुत गरिन्छ । विस्तार तथा व्याख्या भाग प्रबन्धको मुख्य भाग हो । यसमा विषय शीर्षकसँग सम्बनिधत विविध कुरालाई क्रमिक र सङ्गठित रूपमा प्रस्तुत गरिन्छ । उपसंहार समापन भाग हो । यसमा विषय शीर्षकको निष्कर्ष दिइन्छ ।

५. प्रबन्ध लेखनको शीर्षक र बुँदा नमुना :

शीर्षक : फलफुल खेती

परिचय :

नेपाल कृषि प्रधान देश - अनय खेती जस्तै फलफुल खेतीबाट लाभ लिन सकिने - तराई, पहाड र हिमाल सबैतिर फलफुल खेती हुने - आर्थिक आम्दानीको ठूलो हिस्सा फलफुल खेतीले धानेको ।

विस्तार वा व्याख्या :

हावापानी अनुकूल फलफुल खेती गर्नुपर्ने - नेपालमा जैविक विविधता रहेको - आँप, कटहर, लिची, अम्बा, सुन्तला, केरा, स्याउ यहाँका फलफुल खेती - नेपालमा फलफुल खेतीको प्रचुर सम्भावना रहेको - यसले विश्व बजार ढाक्ने सम्भावना रहेको - फलफुलका नाममा धेरै मुद्रा विदेश जाने गरेको - फलफुल बढी गुणकारी भएको - नयाा कृषि प्रविधिमा जोड दिनुपर्ने - सिँचाइ प्रविधिमा जोड ।

उपसंहार :

फलफुल खेतीबाट नेपाली अर्थतन्त्र बलियो हुन सक्ने - सरकारी सहयोगको आवश्यकता - कृषि अनुसन्धानमा विकास गर्नुपर्ने - नेपाली जनजीवनमा सुधार ल्याउने ।

DRAFT

पाठ - २१

**पाठ शीर्षक : बाक्लो दाल** **विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र. सं. | पाठ्यवस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | सङ्क्षिप्त प्रश्नोत्तर | १ |
| ४. | पठन बोध | १ |
| ५. | व्याख्या | १ |
| ६. | श्रुति लेखन र हिज्जे | १ |
| ७. | व्याकरण व्याकरण (मूल र धातु पहिचान) | १ |
| ८. | सिर्जनात्मक लेखन (कथा लेखन) | १ |
| | जम्मा | ८ |

DRAFT

**दिन : पहिलो**

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : सस्वर वाचन र शुद्घोच्चारण**

**अपेक्षित सिप विकास: सुनाइ र बोलाइ (उच्चारण शिक्षण)** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'बाक्लो दाल' कथा पाठ भावानुकूल गति, यति मिलाई सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका शब्दहरूलाई शुद्ध उच्चारण गर्न

लक्षित शब्दहरू : सम्बोधन, स्वीकार्य, आकृष्ट, मनोवृत्ति, मनस्थिति, लक्ष्य, शुभेच्चा, संवेदनशील, स्पष्टीकरण, आकाङ्क्षा ।

२. शैक्षिक सामग्री :

उच्चारणगत समस्या भएण शब्दहरूको सूची, शब्दपत्ती र गोजी तालिका ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- पाठको कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई अनु लेखन गराई उत्प्रेरित गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले सुरुमा कथाका कुनै दुई अनुच्छेद शुद्धसँग सस्वर वाचन गरी सुनाई दिनुहोस् विद्यार्थीहरूबाट प्रति लिई सस्वर वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुहोस् ।
- विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद भाव अनुकूल शुद्धसँग सस्वर वाचन गर्न दिनुहोस् र बाँकी विद्यार्थीलाई साथीले शब्दहरू शुद्धसँग उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र गल्ती भएका ठाउँमा रोकेर सच्याउन निर्देश गर्नुहोस् ।
- शिक्षकले विद्यार्थीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गरी उनीहरूलाई उच्चारणमा समसया भएका शब्दहरू भन्न लगाउने र आफूले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- टिपोट गरिएका शब्दहरूको शुद्धोच्चारणका लागि पहिले विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले तयार परेको लक्षित शब्दहरूलाई शब्दपत्ती, गोजीतालिका आदिमा प्रदर्शन गरी शुद्ध उच्चारण गर्न बारम्बार अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) शिक्षकले लक्षित शब्दहरको सूची फलाटिन पाटीमा टाँस गरी राख्नुहोस् र विद्यार्थीलाई पालैपालो उक्त शब्दहरू शुद्ध उच्चारण गराउनुहोस् ।

(ख) शिक्षकले निर्दिष्ट कथाको कुनै अनुच्छेद भावानुकूल सस्वर पढ्न निर्देश गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

५. गृहकार्य :

(क) अर्को दिनको लागि पाठ्य पुस्तकमा भएका कठिन शब्दहरूको सूची तयार गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'बाक्लो दाल' पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन ।

लक्षित शब्दहरू : सम्बोधन, स्वीकार्य, प्रवाह, आरोह, अवरोह, आकृष्ट, मनोवृत्ति, मनस्थिति, शुभेच्छा, संवेदनशील, स्पष्टीकरण, जायेजेथा, सगौरव, विवश, कारुणिक, अनायास, करामत, आयस्ता ।

(ख) निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री :

- शब्दपत्ती , अर्थपत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले कोठेपद तालिका भर्ने खेल खेलाउनुहोस् ।

तरिका :

शिक्षकले पाँच मिनेटको समय दिई तल दिएको कोठेपद तालिका भर्न लगाउनुहोस् । सबैको समान सहभागिताको आधारमा भर्न लगाउनुहोस् । आफूले सहयोग गरी सिकाइतर्फ उत्प्रेरित गुर्नहोस् ।

ठाडो

१. सिपाही

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

तेर्सो

१.दाल

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई निर्धारित कथा पाठका अनुच्छेदहरूलाई मौन वाचन गर्न लगाउनुहोस् र उनीहरूले अर्थ नजानेको शब्द तथा पदावलीमा रेखाङ्क नगर्न लगाउनुहोस् । यसरी रेखाङ्कन गरेका शब्दलाई कापीमा टिपोट गर्न लगाउनुहोस् ।

DRAFT

- कापीमा टिपोट गरेका शब्दहरू पालैपालो भन्न लगाई उनीहरूले भनेका शब्दहरू शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । यसरी टिपोट गरेका शब्दहरूमधये गाढा अक्षरमा दिइएका शब्दहरूको अर्थ उनीहरूलाई सोही पाठको पुछारमा हेर्न अभ्यस्त बनाउनुहोस्  त्यहाा अर्थ फेला नपरेका पद तथा पदावलीलाई रेखाङ्कन गर्न निर्देश दिनुहोस् ।

- उनीहरूले रेखाङ्कन गरी भनेका ती जटिल शब्दहरूको अर्थ सर्वप्रथम उनीहरलाई नै भन्न उत्प्रेरित गर्नुहोस् । नआएका अवस्थामा शबदार्थ पत्तीका सहयोगले त्यस्ता शब्दको अर्थ बताइदिनुहोस् ।

- शब्दार्थ शिक्षण गराउँदा उनीहरूलाई शब्दकोशको पनि प्रयोग गर्न सिकाउनुहोस् ।

- शब्दार्थ शिक्षण कार्य पुरा गरिसकेपछि उनीहरूलाई उक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयाृग गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई वाक्य गठन गराउँदा एउटाले नजानेमा अर्कोलाई सोध्नुहोस् । उनीहरू कसैले सही वाक्य गठन नगरेमा मात्र शिक्षकले वाक्यपत्तीको प्रयोग गरी उदाहरण दिँदै अरु त्यस्तै थप वाक्य निर्माण गर्न लगाउनुहोस् ।

- यसो गराउँदा कमजोर सिकाइ भएका विद्यार्थीलाई बढी अभ्यास गराउनुहोस् ।

- अन्तमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन

(क) शिक्षकले विद्यार्थीलाई पाठमा रहेका निम्न लिखित नयाा शब्दको अर्थ सोध्नुहोस् :

सम्बोधन, स्वीकार्य, प्रवाह, आकृष्ट, शुभेच्छा, मनोवृत्ति, अजायजेथा, सगौरव, विवश ।

(ख) निम्न पद तथा पदावली दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

च्वास्स बिझ्नु, कानमा झिरले रोप्नु, दस नङ्ग्रा खियाउनु, ग्रहण लाग्नु, जिज्ञासा पोख्नु, सुस्केरा हाल्नु ।

(ग) पाठको प्रश्न नं. १३ का शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य :

(क) पाठको कुनै अनुच्छेदको अनु लेखन गरी ल्याउन निर्देश गर्नुहोस् ।

DRAFT

## दिन : तेस्रो

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : सङ्क्षिप्त प्रश्नोत्तर**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'बाक्लो दाल' कथाको प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन ।

२. शैक्षिक सामग्री :

- सङ्क्षिप्त आधारमा उत्तर आउने प्रश्नहरूको सूची, प्रश्नोत्तरको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले 'बाक्लो दाल' पदावली शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । त्यस पदावलीका अर्थ वा आशयका बारे छलफल चलाउनुहोस् । यसको आशय विद्यार्थीहरूबाटै खोज्नुहोस् । विद्यार्थीले नजानेमा मात्र आफूले बताइदिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- सर्वप्रथम विद्यार्थीलाई पाठ मौन पढ्न गराउनुहोस्
  - शिक्षकले सर्वप्रथम प्रस्तुत कथाका विषय वस्तुलाई समेट्ने गरी तयार पारी ल्याएको प्रश्न सूची फलाटिन पाटीमा टाँस गरी उत्तर दिनका उपयुक्त समूह बनाई छलफल चलाउनुहोस् ।

प्रश्नहरू :

(१) बाक्लो दाल खाने कुरा कसले कोसँग गरेको छ ?

(२) कस्तो मनोवृत्तिलाई व्यक्तिवादी मनोवृत्ति भनिन्छ ?

(३) बाक्लो दालको कुराले मामा किन टोलाउन पुगे ?

(४) कसको अनुहार किन ग्रहण लागेको जस्तो देखियो ?

(५) बाक्लो दालको कुराले मामाले के कुरा झलझली सम्झन पुगे ?

(६) मामाको मित्रको परिवारको पहिलेको स्थिति कस्तो थियो ?

(७) मामाको अनुहार किन निलोकालो भयो ?

(८) कुन बखत मामाका आँखाबाट दुई थोपा आासु अनायास खसेका थिए ?

DRAFT

(९) हरिहरले अन्त्यमा किन अँध्यारो मुख लगायो ?

- विद्यार्थीलाई आफूले तयार गरेर लगेको सङ्क्षिप्त प्रश्नको उत्तर लेखिएको नमुना फलाटिन पाटीमा प्रदर्शन गरी उत्तर दिने तरिकाका बारेमा थप छलफल गराउनुहोस् र निष्कर्षमा पुग्न लगाउनुहोस् ।

माथिका प्रश्नहरू समूहहरूमा वितरण गरी सङ्क्षिप्त उत्तर लेख्नको लागि उपयुक्त समय दिनुहोस् ।

- समूहबाट उत्तर तयार भएपछि समूहको नेता मार्फत् प्रस्तुत गर्न लगाउनुहोस् । आंशिक रूपमा ठिक उत्तर आएमा थप्नु पर्ने कुरा राखेर अरुलाई भन्न लगाई पुरा गराउनुहोस् ।

- अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) पाठको अभ्यास अन्तर्गतका प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य :

(क) निर्दिष्ट पाठको प्रश्न नं. ४ को प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : पठन बोध**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत 'बाक्लो दाल' कथा पाठको निर्दिष्ट अनुच्छेदको सारांश भन्न ।

(ख) निर्दिष्ट कथा पाठको सारांश लेख्न ।

२. शैक्षिक सामग्री :

सारांशका लागि बोध प्रश्नहरूको सूची , सारांशको नमुना र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई आफूले सुनेको/पढेका कथाको सारांश भन्न लगाई सिकाइतर्फ अभिप्रेरित गर्नुहोस् । उनीहरूको उक्त सहभागितालाई प्रोत्साहित गर्दै उक्त दिनको सिकाइको विषयवस्तुका बारे जानकारी गराउनहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- विद्यार्थीहरूलाई प्रत्येक डेक्सबेन्चलाई एक समूह मानी सर्वप्रथम उनीहरूलाई समूहमा विभाजन भई बस्न निर्देश गर्नुहोस् ।
- प्रत्येक बेन्चमा समूहबद्ध भई बसिसकेपछि शिक्षकले निर्दष्टि पाठको अनुच्छेदहरू मोन वाचन गर्न लगाउनुहोस् ।
- सो कार्यपछि निर्धारित अनुच्छेदहरूबाट शिक्षकले पहिले नै तयार पारेर ल्याएको बोधात्मक प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीहरूलाई उत्तर दिन लगाउनुहोस् । यसरी उत्तर पनि समूहगत रूपमा नै टोली नेतामार्फत् दिन लगाउनुहोस् ।

नमुना प्रश्नहरू :

(१) बाक्लो दाल खाने विचार कसको हो ?

(२) मामाको मनमा के कुराले च्वास्स बिभ्कछ ?

(३) बाक्लो दालतर्फ हामी किन आकृष्ट छौ ?

(४) मामा किन टोलाएका थिए ?

DRAFT

(५)  किन मामाको अनुहार कालोनिलो भयो ?

- यी निर्दिष्ट प्रश्नको उत्तर समूहगत रूपमा विद्यार्थीबाट भन्न लगाउनुहोस् । एउटा समूहले सही जवाफ नदिएमा अर्को समूहलाई सोध्दै जानुहोस् । उनीहरूबाट सही उत्तर नआएमा मात्र शिक्षकले विद्यार्थीलाई बताइदिनुहोस् ।
- प्रश्नोत्तर गराइसकेपछि शिक्षकले कुनै अनुच्छेदको सारांश लेखेको नमुना प्रदर्शन गर्नुहोस् र सोही अनुसार कुनै अर्को अनुच्छेदको समूहगत रूपमा सारांश तयार पार्न लगाउनुहोस् ।
- अन्त्यमा सबै समूहलाई  प्रस्तुतीकरण गर्न लगाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. मूल्याङ्कन :

(क)  अभ्यासको प्रश्न नं १ को प्रश्नोत्तर सोध्नुहोस् ।

५.  गृहकार्य :

(क) आफूले सुनेको कुनै एक कथाको सार लेखेर लयाउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : पााचौं

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : व्याख्या**

**अपेक्षित सिप विकास : लेखाइ** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट कथा पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री :

- व्याख्याका लागि विशिष्ट पङ्क्तिहरूको सूची,व्याक्याको नमुना, फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- जोडीमा पढाइ विधिबाट विद्यार्थीहरूलाई सिकाइतर्फ उत्सुकता पैदा गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

- शिक्षकले 'बाक्लो दाल' कथा पाठबाट विशिष्ट पङ्क्ति छानी पहिले नै तयार पारेर ल्याएको व्याख्याका लागि मूल अंशहरूको सूची फलाटिन पाटीमा टाँस गरेर त्यसलाई पालैपालो पढ्न लगाउनुहोस् ।

  नमुना व्याख्यांश सूची

| |
|---|
| १. प्रिय लाग्ने जुनसुकै शब्दको प्रयोग गरे पनि स्वीकार्य छ । |
| २. समयको प्रवाहले हो वा मानसिक आरोह अवरोहले हो, बाक्लो दालतर्फ हामी आकृष्ट छौा । |
| ३. यो शब्दले मेरो कानमा रोप झैं भयो र मुटुसम्म पोल्न थाल्यो । |
| ४. आकाङ्क्षा ठुलो भएपछि यस्तै हुँदो रहेछ । |

- उक्त विशिष्ट पङ्क्ति पढिसकेपछि निर्दिष्ट उदधरणको आशय बुझ्न र कसले कसलाई कुन बखत भनेको हो पत्ता लगाउन केही समय दिनुहोस् ।
  - विद्यार्थीहरूलाई समावेशी ढङ्गले चार समूहमा विभाजन गरी मोलिक रूपमा निर्दिष्ट पङ्क्तिको व्याख्या गर्नका लागि १५ मिनेटको समय दिई प्रत्येक समूहलाई एक एक ओटा

DRAFT

प्रश्न दिनुहोस् आवश्यक परेमा शिक्षकले नमुना उत्तर भनेर र लेखेर समेत प्रस्तुत गरिदिनुहोस् ।

- त्यसपछि शिक्षकले विशिष्ट पङ्क्तिका बारेमा कक्षामा छलफल गराई लेख्न उत्प्रेरित गर्नुहोस् । लेखिसकेपछि समूहगत रूपमा पढेर सुनाउन लगाउनहोस् र अन्य समूहलाई त्यसमा केही प्रति भए थप कुरा भन्न निर्देश गर्नुहोस् ।
- शिक्षकले पनि उनीहरूले लेखेको व्याख्याको उत्तर सही ढङ्गको भए नभएको छुट्याएर आवश्यक पृष्ठपोषण दिई सच्याउनु पर्ने भए सच्याउन पनि लगाउनुहोस् ।

४. मूल्याङ्कन :

(क) पाठमा रहेका निर्दिष्ट पङ्क्तिको मौखिक व्याख्या गर्न लगाउनुहोस् ।

(ख) कसले कसलाई भनेको हो छुट्याउन लगाउनुहोस् :

१. 'शुभेच्छा छ मित्र, बाक्लो दाल मिठै बनोस् ।

२. धन्यवाद, 'शुभेच्छाका लागि तर तपाईको अनुहार ?

५. गृहकार्य :

(क) पाठको विशिष्ट पङ्क्ति दिई सप्रसङ्ग व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

DRAFT

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : श्रुति लेखन र हिज्जे**

**अपेक्षित सिप विकास : लेखाइ र वर्णविन्यास** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) हिज्जेका दृष्टिले कठिनाइ पर्ने शब्दहरूको सही हिज्जे लेख्न ।

लक्षित शब्द : सम्बोधन, आकृष्ट, व्यक्तिवादी, मनोवृत्ति, शुभेच्छा, बिग्रँदो, संवेदनशील, स्पष्टीकरण, आकाङ्क्षा, सहानुभूति ।

(ख) निर्दिष्ट शब्दको बोलाइ र लेखाइको फरक छुट्याउन ।

२. शैक्षिक सामग्री :

(क) पाठ्य पुस्तक, शब्दपत्ती, गोजीतालिका, अनुच्छेदको नमुना

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले दश ओटा अनुकरणात्मक शब्द र दस ओटा पद भएको शब्दपत्ती एउटा बट्टामा राख्नुहोस् । दस जना विद्यार्थीलाई एउटा एउटा शब्दपत्ती टिप्न लगाउनुहोस् र कक्षा बाहिर गई आफ्नो भागमा परेको अनुकरणात्मक शब्द र जोडा मिलाई भित्र आउन निर्देश गर्नुहोस् ।

जस्तै :

जुरुक्क - उठ्नु पुलुक्क - हेर्नु

(क) मुख्य क्रियाकलाप :

- पाठको पाँचौा अनुच्छेदको श्रुति लेखन गराउनुहोस् र उक्त अनुच्छेद हेरी आफूले लेखेको श्रुति लेखनका हिज्जे मिले नमिलेको रुजु गर्न लगाउनुहोस् । त्यसपछि नमिलेका शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र एकपल्ट ती शब्दहरूलाई पढ्न निर्देश गर्नुहोस् ।
- त्यस्तै गरी पाठका अन्य अनुच्छेदबाट हिज्जेका दृष्टिले कठिन खालका शब्दहरू छानी श्रुतिलेखन गराउनुहोस् र उक्त पाठका अनुच्छेद पल्टाई हिज्जे सही भए नभएको हेर्न लगाई सच्याउन निर्देश दिनुहोस् ।

DRAFT

- हिज्जेका दृष्टिले खास किसिमका शब्दहरूको हिज्जेको सही रूप बिगारी अर्थात् अशुद्ध पारेर शैक्षणिक पाटीमा लेखिदिनुहोस् र विद्यार्थीहरूबिचत छलफल चलाई उनीहरूलाई सोधेर सच्याइदिनुहोस् अथवा उनीहरूले नजानेमा शिक्षक आफूले सच्याइदिनुहोस् ।

- खास गरी पाठमा भएका सुरु र बिचका 'इ', 'उ' ह्रस्व हुने र सुरु र बिचका 'ई' 'ऊ' दीर्घ हुने शब्दहरू खोजी सङ्कलन  गर्न लगाई पटक पटक पढ्न लगाउनुहोस् ।

- पाठका अभ्यास खण्ड अन्तर्गतका बोलाइ र लेखाइ अन्तर्गत फरक हिज्जेका उच्चारण र मानक रूपबारे जानकारी दिनुहोस् ।

  जस्तै :

| | |
|---|---|
| हिडाई | हिडाइ |
| बिस्स्वास् | विश्वास |
| बिबस् | विवश |
| जिग्याँस | जिज्ञासा |
| दिर्घरोगि | दीर्घरोगी |

- सस्वर वाचन, श्रुतिलेखन र अनु लेखन गराई हिज्जेका त्रुटिसम्बन्धी समस्याहरू निराकरणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) कुन चाहिँ हिज्जे शुद्ध हो ?

स्पस्टीकरण, स्पष्टिकरण, श्पष्टीकरण, स्पष्टीकरण

संवेदनसील, संवेदनशिल, संवेदनशील, शंवेदनशिल

(ख) शुद्ध गर :

आक्रिति, मनोव्रित्ती, बिबश, बिश्वाश

(ग) कुनै अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

५. गृहकार्य :

- विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी सुरु, बिचमा र अन्त्यमा 'इ', 'उ' ह्रस्व हुने शब्दहरूको सुची एउटा समूहलाई र सुरु, बिच र अन्त्यमा 'ई' 'ऊ' दीर्घ हुने शब्दहरूको सूची अर्को समूहलाई पाठबाट खोजी चार्ट पेपरमा लेखेर प्रदर्शन गर्न  निर्देश दिनुहोस् ।

## दिन : सातौँ

DRAFT

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : व्याकरण (मूल र धातु पहिचान)**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) मूल र धातुको पहिचान गर्न ।

२. शैक्षिक सामग्री :

- मूल र धातुको उदाहरण लेखिएको सुची र फलाटिन पाटी ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

शिक्षकले विद्यार्थीलाई कुनै शीर्षक दिई ५ मिनेटको दिई त्यसबारे एक अनुच्छेद तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । जसले पाँच मिनेटको समयभित्र चाँडो र धेरै लेख्छ उसैलाई प्रथम घोषणा गरी उसलाई थपडी बजाई प्रोत्साहित गर्नुहोस् ।

(ख) मुख्य कलाप :

- शिक्षकले सर्वप्रथम मूल र धातुको पहिचान गराउन विद्यार्थीहरूलाई यस प्रकारका उदाहरण दिई भिन्नताबारे पहिचान गराउनुहोस् ।

जस्तै :

| १. पद | २. मूल | ३. धातु |
|---|---|---|
| सुनाउँछ | सुन्नु | सुन् |
| गर्छ | गर्नु | गर् |
| खायो | खानु | खा |

- निर्दिष्ट तालिका फलाटिन पाटीमा टाँस गरी पद, मूल र धातुका उदाहरण देखाएपछि विद्यार्थीलाई उल्लिखित तालिका १ मा दिइएका शब्द पद हुन् २ मा दिइएका शब्द मूल हुन् र ३ मा दिइएका शब्द धातु हुन् भनी बताइदिनुहोस् ।

- सुनाउँछ, गर्छ, खायो जसता कामलाई जनाउने शब्द हुन् र ले वाक्यलाई टुङ्ग्याउने काम गर्छ भनी परिचय दिनुहोस् । सुन्नु, गर्नु, खानु, आदि 'नु' कृत प्रत्यय लागेर आउने र कामको सङ्केत गर्ने शब्दहरू मूल हुन् भनी परिचय दिनुहोस् र मूलका पछाडि तालेका 'नु' कृत प्रत्यय हटाउँदा बाकी रहने सुन्, गर्, खा शब्द धातु हुन् भनी स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीलाई पाठ पल्टाउन लगाउनुहोस् । त्यहाा प्रयोग भएका पदहरू कापमिा टिपोट गर्न लगाउनुहोस् । टिपोटको काम सकिएपछि ती पदहरू पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

- शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरिसकेपछि विद्यार्थीहरूलाई मूल र धातु बनाउन लगाउनुहोस् ।

- त्यसपछि शिक्षकले अन्य थप अभ्यासका लागि शब्दभण्डार अन्तर्गतको प्रशन नं. ८ अभ्यास गर्न निर्देशन दिनुहोस् ।

- थप अभ्यास गराइसकेपछि 'न्' कृत प्रत्यय लागको काम जनाउने शब्द मूल हुन् भने मूलको 'न्' कृत् प्रत्यय हटाएपछि बन्ने शब्द धातु हुन् । धातु को आधारपद हो भनी परिचय दिई पटक पटक अभ्यास गराई पुनरावृत्ति गराउनुहोस् ।

४. मूल्याङ्कन :

(क) निम्न पदको मूल र धातुको रूप देखाउनुहोस् ।

बोलायो, पढ्छ, गयो, जनायो, उठ्छ, गर्छु

(ख) पाठका दोस्रो अनुच्छेदका लाई मूल र धातुमा बदल्नुहोस् ।

५. गृहकार्य :

- बाक्लो दाल पाठबाट बिस ओटा पद टिपोट गरी तिनलाई मूल र धातुमा बदली ल्याउन निर्देश दिनुहोस् ।

DRAFT

## दिन : आठौ

**पाठ शीर्षक : बाक्लो दाल (कथा)**

**पाठ्यवस्तु : कथा लेखन**

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन** **समय : ४५ मिनेट**

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) दिइएको बुँदाहरूका आधारमा कथाको रचना गर्न ।

२. शैक्षिक सामग्री :

- कथाका घटना वा बुँदाहरू, बाल पत्रपत्रिकाहरू, फलाटिन पाटी, कथा लेखनको विधि सूची ।

३. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) उत्प्रेरणात्मक क्रियाकलाप :

- विद्यार्थीहरूलाई आफूले सुनेको जानेको कुनै एउटा कथा भन्न लगाउनुहोस् । उनीहरूको प्रशंसा गरिदिनुहोस् र त्यस दिनको सिकाइतर्फ उनीहरूको ध्यानाकर्षण गर्नुहोस् ।

(ख) मुख्य कलाप :

- शिक्षकले विद्यार्थीहरूलाई सर्वप्रथम समावेशी रूपमा चार समूहमा बाँडिएर रहन निर्देश दिनुहोस् । ७ मिनेटको समय दिई निर्दिष्ट पाठको अनुच्छेदलाई चार भाग लगाई प्रत्येक समूहलाई आफ्नो भागको अनुच्छेदबाट कथाका मुख्य घटना टिपोट गरी पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

- शिक्षकले ती बुँदाहरूलाई आधार मानी कथाको मौखिक वर्णन गराउनुहोस् । यसै क्रममा शिक्षकले आफूले तयार पारेर ल्याएको कथा लेखन विधि नमुना फलाटिन पाटीमा टाँस गरी प्रस्तुत गर्नुहोस् र उनीहरूबिच छलफल चलाई अस्पष्ट भएका बुँदाहरूमा स्पष्ट पारिदिनुहोस् ।

कथा लेखन विधि :

- घटनाहरूको सिलसिला मिलाएर कुनै एक मिठो भाव वा विचार प्रतिपादन गर्ने कला नै कथा हो । कथामा घटना निर्माण गर्नका लागि पात्रको आवश्यकता पर्दछ । कथामा घटना र पात्रका बिच अन्तरसम्बन्ध रहन्छ ।
- प्रश्नमा दिइएको काथको रूपरेखा समग्रमा ध्यानपूर्वक पढेर समग्रमा उक्त लेख्नुपर्ने कथाका ढाँचाका बारे सोध्नु पर्दछ ।

DRAFT

- दिइएको रूपरेखालाई सीमा वा परिधि मानेर कथामा वर्णत पात्र र कथावस्तुका बिच अन्तर सम्बन्ध स्थापित गर्नुपर्छ ।
- बुँदामा उल्लिखित घटनाक्रमलाई आफ्नो तरिकाले बङ्ग्याएर लेख्नुहुँदैन ।
- कथामा घटनाको सिलसिलामा कुनै किसिमको नराम्रो प्रभाव नपारी ठाउँ ठाउँमा पात्रले बोलेका छोटा संवादलाई प्रस्तुत गर्न सकिन्छ ।
- आवश्यकता हेरी कथाको अनुच्छेद एक वा सोभन्दा बढी बनाउन सकिन्छ ।
- कथा लेख्दा यसको रूपरेखाले निर्दिष्ट गरेको मूल भाव वा उद्देश्य विपरीत जानु हुँदैन र कुनै काल्पनिक घटना वा पात्र समावेश गर्नु हुँदैन ।
- मौलिक भाषा शैलीका प्रयोग गर्नुपर्छ ।
- कथा तयार भएपछि पुरा भाव समेटिने गरी छोटो शीर्षक राख्नुपर्छ ।

- कथा लेखनका विषयमा छलफल र आवश्यक सूत्रात्मक कुरको शिक्षण समाप्त भएपछि कथा लेखनका लागि उक्त निर्दिष्ट पाठको प्रश्न नं १९ को कथा लेखन अभ्यासका लागि १५ मिनेटको समय दिर्य पहिलेकै समूहमा रहेर सुहाउँदो शीर्षक दिई कथा लेख्न निर्देश गर्नुहोस् ।
- शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- उनीहरूले कथा लेखिसकेपछि समूहगत रूपमै तयार पारिएका कथाहरू पालैपालो सुनाउन लगाउनुहोस् । यसो गराउँदा एउटा समूहले कथा सुनाएका बेला अर्को समूहलाई ध्यानपूर्वक सुनी आवश्यक थप कुरा र सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा सबै समूहको प्रस्तुतीको मूल्याङ्कन गर्दै समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. मूल्याङ्कन**

आजको क्रियाकलाप कस्तो लाग्यो भनने प्रश्न विद्यार्थीमाझ राखी मूल्याङ्कन तथा प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य :**

(क) निर्दिष्ट बुँदाका आधारमा सुहाउँदो शीर्षक राखी एउटा कथा लेखेर ल्याउन निर्देश गर्नुहोस् :

कुनै एउटा सहर – एक जना परम् तपस्वी भक्त – भक्तले आफूलाई एक मात्र परम् तपस्वी ठान्नु – ईश्वरले भक्तलाई राति सपनामा दर्शन दिनु – भक्तले आफूने परम् तपस्वी भएकोले आफूमा समाहित गराइदिन ईश्वरलाई भन्नु – ईश्वरले आफ्नो परम भक्त सहरको पुछारमा बस्ने तेल व्यापारी भएकोले तपस्वीलाई समाहित गर्न नसक्ने भन्नु – तेल व्यापारी खिन्न हुनु –भोलिपल्ट भक्त तेल व्यापारी कहाा परम् भक्त हुनुको रहस्य बुझ्न जानु – तेल व्यापारीले तेल टलपल भरिएको कचौरामा दिई नपोखाई नगर परिक्रमा गरेर आएपछि मात्र रहस्य बताउने सर्त राख्नु – तपस्वी भक्त कचोराको तेल बोकेर नगर परिक्रमा गरी साँझमा व्यापारीकहाा पुग्नु र रहस्य सोध्नु – तेल व्यापारीले सहर घुम्दा भगवान्को नाम कति चोटि जप्यौ भनी सोध्नु – तपस्वीले तेल पोखिने डरले नाम जप्नै बिर्सेको भन्नु – व्यापारीले निष्कर्म जप गरेर ईश्वर खुसी नहुने र कर्म गरी नाम लिएमा

नै परम् भक्त बनिने रहस्य बताउनु – कर्म नगरी भगवान्का नाम जपेर भगवान् खुसी नहुने सन्देश – कर्म नै पूजा भएको वास्तविक सत्य ।

**शिक्षकका लागि थप सामग्री :**

१. सङ्क्षिप्त उत्तरको नमुना :

प्रश्न : बाक्लो दाल खाएपछि मामाको मित्रको पारिवारिक अवस्था कस्तो भयो ?

उत्तर : मानिसका विभिन्न रहर हुन्छन् । त्यही रहरमध्ये बाक्लो दाल खानेकुरा छिमेकी भित्र हरिहरले मामासँग गर्न पुगे । वास्तवमा मामाको मित्रको पहिलेको अवस्था राम्रै थियो । घरमा चार जनाको परिवार थियो । आफूसँग भएको जायजेथामा दस नङ्ग्रा खियाएर काम गर्दा चार जनाको परिवारलाई पुगीसरी थियो । खान लाउन अभाव थिएन । जेनतेन बुबाआमाले ती छोराछोरीलाई पढाएकै थिए । एक मानो खान कहिल्यै अभाव भएन ।

बाक्लो दाल खाएपछि मामाको मित्रको आर्थिक अवस्था ज्यादै कमजोर भएछ । स्वास्नी पनि दीर्घरोगी हुन पुगी । ऊ पनि स्वस्थ छैन । छोराछोरीले पनि पढ्न पाएनन् । छोरो चाहि कुलतमा लाग्न पुग्यो । दुई ओटी छोरी विवाह योग्य हुँदा पनि विवाह गर्ने व्यवहार चलाउन सकेको छैन । सीमित आयस्ता असीमित खचले व्यवहार धान्न सकेन । भएको खेतबारी पनि दुई हिस्सा लगाउँदा थोरै भयो । दुई चुलो भएपछि खर्च पनि बढ्न पुग्यो । छोरो छुट्टिएको केही महिनापछि आमाबुबा बिरक्तिए । त्यही कारणले आफ्नो भाग बेचेर तीर्थ गए । आजसम्म मरे बाँचेको पत्तो छैन ।

यसरी बाक्लो दाल खाने मित्रको अवस्था बिचल्लीमा पर्न पुग्यो । कुनै पनि काम पहिल्यै नै राम्ररी साचेर गर्नुपर्छ । एक्लो भएर बस्नुभन्दा समूहमा मिलेर बस्दा हामीलाई धेरै फाइदा हुन्छ भन्ने कुरा हामी सबैले बुझ्नुपर्छ । यसैबाट सबैको भलो हुन्छ ।

२. जोडीमा पढाइ विधिबाट उत्सुकता पैदा तरिका :

पाठ पढाउनु अघि विद्यार्थीहरूलाई दुई दुई जोडीमा रहन निर्देश गर्नुहोस् र ५ मिनेटको समय दिई निर्दिष्ट पाठका अनुच्छेद एउटालाई पढ्न र अर्कोलाई सार भन्न र फेरि अर्को अनुच्छेद सार भन्नेलाई पढ्न र पढ्नेलाई सार भन्न लगाउनुहोस् ।

समाप्त

DRAFT